# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **साहित्यकार हरिप्रसाद भण्डारीको जीवनी , व्यक्तित्व र कृतित्व** रहको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको उद्देश्य परिपूर्ति गर्नु रहेको छ ।

## १.३ विषय परिचय

वि.स. २०१६ जेष्ठ ५ गते मंगलवार धुर्कोट वस्तु ४ गुल्मीमा पिता प्रमानन्द भण्डारी र माता विनितादेवी भण्डारीको कोखबाट जेठो सुपुत्रको रुपमा जन्मिएका हरिप्रसाद भण्डारीको शिक्षा आर्जनको शुरुवात गाउँकै श्री हिमालय मा.वि.बाट भएपनि एस.एल.सी. र प्रवीणता प्रमाणपत्र तह माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश भारतबाट ई.स. १९७९ र १९८१ मा गरेका हुन् । स्नातक तह पृथ्वी नारायण क्याम्पस पोखराबाट वि.स. २०४६ मा र स्नातकोत्तर त्रि.वि.वि. कीर्तिपुरबाट २०४२ मा उत्तीर्ण गरेका हुन् । त्यसै गरी त्रिभुवन विश्व विद्यालयबाट जन प्रशासन विषयमा २०६३/६४ मा प्रथम श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । त्यस्तै पूर्वाञ्चल विश्व विद्यालयबाट एक वर्षे वि.एड समेत प्रथम श्रेणीमा उत्तीर्ण गरिसकेका छन् ।

वि.स. २०४१ मा लोकसेवा आयोगको परीक्षा पास गरी खरिदार पदबाट सरकारी सेवा आरम्भ गरेका भण्डारी सडक विभाग क्षेत्रीय कार्यालय पोखरा, नापी विभाग तालिम केन्द्र, भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुँदै हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग बबर महल काठमाण्डौमा शाखा अधिकृतको पदमा देशभक्त सचेत, कर्तव्यनिष्ठ एवं इमान्दार राष्ट्रसेवकको रुपमा कार्यरत छन् । निजामती कर्मचारीहरुको पेसागत हकहितको लागि २०४८ मा भएको कर्मचारी आन्दोलनमा सक्रिय भूमिका खेले वापत लगभग एक महिना हनुमान ढोका प्रहरी कार्यालयमा र केही दिन डिल्ली वजारको कारागारमा बसेका भण्डारीको सोही कारणले २०४८ चैत्र २४ गते देखि सरकारी सेवाबाट अवकास पाएका र २०५२ मा अदालतबाट पुनर्बहाली भएको देखिन्छ ।

बाल सुलभ चञ्चलतासँगै साहित्यतर्फ आकर्षित भएका भण्डारीको साहित्यिक यात्राको थालनी **तीन टुक्रा** (२०४१ चैत्र) भन्ने कविताबाट गरे पनि आख्यानतर्फको औपचारिक यात्रा २०४२ को मातृभूमि साप्ताहिकमा प्रकाशित कथा **हिजो र आज** बाट सुरु गरेका भण्डारीको सङ्ग्रहको रुपमा **चिराग** (२०४७), **अस्वीकृत कथाहरु** (२०५८) र **अविरल यात्रा** (२०६३) कथा सङ्ग्रह प्रकाशित छन् । यसैगरी विभिन्न पत्रपत्रिकामा विभिन्न कविता रचनाहरु प्रकाशित गरेर आफ्नो कवित्व व्यक्तित्वको पनि परिचय दिईसकेका भण्डारीको विभिन्न पत्र पत्रिकामा विभिन्न समसामयिक लेखहरु पनि प्रकाशित गरिसकेका छन् । साथसाथै पूर्ण र अपूर्ण गरी ६ वटा उपन्यासहरु प्रकाशोन्मुख अवस्थामा रहेको देखिन्छ ।

प्रगतिवादी नेपाली साहित्यको आकाशमा उज्वल नक्षेत्रको रुपमा उदाएका भण्डारीका रचनाहरुमा समसामयिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य, शोषण, दमन, अन्याय, अत्याचार, पुरातन सोच, सामन्ती संस्कारप्रति विद्रोह र प्रगतिवादी चेत रहेको देखिन्छ ।

## १.४. स्पष्टीकरण

शोधकार्य एकदम जटिल भएपनि साहित्यकार हरिप्रसाद भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्ने प्रयास गरेको छु । यस शोधपत्रको अध्ययन पश्चात कहीं कमी, कमजोरी एवं अभावको महशुस होला र त्यसैले यो शोधपत्र पूर्ण नभएर अध्ययनको एक सङ्केत मात्र भएको जानकारी गाउँदछु । साहित्यकार भण्डारी एक बहुमुखी व्यक्तित्व भएकाले उनको कलम साहित्यका थुप्रै विधा (निबन्ध, कथा, उपन्यास, कविता, समसामयिक लेख, संस्मरण) मा चलेको देखिन्छ । यसरी विविध विधामा कलम दौडे पनि यो दौडाईमा कथा विधाले उछिनेको देखिन्छ । त्यसैले उनको साहित्यिक पहिचान कथाकारका रुपमा स्थापित भइसकेको छ । उनी बहुमुखी भएपनि उनका कथा बाहेकका अन्य विधाका प्रकाशित फुटकर रचनालाई परिचयात्मक अध्ययनको रुपमा परिशिष्ट खण्डमा उल्लेख गरिएको छ । उनी विशेष गरेर प्रगतिवादी लेखक हुन् । तर उनका कथाहरुमा प्रगतिवाद मात्र देखिदैन । उनका कथाहरु मनोवैज्ञानिक, अस्तित्ववादी, विसङ्गतिवादी, स्वैरकल्पनात्मकता आदि विविध प्रवृतिका देखिन्छन् । उनका कथालाई रचना विधानका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.५ समस्या कथन

साहित्यकार भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक प्रस्तुत शोध शीर्षकका समस्याहरु निम्न रहेका छन् :

क) साहित्यकार भण्डारीको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

ख) साहित्यकार भण्डारीको कथा कृति कस्तो रहेको छ ?

ग) नेपाली लघुकथा परम्परामा लघुकथाकार भण्डारीको कथाकार व्यक्तित्व कस्तो रहेको छ ?

घ) रचना विधानका आधारमा उनका कथाहरु कस्ता छन् ?

## १.६ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरु निम्न रहेका छन् :

क) साहित्यकार भण्डारीको जीवनी र व्यक्तित्व को निरुपण गर्नु ।

ख) साहित्यकार भण्डारीको कथा कृति निरुपण गर्नु ।

ग) नेपाली लघुकथा परम्परामा लघुकथाकार भण्डारीको कथाकार व्यक्तित्वको निरुपण गर्नु ।

घ) रचना विधानका आधारमा कथा कृतिको विश्लेषण गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

साहित्यकार हरिप्रसाद भण्डारी बहुमुखी प्रतिभाका धनी भएपनि नेपाली साहित्यमा विशेष गरेर कथाकारको रुपमा परिचित छन् । उनका विभिन्न कथाहरु कथा सङ्ग्रहको रुपमा प्रकाशित भएकाले साहित्यकार भण्डारी कथाकारका रुपमा सुपरिचित छन् । साहित्यकार भण्डारीको कथा विधामा विशेष योगदान रहे पनि भण्डारीको बारेमा विशेष रुपले अध्ययनको चासो देखाएको पाइदैंन । तर पनि केही विद्वानहरुले उनको कथाकार व्यक्तिको मूल्याङ्कन र

प्रकाशित कृतिको मूल्याङ्कन केही हदसम्म भए पनि विभिन्न पत्रपत्रिकामा विभिन्न शीर्षक मार्फत गरिएको देखिन्छ । कतिपय विद्वानले उनको आख्यान कला, वैचारिक पक्षका बारेमा गम्भीर विचार प्रकट गरेका छन् भने कतिपय विद्वानले उनको विषयवस्तुको छनौट र प्रस्तुतीकरणको शैलीको मुक्त कण्ठले प्रशंसा गरेका छन् । प्रकाशित कृतिहरुको आधारमा विभिन्न विद्वान एवं पाठकले गरेको समीक्षाको विवरण क्रमबद्धरुपमा प्रस्तुत गरिएको छ ।

वर्ष ३७ अङ्क ३२६, २०६१ को मधुपर्कमा असोजको अङ्कबारे भन्ने शीर्षकमा विभिन्न पाठकले सोही अङ्कमा प्रकाशित हरिप्रसाद भण्डारीको कथा **दाउराको मोल** ले समाजमा गरिवीले उत्पन्न गरेको वास्तविकता र विवशताको यथार्थ उद्घाटन गरेको छ जसले गर्दा यो कथा कारुणिक, मन छुने र सम्वेदनशील छ भनेर पाठकको हृदयमा रचनाले पारेको प्रभावका आधारमा रचनाको प्रभावपरक समालोचना गरिएको छ ।

शशी पन्थीले **गुल्मी परिचय २०६२** नामक पुस्तकमा **हरिप्रसाद भण्डारीको परिचय** नामक शीर्षकमा विभिन्न विधा कविता, उपन्यास, कथा, संस्मरण, निबन्ध, समसामयिक लेख आदिमा संलग्न भएपनि उनको मुख्य विधा कथा हो । भन्दै झिनो विषयवस्तुलाई आधार बनाएर पनि सशक्त रुपमा यथार्थको नजिक पुगेर लेख्न सक्ने यिनका लेखनमा मानवीय संवेदना राम्रोसँग चित्रण भएको छ, र समाजमा देखापरेका विसङ्गतिको आलोचना गर्न रुचाउने यिनका रचनामा प्रगतिवादी विचारधाराको प्रभाव बढी देखिन्छ भनी यिनलाई प्रगतिवादी कथाकारका रुपमा चिनाउने प्रयास गरेको देखिन्छ ।

वर्ष १९ अङ्क ५२, २०६२ असारको **दायित्व** साहित्यिक मासिकमा पुस्तक परिचय शीर्षकमा हरिप्रसाद भण्डारीको कथा सङ्ग्रह **अस्वीकृत कथाहरु** नामक लेखमा सङ्ग्रहको नामकरणको प्रसङ्ग उल्लेख गर्दै त्यसमा सङ्कलित कथाको सङ्ख्या र त्यस कथाले सामाजिक परिवेश अँगालेको भनेर सामाजिक कथाकारको रुपमा कथाकार भण्डारीलाई चिनाउन खोजिएको देखिन्छ ।

विमल पोखरेलले वर्ष २४ अङ्क ३, २०६३।०७।२२ बुधवारको **हाँक** साप्ताहिकमा सामाजिक विषयवस्तुमा **अविरल यात्रा** नामक समीक्षात्मक लेखमा पोखरेललाई भण्डारीका कथाहरुले पढेर सिध्याएको केही समयसम्म घोत्ल्याएका छन् भने यस सङ्ग्रहको प्रायजसो कथाहरु सामाजिक विषयवस्तुमै केन्द्रित रहे पनि कुनै कुनै लघुकथामा त कि कला भेटिंदैन कि विषयवस्तु भनेर कथामा कला र विषयवस्तुको अभावलाई औंल्याउने काम गरेका छन् । समग्रमा यो कथा सङ्ग्रहका कथाले थाक्नु भनेकै मृत्यु हो आफ्नो लामो अविरल यात्रा पुरा गर्न कठिन छ । तर लक्ष्यमै पुग्नुपर्छ भन्ने हौसला एवं प्रेरणालाई पाठक सामु पुऱ्याएको कुरालाई इङ्गित गरेका छन् । तर साहित्य र घटनाक्रमको उचित विन्यास नभएको र त्यसको लागि कथाकारले मेहनत गर्नुपर्ने सुझाव पनि दिईएको छ ।

वर्ष ६ अङ्क १६९ मंसिर १५ शुक्रवार प्रकाशित **राजधानी दैनिक** मा **अविरल यात्रा सार्वजनिक** नाम शीर्षक दिएर कथाकार भण्डारीको आख्यानमा स्वैरकल्पनाको संयोजन गर्ने कलालाई मुक्त कण्ठले प्रशंसा गरेको छ । उनको परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर संवेदना संयोजन गर्ने कलालाई अपूर्व मानेको पाईन्छ ।

आचार्यले हाँक साप्ताहिक २०६३ :२३, ३७, श्रावण ३ गते बुधबारको अङ्कमा प्रगतिशील कथाको नमुना अस्वीकृत कथाहरु भन्ने लेखका माध्यमले यस कथा सङ्ग्रहलाई प्रगतिशील कथाको सङ्ग्रह र लेखकलाई प्रगतिशील लेखकको दर्जामा उभ्याएका छन् ।यस कथा सङ्ग्रहको बारेमा आफ्नो लेखमा आचार्य यसो भन्छन् - कुनैबेला कथा पढ्दा यस्तो अनुभूति हुन्छ, शैलीमा वी.पी. कोइराला, उद्देश्यमा गुरुप्रसाद मैनाली र लामो कथामा मैनाली र अल्पपात्रमा वी.पी. । यी दुइको संगम थलो नै कथा सङ्ग्रह हो भन्दै वी.पी. को जस्तो थोरैमा धेरै भन्ने वाक्यात्मक शैली, मैनालीको झैं उखान र ग्रामीण जीवनको

आकर्षक र सजीव चित्रण र भैरव अर्यालको भैं व्यङ्ग्यात्मक चेतले गर्दा कथा ज्यादै सशक्त भएको विचार सङ्ग्रहको बारेमा आफ्नो भुत्ते दिमागले गर्न खोजेको समीक्षा अकवरी सुनलाई कसी लगाउन खोजेर मैले कुनै मुर्ख्याइँ गरिरहेको छैन भनी यस कथा सङ्ग्रहलाई अकवरी सुनको उपमा दिएको छ । भण्डारीका कथामा तत्कालीन समाजका जल्दाबल्दा एवं दर्दनाक समस्याको उठान मात्रै गरिएको छैन । ती समस्याका समाधानका बाटा पनि औंल्याएका छन् । समाजको यस्ता जल्दाबल्दा हरेक समस्याको कारक तत्व वा जडका रुपमा मार्क्सले भैं वर्गीय चिन्तनलाई ठम्याउँदै समाधानको बाटोको रुपमा वर्ग सङ्घर्ष, वर्ग द्वन्द्व हो भन्ने सङ्केत गर्दै शोषित र पीडित वर्ग प्रति सहानुभूति समेत दर्साएको कुरा आचार्यले उल्लेख गरेका छन् । कथामा म पात्रको रुपमा आएको लामा लामा संवादले कथाको कलात्मक पक्षलाई विचार पक्षले दबाएको महसुस गर्दै यसो नगरी कला र विचार पक्षलाई समानरुपमा अगाडि बढाउन सुझाव दिएका छन् । शोषण, पीडन र जलनको चर्को रापले तड्पिएको मानव हृदयलाई शीतल पार्ने मलमको रुपमा कथाको स्वरुपलाई स्वीकार्दै कथाको भाषामा आञ्चलिकताको झल्को देखिएको जसले गर्दा शव्दहरु दूर्बोध्य छन् । यसको साट्टो लेखकले शव्दको छनौटमा केही ध्यान दिन सके सुनमा सुगन्ध हुने धारणा व्यक्त गरेका छन् । तर जे भएपनि अनेकौं विचारबाट माझिंदै, तिखारिंदै र ठोक्किंदै आएको परिणाम नै यो कथा सङ्ग्रह हो , भन्ने धारणा राखेका छन् ।

वर्ष २२ अङ्क ३४, २०६३ पौष ६ गतेको **प्रतिस्पर्धा** साप्ताहिक काठमाण्डौंमा **अविरल यात्रा भित्र भण्डारीलाई खोज्दा** शीर्षकमा लेख लेखेर पौड्यालले सो सङ्ग्रहको समीक्षा गरेका छन् । अविरल यात्रा सङ्ग्रहको भूमिकामा प्रा. राजेन्द्र सुवेदीले व्याख्या गरे भैं पौडेलले पनि भण्डारीको लघुकथा लघुआयाममा रहेको कुरालाई स्वीकारेका छन् । आयामगत रुपमा लघु भएपनि विषय वस्तुका हिसावले कथा ज्यादै सशक्त रहेको कुरालाई उनले स्वीकारेका छन् ।सर्जकले आफूलाई यथार्थवादी, वस्तुपरक र प्रगतिशील धारमा उभ्याई समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषणको भण्डाफोर गर्दै सुन्दर शान्त समाज नेपालको पक्षमा सर्जक रहेको कुरा स्वीकारेका छन् । मार्क्सले भैं समाजको हरेक समस्याको जड वर्गीय असमानता र सामन्ती सोच रहेको कुरा आफ्नो रचना मार्फत उजागर गरी त्यसको समाधानको बाटो पनि औंल्याएको र उनका कथाहरु सन्देशवाहक, उद्देश्यमूलक र मर्मस्पर्शी भएकाले पढ्नै पर्ने मत उनले जाहेर गरेका छन् । आलङ्कारिक र प्रतीकात्मक अर्थ राख्ने कथाहरुमा पात्र चयन, प्रस्तुति, भाषाशैली सान्दर्भिक एवं कथाहरुले तत्कालीन समाजको चिरफार गरेको हुनाले **साहित्य समाजको दर्पण** भन्ने उक्तिलाई चरितार्थ गरेको छ ।

प्रा. राजेन्द्र सुवेदीले साहित्यकार भण्डारीको लघुकथा सङ्ग्रह **अविरल यात्रा** (२०६३) को भूमिकामा कृति र भण्डारीको साहित्यिक व्यक्तित्वको बारेमा आफ्नो विचार व्यक्त गरेका छन्। भण्डारीका कथाहरुले मानवीय जीवनका उतार चढावहरुलाई राम्ररी चित्रण गरेका छन् । कथामा विषयवस्तुको आरम्भ, विकास, उत्कर्ष, र अवसानको संयोजन कलात्मक एवं सही तरिकाले गरेको हुनाले उनले तत्कालीन समाजका मानवीय जीवनसँग सरोकार राख्ने विभिन्न पक्षको सही उठान र निदानको बाटो पहिल्याएको कुरा देखाएका छन् । सुवेदीले तिलस्मी र ऐयासी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर सम्वेदना संयोजन गर्न खप्पिस सर्जकको रुपमा भण्डारीलाई लिएका छन् । भण्डारीको कथाको प्रस्तुति, वस्तुको संयोजन र मानवेत्तर पात्रको उपस्थापन आधुनिक आख्यानका सन्दर्भमा स्वैरकल्पनाको सफल प्रस्तुति भएको तथ्य स्वीकारेका छन् । भण्डारीको कथायात्राको चरण विभाजन आरम्भदेखि ०५२ सम्म पहिलो र ०५३ देखि दोस्रो चरण मान्दै यात्रागत वैशिष्ट्यको पनि उल्लेख गरेका छन् । भण्डारीको कथात्मक कला, विषयवस्तुको सफल चयन, विषयवस्तुको आरम्भ, विकास,

उत्कर्ष र अवसानको कलात्मक संयोजन, कथायात्राको चरण र यात्राका चरणगत प्रवृति आदिको समीक्षा भूमिकामै भएपनि गरेको देखिन्छ ।

नेपाल राष्ट्र बैंकबाट निस्कने २०६३ सालको मिर्मिरे पत्रिकामा हरिप्रसाद भण्डारीका **कथाहरुको वैचारिक विवेचना** शीर्षकमा **चिराग** (२०४७) कथा सङ्ग्रह र **अस्वीकृत कथाहरु** (२०५८) कथा सङ्ग्रहमा सङ्कलित कथाहरुले वहन गरेको वैचारिक चिन्तनलाई सिंहले केलाउने प्रयास गरेका छन् । उनले रचनाको मूल्याङ्कन गर्दा कथावस्तु चरित्र, सम्वाद, भाषा, सौन्दर्य आदिको कोणबाट गर्नुपर्ने बताए पनि विशेषतः उनले रचनाले अङ्गालेको वैचारिक धरातलमा अडेरै कथाहरुको विश्लेषण गरेका छन् । स्रष्टाले साहित्यमा तत्कालीन समाजको हरेक पक्षको चित्रण गर्दछ । साहित्य समाजको दर्पण भने झैं भण्डारीले आफ्ना कथाहरुमा तत्कालीन समाजका संस्कार, उतार-चढाव, सामाजिक संरचना, वर्ग सङ्घर्ष, समाजका अन्तर विरोध आदिको राम्ररी चित्रण गरेको कुरालाई स्वीकारेका छन् । उनका कथाले समाजिक उतार चढाव एवं मानवीय क्रियाकलापको मुख्य कारक तत्वको /पक्षको रुपमा वर्गीय चिन्तन वा वर्गीय द्वन्द्वलाई नै मानेका छन् । उनका कथामा समाजका हरेक क्रियाकलाप, राजनीतिक उतार-चढाव आदिको प्रकाश पार्दै सृजित समस्याको समाधानको बाटो पनि सुझाएइको छ । त्यसैले उनका कथालाई प्रगतिशील साहित्यको श्रेणीमा राख्न सकिने बताएका छन् । उनका प्रायजसो कथाले उद्देश्यलाई कलात्मक र नाटकीय प्रकारले प्रस्तुत गरेता पनि **बाबा त त्यहाँ थिएनन्** कथालाई उत्कृष्ट र **रवि होइन चन्द्र** लाई निकृष्ट कथाको संज्ञा दिएका छन् । भण्डारीका कथामा देखिएका वैचारिक चिन्तन सही भए पनि पात्रको भनाइ, पात्र र चिन्तनको अवस्था र परिस्थितिसित मेल नखानु र जबर्जस्ती भन्न लगाउनुले सम्वाद र विचारमा अस्वभाविकता र कृत्रिमता झल्किएको कुरा औंल्याएका छन् ।

मुरारी पराजुलीले भण्डारीका अघिल्ला दुई **चिराग** (२०४७) र **अस्वीकृत कथाहरु** सङ्ग्रहले उनलाई प्रगतिशील लेखकको दर्जामा उभ्याएको देखाउँदै विषयको मर्मलाई सूत्रात्मक रुपमा वर्णन गर्ने र चटनीको जस्तो ट्वाक्क स्वाद दिने शैलीको कथा लेख्ने कथाकारको रुपमा लिएका छन् । भण्डारीलाई विविध प्रवृत्ति एवं वर्ग समुदायका सबैखाले व्यक्तिलाई पात्रहरुको रुपमा उपस्थित गराई कथा लेख्ने कथाकारको रुपमा उभ्याएका छन् । व्यङ्ग्य र विसङ्गति माथिको प्रहारलाई तारिफ गरेका छन् । शैलीका हिसाबले विगतका तुलनामा **अविरल यात्रा** का कथाहरु परिष्कृत र आकर्षक एवं सरल र बोधगम्य भाषाको प्रयोगले तथा ठाउँठाउँमा कलापूर्ण विम्बात्मक भाषाको प्रयोग भएको बताएका छन् ।

**अन्नपूर्ण पोष्ट**(२०६४ :१,८) मा **रसिला कथाहरु** शीर्षकमा समीक्षकको नामबाट भण्डारीको **अविरल यात्रा** (२०६३) कथा सङ्ग्रहको प्रकाशनको जानकारीका साथै यस सङ्ग्रहमा सङ्ग्रहीत कथाहरुले वहन गरेको विषयवस्तु र सङ्ग्रहको बारेमा सामान्य जानकारी दिई कथाहरु पठनीय र मननीय भएको कुरा उल्लेख गरेका छन् ।

**मधुपर्क** (२०६४:४०,४५७) मा **चोटिला लघुकथाहरु** शीर्षकमा लघुकथाहरुको स्वरुप र प्रकृतिको चिनारी दिंदै भण्डारीको **अविरल यात्रा** लघुकथा सङ्ग्रहमा सङ्ग्रहीत कथा रचना समयका हिसाबले जेठो र अन्तिम रचनाको समय उल्लेख गरेका छन् । पोखरेलले भण्डारीलाई यथार्थवादी, मौलिक, प्रगतिवादी कथाकारको रुपमा देखाएका छन् । उनका कथालाई सामाजिक जीवनका विभिन्न सन्दर्भसँग जोड्न सकिने भएकाले उनका कथा जीवन्त भएको कुरा जाहेर गरेका छन् ।

## १.८ शोधको औचित्य

विगत साढे दुई दशकदेखि नेपाली साहित्यको विशेष गरी प्रगतिवादी लघुकथा विधाको श्रीबृद्धिमा लागिरहेका भण्डारीको कृतित्वको छिटफुट रुपमा अध्ययन भए पनि समग्र रुपमा अध्ययन भएको पाइदैंन । साहित्यकार भण्डारीको ओझेलमा परेको व्यक्तित्वलाई पहिचान गराउँदै कृतिको अध्ययनबाट नेपाली साहित्यको प्रगतिवादी लघुकथाको क्षेत्रमा उनले पुऱ्याएको योगदानको पनि लेखाजोखा हुने देखिन्छ भने अर्कोतिर भण्डारीको भविष्यमा हुन सक्ने विभिन्न साहित्यिक पक्षको अध्ययन स्रोतको रुपमा पनि यो अनुसन्धानले सहयोग गर्ने देखिन्छ । यो अध्ययनले विशेष गरेर नेपाली लघुकथाको प्रगतिवादी क्षेत्रमा उनको साहित्यिक मूल्य स्थापित हुने देखिन्छ ।

## १.९ शोध सीमाङ्कन

प्रस्तुत शोधपत्रमा साहित्यकार भण्डारीको जीवनी, व्यक्तित्वका साथै प्रकाशित कथा सङ्ग्रहमा सङ्ग्रहीत ११९ वटा प्रतिनिधि लघुकथाहरुको विस्तृत अध्ययन गरिएको छ । कथालाई दुई तरिकाले अध्ययन गर्न सकिन्छ ।

क) अध्ययनको सैद्धान्तिक आधार

कथा र लघुकथामा समाहित हुने तत्वहरु कथावस्तु/कथानक, चरित्र/पात्र, परिवेश/देशकाल परिस्थिति, सम्वाद/कथोपकथन, भाषा शैली, उद्देश्य एकै हुन् । फरक यति हो कि कथा साहित्यको पुरानो विधा हो कथा रचनाको सुरुका समयमा कथा अध्ययनका नयाँ तरिकाको विकास नभएकाले कथालाई तत्वका आधारमा अध्ययन गरिन्थ्यो तर लघुकथा साहित्यको पछिल्लो समयमा देखापरको आधुनिक विधा हो, त्यसैले कथालाई तत्वका आधारमा मात्रै समग्र अध्ययन गर्न नसकिने भएकाले विद्वानहरुले अर्को नयाँ समालोचना पद्धतिको पनि विकास गरेका हुनाले यस शोधपत्रमा कथालाई यसै नयाँ समालेनचा पद्धति अनुसार अध्ययन गरिएको छ । अध्ययनका आधार निम्न छन् :

अ) रुचिक्षेत्र/विषयगत छनौट (Range/Interest)को आधारमा,

यस अवधारणा अनुसार लघुकथाको अध्ययन विश्लेषण तथा वर्गीकरण गर्दा कथाकारले रोजेको विषय तथा घटना आदिको क्षेत्रलाई आधार मानिएकोछ । यस अनुसार (१) सामाजिक (२) मनोवैज्ञानिक (३)प्रगतिवादी/समाजवादी (४) अस्तित्ववादी/विसङ्गतिवादी रहेका छन् ।

आ) रीतिक्षेत्र (Range of Manner) वा साहित्यिकवाद र प्रणालीको आधारमाः-

१. यथार्थवादीः सामाजिक, मनोवैज्ञानिक, समाजवादी
२. स्वच्छन्दतावादी
३. प्रयोगवादी (अस्तित्ववादी/विसङ्गतिवादी)

यस शोधसङ्ग्रहमा सङ्ग्रहीत कथाहरुको विस्तृत अध्ययन गरिएको छ । अन्य फुटकर प्रकाशित कथाहरुको परिचयात्मक अध्ययनको रुपमा परिशिष्टमा राखिएको छ ।

## १.१० सामग्री सङ्कलन विधि

साहित्यकार हरिप्रसाद भण्डारीको जीवनी, साहित्यिक व्यक्तित्व र कृतित्वको अध्ययन गर्न विभिन्न तत्सम्बन्धी सामग्रीहरुको सङ्कलन गर्न भेटवार्ता विधि, अर्न्वार्ता विधि, र पुस्तकालयीय विधि तथा अध्ययन गर्न विश्लेषणात्मक विधिलाई अपनाइएको छ ।

## १.११ प्राक्कल्पना

साहित्यकार हरिप्रसाद भण्डारी अन्धविश्वास, यथास्थितिवादका विरोधी जीवन र जगतको आमूल परिवर्तनकारी तथा प्रगतिवादी साहित्यकार हुन् ।

## १.१२ शोधपत्रको रुपरेखा

यस शोधकार्यको स्वरुप र संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्न बमोजिम निम्न अध्याय र शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ :

क) पहिलो अध्याय-शोध परिचय

ख) दोस्रो अध्याय -हरिप्रसाद भण्डारीको जीवनी, व्यक्तित्व र साहित्य यात्रा

ग) तेस्रो अध्याय - लघुकथाको स्वरुप र विकास

घ) चौथो अध्याय-हरिप्रसाद भण्डारीका लघुकथाको विश्लेषण

ङ) पाचौं अध्याय -उपसंहार

# दोस्रो अध्याय

## हरिप्रसाद भण्डारीको जीवनी व्यक्तित्व र साहित्य यात्रा

### २.१ हरिप्रसाद भण्डारीको जीवनी

व्यक्तिको जीवन भोगाइका क्रमलाई सिलसिलाबद्ध रुपमा प्रस्तुत गर्नु मोटामोटीमा जीवनीको अर्थ हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्ता कल्पना प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्छ । अतः कसैको जीवन चरित्रलाई लेखिएको रचनालाई जीवनी भनिन्छ (उपाध्याय,२०४९:१९०) । यसरी व्यक्तिको जीवनमा घटेका घटनालाई विवरणात्मक एवं वर्णनात्मक शैलीमा तथ्यगत आधारमा क्रमिकरुपले प्रस्तुत गर्नु नै जीवनीको धर्म हो ।

### २.१.१ हरिप्रसाद भण्डारीको जन्म

साहित्यकार हरिप्रसाद भण्डारीको जन्म वि.स. २०१६ साल जेठ ५ गते मंगलवारका दिन धुर्कोट वस्तु ४ गुल्मीमा भएको हो । पिता प्रमानन्द र माता विनितादेवी भण्डारीको कोखबाट जेठो सु–पुत्रको रुपमा जन्म भएको हो । उनका दुई भाइ र दुई बहिनी रहेका छन् । उनका दुई भाइहरु विष्णु भण्डारी र नारायणप्रसाद भण्डारी हुन् । दुई बहिनीहरुमा जमुना भण्डारी र तारा भण्डारी हुन । अहिले सबै बहिनीहरु र भाइहरु आ-आफ्नै पारीवारिक जीवन सम्हाली रहेकाछन् ।

### २.१.२ बाल्यकाल

हरिप्रसाद भण्डारीको बाल्यकाल दुःख पूर्ण र सङघर्षमय अवस्थाबाट गुज्रेको देखिन्छ । उनी परिवारको जेठो सन्तान भएकाले आमालाई घर गृहस्थीमा सहयोग गर्दै औपचारिक शिक्षा सुरु गरेको देखिन्छ । पिता प्रमानन्द भण्डारीले कपडा व्यापार र कृषि पेसा दुबैलाई अङ्गालेको देखिन्छ । व्यापारिक कारोवारमा घाटा व्योहोर्नु परेको र २०२८ सालमा अन्न भण्डार गरिराखेको घर-गोठमा आगोलागि भएर वर्ष दिनको सबै अन्न नष्ट भएपछि परिवारमा  आर्थिक समस्याले सताएको बुझिन्छ । यसै क्रममा खेत वन्धकी राखेर निकालेको ऋण तिर्न पिता प्रमानन्द भण्डारी भारतको आसामतर्फ विदेशिएको देखिन्छ ( शोधनायकको भाई सँगको अन्तवार्ता ) । घरमा साहुले सधैं आएर ऋण तिर्न किचकिच गर्ने, साहुकै ऋणका कारण पिताले विदेशिनु परेको, गाउँका शोषक सामन्तीहरुले विभिन्न मुद्धा मामिला गरेर सताएको जस्ता घटनाले हरिप्रसाद भण्डारीको मनमा सामन्ती एवं शोषक विरुद्ध विद्रोही भावनाले फल्ने फूल्ने मौका पाएको देखिन्छ । घर-गोठमा आगोलागी भएको बेला भैसीलाई फुकाउँदा फुकाउँदै शिरको टोपी नै आदी जलेको थियो (भाई विष्णु भण्डारीसँगको अर्न्तवाता) । भण्डारीले सानैदेखि साहित्यप्रति वडो अभिरुचि राखेको पाइन्छ । विद्यालयमा हुने प्रत्येक साहित्यिक कार्यक्रममा सहभागी हुने गरेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी),यसरी हेर्दा भण्डारी वाल्यकाल देखिनै विद्रोही, परिवर्तनकारी, निडर, लगनशील, दयालु एवं सहयोगी भावनाको भएको बुझिन्छ ।

### २.१.३ शैक्षिक अवस्था

साहित्यकार भण्डारीले शिक्षा आर्जनको शुरुवात गाउँकै श्री हिमालय मा.वि.बाट गरेपनि एस.एल.सी. माध्यमिक  शिक्षा परिषद् उत्तर प्रदेश भारतबाट सन् १९७९ द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । उनले प्रवीणता प्रमाण पत्र तह पनि सोही शिक्षण संस्थाबाट सन् १९८१ म तृतीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । त्यसपछिको स्नातक तहको उपाधि पृथ्वीनारयण क्याम्पस पोखराबाट वि.स.२०४६ मा द्वितीय श्रेणीमा र स्नातकोत्तर तहको उपाधि त्रिभुवन विश्व विद्यालय किर्तिपुरबाट नेपालीमा २०४९ सालमा प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् । त्यसै गरी त्रिभुवन विश्व विद्यालयबाट जन प्रशासन विषयमा २०६३/६४ मा प्रथम श्रेणीमा स्नातकोत्तर उत्तिर्ण गरेका छन् भने पूर्वाञ्चल विश्व विद्यालयबाट एक वर्षे बी.एड समेत प्रथम श्रेणीमा उतीर्ण गरिसकेका छन् ।

### २.१.४. वैवाहिक जीवन

हरिप्रसाद भण्डारीले उमेरको परिपक्वतासँगै आफ्नो जीवनसाथी आफैले रोजेको देखिन्छ । बाग्लुङ गल्कोट निवासी पिता नरिश्वर गौतम र माता पार्वती केसी की छोरी मीना केसीसँगको प्रेम सम्वन्धलाई मूर्तरुप दिंदै २०४० श्रावण ५ गते भागी विवाह गरेको देखिन्छ (शोध नायकबाट प्राप्त जानकारी) । यसरी भागी विवाह गरेर वैवाहिक जीवनको सुरुवात गरेका भण्डारीको बैवाहिक जीवन सुखमय र सन्तोषजनक देखिन्छ ।

### २.१.५ पारिवारिक जीवन

हरिप्रसाद भण्डारी परिश्रमी एवं सङ्धर्षशील परिवारिक पृष्ठभूमिबाट आफ्नो व्यक्तित्व निमार्ण गरेको देखिन्छ । पिताले व्योहोर्नु परेको व्यापरिक घाटा, २०२८ सालमा घरमा भएको आगोलागी एवं सामन्तीहरुको विभिन्न मुद्धा, मामिला र पिता परदेशिए पछि परिवारको जेठो सन्तानको हिसावले केही पारिवारिक बोझ पनि परेको देखिन्छ । दुई भाइ र दुई बहिनीको दाई भएर पनि केही पारिवारिक जिम्मेवारी थापिएको कारण बाल्यकालीन पारिवारिक जीवन केही जटील देखिन्छ (शोध नायकको भाइबाट प्राप्त जानकारी) । २०४० साल श्रावण ५ गते बाग्लुङ गल्कोट निवासी पिता नरिश्वर गौतम र माता पार्वती केसी की छोरी मीना केसी सँगको प्रेम विवाह पश्चात वैवाहिक जीवन सुरुवात गरेका भण्डारीका जेठा छोरा **सुमन भण्डारी**को जन्म २०४३,४,४ मा भएको देखिन्छ । माहिला पवन भण्डारी 'किरण' को जन्म २०४५,१,१२ मा भएको देखिन्छ ।  कान्छा कृष्ण भण्डारीको जन्म २०५०,१,५ मा भएको देखिन्छ । जेठा सुमन भण्डारी २०६७ जेष्ठ महिनादेखि बुटवलमा सिद्धबाबा, कानन् ,ऐम्स क्याम्पसमा होटेल म्यानेजमेन्ट विषयमा अध्यापन गर्दैछन् ,भने पवन भण्डारी सन् २००७ डिसम्बर ३० देखि अमेरिकामा मेकानिकल इन्जिनियर अध्ययन गरिरहेका छन् । कान्छा कृष्ण भण्डारी काठमाडौंको के.एम.सी. क्याम्पसमा ११ कक्षामा अध्ययन गरिरेका छन् (शोधनायको छोरा सुमनबाट प्राप्त जानकारी) ।

हरिप्रसाद भण्डारी ७९वर्षीय पिता प्रमानन्द भण्डारी र ७६ वर्षीया माता विनितादेवी भण्डारी हरिप्रसाद भण्डारी कै परिवारका साथ रहेको बुझिन्छ । हरिप्रसाद भण्डारी जागिरे जीवनकासाथ घर बाहिरै बसेका हुनाले श्रीमती मीना भण्डारी कहिले घर र सासु ससुराको रेखदेखको लागि घर बुटवल पुग्नु हुन्छ , भने कहिले अविभावकको भूमिका निभाउँदै काठमाडौंमा कान्छा छोरा कृष्णलाई मार्ग निर्देशन गर्नु हुन्छ ।

यसरी हेर्दा भण्डारीले विभिन्न दुःख कष्टका साथ २०४१ सालमा सरकारी सेवामा प्रवेश गरेर जागिरको शिलशिलामा विभिन्न उत्तार-चढाव, बाधा अवरोधलाई पारगर्दै २०६७

वैशाख बाट उपसचिव पदमा बढुवा भई केही समय सामान्य प्रशासन मन्त्रालयमा काम गरेका भण्डारी पछि गृहमन्त्रालयबाट अछामको प्रमुख जिल्ला अधिकारीको पदमा कार्यरत छन् । यसरी भण्डारीको पारिवारिक जीवन सहयोगपूर्ण वातावरणमा सन्तोषजनक देखिन्छ ।

### २.१.६.आर्थिक अवस्था

हरिप्रसाद भण्डारीका पिता प्रमानन्द भण्डारीले कृषि पेसाका साथसाथै कपडा व्यापारको पेसालाई पनि अङ्गालेको बुझिन्छ । कपडा व्यापारमा धेरै घाटा खाएपछि र २०२८ सालमा घरगोठमा आगोलागी भएर वर्षदिनको अन्नपात सबै जलेर नष्ट भएपछि खेत वन्धकी राखेर लिएको ऋण तिर्न उनका पिता प्रमानन्द भारत पलाएन भएको बुझिन्छ (शोध नायकको भाइबाट प्राप्त जानकारी) । पछि  साहुको ऋण तिरेर खेत निखनेको पाइन्छ । २०४१ सालमा खरिदार पदबाट सरकारी सेवामा प्रवेश गरेका भण्डारी विभिन्न विभाग र मन्त्रालयमा काम गरिसकेका छन् । जेठा सुमन भण्डारी २०६७ जेष्ठ महिनादेखि बुटवलमा सिद्धबाबा, कानन् ,ऐम्स क्याम्पसमा होटेल म्यानेजमेन्ट विषयमा अध्यापन गर्दैछन् ,भने पवन भण्डारी सन् २००७ डिसम्बर ३० देखि अमेरिकामा मेकानिकल इन्जिनियर अध्ययन गरिरहेका छन् । साथै हरिप्रसाद भण्डारी  सरकारी सेवामा प्रमुख जिल्ला अधिकारीको रुपमा रहेकाले आर्थिक अवस्था राम्रो देखिन्छ ।

### २.१.७ व्यक्तिगत रुचि तथा स्वभाव

हरिप्रसाद भण्डारी सङ्घर्षमय वातावरणमा हुर्केका कारण सानैदेखि विद्रोही परिवर्तनकारी स्वभावको भएको बुझिन्छ (भाई विष्णु भण्डारीबाट प्राप्त जानकारी) । उनी ब्राम्हण कुलमा जन्मेपनि सङ्घर्षपूर्ण वातावरणमा हुर्केका कारण जातीय मूल्य मान्यतालाई खासै महत्व नदिने गरेको बुझिन्छ (शोध नायकको भाइबाट प्राप्त जानकारी)  । भण्डारी साहित्यिक व्यक्तित्वका कारण एकान्त मन पराएपनि बढी जसो उनी  साथीभाई सँगै नै रमाउँने र सामाजिक कार्यहरुमा , सामाजिक सङ्घ संस्थाहरुमा बढी आबद्ध भई क्रियाशिल हुन रुचाउने हँसिलो र नम्र स्वभावको देखिन्छ । नयाँ साथी भाइसँग सहयोगी र नम्र स्वभावका कारण चाँडै धुलमिल हुने र आफुलाई संधै कुनै न कुनै रुपमा क्रियाशिल बनाइराख्न रुचाउने देखिन्छ । समस्यासँग नडराउने निडर र लगनशील एंव साना र ठूलासँग समान व्यवहार गर्ने, अन्याय अत्याचारको खुलेर विरोध गर्ने निडर स्वभावको रहेको देखिन्छ । सामाजिक समस्यालाई हटाउन समाजमा चेतना जगाउने उद्देश्यले शैक्षिक गतिविधिमा सक्रिय रहेका र विभिन्न सङ्घ संस्थामा विभिन्न नेतृत्वपूर्ण भूमिका निभाएको बुझिन्छ ।

### २.१.८ भ्रमण, सम्मान र पुरस्कारहरु

भण्डारीले विदेशको खासै भ्रमण नगरेपनि पढाइको शिलशिलामा भारतको उत्तर प्रदेशमा गएको बुझिन्छ । चीनको खासासम्म पुगेका बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । जागिरको शिलशिलामा नेपालका पोखरा कपिलवस्तु, दैलेख, कैलाली, स्याग्दी, पाल्पा, सोलुखुम्बु, ललितपुर आदि विभिन्न जिल्लाको भ्रमण गरिसकेको बुझिन्छ ( शोधनायकबाट प्राप्त जानकारी) । उनको कथा **काला सर्पको खोजी** नामक कथाले विधुत्कर्मी साहित्य समाजले आयोजना गरेको देशव्यापी लघुकथा प्रतियोगितामा पहिलो भएको देखिन्छ, भने धवलागिरि साहित्य प्रतिष्ठानले हरिप्रसाद भण्डारीको **अस्वीकृत कथाहरु** सङ्ग्रहलाई काजी रोशन साहित्य पुरस्कार २०५८ ले पाण्डुलिपी पुरस्कृत गरेको देखिन्छ (

ज्योति २०६४:४,५ र **अस्वीकृत कथाहरु २०५८** ) । यसरी भण्डारीले देशको विभिन्न ठाउँ र चीनको खासा र भारतको उत्तरप्रदेशको अनुभवलाई बटुलेको देखिन्छ ।

## २.१.९ सङ्घ– संस्थाहरुसँगको संलग्नता

हरिप्रसाद भण्डारीको नेतृत्वपूर्ण व्यक्तित्वका कारण उनी विभिन्न सङ्घ संस्थाहरुसँग आबद्ध भई क्रियाशील जीवन व्यतित गर्दैछन् । पेसागत रुपले सरकारी सेवामा रहेपनि क्रियाशिल व्यक्तित्व र सक्रिय स्वभावका कारण विभिन्न सङ्घ संस्थाहरुसँग आबद्ध हुँदै सार्वजनिक व्यक्तित्वलाई पनि अगाडि वढाइरहेका छन् । भण्डारी वस्तु काठमाण्डौ समाजको संस्थापक अध्यक्ष रहेको र विधान पासपछि पनि अध्यक्षको कार्यभार सम्हालेका भण्डारी हाल सल्लाहकारका रुपमा रहेका छन् । त्यसैगरी वाल साहित्य समाज र रेडक्रस सर्कलको आजीवन सदस्य रहेको देखिन्छ । त्यस्तै नागार्जुन साहित्य समाजको आजीवन सदस्य रहेको देखिन्छ । भण्डारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत हुँदा आयोगबाट प्रसारण हुने सदाचार रेडियो कार्यक्रमको उत्पादन र प्रसारण गर्ने काम पनि गरेको देखिन्छ (शोधनायक सँगको अन्तर्वाता) । यसरी भण्डारी विभिन्न सङ्घ संस्थाहरुमा सक्रियताको साथ क्रियाशिल रहेको देखिन्छ ।

## २.१.१० सरकारी सेवामा प्रवेश

वि.स. २०४१ सालमा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी निजामति सेवाको खरिदार पदबाट सरकारी सेवामा प्रवेश गरेका भण्डारीले सडक विभाग क्षेत्रीय कार्यालय पोखराबाट सरकारी सेवारम्भ गरेका हुन् । पुनः लोकसेवा आयोगबाट ना.सु. पदमा बढुवा भई २०४५ सालमा पुरातत्व विभाग कपिलवस्तुबाट पदस्थपन भएको र पछि २०४६ सालमा नापी विभाग तालिम केन्द्रमा सरुवा भई आफ्नो कार्य कुशलता प्रदर्शन गरिसकेका छन् । यसै अवधिमा कर्मचारीहरुको पेसागत हकहितका लागि २०४८ मा भएको निजामती कर्मचारी आन्दोलनमा सक्रिय भूमिका खेलेकै कारण २०४८ साल असार ३१ गते चारखाल अड्डा डिल्लीबजारबाट गिरफ्तार भई २८ दिन हनुमान ढोका प्रहरी कार्यलयमा र केही दिन डिल्ली बजारको कारागारमा जेल जीवन बिताएका भण्डारीको सोही कारणले २०४८ चैत्र २४ गते देखि सरकारी सेवाबाट अवकास पाएका हुन् । पछि २०५२ सालमा अदालतबाट पुनर्बहाली भएपछि पूनः निजामती सेवामा फर्केका हुन् । २०५३ सालमा पुन लोकसेवाबाट शाखा अधिकृत पदमा बढुवा भई  भूमिसुधार तथा व्यवस्वथा मन्त्रालयमा शाखा अधिकृतमा पदस्थापन भएपछि २०५३ को चैत्र महिना देखि करिव ८ वर्ष सोही मन्त्रालय अन्तर्गत मालपोत कार्यलय दैलेख, कैलाली, स्याग्दी, पाल्पा, सोलुखुम्बु, पुनः पाल्पा र ललितपुरमा कार्यालय प्रमुखको रुपमा कुशलतापूर्वक जिम्मेवारी सम्हाली काम गरिसकेका छन् । त्यसै गरी २०६३ सालदेखि करिब साढे दुई वर्ष अख्तियार खुरुपयोग अनुसन्धान आयोगमा काम गरेका भण्डारीले सो अवधिमा उक्त आयोगबाट प्रशारण हुने सदाचार रेडियो कार्यक्रमको उत्पादन र रेडियो नेपालबाट प्रशारण गर्ने काम पनि गरेको बुझिन्छ । २०६७ साल बैशाख महिनामा उपसचिव पदमा बढुवा भई केही समय सामान्य प्रशासन मन्त्रालयमा र पछि गृह मन्त्रालयमा पदस्थापन भई अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारीको पदमा कार्यरत छन् (शोध नायकबाट जकनकारी) । यसरी भण्डारी देशभक्त सचेत कर्तव्यनिष्ठ एवं इमान्दार र स्वच्छ छविका राष्ट्र सेवक बनेर कार्यभार सम्हाली रहेका छन् ।

### २.१.११ साहित्यिक क्षेत्रमा प्रवेश, लेखन प्रेरणा र प्रकाशन

साहित्यकार भण्डारीको साहित्यिक यात्रा वालसुलभ चञ्चलतासँगै प्रारम्भ भएको देखिन्छ । विद्यार्थी जीवन देखि नै साहित्यप्रति बडो अभिरुचि राख्ने भण्डारी पञ्चायतकालीन शोषक, सामन्ती वर्गले दिएको पीडा, शोषण, दमन, अन्याय, अत्याचार, गरिब सोझा जनतामाथि भएको अमानवीय पशुत्वको व्यवहार एवं क्रुरताको बर्खिलापमा आफ्नो स्वर बुलन्द बनाएको कुरा यी पंक्ति आफै साक्षी छन् :

नेपालका हे गरीव किसान
जाग अव फटाहलाई मासन
धनी साहुका धनसारम कुहेकाछन् धान
गरीव दुःखी किसानलाई छैन बस्न खान

यसरी हेर्दा उनको साहित्यिक यात्रा कविताको फाँटबाट शुरु भएको देखिन्छ । साहित्यको कविता विधा तर्फ लाग्ने प्रेरणा प्लेन दुर्घटना भएको समाचार रेडियो नेपालबाट सुनेपछि यसै प्रसङ्गलाई विषय बनाएर कविता लेखी साथीहरु माझ सुनाउँदा मिलेको हौसलाले कविता रचनातर्फ आकर्षित पारेको देखिन्छ (लेखकबाट प्राप्त जानकारी) । यसरी साहित्यप्रतिको मोहका कारण विद्यालयको प्रत्येक साहित्यिक कार्यक्रममा सहभागी हुन्थ्ये । सबैको हौसला र प्रोत्साहनले उनको साहित्यप्रतिको मोह अझ बढ्दै गयो । जसको परिणाम स्वरुप उनी भारतको हरियाणा तथा पञ्जाव प्रदेशमा रहँदा परिवारलाई चिठ्ठी पनि कवितात्मक शैलीमा नै पठाउँथे

श्रीमान् पिता तथा  मकनकी प्यारो महातारीमा
सदाढोग पुगोस् म पुत्र हरिको सँधै परि पाउमा
प्यारा भाइ अनि बहिनीहरुमा आर्शिवाद छ नि
भन्दिनु शुभ सम्झना खुसी हुँदै साथी भाईमा पनि

यसरी साहित्यकार भण्डारी साहित्यिक रचनाको अभ्यासिक दौड गर्दा गर्दै औपचारिक दौड विनयकुमार कसजुको सम्पादकत्वमा पाल्पाको **सत्य साप्ताहिक** मा प्रकाशित भएको **तीन टुक्रा** (२०४१ चैत्र) शीर्षकको कविताबाट सुरु गरेको देखिन्छ । आख्यान तर्फको औपचारिक यात्रा भने २०४२ को **मातृभूमि** साप्ताहिक पत्रिकामा प्रकाशित कथा **हिजो र आज** बाट सुरु भएको देखिन्छ । ०४२/०४३ ताका पाल्पा, पोखरा र काठमाडौंबाट उनका आख्यान रचनाहरु धेरै प्रकाशित भएको थाहा पाइन्छ (शोध नायकसँगको अर्न्तवार्ता) ।

तत्कालीन शासन व्यवस्थाको न्याय प्रणालीले पारेको औंसीको अन्धकार, शोषक सामन्ती संस्कार र प्रवृतिले गरिब, निमुखा, सोझा, परिश्रमी, पीडित, शोषित, प्रताडित जनताको समाज, घरदैलो एवं चुल्हो–चौकामा फैलाएको अभाव गरिबी एवं शोषण दमनको विरुद्ध चेतनाको चिराग बालेर २०४६ सालमा **चिराग** कथा सङ्ग्रहका साथ उनी समाजका ती झुपडी बस्तीमा पुग्छन् जहाँ अन्याय, अत्याचार, शोषण, दमन, जाल, झेल र षड्यन्त्रको अन्धकारले गाँजिएकोछ । उनका अन्य प्रकाशित कृतिहरुमा **अस्वीकृत कथाहरु** (२०५८)( धौलागिरी साहित्यिक प्रतिष्ठान बाग्लुङबाट पाण्डुलिपी पुरस्कृत), **अविरल यात्रा** (२०६३) लघुकथा सङ्ग्रह (भुडी पुराण प्रकाशन) छन् भने प्रकाशोन्मुख अन्य कृतिहरुमा कविता सङ्ग्रह, विभिन्न समसामयिक लेखहरुको सङ्गालो, संस्मरण सङ्ग्रह, सकारात्मक समाज नेपाल (वैचारिक पुस्तक) कथा सङ्ग्रह, लघुकथा सङ्ग्रह, उपन्यास आदि छन् (शोध, नायकसँगको अर्न्तवार्ता) । उनको साहित्यिक प्रेरणाको रुपमा समाजका घटना प्रतिघटनालाई लिन सकिन्छ ।

## २.२ हरिप्रसाद भण्डारीको व्यक्तित्व

### २.२.१ शरीरिक व्यक्तित्व

२०१६ साल जेष्ठ ५ गते मंगलवार धुर्कोट वस्तु ४ गुल्मीमा जन्मेका हरिप्रसाद भण्डारी शारीरिक रुपले मझौला शरीर र उचाइमा प्रभावशाली व्यक्तित्व देखिन्छ । गहुँगोरो वर्णका भण्डारी स्वाभिमानी र निडर प्रकृतिका देखिन्छन् । भण्डारी अत्यन्तै सरल र मिजासिलो स्वभावका छन् । बोलीमा माधुर्यता व्यवहारमा पाइने नम्रता तथा सौहार्दताका कारण पहिलो भेटमै जो कोहीले परिचित व्यक्तित्वको अनुभव गर्नसक्छन् । सरल स्वभाव प्रगतिशील विचारधारा एवं अध्ययनशील व्यक्तित्वका कारण सादा जीवन र उच्च विचारमा विश्वास राखने स्वाभिमानी एवं निडर व्यक्तित्वका रुपमा चिनिन्छन् ।

### २.२.२ साहित्यिक व्यक्तित्व

हरिप्रसाद भण्डारी सरकारी सेवामा आबद्ध भई आफ्नो व्यस्त समयमा पनि भाषा र साहित्यप्रतिको अटुट मोह र लगावका कारण फुर्सदको समयलाई उपयोग गरी सिर्जनात्मक व्यक्तित्वको परिचय दिन आफ्नो अमुल्य समय खर्चिएका कारण उनी आज नेपाली साहित्यको प्रगतिवादी आकाशमा उज्वल नक्षेत्रको रुपमा उदाएका छन । जसको साक्षीका रुपमा उनको कथा सङ्ग्रह **चिराग** (२०४७) **अस्वीकृत कथाहरु** (२०५८) र **अविरल यात्रा** लघुकथा सङ्ग्रह (२०६२) रहेका छन् ।

यसका साथै उनले विभिन्न पत्रिकाहरुमा विभिन्न कविता रचनाहरु प्रकाशित गरेर कवि व्यक्तित्वको परिचय दिइसकेका छन । विभिन्न समसामयिक लेखहरु पनि विभिन्न पत्रिका मार्फत प्रकाशित गरिसकेका भण्डारीका पूर्ण र अपूर्ण गरी ६ वटा उपन्यास कृतिहरु प्रकाशोन्मुख अवस्थामा रहेका छन् (शोध नायकसँगको अर्न्तवार्ता) ।

### २.२.३ साहित्येतर व्यक्तित्व

हरिप्रसाद भण्डारीको सङ्घर्षशील व्यक्तित्वका कारण साहित्यिक क्षेत्रमा मात्र नभएर अन्य क्षेत्रमा पनि आफ्नो योगदान लाई निरन्तरता दिंदै छुट्टै सामाजिक, साँस्कृतिक तथा धार्मिक व्यक्तिका पहिचान बनाएका छन् । त्यसैले अन्य विभिन्न व्यक्तित्वले पनि भण्डारीलाई चिनाउन सकिन्छ ।

#### २.२.३.१ सामाजिक व्यक्तित्व

हरिप्रसाद भण्डारी समाजका विभिन्न क्रियाकलापहरु पनि सक्रियताका साथ लागि परेको देखिन्छ । गाउँमा शिक्षाको ज्योति छर्न रुपन्देहीको करहिया गा.वि.स.मा जनभावना विद्यालय स्थापना गर्न सक्रिय भूमिका निभाएको देखिन्छ । त्यस्तै गाउँ वस्तु र काठमाण्डौ बिचको सम्पर्कलाई दीगो बनाउन वस्तु काठमाण्डौ सम्पर्क समाजको स्थापना गरी संस्थापक अध्यक्षको कार्यभार सम्हालेका भण्डारी अहिले संस्थापक सदस्य र सल्हाकारको रुपमा रहेको देखिन्छ । साहित्य प्रतिको लगाव र रुचिका कारण बाल साहित्य समाज, नेपाल रेडक्रस सर्कल र नागार्जुन साहित्य समाजको आजीवन सदस्य रहेको देखिन्छ । त्यसै लघुकथा समाज कार्य समितिमा सदस्यको रुपमा रहेको देखिन्छ । (शोध नायकबाट जानकारी) । यसरी समाजका विभिन्न गतिविधिसँग सम्बन्धित हुदैं सामाजिक व्यक्तिलाई पनि सक्रियरुपमा अगाडि बढाएको देखिन्छ ।

### २.२.३.२ राजनीतिक व्यक्तित्व

समाजमा सामन्ती, शोषकहरुको चर्तिकलाका कारण हरिप्रसाद भण्डारीमा सानैदेखि यस्ता विकृति प्रतिको विद्रोही भावनाले उनको मनमा ठाउँ पाएको थियो । उनी मध्यम वर्गीय परिवारमा जन्मेका कारण उनी सानै देखि सारै मेहनती र परिश्रमी थिए । गाउँका साहुको सामन्ती सोच, हेपाहा प्रवृति, दक्षिणपन्थी विचारधाराका कारण भण्डारी वामपन्थी धार तर्फ आर्कषित भएको बुझिन्छ (शोधनायक सँगको अन्तर्वाता) । भण्डारीको राजनीतिक विचारको निमार्णमा गाउँका पाँचघारे र सातघारे भन्ने भण्डारीको समुह मध्ये सातघारे शोषक र सामन्ती सोचका थिए भने पाँचघरे सारै मेहनती परिश्रमी र सङ्धर्षशील प्रकृतिका थिए । हरिप्रसाद भण्डारी पनि यसै पाँचघरेका मध्ये एक थिए । त्यसैले भण्डारीमा आफ्नो परिश्रमी, सङ्घर्षशील, परिवर्तनकारी स्वभाव र प्रवृतिका कारण उनको मनमा शोषक सामन्ती प्रवृतिको विरुद्ध चेतनाको स्तर बढ्दै गयो ( शोधनायकसँगको अर्न्तवार्ता) । गाउँका विभिन्न सामन्ती चलखेल गरिब वर्गले सहनु परेको पीडा, व्यथा शोषण, दमन सामाजिक खिचातानीले ६/७ कक्षामा पढ्दा पढ्दै भण्डारीमा राजनीतिक चेतनाको विकास राम्रैसँग भइसकेको थियो । त्यसैले उनले कक्षा ६/७ मै जुनियर रेडक्रस सर्कलको निर्वाचनमा उमेदवरीका रुपमा जितेर कार्यसमितिमा नेतृत्व सम्हालेका थिए । उनको निडर परिवर्तनकारी एवं सानै देखिको परिवर्तनकारी(वामपन्थी)राजनीति तर्फको लगावका कारण देवासुर सङ्ग्राम, आमा (उपन्यास), मानव महाकाव्य जस्ता प्रगतिशील पुस्तकहरुको अध्ययन स्कुले जीवन देखिनै गरेको कुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी)।

अध्ययनका क्रममा आफ्ना गुरु मोहन चापागाँईको मार्क्सवादी राजनीतिबाट पनि ज्यादै प्रभावित देखिन्छ । विभिन्न परिवर्तनकारी पत्र-पत्रिका (ज्वाला,छलफल) हरुको खुबै अध्ययन गर्ने गर्थे (शोधनायकसँगको अर्न्तवार्ता )। यसरी हेर्दा भण्डारीको राजनीतिक आस्था मार्क्सवादी भौतिकवादी दर्शनको अध्ययन, चिन्तन, मननबाट विकसित भएको देखिन्छ । गरिब पिछडिएका पीडित वर्गको मूक्तिको सही मार्ग नै वाम राजनीति हो भन्ने ठहर गर्दै वाम राजनीतिकतर्फ आकर्षित भएको देखिन्छ ।

०३६ सालको जनमत सङ्ग्रहका बेला भण्डारी भारतमा भएपनि परिणाम जनताको पक्षमा होस् भन्ने चाहान्थे । जब भण्डारी भारतबाट नेपाल फर्के ०३९/०४० सालतिर त्यसपछि विष्णु भण्डारी, मोतिलाल शर्मा रामप्रसाद श्रेष्ठ, कृष्ण भण्डारी आदिको प्रभावबाट हरिप्रसाद भण्डारीको वाम राजनीतिक विचारले अझ फूल्ने मौका पाएको देखिन्छ ( शोधनायकसँगको अर्न्तवार्ता ) । यसै समयमा काठमाण्डौ अनेरा स्वव्यूको जिल्ला अध्यक्ष भएको , २०४० राजेन्द्र पाण्डे अध्यक्ष भएको जिला समिति गुल्मीमा पनि सक्रिय नेतृत्व गरिसकेका छन् । माधवप्रसाद शर्माको अध्यक्षता भएको नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा पनि रहेका र काम गरिकेका छन् (शोधनायकसँगको अर्न्तवार्ता ) ।

सरकारी सेवामा प्रवेश भएपछि उनले व्यक्तिगत राजनीतिक विचारहरु पोख्न नपाएपनि उनले जनवर्गीय सङ्गठन मार्फत आफ्ना राजनैतिक विचारहरु प्रस्तुत गरेको बुझिन्छ (शोधनायकसँगको अर्न्तवार्ता ) । २०४२ माघ १६ गते पोखरा महेन्द्र पूलमा आयोजना गरिएको सहीद कार्यक्रममा हरिप्रसाद भण्डारीले ‘सहीद’ नामक कविता बाचन गर्दा प्रशासनले भण्डारीलाई समातेर सोधपुछ समेत गरेको बुझिन्छ (शोधनायकसँगको अर्न्तवार्ता ) । २०४२/४३ मा लेखन कलाकार सङ्घमा आबद्ध भएको देखिन्छ । त्यसैगरी पोखरा कास्कीमा भएको प्रगतिशील लेखक सङ्घको सदस्यमा सक्रिय भूमिका निभाएका भण्डारी २०४६ सालको राजनीतिमा स परिवार नै सक्रियताका साथ लागिपरेको बुझिन्छ ( शोधनायकसँगको अर्न्तवार्ता )। यसै शिलशिलामा उनले आफ्ना राजनीतिक विचारहरु

जनवर्गीय सङ्गठनका माध्यमले बाहिर ल्याएको देखिन्छ । निजामती कर्मचारीहरुको पेसागत हकहितको लागि २०४८ मा भएको कर्मचारी आन्दोलनमा सक्रिय भूमिका खेलेका कारण ०४८ असार ३१ गते चारखाल अड्डा डिल्लीबजारवाट गिरफ्तार भई २८ दिन हनुमान ढोकामा र केही दिन डिल्लीबजार कारगारमा जेलजीवन बिताएको देखिन्छ (शोधनायक सँगको अर्न्तवाता ) । यसै आन्दोलनका कारण उनी नोकरीबाट वर्खास्त भएपछि २०४८ सालको स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रुपमा वस्तु गाविस ४ वाट वडा अध्यक्ष पदमा निर्वाचित भई राजनैतिक जिम्मेवारीलाई वहन गरेको बूझिन्छ । यसै गरी २०५०/५१ मा शिवपरु मा.वि.मा.शिक्षक हुँदा रुपन्देही जिल्लाको तर्फबाट नेपाल शिक्षक सङ्गठनको केन्द्रिय प्रतिनिधिमा निर्वाचित भएको बुझिन्छ । विगत एक वर्ष देखि प्रगतिशिल लेखक सङ्घ केन्द्रिय सदस्यको रुपमा सक्रिय रहेकाछन् । त्यस्तै कर्मचारी सङ्गठन काठमाण्डौंको केन्द्रिय प्रतिनिधिका रुपमा निर्वाचित भई राजनीतिक व्यक्तित्वलाई पनि अगाडि बढाइरहेको देखिन्छ । यसरी भण्डारीले अन्य व्यक्तित्वका साथ साथै राजनैतिक व्यक्तित्वलाई पनि समान रुपमा अगाडि लगि रहेको देखिन्छ ।

### २.२.३.३ शिक्षाप्रेमी व्यक्तित्व

प्रवीणता प्रमाणपत्र तहको शिक्षा भारतबाट प्राप्त गरिसकेपछि घर फर्केका भण्डारी २०३९-४० साल तिर जिल्लामै नि.मा.वि. शिक्षकको रुपमा अध्यापन गरेको पाइन्छ (शोध नायकसँगको अन्तर्वार्ता) । यसैगरी २०४०।४१ धादिङ्गको कर्णेश्विर नि.मा.वि. मा शिक्षकको रुपमा भूमिका निर्वाह गरिसकेको बुझिन्छ । २०४१ मा सरकारी सेवामा प्रवेश गरे लगतै शिक्षण पेसालाई त्यागेको बुझिन्छ । २०४८ को कर्मचारी आन्दोलनमा सक्रिय भूमिका खेलेका कारण वर्खास्त भएपछि २०४९-०५२ सम्म श्री शिवपुर मा.वि. रुपन्देहीमा मा.वि. शिक्षकको रुपमा कार्यरत भण्डारीले रुपन्देहीको करहिया गा.वि.स.मा जनभावना विद्यालय स्थापना गर्न सक्रिय पहल गरेको बुझिन्छ (आफू अध्यापनरत शिवपुर मा.वि.लाई व्यवस्थित बनाउन पनि सक्रिय पहल गरेको बुझिन्छ (शोध नायकसँगको अन्तर्वार्ता) । त्यस्तै जन्मस्थान गुल्मी धुर्कोटमा रहेको श्री हिमालय मा.वि. लाई २०४८।०४९ मा उच्च मा.वि.बनाउन सक्रिय पहल गरेको साथै सोही ठाउँमा धुर्कोट क्याम्पस स्थापनार्थ सक्रिय पहल गरेको बुझिन्छ । त्यसैगरी २०५०।०५१ मा शिवपुर मा.वि.मा अध्यापनरत हुँदा रुपन्देही जिल्लाको तर्फबाट नेपाल शिक्षक संगठनको केन्द्रिय प्रतिनिधिमा निर्वाचित भई राजनीतिक व्यक्तित्वको पनि परिचय दिएको पाइन्छ ।

### २.२.३.४ भाषासेवी व्यक्तित्व

भण्डारीले एकातिर साहित्य प्रतिको अभिरुचिका कारण सानैदेखि साहित्यिक रचनाहरुको रचना गरेर साहित्यिक व्यक्तित्वको परिचय दिएका छन् भने अर्कोतर्फ रचना कृतिहरुको रचना मार्फत नेपाली भाषाको विकासमा योगदान दिएका छन । उनका कथाहरु तीनवटा सङ्ग्रहको रुपमा आएको देखिन्छ । कविता र समसामयिक लेखहरु सङ्ग्रहको रुपमा नआएर फुटकर रुपमा विभिन्न पत्र-पत्रिकाहरुमा प्रकाशित भएको पाइन्छ (शोध नायकसँगको अर्न्तवार्ता)

### २.२.३.५ कर्मचारी व्यक्तित्व

वि.स. २०४१ सालमा लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी निजामति सेवाको खरिदार पदबाट सरकारी सेवामा प्रवेश गरेका भण्डारीले सडक विभाग क्षेत्रीय कार्यालय पोखराबाट सरकारी सेवारम्भ गरेका हुन् । पुनः लोकसेवा आयोगबाट ना.सु. पदमा बढुवा

भई २०४५ सालमा पुरातत्व विभाग कपिलवस्तुबाट पदस्थपन भएको र पछि २०४६ सालमा नापी विभाग तालिम केन्द्रमा सरुवा भई आफ्नो कार्य कुशलता प्रदर्शन गरिसकेका छन् । यसै अवधिमा कर्मचारीहरुको पेसागत हकहितका लागि २०४८ मा भएको निजामती कर्मचारी आन्दोलनमा सक्रिय भूमिका खेले वापत २०४८ साल असार ३१ गते चारखाल अड्डा डिल्लीबजारबाट गिरफ्तार भई २८ दिन हनुमान ढोका प्रहरी कार्यलयमा र केही दिन डिल्ली बजारको कारागारमा जेल जीवन बिताएका भण्डारीको सोही कारणले २०४८ चैत्र २४ गते देखि सरकारी सेवाबाट अवकास पाएका हुन् । पछि २०५२ सालमा अदालतबाट पुनर्बहाली भएपछि पूनः निजामती सेवामा फर्केका हुन् । २०५३ सालमा पुन लोकसेवाबाट शाखा अधिकृत पदमा बढुवा भई  भूमिसुधार तथा व्यवस्वथा मन्त्रालयमा शाखा अधिकृतमा पदस्थापन भएपछि २०५३ को चैत्र महिना देखि करिव ८ वर्ष सोही मन्त्रालय अन्तर्गत मालपोत कार्यलय दैलेख, कैलाली, म्याग्दी, पाल्पा, सोलुखुम्बु, पुनः पाल्पा र ललितपुरमा कार्यालय प्रमुखको रुपमा कुशलतापूर्वक जिम्मेवारी सम्हाली काम गरिसकेका छन् । त्यसै गरी २०६३ सालदेखि करिब साढे दुई वर्ष अख्तियार खुरुपयोग अनुसन्धान आयोगमा काम गरेका भण्डारीले सो अवधिमा उक्त आयोगबाट प्रशारण हुने सदाचार रेडियो कार्यक्रमको उत्पादन र रेडियो नेपालबाट प्रशारण गर्ने काम पनि गरेको बुझिन्छ । २०६७ साल बैशाख महिनामा उपसचिव पदमा बढुवा भई केही समय सामान्य प्रशासन मन्त्रालयमा र पछि गृह मन्त्रालयमा पदस्थापन भई अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारीको पदमा कार्यरत छन् (शोध नायकबाट जकनकारी) । यसरी भण्डारी देशभक्त सचेत कर्तव्यनिष्ठ एवं इमान्दार राष्ट्र सेवक बनेर कार्यभार सम्हाली रहेका छन् ।

## २.३ साहित्य यात्रा

राष्ट्रको साहित्यिक कृतिहरुको कालक्रमिक रचना परम्परालाई साहित्य यात्रा भनिन्छ । २०१६ जेठ ५ धुर्कोट वस्तु ४ गुल्मीमा पिता प्रमानन्द र माता विनितादेवी भण्डारीको कोखबाट जेठो सुपुत्रको रुपमा जन्मिएका भण्डारीको साहित्यिक यात्राको औपचारिक सुरुवात **विनयकुमार कसजु** को सम्पादकत्वमा पाल्पाको **सत्य** साप्ताहिकमा प्रकाशित **तीन टुक्रा** (२०४१ चैत्र) भन्ने कविताबाट भएपनि आख्यान तर्फको औपचारिक याात्रा २०४२ को **मातृभूमि** साप्ताहिक पत्रिकामा प्रकाशित कथा **हिजो र आज** बाट सुरु भएको देखिन्छ । यसैक्रममा २०४२ /२०४३ ताका पाल्पा, पोखरा र काठमाडौंबाट उनका आख्यान रचनाहरु धेरै प्रकाशित भएका छन् (शोध नायकसँगको अर्न्तवार्ता) । वि.स. २०४१ मा लोकसेवा परीक्षा उत्तीर्ण गरी सरकारी  सेवामा प्रवेश गरेर आफ्नो व्यस्त समयमा पनि साहित्य र भाषाप्रतिको मोहका कारण निरन्तर साहित्यिक कृतिहरुको लेखन तर्फ लागेको पाइन्छ ।

### २.३.१ हरिप्रसाद भण्डारीका लत्रुकथाहरुको चरण विभाजन र चरणगत प्रवृतिहरु

कथाकार भण्डारीका लघुकथा सङ्ग्रहहरु **चिराग** (२०४७), **अस्वीकृत** कथाहरु (२०५८) र **अविरल यात्रा**(२०६३) रहेका छन् । कथाकार भण्डारीका साहित्यिक यात्राले दुई दशकको समयावधि पारगरेको देखिन्छ । लेखनको पहिलो दशकमा समाजका विसङ्गतिको प्रस्तुतिमा केन्द्रित रहेको देखिन्छ । यसरी प्रवृतिको वैशिष्ट्यलाई निरुपण गर्दा आरम्भ देखि २०५३ सम्म पहिलो चरण र २०५३ देखि हालसम्म दोस्रो चरण भनेर निरुपण गर्नु उपयुक्त (सुवेदी, २०६३ ) हुने हुँदा भण्डारीको कथा लेखनको यात्रालाई दुई चरणमा  राखी अध्ययन गर्न सकिन्छ ।

### २.३.१.१ पहिलो चरण आरम्भ देखि –२०५२ सम्म

भण्डारीको साहित्यिक यात्राको औपचारिक सुरुवात **विनयकुमार कसजु** को सम्पादकत्वमा पाल्पाको **सत्य** साप्ताहिकमा प्रकाशित **तीन टुक्रा** (२०४१ चैत्र) भन्ने कविताबाट भएपनि आख्यान तर्फको औपचारिक याात्रा २०४२ को **मातृभूमि** साप्ताहिक पत्रिकामा प्रकाशित कथा **हिजो र आज** बाट सुरु भएको देखिन्छ । यसैक्रममा २०४२ /२०४३ ताका पाल्पा, पोखरा र काठमाडौंबाट उनका आख्यान रचनाहरु धेरै प्रकाशित भएका छन् (शोध नायकसँगको अर्न्तवार्ता) ।

तत्कालीन शासन व्यवस्थाले न्याय प्रणालीमा पारेको औंसीको अन्धकार, शोषक, सामन्ती संस्कार र प्रवृतिले गरिबी, निमुखा, परिश्रमी, शोषित, पीडित एवं प्रताडित जनताको घरदैलो, चुल्हो चौकामा फैलिएको अभाव गरिबी एवं शोषण, दमनको विरुद्ध चेतना बोकेको २०४७ मा प्रकाशित **चिराग** कथा सङ्ग्रहका साथ समाजका ती झुपडी बस्तीमा पुग्छन् जहाँ अन्याय, अत्याचार, शोषण, दमन, जालझेलको षड्यन्त्रले गाँजिएको छ । उनका यस चरणका कथाहरुमा समाजमा विद्यमान शोषण, उत्पीडन, तिनीहरुका कारणले उत्पन्न गरिबी र तिनको विरुद्ध वर्गीय सङ्घर्ष, प्रेम र मानवीय भावनाहरु विषयबस्तु बनेर आएका छन् समाजमा विद्यमान गुण्डागर्दी, अन्धविश्वास, नातावाद, भ्रष्टाचार एवं राजनीतिक पक्षहरुलाई पनि प्रकाश पार्न खोजिएको छ ( सिंहः२०६३) ।

यस पहिलो चरणमा उनको एउटै मात्र कृति सङ्ग्रहको रुपमा प्रकाशित **चिराग** मा १७ वटा कथा सङ्ग्रहीत देखिन्छ ( भण्डारीः २०४७) । यस सङ्ग्रहमा समाजमा विद्यमान शोषण, उत्पीडन, अन्याय, र गरिबीबाट उत्पन्न जनताको दयनीय अवस्था, धनको रापले ओइलाएको मानवता, समाजमा विद्यमान नारीमाथिको शोषण, दमन, बलत्कार, असमान न्याय व्यवस्था, वर्ग सङ्घर्ष, विद्यमान गरिबी, समाज सेवाको आडमा लुकेको पाखण्ड, अन्धविश्वास, कोमल मानवीय भावनाहरु, निरङ्कुश र तानाशाही पञ्चायती व्यवस्थाको चित्रण मात्रै गरिएको छैन । समस्याको जरो पत्ता लगाउने र पात्रहरुलाई प्रतिरोधमा उतार्ने काम पनि गरिएको छ । यसै गरी कथामा मान्छेको ठग प्रवृति, व्यवहारबाट टाढिएको प्राविधिक शिक्षाको कमजोरी, राजनीतिक अवसरवादिता, प्रशासनिक क्षेत्रमा देखिएको नातावाद र कृपावाद, कलाले सम्मान नपाएको अवस्था आदिको राम्रो चित्रण गरेका छन् ।

### २.३.१.२ दोश्रो चरण(२०५३ –हालसम्म)

यस चरणमा भण्डारीका दुईवटा कथा सङ्ग्रह अस्वीकृत कथाहरु र अविरलयात्रा ( २०५८ र २०६३) प्रकाशित भएका छन् । उनका अस्वीकृत कथाहरु(२०५८) मा २० वटा कथाहरु र अविरल यात्रामा ८२ वटा कथाहरु सङ्कलित छन् ( भण्डारी :२०५८,२०६३) । यस चरणका अस्वीकृत कथाहरु सङ्ग्रहका कथाहरुमा विदेशी जीवनमा भोगेका पीडाहरु, जतिसुकै खर्च गरेर पढेपनि व्यवहारिकताको कमीका कारण असफल प्रविधिक शिक्षा, समाजमा देखिएका विकृति विसङ्गति, आमाले छोडेका बालकहरुको दर्दनाक पीडा, पुँजिवादी चिन्तनले ग्रसित मानसिकता, वेश्यालयमा वेचिएका नारीहरुको पीडा, गरिबीले निम्त्याएको दुर्दशा, धार्मिक, सामाजिक अन्धविश्वासले कलिला बालबालिकाको मस्तिष्कमा पारेको नकारात्मक प्रभाव, समाजका विसङ्गतिहरु, प्रशासनिक क्षेत्रमा हुने गरेका लापरवाही र गैरजिम्मेवारीपन एवं सामन्ती सोच, वहुदलीय व्यवस्थाले ल्याएको निराशा, मुक्त कमैयाहरुले भोग्नु परेको पीडा आदिलाई मात्रै देखाइएको छैन कथामा अन्याय, अत्याचार, दमन, शोषण उत्पीडनको विरुद्ध पात्र-पात्राहरुले विद्रोहको बाटो अङ्गालेको देखिन्छ । यसरी दोस्रो चरणका **अस्वीकृत कथाहरु** सङ्ग्रहका कथामा पात्र-पात्राहरु मूकदर्शक वा मूकभोक्ता मात्रै बनेका छैनन् उनीहरु त्यसको विरुद्ध प्रतिरोधमा उत्रिएको पनि देखिन्छ ।

यसैगरी उनको अर्को कथा सङ्ग्रह अविरलयात्रा (२०६३)मा जम्मा ८२ वटा कथाहरु सङ्ग्रहीत छन्(भण्डारी:२०६३)। उनका अघिल्ला कथा सङ्ग्रहका कथाहरुमा लेखक कलाकारले उचित सम्मान नपाएको , उनीहरुको दुरावस्था, प्रशासनिक क्षेत्रमा देखिएको लापरवाही, अनियमितता, कर्मचारी तन्त्रमा मौलाएको घुस्याहा प्रवृति, चिकित्सकहरुको पैसामुखी प्रवृति, वर्गीय भेदभाव, नेताहरुको दोधारे चरित्र, भ्रष्टचारी नेतृत्व, सिद्धान्त र व्यवहारमा देखिएको अमेल, राजनीतिमा हुने गरेका जालझेल र धाँधली, राजनीतिक परिवर्तन आए पनि मानसिकतामा परिवर्तन आउन नसकेको अवस्था आदिलाई उनले कथामा उल्लेख गरेका छन् ।

उनका कथामा तत्कालीन समयमा राज्यले भोग्नु परेको बाह्रवर्षे माओवादी द्वन्द्वले पनि स्थान पाएको छ । द्वन्द्वले सर्वसाधारणमा पारेको असर, धार्मिक र सांस्कृतिक अन्धविश्वासले जीवनमा पारेको नकारात्मक असर, अर्धसामन्ती एवं अर्धपुँजिवादी हाम्रो समाजमा मालिकले मजदुरमाथि गर्ने शोषण र दमन, समाजमा फैलिएको दुर्व्यसन, बढ्दै गएको कृत्रिमताको मोह, राजधानीमा बढ्दै गएको वातावरणीय प्रदुषण, नयाँ पुस्ताहरुमा देखिएको अहमता आदिलाई कथाले राम्ररी चित्रण गरेका छन् ।

भण्डारीका कथामा मानवीय साथै मानवेतर दुवैखाले पात्रहरुको उपस्थिति पाइन्छ । कतै परिश्रमी निम्न वर्गलाई कतै दृढ निश्चयी  व्यक्तिलाई त कतै डरहेरुवा कातर व्यक्तिलाई पात्रको रुपमा उभ्याएका छन् । कतै लेखक आफैलाई  उभ्याएका छन् । कथामा सामाजिक दुराचारी, शैक्षिक क्षेत्रका ठग, जड्याहा प्रशासक, भ्रष्ट राजनीतिज्ञ, आडम्वरी समाजसेवी, घुस्याहा कर्मचारी, ढोंगी धार्मिक चरित्र, पक्षपाती मन्त्री, तथाकथित बुझक्कड जड्याहा, दमनकारी विवेकहीन प्रहरी प्रशासन, ऋन्तिकारीको खोल ओढेका अवसरवादीहरु, द्वन्द्वको फाइदा लिने स्वार्थीहरु र अवसरवादीहरु, आदि विभिन्न खाले चरित्रलाई कथाकारले पात्रको रुपमा उभ्याएका छन् ।

समग्रमा वर्गीय हिसावले शोषक र शोषित, नैतिकताका हिसाबले भ्रष्ट र इमानदार, शासनका हिसावले शासक र शासित, ध्रुवीयताको हिसावले नायक र खलनायक, गतिका हिसावले स्थिर र परिवर्तनशील, प्रवृत्तिका हिसावले पुरातन र आधुनिक, श्रमका हिसावले परिश्रमी र कामचोर, परिस्थितिका हिसावले अनुकुल र प्रतिकुल सबैखाले पात्रहरुको संयोजन देखिन्छ । उनका कथामा द्वन्द्व, उद्देश्य, भाषाशैली र पात्राको समय सापेक्ष प्रयोग देखिन्छ । उनका कथाहरुमा समानतामुखी, चेतनशीत, बैज्ञानिक, सत्चारित्रिक, प्रगतिशील एंव गणतान्त्रिक समाज निर्माणको सन्देश पाइन्छ । देशभक्ति, इमान्दारिता, श्रमको सम्मान, मानवीयता, न्यायपूर्ण विधिको आकांक्षा जस्ता आग्रहहरु देखिन्छन् । अर्थिक शोषणको विरोध, भेदभाव र अन्यायपूर्ण व्याहारप्रति आक्रोश, परिवर्तनका लागि विद्रोह गर्ने प्रवृति पनि उनका कथामा पाइन्छ । प्रगतिशीलताको एउटै सरलरेखामा कथाकारिता प्रवाहित नभए पनि सघनता प्रगतिशील विचारकै पाइन्छ । विचारमा प्रष्टता ग्रहण गर्ने सवालमा प्रगतिशील चेतनाको एकध्रुवीय बहावको ठहरता उनमा अझै देखिदैन । जे होस् भण्डारीका कथाले तत्कालीन हरेक पक्षमा, क्षेत्रमा, देखिएको विकृति र विसङ्गतिलाई राम्ररी प्रहार गरेको छ । अझ भनौं प्रगतिवादी साहित्य नारावादी हुन्छ भन्ने मान्यतालाई चुनौति दिएको छ ।

यसरी हेर्दा भण्डारीको साहित्य यात्राले पार गरेको दुई दशकमा पहिलोमा समाजका विसङ्गतिको आवृत प्रस्तुतिमा केन्द्रित र दोस्रोमा अनावृत्त प्रस्तुतिमा केन्द्रित देखिन्छ । यस यात्रामा आख्यानीकरण सामाजिक यथास्थितिलाई प्रतिस्थापन गर्ने कलामा केन्द्रित भएका छन् । पहिलो चरणका कथमा कलाको सूक्ष्मताभित्र सारवस्तु र दोस्रो चरणका कथामा कलाको स्थूलताभित्र सारवस्तु रहेको छ ।

## २.४. निश्कर्ष

२०१६जेठ ५ मा गुल्मीमा मध्यम वर्गीय परिश्रमी र सङ्घर्षशील परिवारमा जन्मेका भण्डारी बाल्यावस्था देखि नै साहित्यतर्फ लागेको पाइन्छ । भण्डारीका कथाहरु मात्रै सङ्ग्रहको रुपमा प्रकाशित भएको देखिन्छ ।  अन्य विधाका रचनाहरु कुनै फुटकर रुपमा पत्रपत्रिकामा प्रकाशित र कुनै प्रकाशोन्मुख अवस्थामा देखिन्छ । भण्डारीका अन्य कृतिहरु प्रकाशित नभए पनि प्रकाशित कथा विधाले नै प्रगतिवादी साहित्याकासमा उज्वल नक्षेत्रको रुपमा स्थापित गराईसकेको छ । पारिवारिक पृष्ठमूमि, सामाजिक संरचना, परिश्रमी र सङघर्षशिल स्वभावका कारण भण्डारीमा राजनीतिक चेतनाले विकास हुने मौका पाएको देखिन्छ । सामन्तीहरुको शोषण, गरिबले पाएको पीडा वर्गीय असमानताले उनको मनमा तत्कालीन अवस्थामा विद्रोही, परिवर्तनकारी स्वभावको विकास भएको देखिन्छ । स्नातकोत्तर तहसम्मको अध्ययन गरेका भण्डारी वाम राजनीति तर्फको झुकाब र लगावका कारण उनका रचनाकृतिहरुमा राजनीतिको प्रभाव राम्रैसँग देखिन्छ । उनको साहित्यिक व्यक्तित्व मात्रै नभएर अन्य व्यक्तित्व पनि त्यत्तिकै प्रमुख देखिन्छ । उनका रचनाकृतिहरुमा समाजमा देखिएको वर्गीय असमानता, त्यसले निम्त्याएको विसङ्गत पक्ष, धनको मोहमा(रापमा) हराउँदै गएको मानवीय  संवेदना, नारी संवेदना आदिको चित्रण पाइन्छ ।

यसरी उनका कृतिहरुमा व्यङ्ग्यात्मकता, विद्रोहात्मकता, क्रन्तिकारी विद्रोही भावना एवं प्रगतिवादी स्वर मुखरिता भएको पाइन्छ ।

# तेस्रो अध्याय

## लघुकथाको स्वरुप र विकास

### ३.१ लघुकथाको स्वरुप

### ३.१.१ लघुकथाको अर्थ

संस्कृतको **कथ्** घातुमा **अ** प्रत्यय लागेर **कथ** बनेपछि त्यसमा **आ** प्रत्यय लागि कथा शब्द बन्दछ । यसलाई अंग्रजीमा **सट स्टोरी** (Short Story) हिन्दीमा **कहानी** , बङ्गालीमा **गल्प** भन्ने गरिन्छ । कथा शब्दको व्युत्पत्तिगत अर्थचाहिं केही कुरा भन्नु, कहनु वा कथेर बताउनु  भन्ने बुझिन्छ ।

नेपाली भाषा साहित्यमा लेखिने गरेका लधुकथा पाश्चात्य साहित्यमा प्रचलित **सट स्टोरी** (Short Story) को समानान्तर रुप नभएर **सट-सट** (Short Story)वा **सटेस्ट स्टोरी** (shortest story) वा मिनि **स्टोरी** (mini story ) को समानान्तर रुप हो ।

लघुकथा साहित्यको विभिन्न विधाहरु आख्यान (fiction) कविता/काव्य (Poem), रुपक वा नाटक(Drama) एवं निबन्ध (essay) मध्ये आख्यान विधासँग सम्बन्धित उपविधा हो । कथाका पनि कथा, खण्डकथा, लघुकथा, सूत्रकथा जस्ता अनेकौं रुपहरु हुन्छन् । लेखन, प्रस्तुतीकरण एवं आयामका हिसाबले यी सबैले आ-आफ्नै खालका वैशिष्ट्यलाई आत्मसात गरेको पाइन्छ । विश्व साहित्यमा एक स्वतन्त्र पहिचान, आस्तित्व र मूल्य स्थापित गर्न सफल आख्यान विधाको उपविधाका उपन्यास र कथा हो भने आफैमा पूर्ण अभिव्यक्ति दिने न्यूनतम् संरचनात्मक आयाममा देखापरेको आख्यान विधाको कान्छो भेद लघुकथाले पनि आज आफ्नै स्वतन्त्र अस्तित्व, पहिचान र विधागत मूल्य प्राप्त गरिसकेको छ ।  यसरी यसै आख्यान विधाको परिस्कृत र परिमार्जित छोटो, छरितो रुपमा देखापरेको उपविधा हो लधुकथा । शाव्दिक अर्थमा  लघुकथालाई छोटो कथाको रुपमा अर्थ्याय पनि लघुकथालाई कथाको छोटो रुप भन्न मिल्दैन किनभने आकारगत हिसावले मात्रै नभएर वास्तवमा जीवनको एकक्षण ,अंश वा सन्दर्भको सूक्ष्म अनुभूतिलाई उद्घृत गरिएको कथात्मक रचना नै लघुकथा हो ।

### ३.१.२ लघुकथाको परिचय

विश्व साहित्यमा मात्रै नभएर नेपाली आख्यान साहित्यमा पनि आफ्नो विशिष्ट पहिचान, स्वतन्त्र अस्तित्व, विधागत मूल्य, मान्यता स्थापित गर्न सफल लघुकथा आख्यान साहित्यको एक सशक्त लघुतम् उपविधा हो । शाव्दिक हिसावले हेर्दा लघुकथा कथाको छोटो, सानो वा सङ्क्षिप्त रुप जस्तो लागे पनि कथाको सानो रुप नै भन्न चाहिं मिल्दैन किनभने लघुकथा कथाको सङ्क्षेपीकरण वा सारांश होइन नत लघुकथालाई तन्काएर कथा नै बनाउन मिल्छ । तर पनि सजिलोको लागि मात्र लघुकथालाई कथाको छोटो रुप मान्न सकिन्छ (पहाडी:२०५६)। तर महाकाव्यको साङ्क्षिप्त रुप खण्डकाव्य, मूक्तक नभए जस्तै लघुकथालाई कथाको संक्षिप्त रुप मान्नु यूक्तिसङ्गत हुदैन । लघुकाथाको आफ्नै संरचनात्मक आयाम छ ।, छुट्टै प्रस्तुतीकरण छ ।, विषयवस्तु सूक्ष्म र तीब्र हुन्छ । सङ्केतात्मक र प्रतीकात्मक व्यवस्था तीब्र र सघन हुन्छ । यसरी साहित्यिक फाँटमा लघुकथाले आफ्नै विशिष्ट पहिचान, स्वरुप र मूल्य, मान्यता प्राप्त गरिसकेको छ ।

कथाको संरचनात्मक आयाम, विषयवस्तुगत आयामका आधारमा कथालाई विभिन्न नाम दिएको पाइन्छ । लामा, मझौला, छोटो र निकै छोटो रुपाकृतिमा देखिने कथाहरुका मुख्य स्रोत समाज, इतिहास, लोक जीवन पुराण, धर्म, संस्कृति, मनोविज्ञान, अर्थ, विज्ञान अन्तरिक्ष, राजनीति आदि हुन् । यी विभिन्न स्रोतबाट सृजित कथाहरु जस्तै परिकथा, चुट्किला, गाउँखाने कथा, लघुकथा, कथा, आहान, खिस्सा, वृतान्त विवरण, उपाख्यान, दन्त्यकथा आदि जे जस्ता आकृति र प्रकृतिका भएपनि समय ठाउँ, परिस्थिति अनुसार र प्रभावकारिताका हिसावले छोटो, छरितो आकर्षक एवं सशक्त हुन्छन् (भण्डारीः२,४,५३)।

विश्व एक्काइसौं शताब्दीसम्म आइपुग्दा विज्ञानका विभिन्न चमत्कारिक आविष्कारका प्रभावबाट साहित्य पनि अछुतो रहन सकेन । जसको कारण विश्व साघुँरिदै गएको छ । एउटा सानो कोठामा बसेर कीवोर्ड (KEY Borad) र माउस(Mouse) को भरमा विश्वलाई नियन्त्रण गर्न सक्ने कम्प्युटरको आविष्कारले आजको युग यान्त्रिक बनिसकेको छ । यही यान्त्रिक युगले सागरलाई गागरमा अटाएर Small is beautiful को सन्देश दिन खोजिरहेको छ । यसैको फलस्वरुप मान्छे पनि यान्त्रिक बन्दै गइरहेको छ (श्रेष्ठ,२०५९:१६, ४३)। आजको यही व्यस्त र यान्त्रिक युगले गर्दा थोरै समयको सदुपयोगमा धेरै भन्दा धेरै उपलब्धि चाहने मानवीय प्रवृतिले जरो गाडेको छ । लेख्नेलाई धेरै समय लगाएर लेख्ने र पढ्नेलाई धेरै समय लगाएर पढ्ने फुर्सद छैन, समय जुराउन गाह्रो भइरहेको परिस्थितिमा साहित्यिक विधाहरु पनि आफ्नो पहिचान र अस्तित्व रक्षाको लागि पाठकको माग र सीमित समयको उपलब्धतालाई मध्यनजर गर्दै लघु बन्दै गइरहेका छन् । विशाल महाकाव्य र उपन्यास लेखिने र पढिने काम विरलै भइरहेको सन्दर्भमा लेखक र पाठकको बिचको दुरीलाई कम गर्ने सेतुको रुपमा आउँछ एक लोकप्रिय विधा लघुकथा (श्रेष्ठः२०५५) । आख्यान क्षेत्रमा उपविधाको रुपमा पूर्ण अभिव्यक्ति दिन न्यूनतम् संरचनात्मक आयाममा देखापरेको लघुकथाको विधागत अभिलक्षण, चिन्तन र रचनाधर्मिताको स्पष्ट रुपरेखा र नेपाली लघुकथाको ऐतिहासिक परम्पराको समेत स्पष्ट स्तम्भ तयार भइसकेको छ (पोखेलः ४) ।

लघुकथा अकारगत रुपले सानो र एकै सन्दर्भ वा प्रङ्सगमै केन्द्रित भएर एक झमट्मै पाठकमा कुतुहलता जगाएर सन्तुष्टि दिनुपर्छ । जसरी कथामा पारम्परिक अर्थमा विषयवस्तु परिवेश,सम्वाद ,घटना आदि विभिन्न तत्वहरुको आग्रह राखिन्छ । लघुकथामा ती सबैको उपस्थिति अनिवार्य छैन (मधिकर्मी, २०६४:४,५,३) ।

वास्तवमा आकारगत लघुता मात्र लघुकथाको तात्विक पहिचान होइन । मुख्य कुरो त्यसमा क्षणभरमै भावको प्रभावकारी विस्फोटन हुन सक्ने भित्री अंणु सामर्थ्य हुनु पर्छ ( श्रेष्ठ : २०५६ ) । कुनै घटना सन्दर्भलाई खासै कुनै भूमिका वा पृष्ठभूमिविना थोरै शब्दमा गहन एवं धेरै भावलाई समेटेर कलात्मक पाराले विषयको स्पष्ट र सार्थक सम्प्रेषण गर्ने कथात्मक रचना नै लघुकथा भएको हुनाले कथाकार इन्दिरा प्रसाई पनि भन्छिन् “लघुकथामा भन्नै पर्ने कुरा वाहेक केही हुदैन” (मधुपर्क २०५६ भदौ) । चटनीको चटाइबाट जिब्रोमा स्वादको तिख्खरता ल्याइ स्वादको सन्तुष्टी दिलाउँ छ । जसरी जिरे खूर्सानीको टोकाइमा पिरोले अचानक कानको जरोलाई झन्झनाउँछ त्यस्तै लघुकथाले पनि पाठकको अन्तरमनको सुषुप्त भावलाई खोतलेर गहिरो छाप छोड्छ ।

लघुकथा आख्यान साहित्यको साधन नभएर साध्य मानिन्छ । एउटा विशाल रुखले दिने सौन्दर्य भन्दा एउटा बुटेदार टेबलले दिने सौन्दर्य ज्यादै मनमोहक हुन्छ, एउटा गाईको सौन्दर्य भन्दा सानो भर्खर जन्मेको वाच्छीको सौन्दर्य ज्यादै मनमोहक हुन्छ । उपन्यास र महाकाव्यबाट प्राप्त हुने भाव-कलाभन्दा लघुकथावाट प्राप्त हुने भाव-कला ज्यादै रसिलो र खिरिलो लाग्छ । त्यसैले मनुब्राजाकी लघुकथालाई छुरीको संज्ञा दिंदै भन्छन् ‘उपन्यास

तरवार हो, कथा खुकुरी हो'। पाठकलाई गमेर पढ्ने समयको अभाव, एकै झड्कामा भाव वा विचारको मन्थन, चोटिलो, रसिलो, एवं कलात्मक र सार्थक सम्प्रेषण, छोटो समयमा नै भावको पूर्ण प्रस्फुटन आदि विविध विशेषताले लघुकथा पाठकका माझ दिन प्रतिदिन लोकप्रिय बन्दै गएको छ ।

## ३.१.३ लघुकथाको आकृति(आयाम)

विश्वसाहित्य एवं नेपाली साहित्यमा आफ्नो स्वतन्त्र अस्तित्व विधागत पहिचान र सैद्धान्तिक मूल्य मान्यतालाई स्थापित गर्न सफल आख्यानको उपविधाको रुपमा परिचित लघुकथाको आयामका बारेमा विभिन्न चर्चा परिचर्चा गरिएपनि यति नै संरचनात्मक आयाम वा शब्द सङ्ख्यामा सीमित हुनु पर्छ भन्न सकेको देखिदैन र यकिन गर्न कठिन पनि छ ।

कला र सून्दरतामा ठूलो चीज जति भद्दा हुन्छ त्यति नै सानो वस्तु मनमोहक प्रभावकारी र आकर्षक देखिन्छ । त्यसैले त small is beautiful को अवधारणा दिनप्रति दिन सशक्त र प्रभावकारी बन्दै गइरहेको छ । अझ भनौं साहित्यको सन्दर्भमा वर्तमानको व्यस्त र यान्त्रिक जीवनमा कसलाई लामा लामा आख्यान लेख्न र पढ्न फुर्सद छ र ?त्यसैले यान्त्रिक र व्यस्त जीवन र समयका बिच निस्केको सानो फुर्सदको समयमा उग्राएका सष्ट्रा र द्रष्टाका मन मस्तिष्कमा झिलिक्क विजुली चम्के जस्तो अनुभव मात्र नगराई अचानक अप्रत्यासित रुपमा भावनात्मक स्फुरण गराई 'झल्याँस्स' गराउँछ लघुकथाले । त्यसैले यसको नाम लघुकथा भन्दा 'झल्याँस्स' कथा राख्नु सार्थक देखिन्छ (कसजु:२०६५,३४)। यसैबाट पनि यसको आयामगत रुपको अनुमान गर्न सकिन्छ ।

संरचनाका दृष्टिले एक अनुच्छेद देखि २५०० शब्द सम्मका पनि लघुकथा देखिएको छ । पाश्चात्य विद्वानले लघुकथालाई विभिन्न नाम दिएका हुनाले शेर्पाड र थोमसले sudden fiction ७५० भन्दा धेरै र flash fiction त्यो भन्दा थोरै शब्दमा हुन्छ भनि विभाजनको रेखा कोर्न खोजेका छन् भने धेरै प्रकाशकले १००० शब्दलाई अधिकतम् लम्बाई मानेका छन् । कतिपयले ३०० भन्दा कम शब्द हुनुपर्नेमा जोड दिएका छन् ।

चीनिया लघुकथाहरु औसत १५०० चीनिया अक्षर देखिन्छन भने छोटोमा ९१ देखि लामोमा २००० अक्षरसम्मका पनि रहेका छन् (कुसजु,२०६५:४,४३) । त्यस्तै अमेरिकाको फ्लोरिडा स्टेट युनिभर्सिटीले विश्वको सर्वोत्तम लघुकथा प्रतियोगिता आयोजना गर्दा २५० भन्दा कम शब्द सीमाको रेखाङ्कन गरेको थियो । त्यस्तै जेम्स थोमस र रोबर्ड शेपर्डको लघुकथा सङ्ग्रह sudden fiction मा परिभाषा र आकार बारेका लेखमा १५०० शब्दलाई मानेका छन् भने हाल, हिब्वर्ड र होल्मानले सम्पादन गरेको पुस्तक ह्याण्डबुक टु लिटरेचर मा 'सामान्यतया ५०० देखि २००० शब्द सम्मको अनौठो बटारिएको वा छक्क/स्तब्ध पार्ने गरी टुङ्ग्याएको सङ्क्षिप्त छोटो कथा' भनि शब्द सङ्ख्याको सीमा तोक्ने प्रयास गरेका छन् । (कसजु: २०६५:४,४३) । आज पाश्चात्य जगत्को आधुनिक मान्यताले लघुकथाको आयामिक संरचनालाई ५५ शब्दमा समेटेको कुरा शोधार्थी रेणुका पन्थीले आफ्नो स्नातकोत्तर शोधपत्रमा उल्लेख गरेकी छिन् । विभिन्न गोजिका, हवाइपत्र तथा पोष्ट कार्डमा प्रकाशित कथा २५-३० शब्द सम्मका देखिन्छ भने कसैले यसलाई १ देखि ४०/५० वाक्यसम्म तथा २०/२५ देखि २०० शब्दको वरपरको शब्द सङ्ख्यामा हुने वताएका छन् । यसै क्रममा शैलेन्द्र नेपालले यसको आफ्नै रचना प्रक्रिया हुन्छ, सरल, सम्प्रेषणीय मार्मिकका साथै ५/१० मिनेटमा पढि सिध्याउन सकिने तथा रवीन्द्र समीरले ५/१० मिनेटमै पढि सिध्याउन सकिने हुनुपर्नेमा जोड दिएका छन् ।

अनेस्ट हेमिङ्गवले अहिले सबैभन्दा छोटो लघुकथा (for sale : baby shoes, never born) छ शब्दको लेखेर शब्द सीमालाई चुनौति दिएका छन् । त्यसैले यसको

आकार वास्तवमा नाप्न नसकिने भनि कसैले गहिराइमा जोड दिएका छन् भने कसैले सूक्ष्मता तिर जोड दिएका छन् तर अहिले आएर केवल ५५ शाब्दमा लेखिने नियम होस् भन्दै यसलाई भन्न थालेको पाइन्छ (थापा,२०५८:२) । लघुकथाका आयाम/आकारका बारेमा माथि व्यक्त गरिएका भनाइहरुलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

लघुकथा वास्तवमै छोटो हुन्छ तर लामो कथाको सारांश चाहिं होइन । जीवन र जगतमा घटेका सूक्ष्म/स्थूल मर्मस्पर्शी घटनालाई चुस्त र दुरुस्त शैलीमा योजनाबद्ध गरिने हुँदा यसको संक्षिप्ततालाई गणितीय रुपमा मूल्याङ्कन नगरेर कथात्मक अभिव्यक्ति वा अनुभूतिलाई छोटो भन्दा छोटो आयाम र समयमा पढेर सकिने हुनु श्रेयकर हुन्छ ।

लघुकथा 'सागरमा सागर' भन्ने लोकोक्तिलाई चरितार्थ गर्ने खालको हुनुपर्छ साथै सानो तर धेरै मार हान्ने क्षेप्यास्त्र जस्तो हुनुपर्छ ।

## ३.१.४ लघुकथाको परिभाषा

नेपाली साहित्यमा आख्यान विधाको कान्छो उपविधाको रुपमा देखा परेको लघुकथा वर्तमान मानव जीवनको व्यस्तता र यान्त्रिकताको परिणाम हो । यसले आजको यान्त्रिक मानवको व्यस्त समयका बिचमा लोकप्रियता हासिल गर्दै गइरहेको छ । यो छोटो, मिठो लोकप्रिय र प्रभावकारी उपविधालाई पूर्वीय एवं पाश्चात्य स्रष्टा, द्रष्टा, समालोचक आदि सवैले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् ।

### ३.१.४.१ नेपाली साहित्यकारका विचारहरु

**लघुकथा** शब्द नेपाली साहित्यको सन्दर्भमा प्रयुक्त कथा विधाको एक प्रविधा हो । अंग्रेजीको **short story** र हिन्दीको **कहानी** भन्दा पनि लघुकथाको आख्यानात्मक विशेषतामा आधारित कथा विधालाई नेपालीमा लघुकथा भनिनु उपयुक्त देखिन्छ ( सुवेदी, २०५३) । राजेन्द्र सुवेदी

- आधुनिक कथातत्वले पूर्ण भएका स-साना कथा, छोटो कथा नै लघुकथा हो (नेपाली वृहत शव्दकोश) ।
- लघुकथा न्यूनतम आख्यान भएको लघु गद्यरचना हो । यसको प्रस्तुति तीब्र र अजटिल हुने हुँदा यो अति पठनीय र रोचक हुन्छ । मोहनराज शर्मा
- आकरगत लघुता मात्र लघुकथाको तात्विक पहिचान होइन, मूख्य कुरो त यसमा क्षण भरमै विचार वा भावको विस्फोट हुन सक्ने अणुसामर्थ्य हुनुपर्छ (श्रेष्ठ ,मधुपर्क ,२०५६: १३)
- लघुकथा कुशल फोटोग्राफरले खिचेको विशाल र सून्दर दृश्यको सानो फोटो हो । थोरै समयमा धेरै शब्दको स्वाद लिन सक्ने विधा हो । (दायित्व,२०५९: १६,४३, ) श्रीओम श्रेष्ठ रोदन ।
- लघुकथाको आयामिक संरचना छोटो र स्वयंमा पूर्ण हुन्छ । (मधुपर्क २०५६) लक्ष्मणप्रसाद गौतम
- एक वाक्यको सुत्रलाई तन्काएर बनाएको कथा नै लघुकथा हो(समता २०५९: १०,३, ६)। घिरज गिरी 'कल्पित'
- सूत्रात्मक रुपको सङ्केतात्मक सन्देश दिने आख्यान साहित्यको एउटा नवीनत्म उपविधा नै लघुकथा हो (२०६५:प्रतिनिधि ४)-रामविक्रम थापा
- संक्षिप्त, सरल, सुरुचिपूर्ण प्रहारक एंव सम्प्रेषक कथात्मक अभिव्यक्ति नै लघुकथा हो (तेस्रो आँखा,ङ)-रविन्द्र समीर ।

- लघुकथा भनेको सानो आयतन भएको आफैमा पूर्ण त्यो कथा हो जुन विनाभूमिका सुरु हुन्छ र व्यङ्ग्यात्तमक एवं चमत्कार पूर्ण प्रभावसहित टुङ्गिन्छ । (प्रसून,२०५९: ४,५,१)निमेष निखिल ।
- विद्रोह र असन्तुष्टि व्यक्त गर्ने, प्रतीकात्मक अनुभूति दिने, कवितात्मक झिल्का नै लघुकथा हो । (आफ्नो भावभूमि रङ्गीन पोखरी,(लघुकथा सङ्ग्रह) २०५०) भागीरथी श्रेष्ठ ।
- उपन्यास तरवार हो, कथा खुकुरी हो भने लघुकथा छुरी हो । (तेस्रो आँखाको दर्पणमा नियाल्दा, तेस्रोआँखा(लघुकथा सङ्ग्रह) मनुब्राजाकी ।
- जीवनको एउटा सानो कथा, थोरै पात्र,छोटो सम्वाद, दुई आयाम सम्म फैलिएको रसिलो र आकर्षक विधा नै लघुकथा हो । (नेपाली सहित्यमा लधुकथा, समष्टि वर्ष २ अङ्क ४ , पृष्ठ ५४) गोपालप्रसाद भण्डारी ।
- जीवन र जगतका स्थुल/सूक्ष्म घटनाहरुलाई अत्यन्त सक्षिप्त संरचनात्मक आयाममा तीव्र आख्यानात्मक शैलीमा ज्यादै सटीक र प्रहारात्मक, व्यंग्यात्मक र प्रतोकात्मक शैलीमा लेखिने आफैमा पूर्ण नवीनतम् उपविधा हो लघुकथा । ( प्रतिनिधि नेपाली लघुकथाहरु, प्रतिनिधि ४ पृष्ठ १०) इश्वरी प्रसाद पोखरेल
- सामान्य वा मन छुने घटनालाई मौलिक नँया दृष्टिकोण दिएर पाठकलाई च्वास्स विझ्ने, सोच्न वाध्य तुलाउने वा नयाँ विचार दिने गरी लेख्ने वा सुनाउने विधालाई लघुकथा भनिन्छ । (विचार मञ्च, मधुपर्क, २०५६ पृष्ठ ९३)-विनयकुमार कसजु
- लघुकथा गद्यविधाको त्यो कथात्मक विधा हो, जुन आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रुपमा सम्भवत सर्वाधिक संश्लिष्ट माध्यमले सक्षम छ, जुन छोटो भईकन पनि चोटिलो र छरितो हुने गर्छ । (लघुकथाको सैद्धान्तिक रुप र चालीसको दशकका लघुकथा प्रवृति एक झलक, साराशं, अङ्क २ २०५८) रोशन थापा 'निरव'

यसरी यी माथिका परिभाषालाई हेर्दा छोटो संरचनात्मक आयाम भएको तीव्र आख्यानात्मक शैली, थोरै पात्र, सूत्रात्मक शैली गहन भाव, विम्बात्मक व्यङ्ग्यात्मक, प्रतीकात्मक शैली , छोटो भएपनि पाठकलाई कुतकुत्याउँदै गहन प्रभाव पार्न सफल उपविधा नै लघुकथा हो भन्ने आशय व्यक्त गरेका छन् ।

### ३.१.४.२ हिन्दी साहित्यकारका विचारहरु

- आदर्श लघुकथा त्यहि हो जो कथाको कथानक नबनोस् (प्रतिनिधि नेपाली लघुकथाहरु प्रतिनिधि ४, पृष्ठ ९)विष्णु प्रभाकर
- वास्तविक र सफल लघुकथा त्यहि हुन्छ जसलाई प्रयत्न गरेर पनि अरु विस्तार दिन नसकियोस् । (पूर्णप्रसाद ब्रह्मणको लघुकथाकारिता, स्नातकोत्तर शोधपत्र ,रेणुका पन्थी) नरेन्द्र कोहली
- लघुकथा जीवनको कुनै अंश वा खण्डको पूर्ण अभिव्यक्ति हो (रोशन थापा निरव पृ.८) डा.रत्नलाल शर्मा
- लघुकथालाई हामी वैचारिक कथागीत भन्छौ । गीतपक्षमा लघुकथाको मानदन्ड हो त्यसको लघुता शैली प्रभावान्ति वैचारिक पक्षमा आउँछ त्यो कथा जसले युगको यथार्थ प्रस्तुत गर्दछ । (गोविन्द गिरी प्रेरण, लघुकथाको बनोट र नेपाली लघुकथा , लघुकथा विशेषाङ्क मधुपर्क २०५६ पृ ७१) डा.शंकर पुणाताम्बेकर

यसरी भारतीय विद्वानहरुको परिभाषालाई हेर्दा स्वयम्मा पूर्ण भएको जीवनको गहिराईमा पुगेर कुनै एक खण्डको अभिव्यक्ति दिने थोरै शब्दको कलात्मक अभिव्यक्तिको इतिवृत नै लघुकथा हो ।

### ३.१.४.३ पाश्चात्य विद्वानहरुका विचारहरु

- केही क्षणका लागि चिन्तन गर्नु पर्ने केही हरफमा केवल ५५ शब्द भित्र नै पुरा गर्न सकिने रचना लघुकथा हुन्छ ( पोखरेल, २०६५:१० ) स्टेभ मोस
- एक पृष्ठको उपन्यास । ( कसजु २०६५:४०)स्टेफान डुनिङ
- सामान्यतया ५०० देखि २००० शब्दको अनौठोसँग बटारिएको वा छक्क/स्तब्ध पार्ने गरी टुङ्ग्याइएको संक्षिप्त छोटो कथा । ( कसजु, २०६५: ४० ) (ह्याण्डबुक टु लिटरेचर)-थ्राल हिव्वर्ड र होल्मान
- लघुकथाले चोट पुयाउनु पर्छ । बिझाउनु पर्छ । अप्ठ्यारो असहज अवस्थाको अनुभूति गराउनु पर्छ र मनलाई खल्वल्याउनु पर्छ । (कसजु, २०६५: ४२)-फ्रेडच्यापेल र जोन एल ह्युरेक्स
- यो अति घनिभूत ढङ्गले खाँजिएको हुनुपर्छ, झण्डै गेय कविताजस्तै , अचानक विस्फोटन भएझैं गरी रहस्योद्घाटन/प्रकटीकरण वा झमलाहट/प्रदीपन हुनुपर्छ : यो अति बलियो/महत्वपूर्ण/उल्लेखनीय एउटामात्र घटनामा सीमित हुन्छ , यसको साङ्केतिक महत्व हुन्छ । ( कसजु, २०६५: ४३)-इर्भिङ हाव
- न त कविता जस्तो गद्य, न गद्य जतो कविता  स्लोक , तर गद्यको शक्ति र स्पष्टता भएको कविताको संयोग, अनुकुलता र ताल भएको ( कसजु, २०६५: ४३ )-रोवर्ट केली

यी माथिका पाश्चात्य विद्वानहरुको भनाइलाई केलाउँदा के देखिन्छ भने छोटो संरचनात्मक आयाम भएको ,भावको अचानक विस्फोट भई पाठकको मनमा गहन प्रभाव पार्ने, सूक्ष्म घटनालाई कलात्मक शैलीमा प्रस्तुतगरी नाटकीय अन्त्य भएको आख्यानात्मक रचनालाई नै लघुकथाको दर्जा दिएको पाइन्छ ।

### ३.१.५ निश्कर्ष

नेपाली आख्यान साहित्यको सबै भन्दा कान्छो विधाको रुपमा देखापरेको लघुकथालाई पूर्व-पश्चिमका विभिन्न विद्वानहरुले आ-आफ्नै पाराले परिभाषित गरेको देखिन्छ । सबै परिभाषालाई मध्यनजर गर्दा के देखिन्छ भने लघुकथा लघु संरचनात्मक आयाममा हुनुपर्ने लघु भएर पनि स्वयम्मा पूर्ण हुनुपर्ने, सूक्ष्म घटना भएपनि पाठकको मनमस्तिष्कमा भुँइचलो ल्याइ मन जित्न सक्ने हुनुपर्छ । लघुकथा फूलदानी भित्र सजिएर रहेको एक फूलको थुँगा हो । जसले मानवीय मनलाई आकर्षित गर्दै सुन्दरताको जादु छरिरहेको हुन्छ । त्यस्तै लघुकथालाई करेन्टको एक झट्काको रुपमा पनि लिन सकिन्छ । जसरी करेन्टको एक झट्काले सारा शरीरका सबै अङ्गहरु झन्झनाउँछ, त्यसरी नै लघुकथाको छोटो आयाम र सूत्रात्मक शैलीले पाठकको मनमस्तिष्कलाई छोएर वैचारिक वा भावात्मक भुँइचालो ल्याउँदछ ।

## ३.१.६ लघुकथाको विशेषता

लघुकथाको संरचनात्मक आयाम लघु भएपनि यसमा विचार र भावको प्रभावकारी विस्फोट हुन्छ । त्यसैले नेपाली साहित्यको कान्छो विधा भएपनि चाँडै नै स्वतन्त्र अस्तित्व बनाउन सफल भएको छ ।

आख्यान साहित्यमा लघुकथाले स्वतन्त्र अस्तित्व, विधागत मूल्य, मान्यता, स्वरुप, लक्षण वा विशेषताहरु स्थापित गर्न सफल भइसकेको सन्दर्भमा यसको विधागत मूल्यको बारेमा प्रकाश पार्न यी विशेषताले ठूलो भूमिका खेल्छन् ।

लघुकथाका विशेषताका बारेमा नेपाली साहित्यका केही विद्वानहरुले चर्चा गरेका छन् । रोशन थापा 'नीरव' का अनुसार संक्षिप्तता, सूक्ष्म अनुभूति, गूढ सम्वेदना, आन्तरिक अर्थ व्यङ्ग्यपरक भाव , अन्तरविरोधको उन्मुक्त प्रकाशन , प्रारम्भ र अन्त्यमा अप्रत्याशितता, शैली कलात्मकता, प्रस्तुतिमा प्रभावपूर्ण सम्पूर्णता, शिल्पगत प्रतीकात्मकता, विम्बगत सङ्केत , कौतुहल, विचारमा प्रभावकारी गति र जीवनको एक पक्षको प्रस्तुति (मधुपर्क २०५६:८६)।

त्यस्तै **श्रीओम श्रेष्ठ** रोदन का अनुसार सङ्क्षिप्तता, सूक्ष्मता, वर्णनमा सीमितता, न्यून पात्रता, व्यङ्ग्यको प्रचुरता, आन्तरिक अर्थपरकता, अप्रत्याशितता, प्रतीकात्मकता, साङ्केतिकता कैतुहलता(दायित्व,२०५९:१६,४३ असार)।

ईश्वरीप्रसाद पोखरेलका अनुसार आकारगत लघुता, सङ्गठित योजना, व्यङ्यात्मकता तथा प्रतीकात्मकता, एकोन्मुख भावको प्रधानता, कलात्मकता, कौतुहलताको तीब्र प्रयोग, कल्पित कथानक भएपनि यथार्थ अङ्कन, ध्वन्यान्मकता ,दिगो आख्यानीकरणको भ्रम, फोटो फ्ल्यास, नीतिकथात्मक विशेषता, बहुउपयोगिता, योजनाबद्ध लेखन (प्रतिनिधि नेपाली लघुकथाहरु,२०६५ :४,१६) ।

गोविन्द गिरी 'प्ररेणा' का अनुसार तीक्ष्ण व्यङ्ग्यको प्रयोग, विकृत राजनीतिको पर्दाफास, सामाजिक विडम्बनाको तस्वीर, प्रतिकात्मकता, पौराणिक एवं ऐतिहासिक कथाको प्रयोग, पशुपात्रहरुको प्रयोग, नेपाली सामाजिक, आर्थिक र भौगोलिक परिवेशको प्रयोग, विम्बात्मकता, सूत्रात्मकता र विज्ञान सम्वत प्रविधिको प्रयोग(मधुपर्क,२०५६: ७२)।

लघुकथाको वैशिष्ट्यलाई केलाउन विभिन्न साहित्यकार सर्जकहरुले गरेको प्रयास सहानीय छ । यी सर्जकले केलाएका वैशिष्ट्य युग र परिस्थिति अनुकुल सान्दर्भिक नै देखिन्छ । साथै कतिपय विशेषताहरु समान देखिन्छन् । यी माथिका सबै सर्जकले देखाएका वैशिष्ट्यका बुँदामाथि नजर लगाउँदा निम्न वुँदाहरुलाई विशेषताको रुपमा देखाउन सकिन्छ ।

### क) संक्षिप्तता

संक्षिप्तता लघुकथाको विशिष्ट पहिचान हो । लघुकथा स्वतन्त्र विधा भएकोले कथानकमा योजनाबद्ध गरिएको कथात्मक लेख हो । जसरी उपन्यासलाई छोट्याएर कथा हुदैन त्यस्तै कथालाई छोट्याएर लघुकथा बन्दैन । त्यसैले लघुकथालाई लम्ब्याएर कथा बन्दैन । जीवन र जगत्का सूक्ष्म र स्थूल मर्मस्पर्शी घटनालाई चुस्त र दुरुस्त शैलीमा योजनाबद्ध गरी लघुकथा लेखिन्छ । यसको आरम्भ , विकास सरल र स्वाभाविक भएपनि अन्त्य नाटकीय हुन्छ । यसमा प्रत्युक्त पात्र, घटना कथानक , परिवेश आदिको प्रयोग संक्षिप्त रुपमा गरिएको हुन्छ । यसको आयाम मात्र संक्षिप्त नभएर यसको भाव पनि संक्षिप्त र प्रभावकारी हुन्छ । यो काँडा जस्तै तीखो र सशक्त हुन्छ । क्षणभरमै पाठकको मन मस्तिष्कमा पसेर गहिरो प्रभाव पार्छ । अभिव्यक्ति एकदमै सटीक हुन्छ ।

## ख ) सीमितता

लघुकथामा जीवन जगतको सूक्ष्म र स्थूल मर्मस्पर्शी घटनालाई दुरुस्त शैलीमा योजनाबद्ध गरिने हुँदा यसमा प्रयुक्त कथानक ,पात्र ,घटना ,परिवेश आदिको प्रयोग सीमितरुपमा गरिएको हुन्छ । यो सानो आकारको भएपनि यसमा प्रयुक्त आख्यानात्मक तत्वहरुको प्रयोग समूचित र सीमित रुपमा गरिएको हुन्छ । फलस्वरुप लघुकथा सुगठित योजनामा लेखिन्छ । कथानक गति अत्यन्त तीब्र हुन्छ र अभिव्यक्ति सटीक हुने हुनाले नै आजको व्यस्त र यान्त्रिक युगमा पनि यो विधाले लोकप्रियता कमाइरहेको छ ।

## ग) व्यङ्ग्यात्मकता

व्यङ्ग्यात्मकताले यथार्थ वा वास्तविकताको बोध गराउँदछ । यसले यथार्थको धरातलमा विचरण गराउँछ । सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, आर्थिक ,शैक्षिक आदि समाजका हरेक क्षेत्रमा देखापरेका विकृति विसङ्गति, अन्याय,अत्याचार, शोषण, दमनको पर्दाफास गरेर त्यसको बिराध गर्दै मानवीय मस्तिस्कमा चेतना भरेर त्यसप्रति सजग गरउने काम गर्छ,। कुनै पनि कुरालाई सिधै भन्दा जति अश्लील र असभ्य लाग्छ, त्यहि कुरालाई व्यङ्ग्यात्मक तथा घुमाउरो पाराले भन्दा त्यति नै सार्थक र प्रभावकारी हुने हुनाले लघुकथामा तीतो यथार्थलाई व्यङ्ग्यात्मक र घुमाउरो पाराले व्यङ्ग्य गर्ने विशेषता देखिन्छ ।

## घ) प्रतीकात्मकता

प्रतीकात्मकता लघुकथाको अर्को मौलिक विशेषता हो । कथा र उपन्यासमा प्रतीकात्मकता र व्यङ्ग्यात्मकता नहुने होइन तर प्रतीकात्मकता र व्यङ्ग्यकारिताको तीब्रता उपन्यासमा भन्दा लघुकथामा बढी हुन्छ । खँदिलो, चोटिलो र प्रभावकारी व्यङ्ग्यको अधिक प्रयोगले लघुकथा व्यङ्व्य प्रधान देखिन्छन् । अन्योक्तिमूलक, अभिव्यक्ति प्रतीकात्मक रचनाकौशलताको सघन प्रयोगले यो विधा प्रतीकात्मक देखिन्छ । विभिन्न जीव वा निर्जिव वस्तुलाई प्रतीक बनाएर विकृति विसङ्गति आदिको पर्दाफास गरिएको हुन्छ ।

## ङ) अप्रत्याशितता

लघुकथामा कथानक विनापृष्ठभूमि/विनाभूमिका अचानक सुरु हुन्छ । पात्र अचानक प्रवेश गर्छन् । परिवेश अचानक तयार हुन्छ । घटना अप्रत्याशित अकल्पनीय तरिकाले घट्छ । यी हरेक कुरा अचानक भुँईचालो जस्तै आई पाठकको हृदयमा गहिरो भाव जगाई दिन्छ । लघुकथाले व्यक्त गर्न खोजेको भाव, सार वा अनुभूतिको सम्वेदना पनि बहुल नभएर एक हुन्छ । अर्थात यसमा एकोन्मुख भावको प्रधानता हुन्छ । कुनै क्षणविशेषमा घटेका सूक्ष्म घटनाले स्रष्टाको मनमा उत्पन्न भएको मुक्त भाव तथा तीब्र भावना र अभिव्यक्तिलाई कौतूहलताका साथ कलात्मक शैलीमा अप्रत्याशित झ्याप्प प्रस्तुत गरिएको हुन्छ ।

## च) कौतूहलता

लघुकथामा कौतूहलताको प्रयोग तीब्र हुन्छ । यसले पाठकको ध्यान आफुतिर तान्न विशेष भूमिका खेलेको हुन्छ । कथामा अब के हुन्छ ? के कसरी घटना अगाडि बढ्छ ? अब के होला भन्दा भन्दै लघुकथाको अन्त्य भएको पत्तो नै पाउँदैन । जिज्ञासाको तीब्रता लघुकथामा हुन्छ । कौतूहलता विहीन  लघुकथा खल्लो तथा आकर्षण विहिन हुने हुनाले लघुकथा यस्तो दोषबाट मूक्त हुन्छ ।

### छ) समसामयिकता

साहित्यले तत्कालीन युगको प्रतिनिधित्व गर्नु पर्छ । गरेको हुन्छ पनि । त्यस्तै लघुकथा पनि यसबाट अछुतो रहन सक्दैन । स्रष्टा कुन युगमा बाँचिरहेको छ । तत्कालीन युगका समय, परिवेश र परिस्थितिले मानवीय कोमल हृदयमा कस्तो प्रभाव पारेको छ , भन्ने तथ्यको उद्घाटन लघुकथाले गर्दछ । साहित्य मानव हितको खातिर भएका हुनाले त्यसले तत्कालीन परिवेशको बोध गराउनु पर्छ । अझ लघुकथाले तत्कालीन समाजमा देखिएको विकृती, विसङ्गतिको भण्डाफोर गर्ने भएकाले यसले तत्कालीन देशकाल, परिवेश, परिस्थिति र चरित्रको प्रतिनिधित्व गरेको हुन्छ ।

लघुकथाका अन्य केहि विशेषताहरु छन् : सङ्केतात्मक, सूक्ष्मता, गतिशिलता, एकोन्मुख भावको प्रधानता आदि पर्दछन् । लघुकथाका यी तत्कालीन समय, युग र परिस्थिति सुहाउँदा विशेषताले गर्दा नै यो विधा सबैको लोकप्रिय बनेको पाइन्छ ।

## ३.१.७ लघुकथाका तत्वहरु

लघुकथा आख्यान विधाको एक उपविधा भएकाले जुन तत्वले संरचक घटकको काम गर्छन तिनै तत्वहरु लघुकथा उपविधाको पनि संरचक घटक हुन् । संरचक घटक वा तत्वहरु भन्नाले विषयवस्तु भित्र अन्तर्निहित संरचनात्मक एकाई भन्ने बुझिन्छ । आख्यानमा प्रयोग हुने संरचनात्मक तत्वहरु लघुकथामा पनि प्रयुक्त हुन्छन् तर यस विधाका विधानुसारी भेद झल्काउने तात्विक विशेषताहरु भएको कुरामा साहित्यकारहरु एकमत देखिन्छन् ।

समालोचक एवं प्राध्यापक राजेन्द्र सुवेदीका अनुसार लघुकताका तत्वहरुमा वस्तु, कथानक, पात्र,परिवेश, द्वन्द्व ,कुतुहलता र विचार आदि हुन् ( कार्यपत्र २०५३)।

समालोचक तथा स्रष्टा प्रा. मोहनराज शर्माले स्थुल र सूक्ष्म गरी दुई भागमा विभाजन गरेका छन् । जसमध्ये स्थूलमा कथानक ,पात्र र परिवेशलाई लिएका छन्, भने सूक्ष्ममा भाषाशैली , उद्देश्य, दृष्टिविन्दु आदिलाई लिएका छन् । यी तत्वहरु लघुकथामा तीब्ररुपले प्रयोग गरिन्छ (शर्मा,मधुपर्क ,२०५६,२६) ।

लक्ष्मणप्रसाद गौतमका अनुसार आख्यान, वस्तुसन्दर्भ, परिवेश, पात्रविधान, द्वन्द्व, संवाद, उत्सुकता, उद्देश्य, शैलिशिल्प आदि ( गौतमः मघुपर्कः२०५६) ।

रोशन थापा 'नीरव' ले छोटो मीठो हिसावले भनेका छन् : परिस्थिति, पात्र, सङ्घर्ष र निर्णय (सारांश,२०५८:२.९)।

गोपाल अश्कले मूख्य तत्वहरुमा घटना र पात्रलाई लिएका छन् भने गौणमा परिवेश, उद्देश्य, दृष्टिविन्दु, परिस्थिति, भाषा, स्थान र आयामलाई मानेका छन् (समकालीन साहित्य,१२,२०५९:१२.५३ )।

ईश्वरीप्रसाद पोखेलले लघुकथाका निम्न तत्वहरु भएको कुरा उल्लेख गरेका छन् - कथानक/कथावस्तु, पात्र/चरित्र, परिवेश/देशकाल/परिस्थिति, संवाद, भाषाशैली, उद्देश्य/सारवस्तु, दृष्टिविन्दु (प्रतिनिधि नेपाली लघुकथाहरु,२०६५)।

यसरी विभिन्न विद्वानहरुको भनाइलाई हेर्दा लघुकथाका तत्वहरुमा निम्नलाई समेट्न सकिन्छ । ती हुन्: कथानक, पात्र, परिवेश/देशकाल/परिस्थिति, संवाद भाषाशैली, उद्देश्य,दृष्टिविन्दु ।

### क) कथानक

समाजमा हरेक पल हरेक समय विभिन्न घटनाहरु विश्रृङ्खलित रुपमा घटिरहेका हुन्छन् । ती मध्ये के का वारेमा लघुकथा लेख्ने त्यो नै विषय वा घटना हो । ती विश्रृङ्खलित रुपमा घटेका घटनाहरुलाई कार्यकारण श्रृङ्खलामा संयोजन गर्नु नै कथानक हो

। जसमा अर्थयुक्त घटनाहरुको अनुक्रम हुन्छ । प्राय लघुकथाको कथानक सीमित, संक्षिप्त आयामयुक्त हुने भएकाले रैखिक कथानकमा  लघुकथा लेखिन्छ । यसको कथानक अत्यन्त सटीक पाराले अप्रत्यासित प्रारम्भ भई निष्कर्षात्मक अन्योत्कर्षमा टुङ्गिएको हुन्छ (कसजु २०६५) ।

### ख ) पात्र

लघुकथाको अर्को महत्वपूर्ण संरचक घटक हो पात्र । लघुकथा अर्थयुक्त घटनाहरुको अनुक्रम भएको हुनाले घटना आफै घट्दैन । पात्र वा चरित्रको सहायताले घटना घटाईन्छ । कथानकलाई मूर्त वा जीवन्त बनाउने काम पात्रले गर्दछ । पात्र मानवीय वा मानवेत्तर जुनसूकै हुन सक्छन् । मानवेत्तरलाई मानवीकरण गरेर पात्रको भूमिकामा राखिएको हुन्छ । मन र मस्तिष्क जस्ता विपरित पक्ष हुने हुनाले क्रियाव्यापार र द्वन्द्वको स्थिति सिर्जना हुन्छ । जसले कथालाई गति प्रदान गर्दै रोचक र कुतुहलता प्रदान गर्छ । यसमा पात्रको चरित्रलाई सीमित बनाइएको हुन्छ ।  पात्र पनि सीमित नै हुन्छ । लघुकथाको सन्दर्भमा उपयुक्त प्रभावकारिताको मूल तत्व भनेको पात्र नै हो ।

### ग) परिवेश/देशकाल परिस्थिति

परिवेश/देशकाल/ परिस्थिति भन्नाले घटना घट्दाको समय, वातावरण एवं स्थान समन्वय हो । अख्यानका  अन्य विधमा जस्तै लघुकथाको परिवेश जति सत्य,यथार्थ र जीवन्त हुन्छ त्यति नै कथा प्रभावकारी र मर्मस्पर्शी हुन्छ । त्यसैले कथालाई उत्कृष्ट बनाउने आधार परिवेश हो (कसजु,२०६५:११)। लघुकथाको परिवेश सीमित र अनिवार्य हुन्छ । यसले घटना कहिले र कहाँ घट्यो भन्ने कुराको जानकारी गराउँदछ । यसले लघुकथाको प्रभावकारीतामा उद्धीपकको कार्य गरेको हुन्छ । लघुकथाको संरचनात्मक परिवेश लघु हुने हुनाले परिवेश पनि सूक्ष्म, सीमित र सानो आयामको हुन्छ ।

### घ) संवाद

आख्यानमा/लघुकथामा पात्रको उपस्थिति हुने वित्तिकै संवादको पनि उपस्थिति हुन्छ । तर नाट्य विधामाझैं अनिवार्य तत्वको रुपमा भने आउँदैन । यद्यपि लघुकथाको आकर्षक र रोचक प्रस्तुतिका लागि आरम्भ र अन्त्यको नाटकीय शैली दिनका लागि संवादको प्रयोग गरिन्छ  । यसले आख्यानको विस्तार, द्वन्द्व र चरित्र चित्रणमा विशेष भूमिका निर्वाह गरेको हुन्छ । यसरी हेर्दा लघुकथामा संवादको विशेष भूमिका त रहन्छ तर संवादको प्रधानता यसको अभिष्टता भने होइन । आख्यानको अन्य विद्यामा झैं पात्रको भूमिका व्यापक नभएर यसमा संक्षिप्त र सीमित हुन्छ ।

### ङ) भाषाशैली

भावना वा विचारलाई मूर्त रुप प्रदान गर्ने तत्व नै भाषा हो । लघुकथामा प्रयोग हुने भाषाशैली क्लिष्ट र दुर्बोध्य नभएर सरल , सरस, सम्प्रेष्य एवं सटीक हुनुपर्दछ । थोरै भन्दा थोरै शब्दमा धेरै भन्दा धेरै अभिव्यक्ति दिने (laconic) हुनु लघुकथाको पहिचान हो । प्रतीकात्मक,  सङ्केतात्मक र व्यङ्ग्यात्मक शैलीको भाषा लघुकथाको लागि उपयुक्त हुन्छ ।

## च ) उद्देश्य

कुनै पनि कार्यको पछाडि केही न केही उद्देश्य लुकेको हुन्छ । त्यस्तै साहित्य सिर्जनाको पछाडि केही लुकेको हुन्छ । साहित्यका सन्दर्भमा उद्देश्य लेखक र पाठक केन्द्रित हुन्छ । लघुकथाको उद्देश्य पनि सिद्धान्ततः साहित्यकै प्रयोजनसित सम्बन्धित छ । वर्तमानको परिप्रेक्ष्यमा यान्त्रिक एवं व्यस्त जीवनको थोरै समयको सदुपयोग गरी कथात्मक आस्वादन दिंदै तत्कालीन मानव जीवनका सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, धार्मिक जातीय आदि विविध क्षेत्रमा देखिएको विकृति, विसंङ्गति, आन्याय, अत्याचचार, शोषण, दमन, उत्पीडन आदिको भण्डाफोर गर्दै सत्य तथ्यको उद्घाटन गर्दछ । जे होस् लघुकथाको उद्धेश्य समाजका विविध यथार्थलाई सङ्क्षिप्त संरचनामा र आयाममा आकर्षक र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी चित्रण गर्नु हो ।

## छ) दृष्टिबिन्दु

लघुकथामा कथावस्तु कसरी प्रस्तुत भएको छ ?कथा को मार्फत अगाडि बढिरहेको छ ? कथा कसको हो ? कसले भन्दैछ ? भन्ने कुरा दृष्टिबिन्दुबाट छुटिन्छ । त्यसैले कथाकारले कथा भन्नका लागि रोजेको स्थान नै दृष्टिबिन्दु हो । लघुकथामा कि त भोक्ता आफै वक्ता बनेर आएको हुन्छ कि त भोक्ता नभएर वक्ता मात्रै बनेको हुन्छ । यसरी हेर्दा लघुकथामा आन्तरिक र बाह्य दृष्टिबिन्दुको प्रयोग गरेको हुन्छ ।

यी बाहेक लघुकथाका सङ्घर्ष/द्वन्द्व, विचार, शिल्प आदिलाई पनि तत्वको रुपमा लिन सकिन्छ । यी सबै तत्वहरु आख्यानका अन्य विधाका तत्वहरुसँग मेल खाए पनि लघुकथामा प्रयोग हुँदा रचनाधर्मिकता अनुसार सूक्ष्म, संक्षिप्त, सीमित र लघुआयामिक शैलीमा आएको हुन्छ ।

## ३.१.८ रचनाविधान अनुसार

नेपाली साहित्य आकाशमा आधुनिक कथाहरुसँगै नेपाली लघुकथाहरुको पनि विकास भएको पाइन्छ । साहित्यको अन्य विधाभैं आख्यान विधा पनि यसबाट अछुतो रहन सक्ने कुरै भएन । त्यसैले आख्यान/लघुकथाले जटिल, यान्त्रिक एवं व्यस्त बन्दै गइरहेको मानवीय चरित्रको उद्घाटन गर्न, विकृति र विसङ्गतिको पर्दाफास गर्न विषयवतुको चयन गर्ने , प्रस्तुति गर्ने परम्परागत ढाँचा/नियमलाई तोड्दै नयाँ शैली अपनाएको छ । त्यसैले लघुकथा/आख्यानको विश्लेषण गर्ने तरिका लघुकथाको तत्वहरुको आधारमा नभई यसको रचनाविधान अनुसार गर्ने सामालोचनाको नयाँ पद्धतिको विकास भएको पाइन्छ ।आख्यान विधाले परम्परागत सैद्धान्तिक मान्यतालाई तोडे जस्तै समालोचना पद्धतिले पनि परम्परागत मान्यता (तत्वको आधारमान्ने)लाई तोड्दै रचनाविधान अनुसार गर्ने परिपाटिको विकास भइरहेको छ । रचनाविधान अनुसार लघुकथालाई रुचिक्षेत्र, रीतिक्षेत्र ,सारवस्तु,सारवस्तु, अर्थसापेक्ष ,दृष्टिविन्दु, कथानकढाँचा र रुपविन्यासका आधारमा विश्लेषण गर्न सकिन्छ।

## क ) रुचिक्षेत्र

रचनाविधान अनुसार लघुकथालाई विश्लेषण गर्दा सर्वप्रथम रुचिक्षेत्रको आधारमा हेरिन्छ । लघुकथाको विषयवस्तु चयन गर्दा कथाकारले कुन धरातलबाट लिएको छ त्यसलाई हेरिन्छ । कथाकारले आफ्नो रुचि(इच्छा) अनुसार समाज, मनोविज्ञान, इतिहास, घर्म, पुराण आदिलाई आफ्नो कथाको विषयवस्तुको स्रोतको रुपमा चयन गर्दछ ।

**ख ) रीति क्षेत्र**

रीति भन्नाले सामान्यतया शैली हो । यसलाई साहित्यिक वादको रुपमा पनि लिन सकिन्छ । कुनै पनि कथाकारले कथा रचना गर्दा यथार्थवाद, प्रगतिवाद, विसङ्गतिवाद अस्तित्ववाद आदि विभिन्न साहित्यिक वादलाई केन्द्रविन्दु बनाएर गरे जस्तै लघुकथाकारले पनि विभिन्न वादलाई अङ्गालेर कथा लेखेको हुन्छ । यसमा पात्र र विषयवस्तुको प्रस्तुतीकरणलाई ध्यान दिनु पर्छ ।

**ग ) सारवस्तु**

कथामा कथाकारले पाठक लेखक बिच सम्वन्ध स्थापित गर्न कुनै विचार, भाव वा दृष्टिकोणलाई कथाको सारवस्तुको रुपमा प्रस्तुत गरेको हुन्छ । लेखकले सारवस्तुलाई जति राम्ररी नाटकीकरण गर्नसक्यो त्यति कृति उत्कृष्ट र प्रभावकारी हुन्छ । देश, काल र परिस्थिति अनुसार लेखिएको शास्वत र प्रसङ्गवश आएको सारवस्तु प्रासाङ्गिक हो । प्रासाङ्गिकमा त्यति विश्वसनीयता नदेखिने हुनाले कृतिलाई अध्ययन गर्दा शाश्वतलावई नै केन्द्रविन्दु बनाएको पाइन्छ ।

**घ ) अर्थसापेक्ष**

कथाकारले आफ्नो कथाको सारवस्तुलाई पाठक समक्ष सम्प्रेषण गर्नका लागि विभिन्न रणनीति अपनाउँछ । कसैले प्रतीकलाई आधार बनाएर, कसैले रुपक अथवा स्वैर कल्पनालाई, कसैले अभिधात्मक, विम्बात्मकलाई आधार बनाए पनि प्रायः लघुकथाहरुमा अभिधात्मक अर्थसापेक्षता अपनाएको पाइन्छ ।

**ङ) दृष्टिबिन्दु**

लघुकथा साहित्यिको कान्छो आधुनिक विधा भएपनि यसमा प्रयोग गरिने दृष्टिबिन्दुको ढाँचा पुरानै प्रविधिको रहेको पाइन्छ । कथाकारले कथा भन्नका लागि रोजेको स्थानलाई दुष्टिबिन्दु भनिन्छ । विषयवस्तुलाई कथात्मक स्वरुप प्रदान गर्ने मुख्य आधार नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु आन्तरिक र वाह्य गरी दुई प्रकारको हुन्छ । आन्तरिकमा पनि केन्द्रिय र परिधीय गरी दुई प्रकार हुन्छन् । वाह्यमा सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन प्रकारको हुन्छ । प्रायः लघुकथाहरुमा प्रथम र तृतीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**च ) कथानक ढाँचा**

कथा र लघुकथाको कथानक ढाँचा एउटै भएको पाइन्छ । लघुकथामा पनि आदि, मध्य र अन्त्यको समायोजन गरिएको पाइन्छ । आदि, मध्य र अन्त्यको तारतम्य मिलेको कथानकलाई रैखिक भनिन्छ । घटनाहरु आदि, मध्य र अन्त्यको श्रृङ्खला नमिली क्रमभंग भएर आएको कथानकलाई वृतकारीय कथानकढाँचा भनिन्छ । रैखिक ढाँचा सरल हुन्छ भने वृतकारीय केही जटील खालको हुन्छ ।

**छ ) रुपविन्यास**

कथालाई सुन्दर आकर्षक, प्रभावकारी बनाउने कलात्मक शैली नै रुपविन्यास हो । यसलाई कथाको आन्तरिक संरचनाको रुपमा पनि लिइन्छ । यसमा पदविन्यास

वाक्यविन्यास, विम्ब, प्रतीक, पदावली, उखान, टुक्का, अुकरणात्मक शब्द आदि पर्दछन् । सरल अभिव्यक्ति भएको संवृत र विशिष्ट अभिव्यक्ति भएकोलाई विवृत रुपविन्यास भनिन्छ ।

आख्यानात्मक कृतिहरुको विश्लेषण गर्दा विधागत तत्वका आधारमा गरिने परम्परा भए पनि हाल आएर आधुनिक समालोचना पद्धतिको परिवर्तित मूल्य र मर्मलाई आत्मसात गर्दै समालोचक एवं स्रष्टाहरुले कथाको रचना विधानलाई नै विश्लेषणको मूल आधार बनाएका छन् ।

## ३.१.९ महत्व

नेपाली साहित्यमा कान्छो विधाको रुपमा लघुकथालाई चिनिए पनि यसले छोटो अवधिमै अन्य विधाको विशेषतालाई पनि ग्रहण गर्दै आफ्नो छुट्टै मूल्य मान्यता स्थापित गरी विशिष्ट पहिचान बनाउन सफल भएको छ । आजको यान्त्रिक र व्यस्त मानवीय जीवनमा यसको महत्वलावई यसरी देखाउन सकिन्छ ।

क) समयको वचत हुने

ख) **गागरमा सागर** भन्ने अभिव्यक्तिको चरितार्थ हुने

ग) तत्कालीन मानवीय जीवनका अन्तर विरोधलाई, रहस्य, उत्तार- चढावलाई छोटो संरचनामा प्रभावकारी एक सशक्त अभिव्यक्ति

घ) वैयक्तिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, चरित्र र विसङ्गतिको उद्घाटन

ङ) समयसापेक्ष युगानुकुल प्रवृतिको ग्रहण

च) समाजका हरेक तप्का तप्कामा देखिएको विकृति र विसङ्गतिको छोटो समयमा शल्यक्रिया गर्ने ।

यसरी यी माथिका विभिन्न विशेषता र प्रवृतिले सूसज्जित भएको हुनाले आजको यान्त्रिक एवं व्यस्त मानवीय जीवनमा यसले दिन प्रतिदिन लोकप्रियता कमाउँदै गएको छ ।

## ३.१.१० निष्कर्ष

सानो तथा छोटो संरचनात्मक आयाम भएको पूर्ण अभिव्यक्ति दिने आख्यानात्मक रचना नै लघुकथा हो । अंग्रेजीम विभिन्न नामले पुकारे पनि अहिले यसलाई shortest story भन्न थालेको पाइन्छ । पूर्वीय एवं पाश्चात्य साहित्यका सबै विद्वानहरुको परिभाषालाई दृष्टिगत गर्दा सबैले लघुकथा थोरै शब्दको हुनु पर्ने, 'गागरमा सागर' भन्ने उक्तिलाई चरितार्थ गर्नु पर्ने, संक्षिप्त संरचनात्मक आयाममा हुनु पर्ने , थोरै समयमा पढ्न सकिने हुनुपर्ने, कल्पनाले भरिएको संक्षिप्त आयाममा पूर्ण हुनुपर्ने कुरामा जोड दिएका छन् । लघुकथाको विशेषता, प्रवृति , तत्वहरु सबै कथा विधासँग मिल्दा जूल्दा छन् । त्यसैले यसलाई हेर्ने र विश्लेषण गर्ने दृष्टिकोणमा पनि आधुनिक कथालाई हेर्ने दृष्टिकोणले प्रभाव पारेको देखिन्छ । यसको छोटो आयाम, पूर्ण अभिव्यक्ति, तत्कालीन समाज र जीवनको विसङ्गतिको शल्यक्रिया गर्ने प्रभावकारी शैली ,प्रवृति एवं विशेषताले आजको यान्त्रिक र व्यस्त मानवीय जीवनको साहित्यको रुचि र चाहानालाई लघुकथाले पूरा गरेको हुनाले यो विधा नेपालीमा मात्रै नभएर विश्व साहित्यमा यो विधाको स्थान गरिमामय बन्दै गएको छ ।

## ३.२ लघुकथाको विकास प्रक्रिया

### क ) लघुकथाको उद्भव

नेपाली आख्यान साहित्यमा जसरी कथाले आफ्नो विशिष्ट पहिचान बनाउँदै अगाडी बढेको छ , त्यसरी नै कथाको उपविधाको रुपमा देखा परेको लघुकथाले पनि आफ्नै सैद्धान्तिक मूल्य, मान्यता एंव सीमा, विशेषता साथै प्रवृतिको  विकास गरी आफ्नो छुट्टै विशिष्ट पहिचानका साथ अगाडी बढिरहेको छ । यसको उद्भव प्रक्रियाको अवधारणालाई हेर्दा दुई खालको देखिन्छ ।

**अ )   परम्परागत**

**आ )   आधुनिक**

### अ) परम्परागत अवधारणा

यसको परम्परागत अवधारणा खोज्दा विश्वकै प्राचीनतम् ग्रन्थ ऋग्वेदमा नै पुग्नु पर्ने देखिन्छ । ऋग्वेदमा प्रत्युक्त विभिन्न स्तुति, सूक्त, यसमा रहेका सूत्रात्मक आहान ( खिस्सा/किस्सा) लाई मानिन्छ । यसै सन्दर्भमा रोशनथापा 'नीरव' को भनाईलाई ईश्वरी पोखरेल यसरी लेख्छन् पूर्वामा वेद, उपनिषदका ऋचाहरुको मन्त्र सूत्रहरुबाट विस्तार हुँदै प्रारम्भ भएको हो । भने पश्चिममा बाइवलका सूत्रात्मक कथाहरु र इसपका नीतिकथाहरुवाट भएको हो । साथै ग्रिसेली, मिश्रेली, रोमेली भाषाका खिस्साहरु हुन । उर्दू तथा फारसी साहित्यका खलील जीव्रानका लघुकथाहरु त आधुनिक लघुकताका सूत्रधार नै मानिन्छन् ( पोखरेल, २०६५:२४)।

यसरी पूर्वमा आहान/खिस्सा, उखान गाउँखाने कथा, पञ्चतन्त्रका नीतिकथाहरु र पश्चिममा ग्रिसेली, रोमेली, मिश्रेली र वाइवलका छोटा कथाहरु नै आधुनिक लघुकथाका विज हुन् भन्ने परम्परागत अवधारण छ ।

### आ) आधुनिक अवधारणा

यस अवधारणा अनुसार १८ औं शताव्दीको प्रारम्भ सँगै पाश्चात्य साहित्यमा कथाको सैद्धान्तिक स्वरुपको प्रतिपादन गरिएपछि यसको देनको रुपमा लिइएको छ । आजको यान्त्रिक र व्यस्त मानवीय प्रवृतिको चहाना स्वरुप छोटो, मिठो कथाको लेखनको विकास भएको हो । आकारमा छोटो भएपनि अभिव्यक्तिमा विशाल र गहन हुने लघुकथाका प्रवल पक्ष वा सफलता यसको परिस्थितिको ग्रहण र त्यसको सम्पूर्णता, विशदता र प्रभावात्मकतामा रहेको छ । आजको व्यस्त मान्छेले लामो समय दिएर कथा लेख्न र पढ्न फुर्सद नपाउने हुनाले छोटो समयमै आजको मान्छेको कथात्मक तुष्टि दिने उद्देश्य राखेर लघुकथा लेखिएको हुन्छ । त्यसैले **राजेन्द्र सुवेदी** को भनाई उदृत गर्दै ईश्वरी पोखरेलले लेखेका छन् लघुकथाको सिर्जना छुट्टै विधागत पहिचान र छुट्टै अस्तित्ववाट नभई आधुनिक कथा  लेखनकै प्रयत्न र सूक्ष्म आख्यानको सोचबाट विससित भएको हो (प्रतिनिधि नेपाली लघुकथाहरु,२०६५:२५) ।

यसरी परम्परागत र आधुनिक दुबै अवधारणालाई हेर्दा के देखिन्छ भने कथाको बिजरुप जहाँबाट आयो त्यहीबाट लघुकथाको पनि आएको देखिन्छ । अहिले आएर विश्व साहित्यमा यसको इतिहास र विकासको बारेमा चर्चा परिचर्चा एवं खोजीनिति भइरहेको छ । नेपाली साहित्यमा सर्वप्रथम **प्रा.डा. दयाराम श्रेष्ठ** 'सम्भव' ले वि.सं **१८००** देखि **१९९०** लाई पृष्ठभूमिकाल, **१९९१** र '**शारदा**' पत्रिकाको प्रकाशनपछि आधुनिक चरण सुरु भएको र लघुकथाको चरण पनि **१९९२** बाटै भएको पाइन्छ (श्रेष्ठ,मधुपर्क,२०५६:१३) ।

लघुकथाका चरणहरुलाई निम्नानुसार विभाजन गरिएको देखिन्छ :
क) पृष्ठभूमि काल – सुरुदेखि-वि.स.१९९१ सम्म
ख) प्रथम चरण – वि.स.१९९२ -२०१९
ग) दोस्रो चरण – वि.स.२०२० – २०३९
घ) तेस्रो चरण – वि.स.२०४० - हाल सम्म (श्रेष्ठ,२०६५, पूर्ववत)

## ख ) पृष्ठभूमिकाल

कथाको छुट्टै विधाको रुपमा स्थापित लघुकथाको विकास पूर्वमा पञ्चतन्त्रका कथाहरु, महाभारतका उपजीव्य कथाहरु, ऋचाका स्तुतिमय श्लोकहरु, जातककथाहरु, वेद तथा उपनिषद्बाट शुरु भयो । पश्चिमका इसवका नीतिकथाहरु, वाइवलका सूत्रात्मक उक्तिहरुबाट भएको मानिन्छ (थापा,मधुपर्क,२०५६:८६) । सुरु सुरुमा लघुकथा खिस्सा कहानीको रुपमा मौखिक परम्परामा जीवित रहे पनि हाल आएर विश्वका हरेक भाषामा छुट्टै सैद्धान्तिक मान्यता , संरचना, आयाम, पूर्णता ,मौलिकता , स्वतन्त्रता र छुट्टै इतिहास परम्परालाई स्थापित गर्दै विशिष्ट पहिचान बनाउन सफल भएको देखिन्छ ।
कथाका जन्मदाता अमेरिकी लेखक **नेयुनिएल हर्थन**(१८०४-१८६४) मानिन्छ (वराल, २०५३:६७) । उर्दु तथा फारसी साहित्यका प्रख्यात **खलीन जीव्रान** का लघुकथाहरु त आधुनिक लधुकथाका सूत्रधार नै मानिन्छन (पोखरेल,२०६५:२४) । खलील जिव्रानका रचनाहरु पश्चिम हुँदै भारत भित्रिए । उनी पछिका आधुनिक लघुकथाको पहिलो श्रेय फ्रान्सका **प्रोस्पर मेरिमे**(इं.१८०३-१८७०) लाई जान्छ भने त्यस पछि रुसका (इं.१७९९-१८३७)लाई मानिन्छ ( अघतन, १८७७:३/४) । त्यस्तै एलेन्पो, मोपासा, चेखव, बाल्जाक आदिका लघु आकारका कृतिहरुले विश्वमा निकै ठूलो स्थान पाएका छन् (अधिकारी,समष्टि २०५६:२०,४,५४)।

नेपाली साहित्यमा हेर्दा यसको शुरुवात १८०० तिर भएको पाइन्छ । यसै समयको आसपासमा लेखिएको पुरानो ग्रन्थ **गोर्खा वंशावली** मा रहेका दुईवटा छोटा कथाहरु **सत्सँगको वर्णन भयाको कथाह** (पृ.१८) र **राज प्रपञ्चैको व्यहोरा** को एउटा खिस्सा (९७-९८) लाई हालसम्मको प्राप्त प्राचीन लघुकथा सम्मत रचना मानिएको छ । (पोखरेल, ,२०६५:२६)। **मुन्सीका तीन आहान** लाई पनि आकारका हिसावले लघुकथा मान्न सकिन्छ । तर आरकारगत लघुता मात्रै सबै कुरा होइन (श्रेष्ठ, मधुपर्क, २०५६:१३) । सूगठित कथानक, सशक्त कलात्मकताको अभाव भएपनि रामकृष्ण वर्माद्धारा सम्पादित **गोर्खा हाँस्य मञ्जरी** ( सं. १९५२) सङ्ग्रहलाई पनि पृष्ठभूमि मान्न सकिन्छ (पोखरेल,२०६५:२६) । त्यस्तै कृष्णचन्द्र आर्यालद्धारा लिखित (१८८०/८५प्र.२०१६) **लौकिक न्याय मणिमाला** लाई पनि लिन सकिन्छ (भट्टराई,मधुपर्क,२०५६:४१) । यही पृष्ठभूमिकालमा वनारसबाट प्रकाशित **हंस** पत्रिकामा **वी.पी.** कोइरालाले हिन्दी भाषामा **पथिक** (वि.स.१८८७), **आफैले भैं** (१९८८), **भैयादाई** ( १९८५) आदि शीर्षकमा लघुकथा प्रकासित गरी यस क्षेत्रमा नयाँ फड्को मारेको देखिन्छ ।

अत: यसरी हेर्दा १९९० सम्मको समयावधिमा आकारगत लघुता र उखान, टुक्काले भरिएका गध्यात्मक लघु रचनाहरु नै लघुकथाका पृष्ठभूमि बन्न पुगेको देखिन्छ ।

## ग ) नेपाली लघुकथाको प्रथम चरण १९९२-२०१९ सम्म

नेपाली साहित्यको लघुकथाको इतिहासका पहिले लघुकथा कसले ? कहिले ? र कुन शीर्षकमा लेखे ? भन्ने कुरा अझै खोजको विषय नै रहेको छ (पोखरेल,२०६५:२६)। तापनि यसको शुरुवात गोपालसिंह नेपाली (१९६८-२०२०) को कृति कल्पना नामका गद्य सङ्ग्रहबाट भएको मानिन्छ (श्रेष्ठ,मधुपर्क, २०५६:१३) । कल्पना नामक कृतिलाई कसैले

लघुकथाका पहिलो सङ्ग्रह मानेका छन् त कसैले गद्यकविता सङ्ग्रह । जसले जे भने पनि यसमा सङ्ग्रहीत रचनालाई कथाको रचना विधानका दृष्टिकोणबाट हेर्दा कथात्मकताको स्वाद पाउन सकिन्छ । कसैले यसलाई गद्यकविता सङ्ग्रहको रुपमा हेरे पनि वर्तमानका कवितात्मक लक्षणहरु जस्तै आन्तरिक लय चेतना, पदहरुको कवितात्मक विन्यास, साङ्गीतिक - रागात्मकताको छनक पाइदैन बरु यसमा लघुकथामा हुनुपर्ने धेरै विशेषताहरु पाइन्छन् । पात्र, परिवेश, घटना, संवाद आदि सबैमा कथात्मकता पाउँछौं (पोखरेल, २०६५:२६) ।

लघुकथा कथाको एउटा टुक्रा नभएर आँखीझ्यालको प्वालबाट देखिने एउटा सानो झलक हो (रेग्मी, मधुपर्क,२०५६:५६) । त्यसैले पूरा सकल देख्ने अभिलाशाले होला सायद सानो झलकतिर त्यति ध्यान गएको देखिदैन । २००५ सालमा र २००६ मा वनारसबाट प्रकाशित **उदय** पत्रिकामा छोटा कथा भनेर **फलेन्द्र, नरविक्रम पन्त, बनमाली निराकार** का ३ वटा कथा प्रकाशित भएका छन् (ब्राम्हण,झिल्का २००६) । यसले पनि नेपाली लघुकथाको जग वलियो बनाउन सहयोग गरेको देखिन्छ । पूर्णप्रसाद ब्राह्मणले २००७ मा २२ वटा लघुकथाको सङ्ग्रह **झिल्का** प्रकाशित गर्दै तत्कालीन नेपालको सामाजिक अन्याय, शोषण, नारीमाथिको अत्याचार, विद्रोह, व्यङ्ग्य हतास मनस्थिति, ग्लानी, पीडा, क्षोभ आदिको झिल्काको माध्यमले ज्वाला दन्काउँदै नष्ट पार्न खोजेको देखिन्छ । यी **झिल्का** मा लघुकथाका विशेषता, गुण र प्रवृतिहरु झल्किएको हुनाले धेरै जसो कथाकार र समालोचकले यसलाई पहिलो लघुकथा सङ्ग्रहको रुपमा स्वीकारेका छन् ।

२००८ सालमा अति झिना मसिना क्षणिक घटनाका आधारमा तयार परिएको कथाहरुको सङ्ग्रह **कसिङ्गर** लिएर कलकत्ताबाट **जयनारायण गिरी** देखा परे (रेग्मी, मधुपर्क,२०५६:५६ ) । उनका यस सङ्ग्रहका कथाहरु प्रायः मनोवैज्ञानिक यथार्थवादी धाराका छन । नारी विषयक सम्वेदनामा आधारित नारी जीवनको बहुरुपको चित्रण साथै फ्रायडीय मनोविज्ञानको चिन्तन अनुसार प्रणयजनित प्रतिविम्ब उनका कथामा पाईन्छ (पोखरेल, २०६५:२६) । यसै समयमा पूर्णप्रसाद ब्राम्मणको **म लोग्ने हुँ** (२००८) लघुकथा सङ्ग्रह पनि प्रकासित भएको देखिन्छ । त्यस्तै शशिकला शर्माको **उनको सुरुवाल** (२०१९) पनि यसै चरणमा प्रकाशित भएको देखिन्छ । यी कथा सङ्ग्रहरुमा सामाजिक यथार्थवादी तथा आदर्शोन्मुख यथार्थवादी कथात्मक प्रवृति पाइन्छ । सामाजिक , धार्मिक , सांस्कृतिक, पारीवारिक , राजनीतिक, अन्याय, अत्याचार, उत्पीडन एवं मानवीय व्यवहारका ययार्थलाई वडो रोचक र सटीक शैलीमा चित्रण गरेका छन् । उखानलाई लघुकताको आकार दिएर उखानको तात्पर्य पूष्टि हुने खालको घटनाको संयोजन गरी कृष्णचन्द्र आर्यालले २०१६ मा **न्याय मणिमाला** लघुकथा सङ्ग्रह प्रकाशित गरे पनि प्रतीकात्मकता संक्षिप्तता र रोचकताको दृष्टिले लघुकथा भन्न सकिने स्थिति देखिदैन ।

यसरी यस चरणमा कथाकारहरुको ध्यान लघुकथा तिर खासै तानिएको देखिदैन । त्यसैले दयाराम श्रेष्ठले यस चरणलाई क्षीण युग भनेका छन् ।

## घ ) दोस्रो चरण २०२०-२०३९

पहिलो चरणको सामाजिक यथार्थवादी र मनोवैज्ञानिक थयार्थवादी धाराको मूल प्रवाहलाई किनारा लगाउँदै सामाजिक आर्थिक, राजनैतिक , लैङ्गिक र जातीय चेतनाको क्षेत्रमा देखापरेको विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण, दमन, द्वन्द्व, घात-प्रतिघात, निचता र स्वेच्छाचारिताको विषयलाई प्रयोगधर्मी नवचेतनाको धारमा यस (दोस्रो) चरणका लघुकथाहरु प्रस्तुत भएकाले यस युगलाई नवचेतनावादी युग पनि भनिन्छ ।

यसलाई अगाडी बढाउने हस्तिहरु र उनका कृतिहरुमा विश्वम्भर प्याकुरेल र उनको इन्द्रेणीको गुम्वजभित्र (२०२९) र केही लघुकथाहरु (२०३९), रमेश नेपाली र उनको पाटीको बौलाही (२०३२), अनिता तुलाघर र उनको फुलु (२०३४), श्याम गोपाल र ध्रुव मधिकर्मी को संयुक्त सङग्रह लघु (२०३५) र जयनारायण गिरी, श्याम गोपाल आशा र ध्रुव मधिकर्मी को साझा सङग्रह चौतारा, लव गाउँ ले र उनको गाउँलेका मसिना कथाहरु (२०३६), दुर्भलाल सिंह र उनको झुल भित्रको मान्छे (२०३७), विनय कुमार कसजु र उनको पशुतन्त्र (२०३९), खलील जिब्रानबाट प्रभावित जगदिश नेपाली को उनका केही लघुकथाहरु (२०३९) आदि हुन् ।

यसै समयावधिमा विभिन्न पत्रपत्रिका एवं सङ्घ संस्थाले लघुकथाको विकासमा पुऱ्याएको योदानलाई कदापी भूल्न सकिदैन । वि.स. २०२८ मा वान्की गोजिपत्रिका ले लघुकथा विशेषाङ्क निकालेको छ । त्यस्तै विराटनगरबाट २०३२/०३३ मा प्रयोग र दर्पण पत्रिकाले लघुकथा विशेषाङ्क प्रकाशित गऱ्यो । २०३९ को अन्त्यतिर काठमाडौंमा सिर्जनशिल साहित्यिक समाज (सिसास) द्वारा गरिएको लघुकथा वाचनको कार्यक्रमले पनि यस चरणलाई थप उर्जा थप्ने कार्य गऱ्यो ( श्रेष्ठ, मधुपर्क,२०५६:१५) ।

दोस्रो चरणमा लघुकथामा कलम चलाउने अन्य कथाकारहरुमा भाउपन्थी, नारायण तिवारी, अशेष मल्ल, इन्दिरा प्रसाई, महेश प्रसाई, नकुल सिलवाल, विजय वजिमय, गोविन्द गिरी "प्रेरणा", तीर्थ श्रेष्ठ, घ्रुवचन्द्र गौतम, देवकुमारी थापा, सनत रेग्मी, किशोर पहाडी, कविताराम आदि । नवचेतनावादी युगलाई अझ स्तरीय र उचाईमा पुऱ्याउने अन्य कथाकारहरुमा जगदीश नेपाली, हरि अधिकारी, जगदिश घिमिरे योगेन्द्र तिमिल्सिना, रत्न कोजु हुन्, जसले अरु नयाँ चेतना दिएर यस युगलाई उचाईमा पुऱ्याउने काम गरे । एकातिर निरङ्कुश पञ्चायती व्यवस्थाको दमनकारी स्थिति अर्कोतिर वहुदलवादीको पञ्चायत विरोधी चेतना र सङ्घर्षको विकास हुँदै जाँदा लघुकथा लेखनले अनुकूल परिवेश प्राप्त गर्यो । लघुकथा लेखनलाई उर्जा थप्ने क्रममा एकातिर गोजिका, हवाइपत्र, पोष्टकार्ड आदिको प्रकाशन हुन थाल्यो भने आर्को तिर रुपरेखा, मघुपर्क, सिउँडी, विहान, जयन्ती जस्ता पत्रिकाले लघुकथा लेखन र प्रकाशनको क्षेत्रमा उल्लेखनीय योगदान दिए (पोखरेल, २०६५:२९) । विशेष गरी दुवो, आँखीझ्याल, प्रयोग, वान्की, जुनकिरी, पलाँस, नवरत्न आदि गोजिकाहरुको योगदान अविष्मरणीय छ । राजेन्द्र सलभ को सम्पादनमा  नवरत्न (२०३४) र दुवो (२०३९), विनयकुमार कसजु र विजय सागर को संयुक्त सम्पादनमा चौतारी (२०३४), गोविन्द गिरी "प्रेरणा"को सम्पादनमा लघुकथा (२०४३-०४४) को पनि योगदान उल्लेखनीय छ (पोखरेल,२०६५:२९) । यसरी विभिन्न स्रष्टाहरुले यस चरणलाई  उर्वर बनाएको देखिन्छ ।

### ङ) तेस्रो चरण २०४० - हालसम्म

देश र समाजको राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक , धार्मिक आदिले प्रभाव परोक्ष वा प्रत्यक्ष रुपमा तत्कालीन साहित्यमा पारेकै हुन्छ । त्यसैले लघुकथाको दोस्रो चरण राजनैतिक परिवेशका कारण सहज नभएकोले प्रयोगवादी विम्ब प्रतीकको जटील प्रस्तुतिबाट गुज्रेको देखिन्छ (पोखरेल, २०६५:२९) । यस तेस्रो चरणमा राजनैतिक परिवेशको वद्लिंदो परिस्थितिमा समाजमा देखापरेका झिना-मसिना विषय एवं विकृति, विसङ्गतिको भण्डाफोर गर्ने क्रम तीव्र रुपमा अगाडी वढेको देखिन्छ । त्यसैले यस चरणलाई समसामयिकताको काल भनेर पनि चिनिन्छ (श्रेष्ठ, मधुपर्क २०५६) ।

नेपाली लघुकथाको इतिहासमा २०४० देखि पछिको समयलाई निकै उर्वरकाल मानिन्छ । २०४० को आरम्भ तिरै लघुकथा भन्ने पत्रिका प्रकाशित भएर लगातार ६

अङ्कसम्म प्रकाशित भएको छ । त्यस्तै २०४० मा वासु वराल को सम्पादकत्वमा चार हस्ताक्षर : वाङ्क स्वर प्रकाशित भएको छ (पन्थी ,शोधपत्र,२६)।

वि.स.२०३० को दसकमा नै सक्रिय रहेको लघुकथाका सर्जकहरु विनयकुमार कसजु, बालमुकुन्ददेव खनाल, किशोर पहाडी, अशेष मल्ल, भागिरथी श्रेष्ठ, इन्दिरा प्रसाई, अविनाश श्रेष्ठ, घ्रुव मधिकर्मी, गोविन्द गिरी "प्रेरणा", गोरखबहादुर सिहं, महेश प्रशाई, रमेश तुफान , लव गाउँले, नारायण तिवारी आदि सर्जकहरु यस चरणमा पनि लघुकथाको श्रीवृद्धिमा देखिन्छन् । २०४४ को दसक पछि साहित्यिलाई कर्म क्षेत्र बनाउँदै लघुकथाको भण्डारलाई भरिपूर्ण गर्न लागि परेका नयाँ अनुहारहरु आमोददेव भट्टराई, नयनराज पाण्डे, वासु बराल , इन्द्रकुमार श्रेष्ठ "सरित", तेजप्रकाश श्रेष्ठ, मोहन वन्जाडे, मनु ब्राजाकी, सीता पाण्डे, रत्न प्रजापति, श्री ओम श्रेष्ठ "रोदन", विदुर गौतम , रामविक्रम थापा, सुमन सौरभ, रवीन्द्र समीर , मनीक्रमराज शर्मा, राजेन्द्र पराजुली , हरिहर पौडेल, दुवस क्षेत्री, रमेश क्षितिज, रोशन थापा "नीरव", कुमार के.सी., बलदेव मजगैया, हरिप्रसाद भण्डारी, कपिल लामिछाने, विश्वराज अधिकारी, विष्णु राई, नगेन्द्रराज शर्मा, हरिगोविन्द लुइँटेल, शाह यात्री, नवराज रिजाल "प्रयास", सौरव श्रेष्ठ, पुष्करराज भट्ट, विजय सागर, अगिव बनेपाली आदि प्रमुख छन् ।

नेपाली लघुकथाको तेस्रो चरण यस समसामयिक कालमा विभिन्न लेखक सर्जकले विभिन्न प्रवृति,धारालाई अङ्गाल्दै समाजका विकृति, विसङ्गति, असमानता , अन्याय, अत्याचार, शोषण, पीडन, आडम्वरको भण्डाफोर गर्ने कार्य गरेका छन् । २०४६ को समयमा अमोददेव भट्टराइ का लघुकथाहरु (२०४६) लघुकथा सङ्ग्रह प्रकाशित भएको छ । २०४६ सालको राजनीतिक परिवर्तनसँगै राजनीतिक स्वतन्त्रताले साहित्यिक क्षेत्रमा पनि ठूलो सकारात्मक प्रभाव पार्यो । जसको परिणाम स्वरुप किशोर पहाडी र अशेष मल्ल को सम्पादनमा सौरभ सामाजिक यथार्थवादी धाराका अत्यन्त सुन्दर लघुकथा लेख्ने लघुकथाकार आमोददेव भट्टराइको हस्ताक्षर (२०४७) लघुकथा सङ्ग्रह , प्रगतिवादी यथार्थवादी हरिप्रसाद भण्डारीको चिराग (२०४७), किशोर पहाडी र अशेष मल्लको सम्पादनमा अध्याय (२०४७) सङ्ग्रह, लघुकथाकार भगीरथी श्रेष्ठको रङ्गीन पोखरी (२०५०) सङ्ग्रह, बालमुकुन्द खनालको वाध्यता (२०५०) सङ्ग्रह, त्यस्तै वासु मार्मिकको अभिभाक (२०५०), शशिकला शर्माको फुचुरोको कथा (२०५०) आदि सङ्ग्रह प्रकाशित भए । त्यस्तै प्रगतिवादी यथार्थवादी प्रवृतिलाई नै आत्मसात गर्दै ध्रुवमधिकर्मी र श्याम गोपालको संयुक्त सङ्ग्रह बुद्ध कहीं छैन (२०५१), सूमन सौरभको आधुनिक लघुकथाहरु (२०५२) सङ्ग्रह, चर्चित लघुकथाकार रवीन्द्र समीरको तेस्रो आँखा (२०५३), वासु मार्मिकको छेस्का-छेस्की (२०५३), किशोर पहाडीको किवदन्ती (२०५३), विनय कसजुको लिस्नो (२०५३), वलदेव मजगैयको सङ्कल्प (२०५३) आदि । त्यस्तै चर्चित लघुकथाकार कविता लामिछानेको अन्यथा (२०५४), विश्वराज अधिकारीको सूर्य (२०५४), रामविक्रम थापाको पात्रहरु (२०५५), श्रीओम श्रेष्ठ "रोदन"को सञ्चयन (२०५५) आँखीझ्याल (२०५८), हरिहर खनालको विगत आगत (२०५५), इन्दिरा प्रसाइको वयान (२०५५) सङ्ग्रह, विष्णु राईको परपर (२०५५), नगेन्द्र शर्माको एकान्तका आफन्तहरु (२०५५) आदि प्रकाशित छन् ।

समसामयिक कालमा समाजमा देखापरेका विविध क्षेत्रका विकृति विसङ्गति एवं विडम्बनालाई विद्रोहात्मक व्यङ्ग्य गर्दै लघुकथा लेख्ने कथाकारहरुमा हरिगोविन्द लुँइटेलको समय र पोखरी (२०५५), हरिप्रसाद भण्डारीको अस्वीकृत कथाहरु (२०५८), कृष्ण शाह "यात्री"को सूक्ष्म शिखाहरु (२०५६) र आणविक अस्त्र (२०६४) प्रकाशित गरेका छन्। जसमा समाजवादी यथार्थवादी शैली अपनाउँदै समाज सुधारको चेतनालाई प्रतिविम्बन गरेका छन् । त्यस्तै सामाजिक विकृतिलाई केन्द्र बनाएर गोरख बहादुर सिहंको पहिरो

थुप्रिएको वगर (२०५६) र आलु प्याज-प्याज आलु (२०६०) लघुकथा सङ्ग्रह प्रकाशित छन् । त्यस्तै सामाजजिक याथार्थवादी प्रवृतिले सुशोभित नारायण तिवारीको दशैं खर्च (२०५७), नवराज रिजालको अदृश्य पीडा (२०५७), सौरभ श्रेष्ठको विम्बप्रतिविम्ब (२०५८), कुमार के.सी. "दु:खी"को सङ्गालो (२०५८), श्रीओम श्रेष्ठ रोदनको आँखीझ्याल (२०५८), विष्णु बहादुर सिहंको आफ्नो विरानो (२०५८), कृष्ण कँडेलको सम्पादनमा संवेदन स्वरहरु (२०५८), पुष्करराज भट्टको कर्मयोद्धा (२०५९), यमनदेव उत्प्रेरकको यात्रारम्भ (२०५९), शेखरकुमार श्रेष्ठको सागरपुर (२०५९), विजय सागरको सागरका कथाहरु (२०६०), अगीव वनेपालीको शुभयात्रा (२०६०), कुसुम ज्ञवालीको सहिदले बिर्सिएको गाउँ (२०६०), इन्द्रकुमार विकल्पको सर्वदलीय घर (२०६०), हिरण्य भोजपुरको जङ्घार (२०६०), अच्युत घिमिरेको शिखर चढिरहेको मान्छे (२०६१), गोपाल ढकालको अस्ताएको सूर्य (२०६१), घनुषराज राई शशीको सेतो हताक्षर (२०६१), अगीव वनेपालीको अन्तिम आग्रह (२०६२), राजराम मुनङ्कमीको अन्तर्द्वन्द्व (२०६२), श्रीवावु कार्की "उदास"को समय र वाछिटा (२०६२), हरिप्रराद भण्डारीको अविरल यात्रा(२०६३) जस्ता यी लघुकथा सङ्ग्रहरु नेपाली लघुकथाको समसामयिक कालका उल्लेख्य उपलव्धि हुन् ।

## ३.३ लघुकथाको विकासमा पत्रपत्रिकाको योगदान

नेपाली साहित्याकासमा उज्वल नक्षेत्रको रुपमा स्थापित लघुकथाको विकासमा विभिन्न पत्र पत्रिकाको ठूलो योगदान देखिन्छ । त्यस्तै गोजिका, हवाई पत्रिका, पोष्टकार्ड, विभिन्न संघ संस्थाहरुको यस सम्वन्धी गोष्ठी, प्रतियोगितात्मक कार्यक्रम, विभिन्न लघुकथा विशेषाङ्क आदि निकालेर दिएको योगदानलाई विर्सन सकिदैन ।

### क ) लघुकथा विशेषाङ्क निकाल्ने पत्रिकाहरु

लघुकथाको विकासमा योगदान पुचाउने पत्रिकाहरुमा दर्पण(२०३४), लघुकथा(२०४३), सौरभ(२०४६/०४७), अभिभावक(२०५०), अभिव्यक्ति (२०५१), ज्योतिपुञ्ज(२०५२), अभिव्यक्ति(२०५२), दायित्व(२०५४), मधुपर्क(२०५६), ज्योति(२०६४) प्रतिनिधि नेपाली लघुकथाहरु ४ (२०६५)आदि रहेका छन् (श्रेष्ठ,मधुपर्क,२०५६) । यसरी विभिन्न पत्रिकाहरुले पनि लघुकथाको विकासमा योगदान दिएको पाइन्छ ।

### ख ) अन्य पत्र-पत्रिकाहरु

गोरखा, उदय, प्रतिभा, हिमाञ्चल, दर्पण, स्वर्णगजुर, प्रभात, रुपरेखा, मुकुट, सिउँडी, विम्ब, स्वतन्त्रता, लहर, जयन्ती, रत्नश्री, रचना, मिर्मिरे, साहित्य सागर, समष्टि, गोरखापत्र, कान्तिपुर, बगर, तन्नेरी, दियालो, निर्माण, वन्दना, विपुल, अनुराग, जुही, सङ्कल्प श्रृङ्खला, समता, सम्प्रेषण, झङ्कार, युवामञ्च, साप्ताहिक विमर्स, हिमालय टाइम्स आदि छन् (पन्थी,शोधपत्र) । त्यस्तै गोधुली, गुञ्जन, आसय, नवयुवा, मधुपर्क, प्रसुन, वेदना, साहित्य सन्ध्या आदिले पनि लघुकथाको विकासमा योगदान दिएका छन् भने नेपाली साहित्य डट कम, लधुकथा डट कम ले पनि लघुकथाको श्रीवृद्धिमा विशेष योगदान दिएका छन् ।

### ग ) लघुकथामा गोजिकाहरुको योगदान

लघुकथाको विकासमा गोजिकाहरुको पनि योगदान देखिन्छ । वान्की, प्रयोग, नवरत्न, दूवो, भावी, नागवेली, आँखीझ्याल ,जुनकिरी, पलाँस, प्रतिभा आदि गोजिकाहरु देखिन्छन् । (श्रेष्ठ, मधुपर्क२०५६ ) । यी विभिन्न गोजिकाहरुमा लघुकथाहरु छापिएको पाइन्छ ।

### घ ) हवाइपत्रहरु

लघुकथाका विकासका क्रममा प्रोत्साहन, उत्प्रेरणा, कोपिला, उव्जनी, प्रज्ञापन, शब्दसंग्राम, काँचुली, छहारी, चौतरा जस्ता हवाइपत्रहरुले पनि लघुकथालाई उठाउने प्रयास गरेको देखिन्छ ।

यसैगरी विभिन्न सङ्घ संस्थाले आयोजना गरेको गोष्ठी, प्रतियोगितात्मक कार्यक्रमहरुले पनि लघुकथाको विकास योगदान दिएको देखिन्छ ।

क) सिर्जनशील साहित्यिक समाज द्वारा आयोजना गरिएको लघुकथा वाचन (२०३९)

ख) गोष्ठी नेपाल द्वारा आयोजना गरेको लघुकथा गोष्ठी (२०४३)

ग) राष्ट्रिय लघुकथा सम्मेलन झापा (२०५३)

घ) द रेयुकाई पाटन शाखा ले आयोजना गरेको प्रथम लघुकथा प्रतियोगिता, (२०५४) र द्वितीय प्रतियोगिता (२०५५)

ङ) विद्युत्कर्मी साहित्य समाज (२०६३) राष्ट्रव्यापी लघुकथा प्रतियोगिता

## ३.४ निष्कर्ष

यसरी विभिन्न उखान टुक्का, गाउँखाने कथा धर्मग्रन्थका विभिन्न प्रसङ्गहरु, जातक कथाहरु, अभिलेख आदिबाट सुरु भएको लघुकथाको १९९१ सम्मको सयावधिलाई पृष्ठभूमिकाल भनिन्छ । १९९१ बाट औपचारिक रुपमा सुरु भएको लघुकथा लगभग तीन दशकभरी सुस्त अवस्थामै रहेको १९९२-२०१९ लाई प्रथम चरण भनिन्छ । यसकालमा खासै उन्नती नभएकोले यसलाई क्षीणयुग भनियो । २०२०-२०३९ सम्मको समयावधिलाई दोस्रो चरण भनिन्छ । यस अवधिमा नयाँ नयाँ विषयवस्तुलाई अङ्गाल्दै चेतनाको लहर उरालेका हुनाले यस काललाई नवचेतनावादी युग भनियो । २०४० देखि वर्तमान सम्मको अवस्थालाई तेस्रो चरण समसामयिकताको युग भनिन्छ । यस युगमा साहित्यकारहरुले सङ्ग्रहको रुपमा निकाल्ने र विभिन्न पत्र-पत्रिकाहरुले विशेष महत्व दिए । विभिन्न सङ्घ-संस्थाको पनि लघुकथा सम्वन्धि गतिविधिले लघुकथाको विकासमा सह्रानीय भूमिका निभाएको छ । यसै समयमा विभिन्न सङ्घ संस्था एवं विभिन्न पत्र-पत्रिकाहरुले गोष्ठी कार्यक्रम सञ्चालन गरी विशेषाङ्कहरु निकालेर लघुकथा विधालाई उर्वर बनाउँने काम गरेका छन् । आजको व्यस्त मानवीय जीवनमा समसामयिकतालाई बोकेको यो विधा लोकप्रिय र ज्ञानवर्धक बन्दै सबैको रोजाईको साहित्य बनेको छ ।

# चौथो अध्याय

## हरिप्रसाद भण्डारीका लघुकथाहरुको रचना विधानका आधारमा विश्लेषण

### ४.१ चिराग कथासङ्ग्रह

२०४७ सालमा प्रकाशित चिराग कथा सङ्ग्रह भण्डारीको पहिलो कथा सङ्ग्रह हो । यसमा जम्मा १७ वटा कथाहरु सङ्ग्रहीत छन् । यी कथाहरुको रचना विधानका आधारमा अध्ययन गरिएका छन् ।

### ४.१.१ कुकुर तिहार कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

हिन्दुहरुको पवित्र चाड तिहारमा पर्न आउने कुकुर तिहारमा कुकुरलाई माला, अविर लगाएर पूजा गर्ने, मीठो र पेटभरि खान दिने परम्परा, मानवता हराउँदै गएको सहरीया जीवन, धनको रापले मानवीय संवेदनालाई नष्ट पारेको, कुकुरलाई फालाफाल गरेर खाने कुरा दिने तर सडकमा भोकाउँदै खानाको आशमा हिंडेका सडक वालवालिकालाई तथानाम गालि गर्ने संवेदनहीन निष्ठुर हृदय, सडक वालवालिकाले भोग्नु पर्ने पीडा, दमन र कुकुरको जति पनि मूल्य नभएको घृणित र तिरस्कृत जीवन शैलीलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

यस कथामा कथाकारले धनी, सम्पन्न र हुनेखानेको घरमा गाँसवास र कपासले भरिपूर्ण भएको, सम्पत्तिवालाको निगाहामा कुकुरले पनि टन्न खान पाएको तर गरिब र अभावको जाँतोमा पिसिएका सडक वालवालिकाको शरीरमा जाडो छल्ने एकसरो लुगासमेत नभएको, चरचरी फुटेको खुट्टामा चप्पल नभएको, भोकले रन्थनिएर सडकमा भौतारिरहेको ,तिहार जस्तो महान् चाडमा पनि दरिद्रता र गरिबीको पहाडले किचिएर एकसरो लुगा र एक पेट भर्न नपाएको जस्ता समाजमा देखिएको वर्गीय असमानतालाई कथाले प्रगतिवादी यथार्थवादी रीतिशैलीका आधारमा देखाएका छन् ।

**ग ) सारवस्तु**

धन र दौलतको मातले मात्तिदै गएका स्वार्थी निर्दयी सहरी जीवनमा मानवता हराउँदै गएकोले सडक वालवालिकाको जीवन भुस्याहा कुकुरको भन्दा पनि तल्लो स्तरको गएगुज्रेको बनेको र सहरमा मानवता हराएको कुरा नै सारवस्तु बनेर प्रासाङ्गिक रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

सहरमा धनको राप र तापले गर्दा मानवता हराउँदै गएको, त्यसैका कारण कुकुर तिहारको दिनको कुकुर टन्न खान पाएपनि गरिब सडक वालवालिकाले भोक भोकै रन्थनिएर भौतारिनु परेको, कुकुरलाई दिएको खाना टिप्न खोज्दाम पनि गाली खानु परेकोले मानवीय जीवन भुस्याहा कुकुरको भन्दा पनि अवमूल्यन भएको वास्तविकतालाई अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ । कथामा प्रयुक्त बाल पात्रको शारीरिक अवस्था, उसको गरिबी, भोको पेटमा मीठो परिकारले सजेको टपरी देख्दा उसको मनमा उब्जिएको मानसिक हलचल र कृयाकलाप एवं बालकले टपरी उठाएको देख्दा महिलाको मनमा परेको नकरात्मक प्रभावलाई कथाले राम्ररी देखाएको छ । यसरी कथाले दुबै पात्रको मानसिक अवस्थालाई चित्रण गरेको छ ।

### च ) कथानकढाँचा

कथा परम्परागत ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा कुकुर तिहारको दिन भुस्याहा कुकुर र एक बालकसँगै बसिरहेको छ । दोस्रो भागमा आलिसान घरको गेटबाट निस्केकी एक महिलाले कुकुरलाई मीठो खाने कुरा दिएको देखेपछि वालकले पनि मुक भाषामा सोकुरा मागेको छ । तेस्रो भागमा खाने कुरा नपाएपछि कुकुरलाई दिएको खानेकुरा उठाउन खोज्दा गाली गरेपछि वालक अन्तै हिडेको छ । यसरी कथा समयक्रम अनुसार क्रमवद्ध भएर आएको छ ।

### छ ) रुपविन्यास्त

पाँच अनुच्छेदमा संरचित कथा समसामयिक समस्याको चोटिलो प्रस्तुति देखिन्छ । कथा सरल र मर्मस्पर्शी देखिन्छ । कथामा प्रयुक्त भाषाशैली सरल एवं वोधगम्य छ । संस्कार र संस्कृति झल्काउने शव्द (पूजा, कुकुर तिहार,अक्षता), द्वित्व, वैज्ञानिक शव्द (तन्तुहरु) आदिको प्रयोगले कथा रोचक एवं मर्मस्पर्शी देखिए पनि केही अभिव्यक्ति अस्वाभाविक लाग्छन् ( सिंह, मिर्मिरे, २०६३) । समग्ररुपमा कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.१.२ पागल लघुकथाको विश्लेषण

### क ) रुचिक्षेत्र

सहरमा बढ्दै गएको विकृति, विसङ्गति एवं अन्याय अन्याचारको पराकाष्ठलाई कथाले देखाएको छ । सहरका गुण्डाहरुले पतिको हत्यागरी श्रीमतीको सामुहिक बलात्कार गरेको, बलात्कारी गुण्डाहरुलाई कानूनले सफाई दिएको, पीडित नारीले कानून द्वारा राहत पाउन नसकेको अनि वियोगले पागल बनेको, समाज र घर परिवारले हेला गरेको जस्ता समाजमा आमरुपमा घट्ने घटनाले वर्वाद भएको नारी जीवनलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

मानवीय चरित्र विवेकहीन बन्दै गएकोले पतिको हत्या गरेर श्रीमतीलाई सामुहिक वलात्कार गर्ने, पीडितलाई न्याय र राहत दिनुको साटो बलत्कारी अपराधीलाई सफाई दिएर पीडितको घाउमा नुन छर्कने न्यायिक परम्परा, विधवा, अवला नारीलाई हेला गर्ने घर परिवार र समाजको अविवेकी कार्यशैली एवं पति वियोगका कारण पागल भई वर्वाद भएको नारीको जीवनलाई यथार्थ शैलीमा प्रस्तुत गरेको छ । महिला हक, हित र अधिकारको लागि खोलिएको सङ्घ संस्था, सर्ब साधारणको सुरक्षा र पीडितलाई न्याय दिलाउन बसेका कानून का ठेकेदार प्रति आक्रोश व्यक्त गर्नका साथै, अन्यायको विरुद्ध बदलाको भावना व्यक्त गरिएको कथा यथार्थवादी प्रगतिवादी देखिन्छ ।

**ग ) सारवस्तु**

विवाहित नारी जीवनमा पतिको महत्वलाई एकातिर देखाइएको छ भने अर्कोतिर जो होंचो उसैको मुखमा घोचो भने झैं पीडितलाई न्याय दिनुको साटो अपराधीलाई सफाई दिएर पीडितको घाउमा नुन छर्किने काम न्यायलयले गरेको छ । ओराली लागेको हरिणलाई बाछोले पनि खेद्छ भने झै पीडित शीला समाज, परिवार र न्यायलय सबै तिरबाट अपहेलित भएपछि पागल भएकी छिन् । पारिवारिक, सामाजिक सोच र संस्कार एवं न्यायिक परिपाटीमा देखिएको विकृतिले नै पीडितलाई पागल बनाउछ भन्ने वास्तविकता नै सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

समाजमा आमरुपमा घट्ने घटनाहरुमा पीडितलाई कानूनी राज्यले न्याय दिन सक्नु पर्छ । पीडितको आवाजलाई सरोकारवाला निकायले नसुन्ने हो भने सामाजिक र पारीवारिक रुढीवादी सोचका कारण पीडितले कहिल्यै न्याय पाउन सक्दैन । पीडा, वेदनाले जीवनभर तड्पिई रहनु पर्ने वाध्यतालाई अभिधात्मक अर्थसापेक्षताको आधारमा देखाइएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा आन्तरिक परिधीय दृष्टिबिन्दुमा देखिन्छ । कथामा **म** पात्रको उपस्थिति देखिए पनि **म** पात्र एउटा द्रष्टाको रुपमा मात्रै आएको देखिन्छ । कथामा शिलाको जीवनमा घटेको घटना , जसले गर्दा शिलाको बिग्रिएको मानसिक स्थिति आदिकै सेरोफेरोमा कथा घुमेको छ।

च ) **कथानकढाँचा**

यस कथाको कथानकढाँचा वृतकारीय शैलीमा देखिन्छ कथाको पहिलो भागमा एक अधवैंशे नारी अर्धनग्न अवस्थामा कराउँदै आएको देखिन्छ । कथाको दोस्रो भागमा **म** पात्रले उसको परिचय र विगतको वारेमा जानकारी लिएपछि शिला भनेर बोलाउँदा फर्केर **म** पात्रलाई अङगालो हालेको छ भने तेश्रो भागमा केही मान्छैलाई गाली गर्दै दौडेपछि **म** पात्रको मनमा वेचिएका नारीहरुको चित्कारको प्रतिबिम्व, दुखित, पीडित नारीहरुको बलिन्द्र आँशु सहितको कारुणिक अनुहार एवं विकृतिमा रुमल्लिएका नारीहरुको विभिन्न रुपलाई सम्झन पुग्छन् यसरी कथा मध्य, आदि र अन्त्य हुँदै टुङ्गिएको छ ।

**छ) रुपविन्यास**

कथामा वर्णनात्मक र विवरणात्मक दुबै भाषाको प्रयोग भएको छ । भाषिक अभिव्यक्तिका हिसावले पागल महिलाको अभिव्यक्ति **ए न्यायका ठेकेदारहरु ! मेरो लुटिएको पति र भुटिएको जीवन फिर्ता देऊ ! सक्छौ** ? भन्ने केही अस्वाभाविक देखिए पनि समासयुक्त शब्द, संवेदनायुक्त शब्द, भाषिक स्वाभाविकताका शब्दहरु अव्यय एवं अन्त्यानुप्रासयुक्त वाक्य विन्यासले समग्रमा कथालाई संवृत नै बनाएको छ ।

**४.१.३ घामपानी लघुकथाको विश्लेषण**

**क ) रुचिक्षेत्र**

नोकरीको शिलशिलामा घर पायक सरुवा हुने कर्मचारीहरुको चाहाना, सरुवाको लागि हाकिम समक्ष अनुरोध, राजनीतिक आस्था र नातावाद, कृपावादका आधारमा कर्मचारीमाथि गर्ने हाकिमको व्यवहार, नेताहरुको आग्रह पूर्वाग्रहमा प्रशासन हाक्ने

हाकिमको मानसिकता, कर्मचारीले प्रशासनिक काम काजमा पनि नेताहरुलाई गुहार्ने प्रवृतिलाई कथाले देखाएको छ । प्रशासनिक क्षेत्रमा योग्यता, क्षमता र प्रकृयाको आधारमा नभईकन नाता र पहुँचका आधारमा नै अनुकुल निर्णय गरिने राजनीतिक र प्रशासनिक क्षेत्रमा देखिएको विसङ्गतिलाई रुचि क्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

कथामा राजनीतिक र प्रशासनिक क्षेत्रमा देखिएको विकृतिलाई यथार्थरुपमा देखाएको छ । घर पायकको लागि सरुवा माग्ने हाकिमले कर्मचारीको कुरालाई वेवास्ता गर्ने, दूर्गम ठाउँमा जति नैं सेवा गरेपनि सुगममा कहिल्यै जान नपाउने, नेताको फोनको भरमा हाकिमले प्रशासनिक निर्णय गर्ने, राजनीतिक आग्रह र पूर्वाग्रह अनुरुप कर्मचारीमाथि व्यवहार गर्ने जस्ता प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई कथाले यथार्थवादी रीतिशैलीमा देखाएको छ ।

## ग ) सारवस्तु

घर पायक सरुवा माग्दा रिसाउने हाकिम ठूला वडाको फोनको भरमै सरुवाको कागजपत्र तयार गर्न लगाउनुले प्रशासनमा योग्यता र क्षमता एवं प्रक्रियाको आधारमा नभई नाता वा पहुँचको आधारमा नै अनुकुल निर्णय गरिन्छ भन्ने कुरा नै प्रासाङ्गिक रुपमा सरवस्तु बनेर आएको छ ।

## घ ) अर्थ सापेक्ष

पत्र, घटना र विषयवस्तुको संयोजनद्वारा प्रशासनिक क्षेत्रमा बढ्दै गएको आग्रह र पूर्वाग्रहपूर्ण व्यवहार, नातावाद र कृपावादको आधारमा नै अनुकुल निर्णय हुन्छ भन्ने वास्तविकतालाई देखाएको हुनाले कथामा अभिधात्मक अर्थसापेक्ष देखिन्छ ।

## ङ) कथानकढाँचा

घाम-पानी कथा परम्पराग ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा घर पायक सरुवाको अनुरोध गर्दा हाकिम रिसाएको छ । दोस्रो भागमा आगन्तुक उभिइरहेको देखेपछि पियनलाई बाहिर निकाल्ने आदेश दिएको छ। तेस्रो भागमा अघिल्लो दिनको आफ्नो व्यवहार प्रति माफी माग्दै चाहेकै ठाउँमा सरुवा गराई दिन कागज पत्र तयार हुँदै गरेको बकताएको छ ।

## च ) दृष्टिबिन्दु

कथामा एकै पात्र कहिले **म** र कहिले **उ** को स्थितिमा आएको छ । घटना र परिस्थिति अनुसार हाकिम र कर्मचारी दुवै पात्रको मानसिकतालाई केलाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा केही संवादात्मक शैलीमा देखिन्छ । कथामा क्रियाविहीन वाक्यहरुको प्रयोग पनि देखिन्छ । मलाई ......... ? पिउनद्वारा ........ ?) । , सामन्ती शव्दहरुको प्रयोग ( वोलाईवक्स्या छ ) या, आ जस्ता शब्दहरुको प्रयोगले कथा रोचक एवं सरल देखिन्छ । घटनालाई प्रस्तुत गर्न अभिधात्मक भाषाशैली अपनाएको देखिन्छ ।

## ४.१.४ जागरण कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

सामन्ती सत्ता एवं हैकमवादी सोचका कारण गरिब, सोझा जनताले पीडा, दुःख झेल्नु परेको, समस्या र उत्पीडन, दमन शोषण अन्याय, अत्याचार, गरिबी र अभावको विरुद्ध जनताले आन्दोलन गरेको, आन्दोलनमा प्रहरीले दमन गरेको, बन्द हड्ताल र अभावको कारण निम्न स्तरको कर्मचारीले भोग्नु परेको दयनीय अवस्था, समाजमा देखिएको विसङ्गति एवं आन्दोलनका कारण प्रहरीमा पनि  विद्रोही भावना देखापरेको छ । यसरी राजनीतिक उत्तार चढाव र निम्नस्तरका कर्मचारीको दयनीय अवस्थालाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

कथामा वर्गीय असमानताका कारण शासक र शासित बिचको द्वन्द्व, गरिबी, अन्याय, अत्याचार, शोषण दमनको विरुद्ध आवाज, अभाव र गरिबीले ग्रस्त निम्नस्तरका कर्मचारीहरुको दयनीय अवस्था र त्यसको विरुद्धमा मैदानमा उत्रेको अवस्था, शोषक र सामन्ती शासनलाई टिकाई राख्न आन्दोलनकारी माथि दमनको नीति लिएको, गाउँमा सामन्ती, शोषक प्रधानले गरिब निमुखा जनताको धन-सम्पतिमा कब्जा गरेको, शोषक सामन्तीले नारी अस्मितामाथि खेलवाडगरेको, तत्कालीन राजनीतिक अवस्था र सामाजिक विकृति र विसङ्गती एवं दयनीय आर्थिक अवस्थाका कारण विद्रोहमा उभ्याएर कथाले प्रगतिवादी रीति शैलीलाई अङ्गालेको छ ।

## ग ) सारवस्तु

कथाले एकातिर निम्नस्तरका कर्मचारीको दयनीय अवस्थालाई देखाएको छ भने अर्कोतिर समस्या, पीडा, दमन, शोषण, अन्याय, अत्याचारले प्रताडीत भएपछि व्यक्तिले मूक्तिको बाटो खोज्ने चेतना जागेर आउँछ । व्यक्तिलाई आफुलाई नपरेसम्म कुनै पनि कुरालाई गहन रुपमा मनन् गर्दैन, आफुलाई परेपछि चेतनाको स्तर बढेर आउँछ भन्ने कुरा नै कथामा सारवस्तु प्रासङ्गिक बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा अभिधात्मक अर्थसापेक्ष देखिन्छ । अभाव, अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन गरिबीको विरुद्ध, सामन्ती र शोषक शासकको विरुद्ध उत्रिएको, आन्दोलनकारी माथि दमनमा उत्रिएको प्रहरीको आफ्नै घरमा अभाव, अन्याय, अत्याचार शोषणले डेरा जमाएपछि र शोषक, सामन्तीले आफ्नै सम्पतिमाथि कव्जा गर्न लागेको, आफ्नो चेली माथि हातपात गरेको, आफै अन्याय अत्याचारमा परेकोले आन्दोलनको पक्षमा उत्रिएको घटना अभिधात्मक भएकोले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा सानोकान्छी, आगन्तुक, विद्यार्थीहरु, हाकिम, प्रधान, साने, साहिला साँहु, छोरा जस्ता थुप्रै पात्रहरुको उपस्थिति देखिए पनि ती सबै पात्रहरु **उ** पात्रको मानसिक उद्घाटनकै लागि आएका हुनाले कथा वाह्नय सीमित दृष्टिबिन्दुमा देखिन्छ । **उ** पात्रको आन्दोलन प्रतिको भावना, रिसाएको सानीकान्छी प्रतिको दृष्टिकोण, कुटाई खाएर घाइते बनेको छोरा प्रति सहानुभुति, निम्नस्तरका कर्मचारीका कारण आफुले खेप्नु परेको अभाव र अवोध वालक (छोरा) ले खाएको कुटाई एवं अन्याय शोषण दमनका कारण **उ** पात्रको बदलिएको मानसिकतालाई कथामा देखाएको छ ।

### च ) कथानक ढाँचा

कथाको कथानक ढाँचा वृतकारीय छ । कथाको पहिलो भागमा **उ** पात्र भोक, प्यास र थकानले लखतरान भएर कोठामा आएको छ । दोस्रो भागमा दिनभरिको घटना र आफुमाथि आईपरेको समस्याका कारण विद्यार्थीहरुले गरेका भाषणलाई सम्झेको छ । तेस्रो भागमा सबै समस्या पीडा, शोषण दमण, अन्याय अत्याचारबाट मुक्तिको उपाय क्रान्ति नै हो भन्ने मनन् गर्दै आन्दोलनमा होमिएको छ ।

### छ ) रुपविन्यास

कथामा वर्णनात्मक तथा विवरणनात्मक दुवैखाले भाषा शैलीको प्रयोग भएको छ । कथामा झर्रो नेपाली शव्द (वुढिया, स्वास्नी, लाहुरे) हरुको प्रयोग, उखान (के निहुँ पाउँ कनिका बुकाउँ ) टुक्काको (कमिलालाई किरो) प्रयोग, अनादरयुक्त भाषाको प्रयोग (साला, वाजियाहरु), अंग्रेजी भाषाको प्रयोग (डिप्टी),सामन्ती शव्दहरुको प्रयोग, राजनीतिक शव्दहरुको प्रयोग, भाषिक स्वाभाविकताका शव्दको प्रयोगका साथै वोल चालका भाषाशैली संरचित कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.१.५ खेल कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

एउटै समाजमा धनी गरिब दुवै वर्गका मानिसहरुको वसोवास हुने, टोलका केटा केटीहरु एकै ठाउँ जम्मा भएर एकैसाथ खेल्ने, उच्च वर्गका वालवालिकाहरु स्वभावैले जिद्धिवाला हुने, खेल्ने क्रममा ख्याल ख्यालमै अप्रिय घटना घट्ने, केटा केटीको विषयलाई लिएर अभिभावकको झगडा पर्ने, ख्याल ख्यालमा साञ्चैको द्वन्द्व चर्कने जस्ता सामाजिक घटना वा वर्गीय समाजलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

समाजका उच्च वर्ग र निम्न वर्गका केटाकेटीहरु मिलेर प्रहरी प्रदर्शनकारीको खेल खेल्दा खेल्दै उच्च वर्गका केटाकेटीले पिटाई खाएका कारण खेलले ख्याल ख्यालैमा अभिभावक बिचको भनाभन र हातपातले खेल वर्गीय द्वन्द्वमा परिणत भएको देखाएको छ । कथाले ख्यालख्यालैमा वर्गीय द्वन्द्व देखाएर प्रगतिवादी रुचिक्षेत्रलाई अङ्गालेको छ ।

**ग ) सारवस्तु**

समाजमा वर्गीय हिसावले उच्च र निम्न दुबैखाले जनताको वसोवास हुन्छ । दवाव, हेपाई एवं दमनका कारण ख्याल ख्यालैमा वर्गीय द्वन्द्वले साच्चैको बिकराल रुप लिन्छ भन्ने कुरा नै प्रासाङ्गिक सारवस्तु वनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

उच्च वर्गको दमन, शोषण र दवावको विरुद्ध समाजमा ख्याल ख्यालैमा खेलिएको खेलले वर्गीय द्वन्द्व निम्त्याउछ । समाजमा हुने गरेका झिना मसिना क्रिया प्रतिक्रियाबाट नै वर्गीय द्वन्द्वको विकास हुने कुरालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रहेको देखिन्छ । लेखक कथामा द्रष्टाका रुपमा आएर टोलका केटाकेटीहरु, अविभावकहरुको मानसिकता, प्रहरी र प्रदर्शनकारीहरुको क्रियाकलाप, उच्च वर्गको हेपाहा मानसिकता र निम्न वर्गको निरन्तर दवावबाट पीडित भएका कारण पलाएको प्रतिशोधको भावना आदिलाई कथाकारले केलाएको देखिन्छ ।

**च ) कथानकढाँच**

कथाको पहिलो भागमा टोलका केटाकेटीहरुले प्रहरी र प्रदर्शनकारीहरुको बिच हुने गरेको लाठी, मूङग्री, हातहातको स्थितिलाई देखाएको छ । दोस्रो भागमा उच्चवर्ग र निम्नवर्गका केटाकेटीहरु प्रहरी र प्रदर्शनकारीको खेल खेल्ने क्रममा उच्च वर्गका केटा केटीहरुले ख्याल ख्यालैमा पिटाई खाएइको छ । तेस्रो भागमा उच्च वर्गका केटाकेटीहरुले पिटाई खाएको विषयलाई लिएर दुबै वर्गका अभिभावक बिच हानाहानको स्थितिले वर्गीय द्वन्द्वको रुप लिएको छ । यसरी कथा समय र घटनाक्रमको क्रमबद्दताले रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथामा टोल टोलमा राजनीतिक प्रभावका कारण हुने गरेका क्रिया प्रतिक्रियाको वर्णन गरिएको छ । झर्रा नेपाली शव्दहरुको प्रयोग, समासयुक्त शव्दको प्रयोग, राजनीतिक नारावाजीका शव्दहरुको प्रयोग, सरल र वोधगम्य भाषाको प्रयोगले कथा संवृत रुपविन्यासमै देखिन्छ ।

## ४.१.६ उदाहरण कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

समाज सेवाको सर्वोच्च पदक पाएको खुशियालीमा प्रकाशमानले घरमा भोजको आयोजना गरेको, घरमा धेरै नोकर चाकर राखेको, यिनै मध्ये कान्छालाई छोरा अनिलको हेरचाहाको लागि राखेको, भोज चलिरहेको रात कान्छा र अनिललाई कारले हानेर दुर्घटना भएको, दुर्घटनामा दुबैको टाउमा गहिरो चोट लागेका कारण विदेश लानुपर्ने अवस्थाको सिर्जना भएको, अनिललाई वचाउन हारगुहार गरेको तर अनिलको लागि ज्यान दिन तयार कान्छाको वास्तै नगरेको, अनिललाई जाहाज चार्टर गरेर विदेश लगेर उपचार गरेको तर घाइते कान्छाको वेवास्ताका कारण मृत्यु भएको छ । यसरी समाज सेवाको सर्वोच्च पदकले सम्मानित व्यक्तिले आफ्नै छोरालाई बचाउँन खोज्दा घाइते हुन पुगेको कान्छालाई बेवास्ता गर्दा कान्छाले संसारबाटै बिदा लिनु परेको छ । यसरीसमाज सेवाको नाममा लुकेको स्वार्थी ढोंगी चरित्रलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

समाज सेवाको सर्वोच्च पदकले विभूषित प्रकाशमानको छोरा अनिल र उसको हेरचाहा गर्ने कान्छा दुबैजना दूर्घटनामा टाउकोमा चोट लागि गम्भिर अवस्थामा हस्पिटलमा भर्ना भएको अवस्थामा छोरा अनिललाई बचाउन हारगुहार गर्ने तर अनिलको लागि ज्यानको बाजी लगाएका कान्छाको बेवास्ता गरेको, विदेशमा लगे मात्र दुबैजना वाच्न सक्ने वास्तविकता वताएपछि कान्छालाई त्यही छोडेर अनिललाई मात्रै विदेश उपचारको लागि लगेको र कान्छालाई मुत्युको मुखमा धकेल्नुले कथाले समाज सेवाको आडमा लुकेको स्वार्थी समाज विरोधी चरित्रको यथार्थ रुपले उदाङ्गो पारेको छ ।

### ग ) सारवस्तु

समाज सेवीको सर्वोच्च सम्मान प्राप्त प्रकाशमानले आफ्नो छोरा अनिल र उसलाई वचाउन जाँदा टाउकोमा गम्भिर चोट लागेर घाइते भएको कान्छाको बिच भेदभाव पूर्ण व्यवहारले कान्छाको ज्यान गएको छ । अनिललाई जस्तै उपचार गरेर नबचाएका कारण समाज सेवाको आडमा स्वार्थी र समाज विरोधी चरित्र लुकेको हुन्छ भन्ने कुरानै शास्वत साखस्तु बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा शीर्षक र घटनाक्रमको संयोजन गरेको हुँदा यसको अर्थसापेक्ष व्यङ्ग्यात्मक देखिन्छ । एकै चोटी घाइते भएका छोरा अनिल र उसको पहरेदार कान्छाको उपचारका क्रममा भेदभाव गरिएको छ । छोरा अनिलको विदेश लगेर उपचारगरी प्राण बचाएको तर नोकर कान्छाको उपचारमा बेवास्ताका कारण कान्छाले जीवन गुमाएको स्थिति छ । के यस्तै व्यक्तिलाई समाज सेवाको सर्वोच्च पदक दिने ? यहि हो समाजसेवीको अनुपम उदाहरण ? भन्ने आशय देखिन्छ । यसरी हेर्दा कथामा यथार्थतामा व्यङ्ग्यात्मकता देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा जे जस्ता पात्र चरित्रहरुको उपस्थिति देखिए पनि सबै पात्र चरित्रहरुले प्रकाशमानको समाजसेवीको आडमा लुकेको स्वार्थी र समाज विरोधी चरित्रलाई नङ्ग्याउन मद्दत गरेकाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा परम्परागत ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा समाजसेवीको सर्वोच्च पदक पाएको खुशीयालीमा भोजको आयोजना गरेको छ । कथाको दोस्रो भागमा दुर्घटनामा गम्भीर घाइते भएको छोरा र नोकर कान्छालाई स्वदेशमा उपचार नहुने भएपछि नोकरलाई छोडेर छोरालाई मात्रैको विदेशमा उपचार गर्न लगिएको छ । भने तेस्रो भागमा छोरा अनिलको होस आउनासाथ नजिकको प्यारो कान्छालाई खोजेपछि कान्छाको खोजीमा स्वदेशमा मान्छे पठाएको तर कान्छा मरिसकेको अवस्थाको चित्रण छ ।

### छ ) रुपविन्यास

कथामा शीर्षक र विषयवस्तुलाई एकै ठाउँमा राखेर हेर्दा अभिधात्मक रुपमा बेमेल जस्ता लागे पनि व्यङ्ग्यात्मक हिसावले दुबै पक्ष बिचको राम्रो संयोजन पाइन्छ । कथामा प्रयुक्त अंग्रेजी शव्द (रिसिभर, एक्सिडेण्ट), झर्रो नेपाली शव्द (गाँठो, भान्सा), द्विरुक्त शव्दको प्रयोग (अलग अलग), अनुकरणात्मक शव्दको प्रयोग (कल्याङ्मल्याङ्), भाषिक स्वाभाविकताका शव्द (पिलिक्क), समासयुक्त शव्द जस्ता विभिन्न खाले शव्दहरुको प्रयोगले र भाषिक दृष्टिले कथा संवृत नै देखिन्छ ।

## ४.१.७ खेलौना कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

चोकमा खेलिरहेको २ वर्षे किरण खेलौनाहरु देख्ने बित्तिकै रमाएर मनपरेको खेलौना छानेको, व्यापारीले खोसेर राखेको, किरणले आमालाई लिएर आउँदा व्यापारी त्याहाबाट गइसकेको, खेलौना नपाएपछि वालक किरण निरास भएको, मनका भावनाहरु शव्दमा व्यक्त गर्न नसकेपछि निरास हुँदै रोएको, जतिखेर पनि तिनै चम्किला खेलौनाहरु मात्रै किरणको आँखामा नाचिरहेको र सपनामा पति तिनै खेलानाहरु देखेको छ । यसरी हेर्दा कथाले अवोध वालमनलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

अवोध दुई वर्षे वालक किरणले खेलौना देख्ने बित्तिकै मनपर्ने खेलौना छानेको र टोकरीबाट निकालेको, व्यापारीले खोसेर राख्दै आमालाई लिएर आऊ भनेपछि अरु शव्द नवुझे पनि आमा शव्द सुन्ने वित्तिकै उठेर घर गएको र बोल्न नसक्ने उमेरका कारण आमाको अगाडी उभिएर विभिन्न शारीरिक हाउभाउले यथार्थता वुझाउने प्रयास गर्दा पनि नसकेपछि आमालाई औंलामा समाउदै चोकतिर डोऱ्याएको, चोकमा पुग्दा खेलौना व्यापारी गइसकेको कारण आमाले केही वुझ्न नसकेको र बालक किरण पनि शव्दमा व्यक्त गर्न असमर्थ भएका कारण निरास भएको र रुँदा रुँदै केही बेरमा निदाएको, सपनामा पनि तिनै खेलौना देखेर व्यूँझेर हिडेको छ । यसरी अवोध वालमनको खेलौना प्रतिको चाहाना, नपाउँदा भएको निरास मानसिकता आदिको सही तरिकाले उद्घाटन गरिएको हुनाले कथा वालमनोवैज्ञानिक यथार्थवादमा देखिन्छ ।

## ग ) सारवस्तु

वालक किरणको खेलौना पाउने चाहाना पूरा नहुँदा मध्ये रातमै उठेर हिडेको घटनाले वालवालिकाहरु आफ्नो चाहाना पूरा नहुँदा वा प्रियवस्तु नपाउँदा विद्रोही बन्छन् भन्ने सारवस्तु नै शास्वत बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

वालवालिकाहरु आफ्नो चाहाना पूरा नहुँदा विद्रोही बन्छन्. भन्ने यथार्थ घटना र पात्रको सही संयोजनबाट देखाएको हुनाले कथा अभिधात्मक अर्थसापेक्षतामा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा सानासाना नानीहरु, व्यापारी, आमा पात्रहरुको उपस्थिति देखिए पनि कथा दुई वर्षे वालक किरणको मानसिकता उद्घाटन गर्नमै केन्द्रित भएकोले कथामा वाह्य सीमित दृष्टिबिन्दुको प्रयोग देखिन्छ

## च ) कथानकढाँचा

कथा परम्परागत रैखिकढाँचामा देखिन्छ । कथाको पहिलो भागमा वालक किरणले टिपेको मन पर्ने खेलौना व्यापारीले खोसेर राखेको छ । दोस्रो भागमा आमालाई लिएर आउँदा पनि मनपर्ने खेलौना नपाएपछि वालक किरण निरास भएर रुँदा-रुदै केही नखाई सुतेको छ भने तेस्रो भागमा खेलौना प्रतिको तीब्र चाहानाका कारण मध्ये रातमै ओछ्यानबाट उठेर हिडेको छ । यसरी कथामा समय र घटनाहरुको शिलशिलावद्ध संयोजन देखिन्छ ।

## छ ) रुपविन्यास

कथा सरल भाषाशैलीमा संरचित छ । भाषिक स्वाभाविकताका शव्द (थुचुक्क), द्विरुक्त शव्दको प्रयोग (राम्रा राम्रा), समासयुक्त शव्दहरुको प्रयोग, घटना र पात्रा सुहाउँदा क्रियाकलापलाई झल्काउने भाषा शैली आदिका कारण कथा अझ रोचक बनेको छ । जसले गर्दा कथा संवृत रुप विन्यासमा देखिन्छ ।

## ४.१.८ सपना-विपना कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

समाजमा वर्गीय हिसावले दुवैखाले व्यक्तिहरुको वसोवास हुने, उच्चवर्गका मान्छेहरु कामै नगरी बसी बसी मीठो मीठो खाने, राम्रो लगाउने, ऐश आराम र मोजमस्ती गर्ने तर निम्न वर्गकाहरु दिनभर अर्काको मेलापात गरेर गुजार चलाउनु पर्ने, दिनभरी मरीमेटी मेलापात गरे पनि बेलुका एक गाँस मीठो खान नपाउने, धनीले खाएरै मर्ने तर गरिबले हेरेरै मर्नु पर्ने गरिबीको दयनीय अवस्थालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

गरिबीका कारण जति नै मरिमेटी दुःख गरेपनि बेलुका हातमुख जोर्न धौ धौ पर्ने, गरिबीका कारण मेलापात गर्दा पाएको खाने कुरा घरमा ल्याएर बच्चा बच्चीलाई खुवाउनु पर्ने दयनीय अवस्था तर एकैठाउँमा बसी बसी मीठो खाने, ऐश, आराम गर्ने उच्च वर्गका

धनीहरु तर गरिबले सँधै दिनरात नभनी दश नङग्रा खियाउँदा पनि भोक भोकै सुत्नु पर्ने गरिबीको दयनीय अवस्थालाई कथाले देखाएको छ । यसरी समस्यालाई मात्रै नदेखाएर समस्याको समाधानको लागि हामी सबै गरिबहरु मिलेर अन्याय, अत्याचार, शोषक, सामन्ती र फटाहाहरुको विरुद्धमा एकजुट भएर उठ्नुपर्छ जबसम्म समाजमा यस्ता सामन्ती, शोषक, फटाहहरुको राज चल्छ तब सम्म सोझा परिश्रमी जनता भोक भोकै वस्नु पर्छ । वर्गीय असमानताले सृजित समस्यासँग सबै एकजुट भएर सङ्घर्षमा उत्रिन आव्हान गर्दै प्रगतिवादी रीतिशैलीलाई अङ्गालेको छ ।

## ग ) सारवस्तु

दिनभरी मरिमेटी काम गरेपनि एक गाँस मीठो खान नपाउनु, पढ्ने उमेरका कलिला वालवालिकाले पढ्न नपाउनु, आफ्नो जन्मभूमि र गर्भवती श्रीमतीलाई छोडेर परदेश जान वाध्य हुनु, आफ्नो जग्गा जमीन गुमाउन वाध्य हुनु, सबै सामन्ती, शोषक, फटाहाहरुका कारणले गरिबले दुःख झेल्नु परेको हो । यस्ता सामन्ती, शोषक, फटाहाहरुको विरुद्ध सबैले एकजुट भएर सङ्घर्ष गर्नु पर्छ भन्ने सारवस्तु नै शास्वत बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

कथामा गरिब हुनुको कारण शोषक फटाहाहरुको, सामन्तीहरुको जालझेल र उनीहरु कै इसारामा चल्ने कठपूतली सरकार, सामाजिक विसङ्गती र भेदभाव नै हो । जबसम्म समाजको संरचना परिवर्तन, कुरीतिलाई हटाउन, सामन्ती शोषकलाई मास्न सक्दैनौं तबसम्म गरिब जनताले सुख र राहातको सास फेर्न पाउदैनौं । त्यसको लागि सबै गरिब र दुःखी एकजुट भएर अगाडी वढ्नु पर्छ भन्ने सन्देश पात्रको मुखबाट भन्न लगाएर अभिधात्मक अर्थ सापेक्षलाई अङ्गालेको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा गरिबीको नियतीले उत्पन्न मालतीको मानसिक अवस्था, उसका मनमा देखिएको उत्तारचढाव, वालक छोराको मनमा उठेको विभिन्न सवाल, मास्टरनी नानीको मानसिकता, गरिबप्रतिको उसको सहानुभूति, सपनामा आएका मालतीको पतिले व्यक्त गरेका भावनाहरु सबैलाई हेर्दा कथा वाह्य सर्बदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानक ढाँचा

कथा वृतकारीय ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा गरिब भएका कारण मीठो खान र राम्रो लगाउन नपाएको वास्तविकता वालक छोरालाई बताउछे । दोस्रो भागमा मालतीले आफूलाई तीजमा सजिएकी डिट्ठिनी, प्रधान्नी कान्छी, पसल्नी वज्यैसँग दाँज्छिन्, श्रीमान परदेश जाँदाखेरीको आफ्नो अवस्थालाई स्मरण गर्छिन् र माष्टरनीले देखाएको सहानुभूतिलाई मनन् गर्छिन् । भने तेस्रो भागमा मालतीलाई सपनामा श्रीमानले सबै दुःखका कारणहरु र मूक्तिको उपायहरु वताएको छ । यसरी कथा समय र घटनाको वेमेलका कारण वृत्तकारीय ढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा सरल भाषा शैलीमा संरचित छ । कथामा प्रयुक्त झर्रो नेपाली शव्द (अर्ती, सातु, मजेरी, गोरस, अगेना, धिप्को ढिँडो) हरु, मौखिक भाषाको प्रयोग (हाम्ले, तिमोर-

तिमोर, काँट, जिमीन, गरिप), अनुकरणात्मक शव्द (ढुकढुक) आदिको प्रयोगले कथा ज्यादै रोचक देखिन्छ । घटना, पात्र र परिवेशको सही संयोजनका साथ आएकोले भाषाशैली संवृत नै देखिन्छ ।

### ४.१.९ चुनाव कथा को विश्लेषण

#### क ) रुचिक्षेत्र

गाउँका सोझा सिधा जनतालाई उम्मेदवारहरुले आफ्नो चिन्ह देखाउदै भोट दिन फकाउने, चुनावमा हुल्याहा केटाहरुले धाँधली गरेर भोट हाल्ने, चुनाव अगाडी जनतालाई विभिन्न प्रलोभन देखाउने र जितिसकेपछि फर्केर नहेर्ने, चुनावमा उठेका उम्मेदवारहरुले गाँउ समाजमा गरेको अन्यायपूर्ण व्यवहारको स्मरण गर्दै जसले जिते पनि जनतालाई शोषण दमन गर्छन् । जनताको भलो कहिल्यै चिताउँदैनन् भन्ने मनन् गर्दै गाउँका सोझा सिधा जनता भोट नहाली फर्केका छन् । यसरी कथाले राजनीतिक विषयलाई रुचिक्षेत्र बनाएको छ ।

#### ख ) रीतिक्षेत्र

चुनाव जित्न गरिब सोझा जनतालाई विभिन्न धम्कि र प्रलोभन देखाउने, चुनावमा हुल्याहाहरुले धाँधली गर्ने, चुनाव जितेपछि जनताको हितको लागि नभई आफ्नै स्वार्थसिद्ध गर्ने तर्फ लाग्ने, जनताको शोषण गर्ने पञ्चायती व्यवस्थामा यस्ता फटाहा शोषक, सामन्तीहरुलाई भोट दिएर जिताउनु भन्दा भोटै नदिनु वेस भन्दै जनताले चुनाव वहिष्कार गरेको पञ्चायती व्यवस्थालाई कथाले यथार्थ रुपमा प्रस्तुत गरेकाले यथार्थवादी प्रगतिवादी रीतिक्षेत्र देखिन्छ ।

#### ग ) सारवस्तु

नेपाली जनतामा तानाशाही निरङ्कुश पञ्चायती व्यवस्थाको दमन शोषण, अन्याय अत्याचारले पञ्चायती व्यवस्था विरोधी भावनाको विकास हुने गरेको यथार्थनै सारवस्तुको रुपमा अएको छ ।

#### घ ) अर्थसापेक्ष

एकातिर जनताहरुको सोझोपन र नेताहरुको भोट माग्ने शैली र जितेपछि देखाउने व्यवहारप्रति कथाले व्यंग्य गरेको छ भने अर्को तर्फ निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको विरुद्ध जनतामा चेतनाको स्तर वढिरहेको वास्तविकतालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

#### ङ) दृष्टिबिन्दु

चुनाव कथामा हुल्याहा केटाहरुको मानसिकता, लाइनमा बस्दा बस्दा गजुरे र उसका साथीहरुको मनमा आएको जुनाव सम्वन्धी मानसिक उत्तार चढाव, सामन्ती शोषक नेताहरुको कार्यशैली, राजाराम मास्टरको विचार, भावनाहरु आदि सबैपक्षलाई कथाले राम्ररी केलाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानक ढाँचा

कथामा पहिलो भागमा गजुरे र उसका साथीहरु भोट हाल्न लाइनमा बस्दा बस्दा थाकिसकेका छन् । दोस्रो भागमा नेताहरुले (उम्मेदवारहरुले) गरेको स्वार्थी, शोषक, सामन्ती व्यवहारको स्मरण गरेका छन् । साथै राजाराम माष्टरले गरेको कुरालाई सबैले सम्झेको छ । तेस्रो भागमा सबैले भोट नदिने निर्णय गर्दै आ-आफ्नो घर फर्केका छन् । यसरी हेर्दा कथा वृत्तकारीय शैलीमा देखिन्छ ।

## छ ) रुपविन्यास

मौखिक भाषाको वाहुल्यता रहेको यस कथामा वाक्यमा अन्त्यानुप्रासको शव्द संयोजकले लयात्मकता थपेको छ । झर्रो नेपाली शब्दहरुको प्रयोग (दुनो, कोर्दा, भुँडी चेप्रे) द्विरुक्त शव्दको प्रयोग, भाषिक स्वाभाविकताका शब्दहरुको प्रयोग, उखानको प्रयोग आदिले कथालाई सरल एवं रोचक बनाएको छ । पात्र र परिवेश अनुसारको भाषाशैलीको प्रयोगले कथा संवृत नै देखिन्छ ।

## ४.१.१० तरङ्ग कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

हामीले जीवनभरी गरेका धर्म, कर्म, दान, पाप, पूण्य आदिको लेखाजोखा मरेपछि हुन्छ । यसको आधारमा मृतक स्वर्गमा जाने वा नरकमा जाने भन्ने कुराको निर्क्यौल हुन्छ भन्ने धार्मिक मान्यतालाई कथाले देखाएको छ । जीवनभर गरिब जनताको शोषण, दमन, हत्या, वलात्कार गर्ने र पाप पखाल्न धर्मकर्म गर्ने पाखण्डी चरित्रलाई देखाउन कथाले स्वैरकल्पनालाई रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

समाजमा व्याप्त धर्मकर्म, पाप-पूण्य सम्वन्धी धार्मिक मान्यतालाई कथाले गजे मुखियाको सपनाको माध्यमले देखाएको छ । गजे मुखियाले चारधाम, दान, धर्म, यज्ञ गरेर धर्म कमाए पनि गरिब जनताको शोषण, दमन, हत्या, बलात्कार गरेका कारण नरकमा गएको र तिनै पीडित, शोषित गरिब जनता नै स्वर्गमा पुगेको घटनालाई स्वैरकल्पनात्मक रीतिशैलीका माध्यमले देखाएको छ ।

## ग ) सारवस्तु

जीवनभर गरिव, सोझा, निमुखा जनताको शोषण, दमन, हत्या, बलात्कार गरेर पाप पखाल्न धर्म, कर्म, दान, यज्ञ, गर्ने व्यक्ति भन्दा परिश्रम गर्ने, निस्वार्थी, निमुखा जनता नै महान र उच्च हुन्छ भन्ने विचार नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

दान, धर्म, यज्ञ, पूण्य गरेपनि जीवनभर गरिबको शोषण, अन्याय र अत्याचार गरीनै रहेकाले पापको सजाय भोग्नु पर्छ र यस्ता ढोंगी व्यक्ति भन्दा गरिब, निमुखा, सोझा, परिश्रमी जनता नै उच्च हुन्छ भन्ने कुरा घटना, पात्र, विषयवस्तुको संयोजनले देखाएको हुनाले कथा अभिधात्मक अर्थ सापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा गजे मुखियाको पाखण्डी चरित्र, उसको मानसिकता, आपरुखे साहिँलाको सामन्ती शोषक एवं पाखण्डी प्रतिको दृष्टिकोण, रीठे कामीको स्वास्नीको दयनीय आर्थिक अवस्था, काले धर्तीको दयनीय आर्थिक अवस्था, समाजका पीडित र शोषित जनताले भोग्नुपरेको अवस्था आदि सवैपक्षको र पात्रको वर्णनले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च) कथानकढाँचा

कथाको कथानकढाँचा रैखिक ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा वैतर्नी नदीको किनारामा उभिइरहेका गजे मुखियाले आँपरुखे साहिँलोलाई देखेपछि स्वर्गजान पाउने आशाले खुशी भएको छ । दोस्रो भागमा चित्रगुप्तले गजे मुखियाको पाप र धर्मको खाता पल्टाएर हेरेको छ । कतै धर्म गरेको नदेखेको र पीडित, शोषित पक्षले गजे मुखियाको विरुद्धमा साक्षी वन्न तयार भएपछि आफ्नो गल्ती स्वीकारेको छ । तेस्रो भागमा कु-कर्म गरेका कारण माफी नपाउने र सजाय भोग्नै पर्ने निर्णय भएको छ ।

## छ ) रुपविन्यास

कथाले धार्मिक मान्यतालाई स्वैरकल्पनाको माध्यमले देखाएको हुनाले कथामा धार्मिक शव्दहरुको प्रयोग, सामन्ती शव्दहरुको प्रयोग, भाषिक स्वाभाविकताका शव्द, झर्रो नेपाली शव्दको प्रयोग, न्यायिक शव्दको प्रयोग (साक्षी), मौखिक भाषाको प्रयोग (गरिप), अव्ययको प्रयोग, निराशपूर्ण भाषाको प्रयोग आदिले कथा सरल एवं रोचक नै देखिन्छ । कथा सरल भाषाशैलीमा भएका कारण संवृत रुपविन्यास मै देखिन्छ ।

## ४.१.११ अन्तर कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

वृजमानका दुईवटा ज्वाँइमध्ये एउटा तस्करीमा लागेको र धनी भएको, राम्रा र महंगो लुगा, गहनाले सजिएर हिंडेको तर अर्को ज्वाँई अन्याय, अत्याचार, शोषण, दमन र असमानताको विरुद्ध गरिबको पक्षलिएर लडेको छ । दुवै ज्वाँईहरु एक तस्करीको र अर्को विद्रोहीको आरोपमा जेल परेको छ । यसरी हेर्दा कथामा राजनीतिक उत्तर चढावलाई विषयवस्तु वनाइएकोले राजनीतिलाई नै रुचिक्षेत्र वनाएको छ ।

## ख ) रीतिक्षेत्र

समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, असमानता आदिको विरोधमा उत्रेको, समाजका विकृतिमा, सामाजिक परिपाटीमा, सामन्ती संस्कारमा सुधारको अपेक्षा लिएर विरोध गर्दा सामन्ती सरकारले जेल हालेको घटना छ । समाज र राजनीतिमा व्याप्त विकृतिको विरोध गर्दा जेल परेको छ । कथा प्रगतिवादी रीतिक्षेत्रमा देखिन्छ ।

## ग ) सारवस्तु

गलत कार्य गर्दा सजाय पायो भने व्यक्ति आफ्नो गलत कार्यको, आफ्नो गल्तीको महसुस गरेर शिर निहुर्‍याउछन् भने अन्याय, असत्य, अत्याचार, विकृति र विसङ्गतीको विरुद्ध आवाज उठाउदा जस्तो सुकै आपत, विपत परेपनि व्यक्ति गर्व गर्छ र हाँसी खुशी जीउन

सक्छ भन्ने कुरा नै सारवस्तुको रुपमा आएको छ । यसरी हेर्दा कथाको अन्त्यमा आएको वाक्यनै शास्वत सारवस्तु वनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा दुवै ज्वाँई बिचको अन्तर एवं जेल पर्नुको अन्तरलाई अभिधात्मक शैलीमा देखाएको छ । तस्करीको आरोपमा जेल पर्दा चिन्तित बनेको तर अन्याय, अत्याचार, असत्य, असमानताको बिरोधमा जेल पर्दा गर्व गरेको घटनालाई अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथा बाहय सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ । वृजमानको दबै छोरीहरु शिलु र निरुको आर्थिक अवस्था, दुबैको पतिहरु जेल परेको खवरले वृजमानको आत्तिएको, विचलित मानसिकता, दुवै छोरीहरुको एकको गर्विलो मानसिकता र अर्कोको दुःखित, निरास मानसिकतालाई कथाले देखाएको छ ।

### च ) कथानकढाँचा

कथा रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा वृजमानले दुवै छोरीको समयमै विवाह गरीदिएको छ । दोस्रो भागमा तीजमा दुवैजना छोरी आ-आफ्नो हैसियत अनुसारका श्रृङ्गागरमा माइत आएकीछिन् । तेस्रो भागमा एउटा ज्वाँई तस्करीको आरोपमा र अर्को ज्वाँई अन्याय, अत्याचार, असत्य र असमानताको विरुद्धको सङ्घर्षको आरोपमा जेल परेको घटनालाई दुबै छोरीले वृजमानलाई जानकारी गराएको छ ।

### छ ) रुपविन्यास

लघु आकारमा संरचित कथामा सांस्कारिक शव्द (विवाह, कन्यादान), झर्रो नेपाली शव्दको प्रयोग (ज्वाँई, ढोगभेट) आदिले कथा रोचक देखिन्छ । तर ज्वाँई किन जेल परेको भन्ने पिताको सोधाइमा निरुको जवाफ **असत्यको विरुद्धमा सत्य, अन्यायको विरुद्धमा न्याय र असमानताको विरुद्धमा समानताको लागि** भन्ने अभिव्यक्ति अतिशयोक्तिपूर्ण देखिन्छ ( सिंह, मिर्मिरे २०६३)। जसले गर्दा सम्वाद केही अस्वाभाविक देखिन्छ ।

## ४.१.१२ विचित्र गुफा कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

विचित्र गुफाको भ्रमण गर्न आएका मानिसहरुबाट विभिन्न देवी देवताको नाममा पैसा असुल्ने, भ्रमण कर्ताको शुल्कबाट भएको आम्दानी बेहिसाव लुँड्याउने, कसैले आवज उठाए भने विभिन्न आरोप लाएर प्रहरीद्वारा गिरफ्तार गराउने र विनाकसुर दुःख दिने, किनेको मूर्ति गुफामा राखेर प्राकृतिक मूर्ति भन्दै आगन्तुकबाट पैसा असुल्ने जस्ता झुठ, जालझेलद्वारा मानिसलाई ठग्ने मानवीय प्रवृत्तिलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

कथामा पञ्चायतकालमा स्थानीय कार्यकर्ताले सर्वसाधारणको धार्मिक आस्थाको फाइदा उठाउदै गुफा हेर्न आएका मान्छेबाट देवी देवताको नाममा पैसा लुट्ने, कृत्रिम मूर्तिलाई पनि गुफा भित्र राखेर प्राकृतिक हो भन्दै देवी देवताको नाम दिएर पैसा चढाउन

लगाउने र आफ्नो खल्ती भर्ने काम गरेको छ । यसरी झुठको खेती गरेर मान्छेलाई ठग्ने प्रवृतिलाई विसङ्गतिवादी रीतिक्षेत्रका आधारमा देखाइएको छ ।

## ग ) सारवस्तु

कथामा ठगहरुले व्यक्तिको धार्मिक आस्थाको फाइदा उठाउँदै देवी देवताको नाममा ठगिरहेका छन् भन्ने कुरा नै प्रसाङ्गिक रुपमा सारवस्तु वनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

कथामा पञ्चायतका स्थानीय कार्यकर्ताले विचित्र गुफा हेर्न आएका व्यक्तिहरुबाट देवी देवताको नाममा पैसा ठगेको, विभिन्न आकृतिलाई विभिन्न देवी देवताको नाम दिएर पैसा चढाउन लगाउँने र आफ्नो खल्ती भर्ने, कृतिम मूर्तिलाई प्राकृतिक हो भन्दै झुठको खेती गरेर सर्वसाधारणलाई ठगेको घटना, पात्र एवं परिवेशको सोझो शैलीले देखाएको हुनाले कथा अभिभधात्मक देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा पञ्चायतका कार्यकर्ताहरुको ठग मनोवृति एवं चरित्रका साथै **म** कलाकारको झूठ र असत्यको विरुद्ध विद्रोह गर्ने विद्रोही स्वभावको चित्रण गरेकाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको कथानक ढाँचालाई हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा गुफा हेर्न आएका मान्छेहरुबाट देवी देवताको नाममा पैसा ठगेको छ । दोस्रो भागमा गुफा हेर्न आएका कलाकारबाट पनि पैसा थुन्नेकाम गरेको छ र तेस्रो भागमा उनै आगन्तुक कलाकारले बनाएको मूर्तिलाई प्राकृतिक भन्दै ठग्ने प्रयासमा आगन्तुकले विरोध गरेको छ ।

## छ ) रुपविन्यास

कथा सरल र वोधगम्य भाषा शैलीमा संरचित छ । कथामा प्रयुक्त खोच, गुफा, थुन्ने, लुँड्याउनु, पेट्रोलम्याक्स, लिला, कठपुतली जस्ता शव्दको प्रयोगले कथा रोचक वनेको छ ।

# ४.१.१३ अठोट कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

पञ्चायतमा निर्दोष जनतालाई विद्रोहका नाममा प्रहरीले यातना दिएको छ । जसले गर्दा सर्वसाधारणमा पनि विद्रोही भावना दश गुणा बढी जागेर आएको, आन्दोलनकारीको नाममा पूर्वाग्रही ढंगले निर्दोष व्यक्तिलाई पनि प्रशासनले निर्मम यातना दिएको, पदको दूरुपयोग गर्दै सर्वसाधारण माथि हैकम चलाएका कारण सर्वसाधारणमा विद्रोही भावना पलाएको र अन्याय, अत्याचार, दमन र शोषणको विरुद्ध सारा शोषित पीडितहरुको मूक्तिको लागि सामुहिक रुपमा लड्ने अठोटले राजनीतिक विषयलाई रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

हेपाहा र घमण्डी प्रवृत्तिको प्रहरी अधिकारी माथि पाएको विजय र निर्दोष व्यक्तिलाई विद्रोहीको विल्ला लगाएर यातना दिने प्रहरीको अत्याचारी प्रवृत्तिका कारण जनतामा विद्रोही भावना जागेको छ । अव प्रहरीको दमनको विरुद्धमात्र नभएर समाजमा व्याप्त अन्याय, अत्याचार, दमन, विकृति, विसङ्गति, असमानता र शोषण, पीडनको विरुद्ध सबै शोषित पीडितहरु एकजुट भएर लाग्ने निर्णयले कथा प्रगतिवादी रीतिक्षेत्रमा देखिन्छ ।

## ग ) सारवस्तु

कथामा एउटा अन्यायी, हेपाहा प्रवृतिको पूलिस अफिसरको अन्यायपूर्ण व्यवहारको विरोध एउटा साधारण युवकले गरेको र विजय पनि प्राप्त गरेको घटनाले मनमा दृढ अठोट र आत्मविश्वासका साथ अन्याय र अत्याचार, विकृति र विसङ्गति एवं दमन र शोषणको विरुद्धमा एक भएर लागेमा अवश्य सफल होइन्छ भन्ने सारवस्तु नै शास्वत बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

कथामा एउटा घमण्डी हेपाहा प्रकृतिका पूलिस अफिसरले पालो मिचेर कपाल काट्न खोजेको, युवकले त्यसको विरोध गरेको, पुलिस कपाल नकाटी गएको, आन्दोलनमा पूर्वाग्रही वनेर निर्दोष सर्वसाधारणलाई विद्रोहीको बिल्ला भिराउन खोजेको र नसकेपछि अमानवीय यातना दिई छाडेको छ । पछि पुलिसले कपाल काट्ने ठाउ परिवर्तन गरेर आउनै छाडे पछि सबै शोषित पीडित एकजुट भएर अन्याय, अत्याचार, गरिबी, शोषण, दमन र असमानताको विरुद्ध लड्न अठोट गरेको घटनालाई पात्र, घटना र परीवेशको संयोजनबाट अभिधात्मक रुपमा देखाएको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा पुलिस इन्सपेक्टर, हजाम (नाऊ), आन्दोलनकारीहरु, पुलिस जवान आदि पाात्रहरुको उपस्थिति देखिए पनि **म** पात्रले सामना गरेको घटनामा कथा केन्द्रित भएकाले **म** पात्र कै आन्तरिक उत्तार चढावमा कथा केन्द्रित भएकोले कथा आन्तरिक केन्द्रिय दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा मोटे व्यक्तिको मिचाहा प्रवृतिको युवकले विरोध गरेको छ । दोस्रो भागमा देशव्यापी चलेको तनाशाही पञ्चायती व्यवस्थाको विरोधी आन्दोलनको मौकामा पूर्वाग्रही वनेर प्रहरी इन्सपेक्टरले निर्दोष व्यक्ति म पात्रलाई गिरफ्तार गरी यातना दिएको छ । तेस्रो भागमा प्रहरी कव्जाबाट मूक्त भएपछि अब सबैखाले विकृति, विसङ्गति, अन्याय, शोषण, दमनको विरुद्ध शोषित, पीडितहरु एकजुट भएर लाग्ने दृढता गरेका छन् । यसरी हेर्दा कथानकढाँचा रैखिक देखिन्छ ।

## छ ) रुपविन्यास

कथामा सरल भाषाको प्रयोगले रोचक एवं वोधगम्य देखिन्छ । झर्रो शव्दको प्रयोग, भाषिक स्वाभाविकताका शव्दको प्रयोग, कतै कतै व्यङ्ग्यात्मक भाषाको प्रयोग, द्विरुक्त

शव्दको प्रयोग, अंग्रेजी शव्दको प्रयोग, अभिधात्मक भाषा शैलीको प्रयोग आदिले कथा संवृत नै देखिन्छ ।

## ४.१.१४. पक्का नेपाली कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

नेपालमा भारतीय नागरिकहरुको वाहुल्यता बढ्दै गएको, भारतीय भनेर हिन्दीमा कुरा गर्दा **म** नेपाली हुँ मेरो घर यही काठमाण्डौंमा छ , भन्दै नेपाली भएको दावी गरेको र प्रमाणको रुपमा नागरिकता पनि देखाएको घटनाले प्रशासनिक क्षेत्र घुसखोरीमा डुवेको, सबै कर्मचारीहरु घुस्याहा मनोवृत्तिका भएका र घुस खाएर विदेशीलाई नागरिकता दिने घुस्याहा प्रशासनिक क्षेत्रलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

दुकानमा ग्राहकको प्रतिक्षामा बसिरहेको **म** पात्रले आगन्तुक भारतीयलाई हिन्दीमा वोल्दा आगन्तुकले रिसाउँदै आफु नेपाली भएकाले नेपालीमा वोल्न आग्रह गरेको र प्रमाणको रुपमा नेपाली नागरिकता देखाएको छ । यस घटनाले प्रशासनमा बढेको घुसखोरी तन्त्र र कर्मचारीको घुस्याहा प्रवृतिलाई साथै प्रशासनिक क्षेत्रमा वढेको विसङ्गतिलाई विसङ्गतिवादी रीतिक्षेत्रका आधारमा देखाएको छ ।

### ग ) सारवस्तु

नेपालको प्रशासनिक क्षेत्र घुसखोरी तन्त्रमा डुवेका कारण घुस खुवाउँदै भारतीयले पनि नेपाली नागरिकता निकालेर निर्धक्क **म पक्का नेपाली हुँ** भनेको वाक्य नै सारवस्तु वनेर विचारवाक्यको रुपमा आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा एउटा भारतीय नागरिकले नेपालीको सामु निर्धक्कसाथ आफु नेपाली भएको दावी गर्दै नागरिकताको प्रमाण-पत्र देखाएको घटनाले प्रशासनिक क्षेत्रमा हुने गरेको घुसको चलखेल र कर्मचारीको घुस्याहा मनोवृत्तिप्रति व्यङ्ग्य गरेको छ यसरी हेर्दा कथा व्यङ्ग्यात्मक अर्थसापेक्षमा केन्द्रित देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथा आन्तरिक परिधीय दृष्टिबिन्दुमा रहेको देखिन्छ । कथामा **म** पात्रको उपस्थिति देखिए पनि **म** पात्र भारतीय जस्ता देखिने आगन्तुक पात्रको मानसिक विचलनाई देखाएको हनाले कथा आन्तरिक परिधीय दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा भारतीय नागरिक **म** पात्र दुकानमा आएको छ । दोस्रो भागमा उक्त भारतीयले आफु नेपाली भएको दावी गर्दै नागरिकताको प्रमाण पत्र देखाएको छ भने तेस्रो भागमा एक नागरिक थपिएकोमा विधातालाई सलाम गर्दै नागरिकताको प्रमाणपत्र फर्काइदिएको छ । यसरी हेर्दा कथा रैखिकढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

छोटो संरचनामा संरचित कथामा केही वर्णनात्मक र केही विवरणात्मक भाषाको प्रयोग देखिन्छ । पात्र र परिवेश अनुसार भाषाको प्रयोगले कथा व्यङ्ग्यात्मक भए पनि सरल वोलचालको भाषामा देखिन्छ ।

## ४.१.१५ फैसला कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

गाउँका केटाकेटीहरु सबैजना एकैसाथ मिलेर खेल्ने, खेल्दाखेल्दै भनाभन र हातपातको स्थिति हुने, यस्तै साना तिना विषयलाई लिएर सामन्ती, शोषक, पञ्चायतकालका प्रधान, जिम्मालले गाउँका गरिब सोझा, निमुखा जनताको शोषण, दमन गरेको, गाउँका शोषक सामन्तीले गरिब निमुखा जनतामाथि श्रम शोषण गरेको, न्याय निसाफको नाममा आफ्नो अनुकूल फैसला गरेको र अन्यायपूर्ण फैसलालाई सहन नसकी गरिब तिले को ज्यानै गएको घटनाले पञ्चायतकालीन समाजलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

कथामा गाउँका केटाकेटीहरु सँगै मिलेर खेलेको, खेल-खेलमा केटाकेटी बिच झगडा भएको, यसैलाई विषय बनाएर पञ्चायतकालीन सामन्ती समाजका शोषक, सामन्त, जिम्मल, प्रधानले पूर्वाग्रही भएर गरिब **तिले** को विरुद्धमा सबै गाउँले भेला गरेर फैसला गरेको, सजाय स्वरुप वर्ष दिन श्रमदान र दुई सयको तमसुकमा औंठा छाप लगाएको घटनाले कथा यथार्थवादी देखिन्छ । अन्याय, अत्याचार र शोषणको विरुद्ध कसैले बोल्न नसकेको, शोषक, सामन्तीको अन्याय, अत्याचार, दमन, शोषणले समाज थिलथिलो भएको, यसैका कारण गरिब, निमुखा, निर्दोष **तिले** ले ज्यानै गुमाउनु परेको घटनाले कथा प्रगतिवादी देखिन्छ । यसरी कथा यथार्थवादी प्रगतिवादी दुबै रीतिक्षेत्रमा देखिन्छ ।

### ग ) सारवस्तु

कथामा प्रधान, जिम्मलले पूर्वाग्रही बनेर आफ्नो अनुकूलको फैसला गरेको छ । जसको कारण गरिब निर्दोष तिलेको ज्यानै गएको छ । यसरी गाँउका सामन्ती शोषक ठुलाठालु भनाउँदाले गरिब जनतामाथि गर्ने अन्याय पूर्ण व्यवहार र फैसलाले गरिब जनताले असहनीय पीडा खप्नु परेको छ , भन्ने सारवस्तु नै शास्वत वनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा पञ्चायती समाजको उपस्थिति, परिवेश अनुसारको पात्रहरुको चयन, वर्गीय स्तर अनुसारका क्रियाकलाप र सरल भाषाको सही संयोजनका साथ सारवस्तु आएकोले कथा अभिघात्मक अर्थ सापेक्षमा देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा गाउँलेहरु, साने, जुठे, भकुन्ते, प्रधान, जिग्मल, वडा अध्यक्ष, प्रहरीहरु, तिले जस्ता धेरै पात्रहरुको उपस्थिति देखिन्छ । जिम्मल, प्रधानको शोषक, सामन्ती प्रवृति, प्रहरीहरु र अरु गाउँलेहरुको लाचारीपन, सुत्केरीको वाध्यात्मक स्थिति, तिलेको शोषित, पीडित, त्रासित मानसिक, बलेको आगो ताप्ने मानवीय प्रवृतिको कथाले राम्ररी चित्रण गरेका कारण कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा **फैसला** को कथानकढाँचा परम्परागत नै देखिन्छ । कथाको पहिलो भागमा खेल खेलमा जिम्मलको नातिसँग तिलेको छोराको झगडा भएको छ । दोस्रो भागमा झगडाको निहु पारेर जिम्मलले पञ्च बोलाएर तिलेको विरुद्ध फैसला सुनादै सजायको घोषणा गरेको छ । तेस्रो भागमा सजायको कागज पत्रमा सहिछाप गर्दागर्दै तिले वेहोस भएर लड्दा ढुङ्गामा ठोकिएर मृत्यु भएको छ ।

### छ ) रुपविन्यास

कथा छोटो र संरचनामा संरचित कथा ५० अनुच्छेदमा विभाजित छ । पाचौं देखि तेऱ्हौं अनुच्छेद संवादात्मक देखिन्छ । कथामा मौखिक भाषाको प्रयोग, झर्रो नेपाली शव्दहरुको प्रयोग, अनुकरणात्मक शव्दहरुको प्रयोग, द्वित्व शव्दको प्रयोग, पात्र, परिवेश र वर्गीय स्तर अनुसारका भाषाको प्रयोगले कथा संवृत नै देखिन्छ ।

## ४.१.१६ पुरानो मन्दिर कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कथामा पुरानो मन्दिर, मन्दिर भित्र पुरानै ध्याम्पोमा आस्थाको केन्द्र देवता राखेको, पुराना पुस्ताहरु आस्था, विश्वास र सम्मानका साथ अन्धशक्त बनेको तर नातिले ढुङ्गोले ध्याम्पो फुटाई वास्तविकताको जानकारी गराएको घटनाले पुरानो पुस्ताले अन्धभक्त भएर पञ्चायती व्यवस्थाको समर्थन गरेको तर नयाँ युवा पुस्ताले पञ्चायतीका ढोंगी पाखण्डीपनको भण्डाफोर गर्दै परिवर्तनको लागि जागरुक गरेको राजनीतिक घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

पुरानो पुस्ताले पञ्चायती शासन व्यवस्थाको अन्धभक्त बनेर समर्थन गरिरहेको अवस्थामा नयाँ (नाति) पुस्ताले शासकहरुको पाखण्डीपनको भण्डाफोर गर्दै अन्धविश्वास, पाखण्डीपन, सामन्तीको विरुद्ध विद्रोहमा उत्रन उत्साहित गरेको छ । असत्य, अधर्म, विसङ्गति र विकृतिको विरुद्ध लड्न प्रोत्साहित गरेको घटनाले कथा प्रगतिवादी रीतिशैलीमा देखिन्छ ।

### ग ) सारवस्तु

नेपाली जनताको आस्था र विश्वासको फाइदा उठाउदै गरिव निभुखा जनतालाई ठगिरहेको, जनताको चेतनाको आँखामा आस्था र विश्वासको पट्टि वाँधेर जनतालाई लुटिरहेको छ भन्ने कुरा नै सारवस्तु वनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा पुरानो मन्दिर, मन्दिर भित्र पुरानो ध्याम्पोमा देवता भएको आस्था र विश्वासको आधारमा पूजा गरेको, वालकले ढुङ्गाले ध्याम्पो फुटाँउदा देवता नभएको घटनाले

पञ्चायतीको  विरुद्धको राजनीतिक चलखेललाई नै देखाएको हुनाले कथा प्रतिकात्मक देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा गाउँलेहरुको आस्था र विश्वास, नातिको मानसिकता, मुख्खेनीको नातिप्रतिको भाव, ध्याम्पोमा देवता नदेखेपछि गाउँलेको मनमा उत्पन्न मनोभावको राम्ररी चित्रण गरिएकाले कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा रैखिक ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा गाउँलेहरु पूजा गर्न पंक्तिवद्ध देखिन्छन् । दोस्रो भागमा मुख्खेनीले पूजा गर्न लागेको वेला रिसाएको नातिले देवता राखेको ध्याम्पो फुटाएको छ । तेस्रो भागमा ध्याम्पो भित्र देवता नदेखेपछि भक्तजनहरु मनभरि घृणा बोकी घर फर्केको छ ।

### छ ) रुपविन्यास

कथा सरल एवं वोलचालको भाषामै देखिए पनि घटना र पात्रहरु राजनीतिक घटनाक्रमलाई देखाउने खालको प्रतीकात्मक देखिन्छ । कथामा धार्मिक शव्दहरु, आस्थाका शव्दहरु, केही सामन्ती शव्दहरु, नेपाली झर्रो शव्द आदिको प्रयोगले कथा सरल संवृत नै देखिन्छ ।

## ४.१.१७ उनले बुनेको स्वीटर कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

श्रृजनाले धेरै परिश्रम गरेर बुनेको स्वीटर पतिलाई दिँदा पतिले बेवास्तापूर्वक फालेको कारण श्रृजनाले बजारमा बेच्न वाध्य हुनुपरेको, यात्राको क्रममा श्रृजनाले पतिको घृणाको कारण बेच्न वाध्य भएको स्वीटर अपरिचित युवकले लगाएको देखेको, बिस्तारै युवकसँग स्वीटरको बारेमा बुझ्दा स्वीटरको खुलेर तारिफ गरेको र स्वीटर बुन्नेको पनि खुलेर तारिफ गरेको घटनाले कथाले व्यक्तिलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

हाम्रो समाजमा कला र प्रतिभाको सम्मान नहुने, कला र प्रतिभाको घृणा गर्ने र कथामा बाहिरबाट भव्य, सभ्य, शिक्षित र सुखी देखिने घर भित्र लुकेको पीडा र वेदना एवं नीच व्यवहार, वातावरणको उजागर गरेको छ । कलाकारले जति नै दुःख, परिश्रम गरेर कला कृतिको सृजना गरेपनि त्यसले सम्मान नपाउने, र कलाकार, सर्जकले वाध्य भएर बजारमा लीलामी गर्नु पर्ने सर्जकको वाध्यत्मक परिस्थितिलाई कथाले यथार्थ शैलीमा देखाएको छ ।

### ग ) सारवस्तु

धेरै परिश्रम र मेहनतका साथ तयार पारिएको स्वीटर वेवास्तापूर्वक वजारमा फालिए जस्तै कयौं त्यस्ता कला कृतिहरु विनामूल्य बजारमा त्यतिकै हराई रहेका छन् । तिनीहरुको राष्ट्रले उचित संरक्षण र कलाकार सर्जकको उचित सम्मानको अभावका कारण प्रतिभा पनि विलिन भएको छ । **कलाकार र कलाकृति राष्ट्रको गहना भएकोले जबसम्म यो**

**समाज, परिवेश र राष्ट्रले कलाकार, कला र भावनाको आदर, सम्मान र संरक्षण गर्न सक्दैन तवसम्म यो समाज र राष्ट्रको भविष्य उज्यालिन पनि सक्दैन । यो वास्तविक सत्य र आजको आवश्यकता हो पनि हो** ...... । भन्ने अभिव्यक्ति नै कथाको शास्वत सारवस्तु बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथाकी पात्रा **श्रृजना** को मुखबाट जबसम्म यो समाज, परिवेश र राष्ट्रले कलाकार, कला र भावनाको आदर, सम्मान र संरक्षण गर्न सक्दैन तब सम्म यो समाज र राष्ट्रको भविष्य उज्यालिन सक्दैन, यो वास्तविक सत्य र आजको आवश्यकता पनि हो .......... । भन्ने अभिव्यक्ति आएकोले कथा अभिधात्मक अर्थसापेक्षतामा देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा श्रृजनाकी पतिको श्रृजनाप्रतिको व्यवहार र उसले बुनेको स्वीटर प्रतिगरेको उपेक्षित भाव, युवकको कला, कृति र कलाकारप्रतिको भावना र सम्मान एवं श्रृजनाको तत्कालीन समाज, राष्ट्र र कलाप्रतिका भावनाको राम्ररी उद्घाटन गरेकाले कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा रैखिकढाँचामा देखिन्छ । कथाको पहिलो भागमा धेरै मेहनत गरेर बुनेको स्वीटर पतिले घृणा गरेर फालेपछि श्रृजनाले वजारमा बेच्नु परेको छ । दोस्रो भागमा बेचेको स्वीटर कुनै युवकले लगाएको देखेपछि कलाकार र कलाकृतिको वारेमा श्रृजनाले युवकको भावना बुझेको छ । तेस्रो भागमा समाज र राष्ट्रले कलाकार र कला कृतिको उपेक्षा गरेकाले श्रृजनाले आक्रोश व्यक्त गरेकी छिन् ।

### छ ) रुपविन्यास

कथामा घटना र पात्र अनुसारको भाष शैलीको प्रयोगले कथा सरल देखिन्छ । भाषिक स्वाभाविकताका शव्द, आदरयुक्त शव्द, टुक्काको प्रयोग मौखिक भाषाको प्रयोग आदिले कथा रोचक देखिन्छ भने अन्त्यतिरका अनुच्छेदहरुमा कला र कलाकार सम्वन्धि गम्भीर भाव प्रकट गरेपनि समग्रमा कथा वोधगम्य संवृत नै देखिन्छ ।

### निष्कर्ष

यसरी यस सङ्ग्रहमा सङ्ग्रहीत कथामा मानवता हराउदै गएको, नारीको पीडा, प्रशासनमा देखिएको घुस्याहा र चाकरी प्रवृति, सामन्ती शासकको हैकमवादी चरित्रको उद्घाटन, वर्गीय द्वन्द्व, समाज सेवाको नाममा लुकेको स्वार्थ, गरिबीले पीडितको दयनीय अवस्था, तिलस्मी र ऐयाशी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर सम्वेदना संयोजन, मानवीय ठग प्रवृतिको उद्घाटन, सामन्ती र शोषकको विरुद्ध एकजुट हुनु पर्ने सन्देश देखिन्छ । उनका कथामा विचारलाई पात्रको मुखाबाट जवरजस्ती वोलाएका कारण सम्वादमा अस्वाभाविकता देखिन्छ ।

## ४.२ अस्वीकृत कथाहरु (२०५८)

भण्डारीको दोस्रो कथासङ्ग्रह अस्वीकृत कथाहरु (२०५८) हो । यसमा जम्मा २० वटा कथाहरु सङ्ग्रहीत छन् । यिनीहरुको रचना विधानका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ स्वदेशको माया कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

पत्रकार बन्धुहरु विदेशी भूमिमा आफ्नो देशको प्रतिनिधि बनेर कार्यक्रममा भाग लिन जाने, कार्यक्रमको समाप्तीसँगै आयोजित कार्यक्रममा धेरै पिएर थाम्न नसक्ने हुने, नेपालीहरु साहुको ऋणबाट मूक्ति पाउन विदेश पलायन हुने, अनपढ र सोझी केटीलाई प्रेम जाल बुनेर वेश्यालयमा बेच्ने, नेपालीहरुले विदेशमा पनि नेपालीहरुको सहयोग गरिरहने सहयोगी भावना रहिरहेको जस्ता विविध पक्षको कथाले उद्घाटन गरेको छ । यसरी कथाले सामन्तीहरुका कारण नेपाली जनता विदेशीने परिपाटीलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

सामन्ती र शोषकहरुका कारण नेपाली जनता विदेशिनु परेको, गाउँका मुखियाहरुले गरिब जनतालाई उठिवास गराउने, आफ्नो जन्मभूमि छोडेर विदेश जानुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गराउने, अनपढ भएपनि पढ्न सिकेर विदेशैमा पनि नेपालीहरुको दुःख र पीडालाई कसरी कम गराउने भन्ने उपाय रच्न सङ्गठित भएको, अज्ञानताको फइदा उठाएर मुखियाहरुले सोझा जनतालाई ऋणमा डुबाएको, सामन्ती र शोषकका कारण विदेशिनु परेकाले वीर वहादुरले यसको विरुद्ध लड्ने दृढ निश्चय गरेको र सबैलाई गरिबी, शोषण र सामन्तीको विरुद्ध लड्न आव्हान गर्न पत्रकारलाई गरिएको आग्रहले कथा प्रगतिवादी रीतिक्षेत्रमा देखिन्छ ।

**ग ) सारवस्तु**

नेपाली दाजुभाईहरु जो-जति विदेशिएका छन्, रहरले विदेशीएका होइनन् । सामन्ती र शोषकहरुको चरम शोषण, अज्ञानताको फइदा उठाउँदै ऋणमा डुबाएका कारण विदेशीएको, सामन्तीहरुको लागिमात्रै यो देश स्वर्ग भएको र अन्य जनताको लागि आभिश्राप जस्तै बनेको छ । बाध्यता र परिस्थितिले विदेशिए पनि **विदेशमा बसेर जुठो भाँडा माझ्नु परे पनि स्वदेश र स्वदेशीको माया त मुटुमा गडेर बस्दोरहेछ** .........। भन्ने वीर वहादुरको मुख वाक्य नै शास्वत सारवस्तु बनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

नेपालीहरु रहरले विदेशीएका होइनन् । शोषक सामन्तीका शोषण र दमनका कारण विदेश पलायन हुन बाध्य भएको हो । यसरी मातृभूमिलाई छोडेर विदेशिनु परेपनि नेपाल र नेपालीको माया मुटुमा गडेर बस्छ, त्यसैले विदेशमा आफ्नो स्वदेशी भनेपछि मरिहत्ते हुने कुरालाई कथाले अभिधात्मक शैलीमा देखाएका छन् ।

**ङ) दृष्टिबिन्दु**

कथामा पत्रकारको आफु जस्तो छ अरुलाई पनि त्यस्तै देख्ने, उसको आदत, नेपाल र नेपाली प्रतिको दृष्टिकोण र वीर वहादुरको विचार सुनेपछि **उ** पात्रको मनमा विचारलाई, सरिताले भोग्नु परेको नारकीय जीवन, उसले पाएको दुःख पीडा, वीरवहादुरको आर्थिक

पृष्ठभूमि, उसले सामन्ती शोषक मुखिया प्रति आगो ओकालेको, विदेशिए पनि आफ्नो देश र नेपालीको अगाध माया रहेको, शोषण र दमनका कारण वीरवहादुरको दिलमा विरोधको ज्वारभाटा निक्लेको जस्ता मानसिक विचलन देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथा वृत्तकरीय ढाँचामा देखिन्छ । **उ** पात्र निन्द्राबाट व्युझिएपछि आफु रहेको ठाउँको पहिचान गर्न लागेसँगै कथाको सुरुवात भएको छ । दोस्रो भागमा हिजोको घटनाको स्मरण गरेको छ । तेस्रो भागमा वीर वहादुर विदेशिनु परेको कारणको उल्लेख गरेका छन् भने चौँथो भागमा विदेशीय पनि आफ्नो देश र देशवासीको मायामा तड्पेर यसैका कारण स्वदेश र स्वदेशीले झेल्नु परेको दुःखको निराकरणको उपाय खोजिरहेको घटनाले कथा वृत्तकारीय ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

संरचनात्मक दृष्टिले कथा लामो देखिन्छ । कथा बोलचालका भाषामा संरचित भएपनि कथामा प्रयुक्त भाषिक स्वाभाविकताका शब्द, द्वित्व शब्दको प्रयोग, वर्णनात्मक एवं विवरणत्मक दुबै भाषाको प्रयोग र केही गहन अभिव्यक्तिको पनि प्रयोग भएको देखिन्छ । समग्रमा कथा शीर्षक अनुसार सारवस्तुलाई सम्प्रेषण गर्न सफल भएकोले संवृत नै देखिन्छ ।

## ४.२.२ पराजुली माइला कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

गाउँमा सोझा एवं गरिबलाई फकाइफुलाई काम गर्न राख्ने, गाउँबाट पढ्नलाई सहर पठाउने, धेरै खर्च गरेर कृषिविज्ञान पढे-पढाए पनि व्यवहारिक नभएका कारण पढाईको महत्व नभएको, अनपढ भएपनि व्यवहारिक भएका कारण गाउँले किसानहरु नै कृषि कार्यमा सफल भएको, धेरै खर्च गरेर कृषि विषय पढाएर पनि अव्यवहारिक शिक्षा पद्धतीका कारण बालुवामा पानी खन्याए सरह रहेको नेपाली शिक्षा पद्धतीलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

धेरै खर्च गरेर गाउँबाट सहर आएर कृषिविज्ञान पढेपनि अव्यवहारिक शिक्षा प्रणालीका कारण पढाईमा लगानी बालुवामा पानी खन्याए सरह भएको, वर्षौ लगाएर पढेपनि व्यवहारिक ज्ञानको कमिले व्यवहारमा खरो उत्रन नसकेको वास्तविकतालाई कथाले देखाएको छ । अव्यवहारिक शिक्षा पद्धतीका कारण उत्पादित जनशक्तिले कार्यक्षेत्रमा विभिन्न समस्या भोग्नु पर्ने हुनाले शिक्षा पद्धतीमा सुधार हुनुपर्ने यथार्थलाई यथार्थवादी रीतिशैलीमा देखाएका छन् ।

**ग ) सारवस्तु**

धेरै पैसा खर्च गरेर वर्षौं लगाएर कृषि विज्ञान पढेको व्यक्तिलाई कोदाली कसरी समाउने, कसरी आली ताछ्ने भन्ने कृषि सम्बन्धी आधारभूत ज्ञान नै नहुनु अव्यवहारिक शिक्षा पद्धति कै कारण हो । यस्तो अव्यवहारिक शिक्षा प्रणालीमा सुधार हुनुपर्छ भन्ने कुरा नै शास्वत सारवस्तु बनेर आएको छ ।

**घ ) अर्थ सापेक्ष**

गाउँबाट सहर आई वर्षौं लगाएर कृषि विज्ञान पढेपनि कसरी कोदाली समाउने ? कसरी आली लगाउने ? जस्तो कृषिका आधारभूत ज्ञान समेत नहुनु, बरु अनपढ लठेब्रो गाउँले व्यवहारिक ज्ञानमा निपुण भएका कारण नेपालको अव्यवहारिक शिक्षा प्रणालीलाई कथाले व्यङ्ग्य गरेको छ । यसरी कथा व्यङ्ग्यात्मक अर्थ सापेक्षमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा पराजुली माइलाको शारीरिक एवं मानसिक अवस्था, आर्थिक अवस्था, अरुप्रति सहजै विश्वास गर्ने बानी आदिको चित्रण देखिन्छ भने **म** पात्रको ज्ञान अव्यवहारिक भएका कारण मनभित्र उब्जेको नानाथरिका तर्क-वितर्क, आफु र पराजुली माइलाको बिच गरेको मूल्याङ्न, **म** पात्रको आन्तरिक मनोदशा आदिलाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदश दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथा परम्परागत ढाँचा (रैखिकढाँचा) मा देखिन्छ । कथाको पहिलो भागमा **म** पात्र विदामा घर आएको छ । दोस्रो भागमा आफुले कृषि विज्ञान पढेको र रोपाँईको मौसमका कारण पराजुली माइलालाई खेती गर्ने तरिका सिकाउन खेततिर लागेको छ । तेस्रो भागमा आफ्नो अव्यवहारिक शिक्षाका कारण कोदाली समाउन र चलाउन नआएकाले शिक्षा पद्धती प्रति नै दुःखी भएको छ ।

**छ ) रुपविन्यास**

एक्काइस अनुच्छेदमा संरचित कथाको दसौं अनुच्छेद एकै वाक्यको देखिन्छ । ग्रामीण जनजीवनलाई झल्काउने भाषाशैलीको प्रयोग, ठेट नेपाली शब्दहरुको प्रयोग (खान्की विद्या जाती फ्वाँक), भाषिक स्वाभाविकताका शब्दहरु, द्वित्व शब्दहरु, नि,त, क्यारे जस्ता शब्द एवं भाषिक विविधताले कथालाई सरल एवं रोचक बनाएको छ,। त्यसैले कथा संवृतरुप विन्यासमा देखिन्छ ।

## ४.२.३ बाबा त त्याहाँ थिएनन् कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

समाजमा विवाह गर्दा दाइजो दिनुपर्ने कुप्रथाले नराम्ररी जरो गाढेको, जसको सिकार निर्दोष महिला र बालबालिका भएको, अर्काको धनमाथि कुदृष्टि लगाउने सामाजिक विकृति बढेको, जसले गर्दा निर्दोष महिलाले ज्यान गुमाउनु परेको, आमाको न्यानो काखमा लडीबुडी गर्दै खेल्ने उमेरमा टुहुरा र असहाय बन्नु परेको, अनाथ, टुहुरा, असहायको लागि खोलिएका धर्मशालाहरु व्यावसायिक बन्दै गएको, दाइजो प्रथाले समाजमा निम्त्याएको विकृतिलाई नै कथाकारले रुचिक्षेत्र बनाएका छन् ।

**ख ) रीतिक्षेत्र**

तत्कालीन समाजमा देखिएका जल्दाबल्दा समस्यालाई आफ्नो कथाको विषयवस्तु बनाउने कथाकार भण्डारीले प्रगतिवादी रीतिशैलीमा कथालाई उठान र बैठान गरेका छन् । गरिब भएकै कारणले विवाहमा प्रसस्त दाइजोको आशा राख्नु, गरिब भएकै कारणले प्रशस्त

दाइजो ल्याउन नसक्नु, यसै कारणले श्रीमतीको हत्या गर्नु, समाजमा दाइजो लेनदेनको कुसंस्कारले प्रश्रय पाउनु, अन्याय, असाहाय, एवं बृद्धबृद्धाको सेवाको लागि खोलिएका धर्मशालाहरु व्यवसायिक बनेर धनी एवं हुनेखानेको क्रिडास्थलको रुपमा परिणत हुँदै जानु, यी सबै विकृतिको मूल जड समाजको असमान अर्थ व्यवस्था भएको ठहर गर्दै यसमा सुधारको अपेक्षा राखेका छन् ।

## ग ) सारवस्तु

नेपाली समाजमा दाइजो प्रथाले जरो गाडेको, जसका कारण कयौँ महिलाले आफ्नो प्राणको आहुती दिनुपरेको, आफुले गरेको अपराधका कारण वृद्धावस्थामा सन्तती सुखबाट विमुख भएर एक्लो र वेसाहरा जीवन जिउन परेको देखाएको छ । वास्तवमा समाजमा देखिएको दाइजोको कुप्रथालाई निर्मूल गर्नुपर्ने कुरा नै यसको सारवस्तु हो । यसरी हेर्दा यसको सारवस्तु प्रच्छन्न रुपमा आएको छ ।

## घ ) अर्थसापेक्ष

समाजमा विवाह संस्कारमा दाइजो दिने प्रथाले विकृति बढाएको, यसको सिकार निर्दोष नारी बन्नु परेको, दाइजो कम ल्याएको निहुँमा ज्यानै गुमाउनु परेको, अवोध सन्तानले आमाको न्यानो काख र माया गुमाउनु परेको, गरिब, दुःखी र असहायका लागि सेवा र सहयोग गर्ने आश्रय धर्मशालाहरु पनि व्यवसायिक बन्दै गएको, विकृति र विसङ्गतिका सिकार निर्दोष महिलाहरु बन्नुपरेको नियतिलाई कथाले अभिधात्मक अर्थसापेक्षको माध्यमले प्रस्तुत गरेका छन् ।

## ङ) दृष्टिबिन्दु

कथा तृतीय दृष्टिबिन्दुबाट शुरु भएर बिच बिचमा सूमित्रा र बाबाको बार्तालापमा प्रथम पुरुषको प्रयोग भएको छ भने अन्त्य पनि तृतीय पुरुषबाटै भएको छ ।

## च ) कथानक ढाँचा

"बाबा त त्याहाँ थिएनन्" कथा रैखिक ढाँचामा रहेको देखिन्छ । कथाको पहिलो भागमा बृद्ध वास खोज्दै आएको, अनाथ शिशु स्याहारकेन्द्र र नारी उद्धार आश्रममा खान र सँधैभरिलाई बस्न पाएको घटना छ । दोस्रो भागमा बृद्ध बाबाले सुमित्रालाई अविवाहित देखि आफु सुहाउँदो विवाह गर्न सल्लाह दिएको र सुमित्राको विवाहप्रतिको विचारले दुबैका बिच वैचारिक द्वन्द्व देखिन्छ । तेस्रो भागमा बृद्ध बाबाले सुमित्राले भने जस्तै तस्वीर बनाई दिएको र आफ्नो कुकर्म र परिचय चित्र मार्फत उजागर गर्दै बृद्ध बाबा गायब भएर कथा टुङ्गिएको छ ।

## छ ) रुपविन्यास

यस कथामा एकातिर विवाह, वैवाहिक जीवन र जगतका वारेमा वैचारिक विचारका अभिव्यक्तिहरु छन् । शैली सरल भएपनि अभिव्यक्ति विशिष्ट देखिन्छ । तर मृगको तिर्खा मरुभूमिमा देखिने काला धब्बाले त मेट्न सक्दैन नि नानी भन्ने अभिव्यक्तिले भनाईलाई प्रतीकात्मक बनाएको छ । यसरी हेर्दा कथा विवृत रुपविन्यासमा देखिन्छ । अर्कोतर्फ कथामा उचित घटनाक्रमको सिलसिला मिलाएको, सरल शब्दहरुको प्रयोगले संवृत रुपविन्यास पनि देखिन्छ । कथामा संवादका स-साना अनुच्छेद धेरै देखिन्छन् । निपातको प्रयोगले वाक्यमा

मधुरता थपिएको छ । यस्ता अनुच्छेद पनि छन् जहाँ क्रियापदको प्रयोग बिचमा गरिएको हुनाले पुरै अनुच्छेद कवितात्मक लाग्छन् । हिन्दी शब्द इन्तिजाम को प्रयोग, संकेतात्मक भाषाको प्रयोग, कारुणिक भाषाशैली, चित्रात्मक शैली आदिको प्रयोग देखिन्छ ।

## ४.२.४ ममता कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

परिवारको गुजाराको लागि परिवारबाटै टाढिनु परेको, श्रीमान् साथै नहुँदा भौतिक सुख सुविधाले मात्रै नारी सन्तुष्टि नमिल्ने, जैविक आवश्यकताले सीमा नाघेपछि श्रीमान्को अनुपस्थितिमा पोइला गएको, सौतेली आमाले सौतेलो छोरामाथि गरेको व्यवहार, सौतेलो भाई भएपनि एउटै रगतको नाताले भाँगिएको ममता, जसले गर्दा प्राणै त्याग्न पनि पछि नपरेको विषयलाई आफ्नो रुचिक्षेत्र बनाएका छन् ।

### ख ) रीतिक्षेत्र

गरिबीले गर्दा पारिवारिक गुजाराको लागि घरबाट टाढिनुपरेको, भौतिक आवश्यकता भन्दा जैविक आवश्यकता प्रमुख भएको, नारी हृदयमा धनभन्दा पतिको सामिप्यता नै उच्च हुने, घर व्यवहार सञ्चालन गर्न लोग्ने मान्छेको आवश्यकता पर्ने, बाध्यात्मक ग्रामीण जीवन, सौतेली आमाको क्रुर व्यवहार, सौतेलो भाई भएपनि रगतको नाता नै उच्च हुने सामाजिक विषयवस्तुलाई सामाजिक यथार्थवादी शैलीमा प्रस्तुत गरेका छन् ।

### ग ) सारवस्तु

यस कथामा सारवस्तु विचारवाक्यको रुपमा नभई प्रच्छन्न रुपमा शास्वत बनेर आएको छ । सौताले आफ्नै छोरो नहुन्जेल सौताको छोरोलाई गर्ने माया र आफ्नै छोरो भएपछि सौताको छोरोलाई गर्ने माया, व्यवहार शास्वत छ । त्यस्तै सौतेली दाइले सातेलो भाइलाई गर्ने व्यवहार पनि  शास्वत देखिन्छ ।

### घ ) अर्थसापेक्ष

बाबुले छोरालाई गर्ने माया, ममता कस्तो हुन्छ ? आफ्नो सन्तान नहुन्जेल सौताको छोरालाई कस्तो व्यवहार गर्छ ? आफ्नो सन्तान भएपछि सौताको छोरालाई कस्तो व्यवहार गर्छ ? साथै सौतेली भाई भएपनि रगतको नातालाई कसैले लत्याउन सक्दैन । जो-जे जस्तो भएपनि मानवीयता र ममता हुनुपर्छ भन्ने कुरालाई विषय प्रसङ्ग र घटनाको माध्यमले प्रष्ट्याएको हुनाले यसको अर्थसापेक्ष अभिधात्मक देखिन्छ ।

### ङ)  दृष्टिबिन्दु

यस कथाको पात्र कृष्णराजको श्रीमती पोइल गएपछि उनको मनमा परेको असर, एक्लो बालक नवीनप्रतिको उनको दृष्टिकोण, जनुकाको नवीन र कृष्णराज प्रतिको झुकाव, जानुकाले आफ्नै सन्तान जस्तो गरेर नवीनलाई गरेको माया, उनको भावना, जानुकाको कोखबाट दिलिपको जन्म भएपछि नवीनलाई हेर्ने दृष्टिकोण बद्लिएको हुँदा जानुकाको आँखामा नवीन छारो बनेको घटनाका साथै कृष्णराज र जानुकाको मानसिक संसारको कथाले राम्ररी विचरण गरेको हुनाले कथा बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा बन्न गएको छ ।

**च ) कथानक ढाँचा**

कथानक ढाँचा वृत्तकारीय देखिन्छ । कथाको समय र घटनाक्रमको हिसाबले दोस्रो स्थानमा आउने तर पहिलो बनेर आएको छ । कथामा सौतली आमाको टोकसो सहेका कृष्णराजले श्रीमती पोइल गएपछि पनि छोराको हेरचाह गर्न दोस्रो विवाह नगर्ने विचार गरेको छ । दोस्रो भागमा (हुनुपर्ने पहिलोभाग) घर व्यवहारको लागि पैसा र सरसामान पठाए पनि श्रीमती पोइल गएपछि सानो छोरा नवीनलाई साथै सहर लिएर आएको छ । तेस्रो भागमा नवीनको माध्यमले कृष्णराज र जानुकाको दाम्पत्य जीवनको शुरुवात भएको छ भने नवीनकै कारणले दाम्पत्य जीवनमा प्रश्नचिन्ह खडा भएको छ । चौथो भागमा सौतेली आमाले हेला र घृणा गरेपनि भाइको मायाले आफ्नो प्राणको पर्वाह नगरी पोखरीमा डुबेको भाईलाई बचाएको छ ।

**छ) रुपविन्यास**

यस कथामा एउटी आइमाइले विवाह हुनुभन्दा पहिले गर्ने क्रियाकलाप, आफ्नो कोखबाट सन्तान भएपछि सौताको छोरालाई गर्ने व्यवहार, आफ्नो छोराप्रति एउटा पिताको दृष्टिकोण आदिलाई सरल भाषा र पदावलीको माध्यमले व्यक्त गरको छ । घृणाबोधक शब्द, झर्रो शब्द (धराले, स्वास्नी), भाषिक स्वभाविकताका शब्द, संस्कृतका भनाई आदिले कथालाई रोचक बनाएको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.२.५ स्वर्ग जाने पुल कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

स्वर्गका विधायिकाहरु बिच वैतर्नी नदिमा पूल बनाउने विषयमा छलफल भएको, पूल बनाउने निर्णय भएको, स्वर्गजाने सबैलाई निश्चित शुल्क लिएर प्रवेश गराउने विचार गरेको, मर्त्यलोकबाटै ओवरसियर, इन्जिनियर र ठेकेदार झिकाएको, यसको लागि आत्महत्या गरेर अकालमै वैतर्नी नदितिर लागेको, धेरै भ्रष्टाचार गरेर पूल बनाएको र केही समयमै पूल तहस-नहस भएको काल्पनिक स्वैरकल्पनालाई रुचिक्षेत्र बनाएका छन् ।

**ख ) रीतिक्षेत्र**

यस कथामा मानवीय भ्रष्टवृतिको राम्ररी उद्घाटन गरेका छन् । मानवीय जीवन पैसामूखी बन्दै गएको, धनी सम्पत्तिवाला व्यक्तिहरु लोभी, लालची भ्रष्ट बन्दै गएको, पैसाको लागि आफ्नो अमूल्य जीवन पनि अर्पण गर्न पछि नपर्ने **मै खाउँ मै लाऊँ** भन्ने दूर्भावनाले ग्रसित भएको तत्कालीन मानवीय वृत्तिको उद्घाटन गर्न वैतर्नी नदिमा पूल बनाउने काल्पनिक विषयको संयोजन गरेर भ्रष्ट प्रवृतिको व्यङ्ग्य गरेका छन् ।

**ग ) सारवस्तु**

यस कथामा सारवस्तु प्रच्छन्न रुपमा आएको छ । स्वैरकल्पनात्मक विषय, घटनाको संयोजनद्वारा समाजमा मौलाउँदै गएको भ्रष्ट र भ्रष्टचारीको व्यङ्ग्य गर्दै विरोध गर्नु, भ्रष्ट र भ्रष्टाचारीलाई कडा भन्दा कडा सजाय दिनुपर्छ । नरकमा पापीलाई तेलको कराईमा डुवाए जस्तै जेलरुपी नरकमा कोच्नुपर्छ अन्यथा तिनीहरुले मरेपछि पनि भ्रष्टाचार गर्न नछाड्लान् भन्दै व्यङ्ग्य गर्नु यसको सार वस्तु हो ।

## घ ) अर्थसापेक्ष

भ्रष्टचारीहरु आफ्नो भ्रष्ट मनोकांक्षालाई पुरा गर्न कुन हदसम्म अगाडी बढ्छन् । यस्ता भ्रष्ट मनोवृत्तिले गर्दा समाजमा विकास निर्माणका काम कसरी तहस नहस भएको छ । सम्बन्धित र जिम्मेवार व्यक्तिहरु सबै मिलेर भ्रष्टचार गर्ने र दोष एकले अर्कालाई लगाउने भ्रष्ट प्रवृत्तिको स्वैरकल्पनात्मक विषय घटना (वैतर्नी नदिको पूल बनाउने विषय) लाई जोडेर व्यङ्ग्य गरेका हुनाले स्वैरैकल्पनात्मक व्यङ्ग्यात्मक अर्थसापेक्ष देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथाकारले कथामा प्रयुक्त सबै पात्रहरु राजा, इन्द्र, विधायिकाहरु, मर्त्यलोकबाट गएका इन्जिनियर, ओभरसियर, पूल बनाउन काम गर्ने कामदार, नरकवासी सबैको मानसिक उत्तर चढाव, भ्रष्ट मनोवृत्ति उद्घाटन गर्दै मानसिक संसारको विचरण गरेको हुनाले कथा बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रचिएको देखिन्छ ।

## च) कथानक ढाँचा

यस कथाको कथानक ढाँचा रैखिक छ । कथाको पहिलो भागमा पूल निर्माणको लागि आदेश छ । दोस्रो भागमा ओभरसियर र इन्जिनियरहरु एवं ठेकेदारको तछाड मछाड भएको छ । तेस्रो भागमा चित्र गुप्तले स्वर्ग छिर्न नदिएपछि इन्जिनियर, ओभरसियर, ठेकेदारमा पलाएको नैराश्यले वैतर्नी नदिमा अलपत्र भएपछि कथाको अन्त्यभाग पनि सकिन्छ ।

## छ ) रुपविन्यास

कथाले काल्पनिक घटनालाई विषयवस्तु बनाए पनि हाम्रै वरिपरिको विकृति, विसङ्गति एवं भ्रष्ट मनोवृत्तिलाई व्यङ्ग्य गरिएको छ । घटनाको अनुक्रम र प्रस्तुतीकरणले कथालाई रोचक बनाएको छ । कथामा प्रयुक्त सरल भाषा, पदावली, प्रचलित धार्मिक शब्दहरु, द्वित्व शब्द, उखान, भाषिक स्वाभाविकताका शब्द, ग्रामीण मौलिक शब्द, सामन्ती शब्द (विन्तीपत्र, हुकुम प्रमाङ्गी) आदि शब्दले कथालाई अझ रोचक बनाएको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यासमा देखिन्छ ।

# ४.२.६ उत्तर दिन नसकिएको तर्क कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

सहरमा कतै काम नपाएपछि आफ्नै शरीरलाई घाइते बनाएर, जानी जानी खुट्टा काटेर त्यसैलाई मागी खाने भाँडो बनाउँदै सडक पेटीमा बसी माग्न विवश गरिब माग्नेको विवशता, वाध्यता, पीडामा डुवेको गरिबी, अज्ञानता र वर्गीय द्वन्द्वले थिचेर बनाएको विवश माग्ने जीवनलाई कथाकारले रुचिक्षेत्र बनाएका छन् ।

## ख ) रीतिक्षेत्र

गरिबी र अज्ञानताले आक्रान्त बनेको समाजमा आफ्नो स्वाभिमानलाई धितो राखेर सडक पेटी र किनारा ढुकेर मागेर खानुपर्ने, भनसुन र चाकडी प्रथाले एवं निम्न वर्गका मान्छेले काम नपाउनु, जसले गर्दा गरिबी बढ्दै गएको, यी सबै देशका उच्च ओहदामा बस्ने व्यक्तिहरु सामन्ती सोच , भ्रष्ट, शोषकहरुकै कारणले भएको र यिनिहरुलाई जरै देखि

निर्मूल पार्नु पर्छ । देशलाई वर्गविहीन र समुन्नत बनाउन, गरिब र धनीको बिच खाल्टो घटाउन पर्छ भन्ने कुरालाई प्रगतिवादी रीतिक्षेत्रका माध्यमले आग्रह गरेका छन् ।

## ग ) सारवस्तु

समाजका गरिबलाई आर्थिक एंव भौतिक सहयोग गरेर गरिबी हट्दैन  बरु यसले गरिबी र पछौटेपनलाई नै प्रश्रय दिन्छ । गरिबी घटाउनलाई दीर्धकालीन सोच बनाउनु पर्छ । नैतिक सहयोग दिनुपर्छ । आय आर्जनका स्रोत साधनमाथि गरिब वर्गको पहुँच पुऱ्याउनु पर्छ । यसको लागि उच्च ओहदामा बसेका भ्रष्ट मनोवृत्ति भएका, शोषक सामन्ती हैकमवादी सोचका व्यक्तिहरुलाई कान पुच्छर नगरी हुदैन । जसले देशको ढुकुटी रित्याउँछ । गरिब र पीडित वर्गको घाउमा नुनचुक छर्दैछ । हरेक उन्नती र प्रगतिको बाधक बनेर गरिबीलाई थिलथिलो बनाउँछ । सामन्ती, भ्रष्ट, हैकमवादी प्रवृति र संस्कारले तत्कालीन गरिबी घट्दैन । भन्नु नै यसको सारवस्तु हो । यसरी हेर्दा यसको सारवस्तु शास्वत रुपमा आएको छ ।

## घ ) अर्थसापेक्ष

कथामा शीर्षक अनुसारको घटना र पत्रको संयोजन, गरिबीले गर्दा स्वास्थ्यको ख्याल गर्न नसकेको, भ्रष्ट, शोषक, सामन्ती सोच र मनोवृत्तिका उच्च ओहदामा बस्नेले गरिबीलाई उठ्नै नसक्ने गरी थला बसाएको, समाज र राष्ट्रमा यस्ता हैकमवादी सोच र कुचरित्रको व्यक्तिको हाली मुहाली हुन्जेल सन्तोषको सास हेर्न नसक्ने, यस्ता हैकमवादी सोच र कुचरित्रका व्यतिको अस्तित्व मेटाउनु पर्छ । तबमात्रै गरिब निम्नवर्गले सुख शान्ती र सह आस्तित्वको अनुभूति गर्न पाउछ भन्ने कुरालाई प्रगतिवादी अर्थसापेक्षका आधारमा औंल्याएका छन् ।

## ङ) दृष्टिबिन्दु

यस कथामा **डा.मधुसुदन सिंह** को माध्यमले कथानक अगाडी बढेको छ । डा. मधुसुदन सिंहले विरामी भिखारीको उपचार गरेपछि भिखारीमा आएको मानसिक उतार चढावको डा. सिंहले राम्ररी चित्रण गरेका छन् । यस कथामा डा. पात्रले भिखारी पात्रको मानसिक चिराफार गरेको हुनाले कथामा बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

## च ) कथानक ढाँचा

पहिलो भागमा विरामी भिखारीको डा. मधुसुदनसँग भेट भएको छ । डा. मधुसुदनले विरामी भिखारीको उपचार गरेपछि  भिखारीमा मानसिक हलचल वा मानसिक द्वन्द्वको प्रवेशसँगै काथाले दोस्रो मोडको यात्रा शुरु गर्छ । घाउ निको भएपछि भिखारी भरिया बनी कामको लागि चारैतिर भौतारिंदा पनि हातमुख जोर्ने बन्दोबस्त मिलाउन नसक्दा भिखारी जीवन नै प्यारो लाग्छ ।  पूनः धारिलो हतियारले खुट्टामा प्रहार गरी घाउ बनाएर भिखारी जीवनतर्फ फर्किन्छ र कथाको तेस्रो भाग सुरु हुन्छ । पुनः मधुसुदनसँग भएको भेटसँग कथानक टुगिंन्छ । यसरी हेर्दा कथानकदाँचा रैखिक एवं पूर्ण श्रृङ्खलित देखिन्छ ।

## छ ) रुपविन्यास

कथामा एउटा गरिब माग्नेको विवशता र दिनचर्यालाई मार्मिक तर सरल तरिकाले उतारेका छन् । वोल, चालका सरल पदावली, घटनाको सोझै प्रस्तुतीकरण आदिले कथाको

रुपविन्यासलाई संवृत बनाएको छ । कथाको अन्त्यतिर भिखारीको समस्या र विवशताको माध्यमले देशको समस्या र विवशता वर्णित हुनाले कथामा विवृत रुपविन्यास पनि देखिन्छ । यसरी हेर्दा कथामा दुवै रुपविन्यास पाउँन सकिन्छ ।

## ४.२.७ रगतको नाता कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

माया प्रेमलाई खेलौना सम्झने, जवानीको जोसमा सोझो मनले आफनै सम्झी सर्वस्व लुटाउँदा अवैध गर्भधारण गराई धोका दिएको, सामजको नजरमा आफु निर्दोष र कुमारी देखाउन बच्चा जन्माई फालेको, बालकले अभिभावक र साहारा नपाएपछि गुजारा गर्न मजदुरी गर्नु परेको, आमाको न्यानो काख र बाबाको दरिलो साथ नपाउँदा बच्चाको भविष्य अन्योलमा परेको, तल्ला निम्न वर्गाका मान्छेसँग बोल्दा ठूला र उच्च वर्गका भनाउँदा व्यक्तिहरुको जात, इज्यत जाला जस्तो गर्ने मानासिक दूर्वलता, समयमै वास्तविकता जान्न नचाहाने र समयले नेटो काटेपछि पछुताउने मानवीय प्रवृति एंव समाजमा देखिएका विकृति र विसङ्गतिलाई कथाकारले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

जवानीको जोसमा अवैध गर्भधारण गरेको, बच्चा जन्माएर वेवारिसे अवस्थामा फालेको, गर्भ बोकाउने केटा फरार भएको, सो बच्चा फुपु पर्नेले पालेको, ठूलो भएपछि संरक्षकत्वको अभावमा यातायात मजदुर बनेको, उसले आमालाई भेटेको तर गरिब फोहोरी भएकै कारणले उच्च वर्गको जस्ती देखिने अपरिचित आमा भनाउँदाले बोल्न झर्कीएको र पछि चिठ्ठीको माध्यमले बास्तविकता थाहापाएपछि पछुताएको मानवीय प्रवृति र समाजका विकृतिलाई कथाकारले सामाजिक यथार्थवादी रीतिशैलीमा पस्केका छन् ।

### ग ) सारवस्तु

अवैध सम्बन्धको प्रतिफल स्वरुप आफ्नो जन्म भएपनि, आमाले वेवारिसे बनाएर हिडेपनि, आमाले कुकर्म गरेपनि, वेवास्ता गरेर छाडेर गएपनि आमा प्रतिको माया सन्तानको हृदयबाट कहिल्यै हराउँदैन । त्यस्तै आफ्नै नाजायज सम्बन्धको परिणाम भएपनि, आफुले त्यागेर हिडेको भएपनि आफना अगाडी आफ्ना सन्तानले पाएको दु:ख देख्दा एउटी आमाको हृदयमा सन्तान प्रतिको माया कतिको उर्लन्छ भन्ने कुरा नै यस कथाको सारवस्तु हो । यात्राका क्रममा कयौं महिला देखे पनि यस पटक एउटी महिला देखेर झस्किनु पनि रगतको नाताले नै झस्काएको थियो । यसरी हेर्दा कथामा सारबस्तु प्रच्छन्न रुपमा शास्वत भएर आएको छ ।

### घ ) अर्थसापेक्ष

समाजमा देखापरेको जवानीमा प्रेम गर्ने चलन, जवानीका चञ्चलतालाई रोक्न नसक्दा उब्जिएको भयानक अवस्था, समाजमा कलङ्कित बन्ने डरले अवैध सन्तानलाई जन्मदिएर छोडेको, वच्चाले दु:ख पाएको, गाडी खलासीको काम गरेर गुजारा चलाएको, आफुलाई जन्मदिने आमालाई भेट्ने तीब्र इच्छा पलाएको, संयोगले भेटेको तर वास्तविकता

खुल्न नपाउदै पुनः विछोडिएको, चिठ्ठीको साहाराले वास्तविकता खुलेपछि दुबैमा भेट्ने तीब्र इच्छा पलाएको, मातृ स्नेह र वात्साल्य प्रेमले दुबैको हृदय भरिएको विषयलाई यथार्थपरक अभिधात्मक अर्थसापेक्षको आधारमा प्रस्तुत गरेका छन् ।

### ङ) दृष्टिबिन्दु

यसकथामा ड्राइभर, कण्डक्टर, यात्रुहरु पात्रका रुपमा आएपनि गौण छन् । कथामा खलासी र महिला पात्र नै प्रमुख रुपमा आएको छ । खलासी पात्रले महिला (आमा) पात्रलाई भेट्दा मनमा उब्जिएको शङ्का, डर, त्रास, चिनजान गर्ने तीब्र इच्छा या भनौं मनमा उब्जिएको कौतुहलता, मानसिक उत्तारचढाव र महिलाले झोलामा पाएको चिट्ठी पढेपछि उसको मानसिक संसारमा आएको विचलनको राम्ररी चित्रण गरेकाले यो कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानक ढाँचा

कथाको पहिलो भागमा यात्राको क्रममा खलासी बालकले आफुलाई बच्चैमा छाडेर जाने अपरिचित निष्ठूरी आमालाई भेटेको, कुरा गर्न जति प्रयास गरेपनि सफल नभएको र वालकको मन पीडाले जलेको आदि घटना वर्णित छन्, । दोस्रो भागमा आफ्नो प्रयास विफल भएपछि दोषी छुट्याउने तर्फ लागेको र मिलेको अवसरलाई सदुपयोग गर्नतर्फ लागेको देखिन्छ । तेस्रो भागमा सबै प्रयास विफल भएपछि अन्तिम विकल्पको रुपमा चिठीलाई लिएको, चिठी लेखेर दिएको, आफनो गन्तव्यमा पुगेपछि महिलाले चिठी हेरेको र वास्तविकता थाहापाएपछि पीडा वोध भएको र विगतलाई संझदै कथा अन्त्य भएको छ । यसरी हेर्दा कथा रैखिक ढाँचामा नै देखिन्छ ।

### छ ) रुपविन्यास

समाजमा देखिएको विकृति, विसंङ्गति एवं त्यसले निर्दोष नारी र वालवालिकालाई कसरी सिकार बनाएको छ , भन्ने कुरालाई घटनाको माध्यमले जस्ताको तस्तै सरल पद, पदावली एवं वाक्यमा देखाएका छन् । द्वित्व शव्द र टुक्काको प्रयोगले कथा रोचक र कौतुहलपूर्ण बनाएको छ । यसरी हेर्दा कथा संवृत रुपबिन्यासमा विन्यस्त देखिन्छ ।

## ४.२.८ यसरी फेर्छ रङ् छेपाराले कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

पञ्चायतकाल र बहुदलीय व्यवस्थाको सङ्क्रमणकालीन स्थिति, उच्च ओहदाका कर्मचारीमा देखिएको हैकमवादी प्रवृत्ति, जुन राजनीतिक दल सत्तामा आयो उसैको जयजयकार र गुलामी गर्ने सरकारी हामिकहरुको छेपारे प्रवृति, सत्तासिन दलको प्रश्रयमा तल्ला तहका कर्मचारीको दमन, शोषण, जागिरै खाइदिने र राजनीतिक नियुक्ति गर्ने सरकारी सेवामा देखिएको विकृति, आफ्ना अनुकूल पर्दा जय जय गर्ने र प्रतिकुल पर्दा मुर्दावाद गर्ने छेपारे प्रवृति र राजनैतिक परिवर्तनले मानव जीवनमा पार्ने प्रभावलाई रुचिक्षेत्र बनाएका छन् ।

## ख ) रीतिक्षेत्र

पञ्चायती व्यवस्था ढलेर प्रजातन्त्र आएको, प्रजातन्त्र पनि ठूलावडा पहुँचवालालाई मात्र भएको, निम्न स्तरका कर्मचारीले आफ्नो सुविधा र अधिकार एवं हकहितको कुरा गर्दा अराजक भन्दै शासकको आडमा दमन एवं जागिरबाट निकालिदिएको, समय र परिस्थिति आफ्नो अनुकूल हुदासम्म राम्रो भन्दै जय जय गर्दै भिन्न विचारका कर्मचारीलाई दमन गर्ने र शासन सत्तामा शासक फेरिए लगतै आफ्नो विचारलाई बदल्दै अवसरको फाइदा लिने अवसरवादी प्रवृत्तिलाई देखाउने राजनीति र प्रशासनमा देखिएको सामन्तवादी सोचलाई प्रगतिवादी रीतिशैलीमा देखाएका छन् ।

## ग ) सारवस्तु

अवसरवादी मानवीय चरित्र, दहीचिउरे प्रवृति, पिपलपाते एवं छेपोर चरित्रको उद्घाटन गर्दै कथाकारले कथाको अन्त्यमा व्यक्त गरेको वाक्य नै सारवस्तुको रुपमा आएको छ - **फेरि अर्कै रङ् फेर्न सक्छन् यी छेपाराले ।** यसरी हेर्दा सारवस्तु विचारवाक्यको रुपमा शास्वत बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

कथामा शीर्षक अनुसार घटनाको संयोजन गर्दै अवसरवादी, पिपलपाते, छेपारे चरित्रको उद्घाटन गरेको हुनाले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

यस कथाका पात्र हाकिम, कर्मचारी सवैको तात्कालीन राजनीतिक परिवर्तनले पारेको प्रभाव, जनताका परिवर्तित अवस्थाले पलाएको आशा आदिको केही मात्रामा दृष्टिगोचर गरेपनि विशेषगरी कथाका मूख्य पात्र **हाकिम** को मानसिक अवस्थाको राम्ररी चित्रण गरिएको छ । हाकिमको मानसिक उत्तार चढाव, मानसिक द्वन्द्व आदिको गहिरो अध्ययन गरिएको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथामा रैखिकढाँचाको प्रयोग गरिएको छ । पहिलो भागमा हाकिम पञ्चेबाट प्रजातन्त्रवादी बनेको छ । दोस्रो भागमा आफ्नो हक हित र अधिकारबाट वञ्चित भएका निम्न स्तरका कर्मचारीले विरोध गरेको र हाकिमले तत्कालीन सरकारको गुणगान गाउँदै विद्रोही कर्मचारीलाई सजाय स्वरुप जागिरबाट निकालिदिएको छ । तेस्रो भागमा जागिरबाट निकालिएको कमल नेता बनेर भाषण गरेको र हाकिम पनि उमेरका कारण जागिरबाट निकालिएपछि खान पाउन्जेल जय जय गर्ने सरकारको विरोध गरेर छेपारे चरित्र देखाएको छ ।

## छ ) रुपविन्यास

कथाको भाषशैली सरल छ । उखान, कथ्य शव्दहरुको प्रयोग, निपातको प्रयोग साथै राजनीतिक शव्दावलीको प्रयोगले कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.२.९ बाल - अधिकार ! कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

ज्याला मजदुरी गरेर साँझ विहानको गर्जो टार्ने अभिभावकको मृत्युले परिवारमा निम्त्याएको रोजिरोटीको समस्या, परिवारको गर्जो टार्न स्कुल पढ्ने उमेरमा साहूकहाँ गोठालो बस्नु परेको विवशता, पैसा कमाउने सपना साँचेर राजधानी छिर्ने ग्रामीण परम्परा, धेरै दिनको हन्डर, ठक्कर खाएर घरमा काम पाएको, मालिकको मृत्युपछि निस्कनु परेको, पुनः गलैचा कारखानामा काम पाएको, सरकारको अदुरदर्शी र हचुवाको निर्णयले बाल अधिकारको नाममा कामबाट हात धुनु परेको र धने जस्ता गरिब विपन्न बालबालिकाको गरिबीको आलो घाउमा सरकारले नुन चुक छर्केको विषयलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

गरिब धनेको परिवारमा बाबुको मृत्यु भएको, गरिबीले गर्दा साँझ विहान हातमुख जोर्न नाबालक धनेले साहुको घरमा गोठालो वस्न बाध्य भएको, काम र मामको लागि गरिब र नाबालक धने सहर पस्न बाध्य भएको, सहरमा कतै काम नपाएर रुँदै हिड्न बाध्य भएको, प्रजातन्त्रको लागि आन्दोलनमा उत्रेको, प्रजातन्त्रले गरिब र पीडितको दिन एवं जीवन स्तर उकास्ने आशा गरेको तर प्रजातन्त्रले गरिब र पीडित बालबालिकलाई बाल अधिकारको नाममा परिश्रम गर्न रोक लगाएर भोक भोकै सडक वास बनाएको, गरिब र पीडित बालबालिकाको गरिबीको घाउमा नुन चुक छर्केर अझ पीडित बनाएको घटनालाई कथाले प्रगतिवादी रीतिक्षेत्रका आधारमा प्रस्तुत गरेको छ ।

### ग ) सारवस्तु

कथाका **धने, सुके, वीरे, हर्के, चमेली, फूलमती, डोल्मा** आदि प्रतिनिधि बालबालिका मात्र हुन् । यस्ता कयौँ बालबालिका जसले बाध्यता र विवशताको जाँतोमा पिसिएर गरिबीसँग सम्झौता गर्नुपरेको छ । बाध्यता र विवशताले थिचिएको गरिबी र दरिद्रताले थिलथिल बनाएको बालमजदुरको जीवनलाई बालअधिकारको नाममा जानेको सीप र सकेको कामबाट पनि हातधुन बाध्य भएपछि भोक भोकै सडकको जीवन बिताउनु परेको छ । के कुनै वैकल्पिक उपाय र व्यवस्था बिनानै गरिराखेको कामबाट छुटाएर भोकभोकै सडकको जीवन बिताउन बाध्य पार्ने नीति नै बाल अधिकार हो ? यो कस्तो बालअधिकार हो जसले बालबालिकाको हित र सुरक्षाको सट्टा रोजी रोटी खोसेर भोकभाकै तड्पिएर सडकमा सत्नुपर्ने ? यसरी वालअधिकारको नाममा सरकारले अदुरदर्शी निर्णय गर्दै कयौं वालवालिकालाई रोजी रोटीबाट वञ्चित गराएर सडकको बास गएको कुरा नै सारवस्तु बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

धने, हर्के जस्ता गरिब पीडित बालबालिका जो पढ्ने उमेरमा दस नङ्ग्रा नखियाई बिहान बेलुका हातमुख जोर्न नसक्ने मात्रै होइन परिवारको भरणपोषणमा समेत सहयोगी बन्नु पर्ने बालबालिकालाई प्रजातन्त्र एवं बाल अधिकारको नाममा कामबाट वञ्चित हुनुपरेको घटनाक्रमलाई कथाले शीर्षक अनुसार प्रस्तुत गरेको छ । परिश्रम गरेर रोजी रोटी गरिरहेका गरिब पीडित बाल बालिकाको काम गर्ने अधिकारलाई खोसेर भोक भोकै सडकको

बास वस्न बाध्य तुल्याउने कस्तो बालअधिकार हो भन्दै बाल अधिकारको अभिधात्मक अर्थसापेक्षका माध्यमले व्यङ्ग्य गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

यस कथामा आमा, बहिनी र विक्रम साहू, धनेका साथीहरु पात्रको उपस्थित भएपनि ती सबै गौण देखिन्छन् । कथामा धने मुख्य र धनेका मालिक सहायक पात्रको रुपमा देखा परेको छ । धनेको ग्रामीण जीवनको सङ्घर्ष, गरिबीले मनमा परेको प्रभाव, सहरमा राम्रो मालिक पाएपछि पलाएको आशा, हर्केले काम गर्न नपाउने खबर सुनाएपछि उसको कलिलो मनमा परेको प्रभाव, त्यस्तै दयालु मालिकले अलपत्र परेको धनेलाई घरमा काम गराएर आश्रय दिएको, आफ्नै परिवारको सदस्य जस्तै गरेर व्यवहार गरेको, उदार दिलका भएकोले नोकर भएपनि पढ्ने व्यवस्था मिलाएको, राजनीतिप्रति झुकावका कारण पत्रिकाको ज्यादै सौखिन भएको आदि कुराको वर्णनले कथा बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रचिन पुगेको छ ।

### च ) कथानकढाँचा

धनेको बाबु मरेपछि कथाको पहिलो भाग सुरु हुन्छ र परदेश जाने निर्णयसँगै पहिलो भाग सकिन्छ । दोस्रो भाग मामाको साथ राजधानी प्रवेशसँगै शुरु हुन्छ । यस भागमा धनेको दिनहरु विभिन्न दुःख पीडा, सङ्घर्षका साथ कहिले घरेलु कामदार, कहिले गलैंचा कारखानामा मजदुरीका साथ वित्छ । जब कामबाट निस्कनु पर्ने खबर पाउँछ त्यसपछि कथाले तेस्रो मोड प्राप्त गर्छ । यस मोडमा किन काम गर्न नपाउने भन्ने प्रश्नले मन पिरोलिन्छ । निस्कनु पर्ने बाध्यता र गाँसवासको समस्याले पिरोलिन्छ । साथै भोकले रन्थनिएर सडकको किनारा भौतारिँदै बाल अधिकारको बिडम्बनाबारे सोच्दै कथा अन्त्य हुन्छ । यसरी हेर्दा रैखिक ढाँचामा कथा अगाडी बढेको देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा कर्ता, कर्म र क्रियाको प्रयोग व्याकरणिक नभएकाले वाक्यहरु कवितात्मक लाग्छन् । संवादात्मक भाषाको प्रयोग भएको छ । हिमालको काख संघर्षको भुमरी जस्ता बिम्बात्मक भाषा, रे, नि जस्ता निपातले संवादमा निख्खरता थापिएको छ । बालअधिकारको नाममा भोकभोकै तड्पिएर सडकमा जीवन बिताउनु परेकाले बाल अधिकारलाई व्यङ्ग्य गर्ने व्यङ्ग्यात्मक भाषाको प्रयोग देखिन्छ ।

## ४.२.१० सिमलको भुवा कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

जगत आँखाको अपाङ्ग भएपनि दुख र सङ्घर्षका साथ क्याम्पस पढ्न आइपुगेको, क्याम्पस पढ्ने क्रममा उमासँग भेट भएको, विस्तारै दुबै को बिच मानवीय हिसावले सम्बन्ध घनिष्ट बन्दै गएको, उमाको सहयोग र सद्भावले जगतको मनमा प्रेमको मुना पलाएको, जगतले साथीको माध्यमले प्रस्ताव राखेको, समाज साथीभाइ र परिवारको डर त्रासमा उमाले अस्वीकार गरेको, त्यसै दिनदेखि जगतको साहार टुटेको, वास्तवमै अपाङ्गको अनुभूति भएको, प्रेममा असफल भएको र आत्मीय साथीको साहारा, सद्भाव र सहयोग छुटेकै कारण उत्पन्न नैराश्यताले दुर्घटनामा परी जीवन लीला समाप्त भएको विषयलाई कथाकारले रुचिक्षेत्रको रुपमा लिएका

## ख ) रीतिक्षेत्र

गरिब र अपाङ्ग भएपनि शारीरिक परिपक्वतासँगै जगतमा सलवलाएको यौन चाहाना, आफ्ना दौतरीहरुले आनन्दपूर्ण दाम्पत्य जीवन विताएको तर आफु आपाङ्ग भएकै कारणले सो यौन सुखबाट वञ्चित हुनु पर्दाको पीडा, सहपाढी साथी उमाको सहयोग, सद्भाव र माया, ममता पाएबाट जगतमा जागृत यौन चाहानाले उमालाई पत्नीको दर्जा दिन चाहेको, यौन चाहानालाई गरिबी र अपाङ्गताले छेक्न नसक्ने तर चाहानपूर्तीका क्रममा त्यस्ता कमजोरी पर्खाल बन्छन् । जगतको व्यवहार र मृत्युले उमामा उब्जाएको मानसिक तरङ्गलाई कथाले राम्ररी देखाएको हुनाले कथाले समग्रमा मनोवैज्ञानिक रीतिक्षेत्रलाई अङ्गालेको छ ।

## ग ) सारवस्तु

गरिबी र अपाङ्गले मानवीय जैविक चाहाना, आवश्यकतालाई रोक्न सक्दैन तर यीनै कमजोरी, सामाजिक सोच र संस्कार उसको जैविक चाहाना तृप्त गर्ने मामलामा पर्खाल बनेर खडा हुन्छ । फलस्वरुप सिमलको भुवा भुईमा खस्न नपाई आकाशमै विलाए जस्तै उसका चाहाना प्रस्फुटन भएर तृप्त हुन नपाउँदै यौन कुण्ठाले उसको जीवन लीला नै समाप्त हन्छ । व्यक्तिले अनेकौं खतरनाक र डरलाग्दा समस्यासँग प्रतिरोध गरेर जित्न सकेपनि यौनको मामलामा उ नतमस्तक हुन्छ भन्नु भनै यस कथाको सारवस्तु हो ।

## घ ) अर्थसापेक्ष

एउटा अपाङ्ग व्यक्तिको मनमा सहपाठी साथी उमाको सामीप्यले प्रेमको मुना पलाएको, विस्तारै जीवन साथीको रुपमा हेर्न थालेको, साथीको माध्यमले प्रेम प्रस्ताव राखेको, तर सहपाठी साथी उमाले भावी पतिको रुपमा नहेरी आत्मीय मित्र र असहाय व्यक्तिको रुपमा मात्र हेरेकीले प्रेम प्रस्ताव अस्वीकार गरेको, त्यसपछि अपाङ्ग जगतले असल साथी र साहारा गुमाउनु परेको, आफ्नो (जगतको) मनमा पलाएको प्रेमले फूल्न नपाउँदै तुषारापात भएको, सिमलको भुवा जस्तै चञ्चल र भावुक मनमा परेको आघातले जगतको जीवन लीला नै समाप्त भएको कुरालाई प्रतीकात्मक शीर्षक अनुसार सार्थक बनाएको छ ।

## ङ) दृष्टिबिन्दु

यसकथाको पात्र **जगत** अपाङ्ग र गरिब छ । क्याम्पस पढाइको सिलसिलामा उमासँगको भेट, उसको आत्मीयताले जगतमा उब्जिएको आकांक्षा, चाहाना, सो पुरा गर्ने क्रममा उत्पन्न मानसिक तनाव, उत्तार चढाव , जगतले उमासमक्ष प्रेमको प्रस्ताव राखेपछि उमामा देखिएको मानसिक तरङ्ग, जसले निम्त्याएको मित्रतामा फाटो र दुर्घटना एवं दुर्घटनामा जगतको जीवन लीला समाप्त भएपछि उमामा देखिएको मानसिक विचलन आदिलाई कथाकारले राम्ररी केलाएको छ । यसरी हेर्दा कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रहेको देखिन्छ ।

## च ) कथानकढाँचा

यस कथाको कथानक ढाँचा वृत्तकारीय देखिन्छ । जगतको मृत्युको समाचार छापिएपछि कथा सुरु भएको छ । दोस्रो भागमा उमासँगको सामिप्यले जगतमा प्रेमभाव पलाएको छ । तेस्रो भागमा जगतको प्रेम प्रस्तावलाई समाज र परिवारको डरका कारण उमाले अस्वीकार गरेको छ । अन्तिममा जगतको मृत्यूको कारण आफु भएको महसुश गर्दै

उमा विगतलाई सम्झेर पछुताएकी छिन् । यसरी कथा अन्त्यबाट सुरु भएर अन्त्यमै टुङ्गिएकाले कथानकढाँचा वृत्तकारीय शैलीमा देखिन्छ ।

### छ ) रुपविन्यास

कथाको शीर्षक प्रतीकात्मक भएको हुनाले कथाको भाषाशैली पनि प्रतीकात्मक छ । शीर्षक सिमलको भूवा राखेर सिमलको भूवाले वास्तविक धरातलमा अवतरण गर्न नपाई आकाशमै उडेर बिलाए जस्तै **जगत** र **उमा** दुबैको चाहानाले वास्तविक धरातलमा ओर्लन नपाई जीवन लीला अन्त्य भएको घटनाले कथालाई प्रतीकात्मक बनाएको छ । कथामा अनुकरणत्मक शब्द, प्रतीकात्मक भाषा, द्वित्व आदिले अभिव्यतिलाई तिख्खर बनाएको छ । यसरी हेर्दा विवृत रुपविन्यास भएको पाउँछौ ।

## ४.२.११ चिउरा र भेली कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

सामन्ती समाजको कटुवाल प्रथा, विकास निर्माणको काममा गरिब सोझा निमुखा जनतालाई सित्तैमा लगाउन सरकारी उर्दी लगाउने र कामको लागि आएको पैसा गाँउको प्रधान भनाउँदो सामन्ती शाषकले खाने, गरिब सोझा जनता आफ्नो खेतीपातीको काम छोडेर जानुपर्ने वाध्यता जस्ता गरिब एवं सोझो ग्रामीण जीवनशैलीलाई एकातिर रुचिक्षेत्र बनाएका छन्, भने अर्कोतिर **काम गर्ने कालु मकै खाने भालु** भने झैं जनताले खाई नखाई गरेको विकास निर्माणका कामलाई आफ्नो पार्टीको सरकारले गरेको भनी झुटो प्रचार गरेर सस्तो लोकप्रियता कमाउन खोज्ने राजनीतिक प्रवृतिलाई कथाले रुचिक्षेत्र बनाएका छन् ।

### ख ) रीतिक्षेत्र

सामन्ती सरकारका ठेकेदारहरुले गरिब, सोझा, निम्न वर्गका जनतामाथि गरेको अन्याय, अत्याचार, श्रम शोषण, समाजको वर्गीय असमानता, आफ्नो काम छोडेर शोषक र सामन्ती वर्गको काम गर्नु पर्ने वाध्यात्मक परिस्थिति, यसरी सकिन्छ र सधैं ? भन्दै साइला पाण्डेले विरोधको स्वर निकालेको, अहिले त जानै हुन्न, गाउँमा बस्न नभए जाउँला बरु परदेश भनेर रैमानेले विरोध गरेको तर गरिव शोषित वर्गको प्रतिनिधि भएर पनि पैसा पाएपछि शोषक कै पक्षमा लाग्ने दहिचिउरे प्रकृतिको व्यङ्ग्य, आफ्नो स्वार्थको लागि लक्ष्यबाट विचलित हुने स्वार्थी प्रवृति, सामन्ती, शोषकको र सामाजिक व्यवस्थाको खरानी पार्नु पर्ने प्रगतिवादी रीतिक्षेत्रलाई कथाले अङ्गालेको छ ।

### ग ) सारवस्तु

सामन्ती समाजका शोषक सामन्तहरुको सहयोगमा सामन्ती सरकारले कसरी गरिव जनताको शोषण गरिरहेका हुन्छन् । अज्ञानता र गरिबीको फाइदा उठाएर शोषक र सामन्ती वर्ग एवं राजनीतिक पार्टीले डर,त्रास साथै लोभ देखाएर आफ्नो अभिष्ट पुरा गरिरहेको तथ्य उजागर गर्नु नै यसको सारवस्तु हो । राजनीतिक पार्टीले चिउरा र भेली बाड्ने हल्ला चलाएर आफ्नो राजनीतिक अभिष्ट पुरा गरेको देखिन्छ । यसरी हेर्दा कथामा सारवस्तु विचारवाक्यको रुपमा प्रसाङ्गिक बनेर आएको देखिन्छ ।

## घ ) अर्थसापेक्ष

देश, परदेश घुमेर, केही टाठो बाठो बनेको, गरिब, दुःखी, शोषित, पीडित जनताको प्रतिनिधि बनेको, सामन्ती संस्कारको विरुद्ध जोडदार उत्रनुको सट्टा सय रुपैया पैसाको लोभमा फसेर पैसामा इमान्दारिता र स्वाभिमान वेच्ने नीच प्रकृतिको व्यङ्ग्य, अरुले गरेको काममा आफ्नो नाम जोडेर सस्तो लोकप्रियता कमाउन चाहने राजनीतिक पार्टीको प्रवृति एवं गरिबीको कारणले चिउरा र भेलीमै बिक्नु पर्ने वाध्यात्मक जीवन शैलीको चित्रण गरेर राजनीतिक पार्टीको आचरण र मानवीय प्रवृतिको व्यङ्ग्य गरेको हुनाले व्यङ्ग्यात्मक अर्थसापेक्ष देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कटुवालले ल्याएको खबरले सोझा, निमुखा, गरिब गाउँले जनताको मनमा उब्जिएरको आक्रोश, गाउँलेको प्रतिक्रियाबाट प्रधानको प्रतिक्रिया र उसको व्यवहार, राजनीतिक पार्टीका नेताहरुको आचरण, बोली, व्यवहारले सोझा गाउँले जनताको मनमा पारेको प्रभाव आदिको राम्ररी चित्रण गरेको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुबाट अगाडी वढेको देखिन्छ ।

## च ) कथानकढाँचा

कथानकको पहिलो भागमा कटुवालले बाटो खन्ने उर्दी लगाएको छ । दोस्रो भागमा गाउँले बाटो खन्न जाने नजाने दुविधामा परेको छ । खन्ने काम सकिएको छ । तेस्रो भागमा खनेको बाटोबाट गाडीमा आएको नेताहरु  भाषण गर्दा गर्दै कथानक सकिएको छ । यसरी हेर्दा कथानक रैखिक ढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

यसकथामा पैसामा बिक्ने मानवीय प्रवृति र शोषण दमन गर्ने सामन्ती सरकार एवं सस्तो लोप्रियता कमाउन चाहने राजनीतिक आचरणलाई व्यङ्ग्य गरिएको, त्यसैले यहाँ विवृत रुपविन्यासको प्रयोग भएको छ । ग्रामीण जीवनमा प्रचलित बोलि चालीको भाषा ( उर्दी, झारा, झारा, टण्टा, घोक, मोरा, क्यारे, डोब, दनादन) जस्ता शव्दको सन्दर्भ मिलाएर प्रयोग, आगन्तुक शव्द(प्राइमरी, ड्राइभर, ट्याक्टर), स्वाभाविकता ल्याउन (फुरुक्क) कुइनाले पहरालाई ठोक्नु, जस्ता उखानको प्रयोगले कथा संप्रेषणीय वनेको छ ।

# ४.२.१२ मान्छेको मासु कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

सामन्ती सरकार, शोषक, पीडक सामन्तीहरुले गरिब सोझा निमुखा जनतामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन, त्यसबाट परेको मानसिक तनाव, उसको ( पीडितको) मनमा पीडक शोषक सामन्ती प्रति उव्जेको आक्रोशको ज्वाला, शोषण दमनले बेचैन बनेको मानसिक स्थितिलाई कथाकारले आफ्नो रुचिक्षेत्र बनाएका छन् ।

## ख ) रीतिक्षेत्र

सामन्ती सरकार, समाज, सामन्ती प्रवृतिको घोर विरोध गर्दै त्यसको विरुद्धमा गरिब, पीडित, शोषित जनता एक ढिक्का भएर लाग्नु पर्ने, जता ततै सामन्ती संस्कारले जरो गाडेको, हरेक राष्ट्र समाज र संसारको जुससुकै ठाउँमा यस्तो संस्कार कायमै रहेको, कतै

शारीरिक शोषण गरेको त कतै मानसिक शोषण गरेको, यसको विरुद्ध गरिब, पीडित शोषित वर्ग एक भएर हातमा हात मिलाएर सामन्ती संस्कारलाई जरैदेखि उखालेर फाल्नु पर्ने प्रगतिवादी विचारलाई कथाले रीतिक्षेत्र बनाएको छ ।

## ग ) सारवस्तु

समाज, राष्ट्र एवं विश्वका जुनसुकै ठाउँमा पनि गरिब सोझा जनताको शोषण भएको, विभिन्न तरिकाले कतै शारीरिक, कतै मानसिक, कतै यौन शोषण, कतै वौद्धिक शोषण हुने र गर्ने गरेको, यसैको विरुद्धमा अनाम पात्रले कथाको अन्त्यतिर बोलेका केही वाक्यहरु नै सारवस्तुको रुपमा आएको छ ।

**मेरो रगत र पसिना पिए, मासु खाए र गिदी समेत खाएर मलाई अपाङ जस्तै वनाए । त्यसैले म तिनै नरभक्षीहरुको विरुद्धमा प्रचार प्रसार गर्ने र जनतामा चेतना फैलाउने उद्धेश्ये लिएर हिंडिरहेको छु ।**

तपाई एक्लैले कसरी त्यो उद्देश्य पूरा गर्न सक्नु हुन्छ त ? भन्ने म पात्रको प्रश्नको जवाफमा **ठीक तपाईले ठीक भन्नु भयो । एक्लैले केही गर्न सकिन्न यहाँ तपाई हामी जस्ता थुप्रैमान्छे जुट्नु पर्छ र यी मान्छेको मासु खानेका विरुद्धमा धावा वोल्नु पर्छ र त्यस्तालाई परास्त गर्नुपर्छ ।** यसरी सारवस्तु एकातिर विचार वाक्यको रुपमा आएको छ भने अर्कोतिर शास्वत बनेर आएको छ । शोषणको विरुद्ध सबै एकजुट भएर लाग्नु पर्ने विचार व्यक्त भएको छ ।

## घ ) अर्थसापेक्ष

मान्छेको मासु कथामा मान्छेको मासुलाई प्रतीक बनाएर समाज, राष्ट्र एवं विश्वका गरिव, सोझा, एवं वौद्धिक जनताको शोषण गर्ने शोषक, सामन्ती संस्कार र व्यवस्थाको घोर विरोध गरेका र त्यसका विरुद्ध शोषित र पीडित जनता सवै एक भएर लाग्न आव्हान गरिएको छ । यसरी हेर्दा कथामा प्रतीकात्मक अर्थसापेक्ष देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

यस कथामा **म** पात्र भएपनि **म** पात्र गौण रुपमा देखापरी **उ** पात्रको मानसिक संसारको चित्रण गर्नमा नै कथा आतुर देखिन्छ । यस कथामा **म** पात्रको माध्यमबाट **उ** पात्रको मानसिक उद्घाटन गरिएकोले कथा आन्तरिक परिधीय दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

**उ** पात्र मासु पसलमा आएर **साहूजी! मान्छेको मासुको कारोवार गर्नुन्छ** ? भन्ने प्रश्नबाट कथानक सूरु हुन्छ र **उ** पात्र फर्केर गएपछि **म** मात्रलाई पुनः भेट्ने तीब्र चाहाना पलाएर आउछ । यसरी पहिलो भागमा **उ** पात्रको आगमन र प्रभावले **म** पात्रमा कौतुहलता उत्पन्न हुन्छ । दोस्रो भागमा **म** पात्रको **उ** पात्रसँग भेट भएपछि सुरु हुन्छ र सामान्य परिचय पछि **उ** पात्रको मनमा सामन्ती र शोषक प्रतिको प्रतिशोधको भावना, विचार, घृणा र प्रतिक्रियाले दोस्रो भाग ओगटेको छ । अन्तिम भागमा **म** पात्रलाई पनि शोषक सामन्तको विरुद्ध आफ्नो **उ** पात्रको अभियानमा सामेल गराउन सफल भई कथानक टुङ्गिन्छ । यसरी हेर्दा कथानक रैखिक ढाँचामा अगाडी बढेको देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा विभिन्न प्रतीक विधानले गर्दा केही जटिल देखिन्छ । शोषक सामन्तीलाई मान्छेको मासु खाने नरभक्षीको रुपमा, शोषक र शोषित व्यक्ति भिन्दा भिन्दै हुने कुरालाई मासु खाने कुखुरा र अण्डाखाने कुखुरासँग तुलना गरेका छन् । कत ैकतै व्याकरणात्मक विचलनले पनि भाषामा स्वाभाविकता ल्याएको छ । मुटु छेड्ने, आँखा गाड्दै, बेली विस्तार, प्रकृतिको आगन, फाट्ट फुट्ट, भलाकुसारी, मुसुक्क, अल्लमल्ल, क्यारे, पुऱ्याई, ठूलावडा, कतै कतै, दिनानुदिन, ट्वाल्ल, नि आदि जस्ता निपात, द्वित्व, अनुकरणात्मक, टुक्का प्रतीक व्यवस्थाले भाषालाई विवृत बनाएको छ ।

## ४.२.१३ रवि होइन चन्द्र कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कथाकार भण्डारी प्रगतिवादी भएपनि **रवि होइन चन्द्र** कथालाई प्रगतिवादी कोटीमा राख्न सकिदैन । यस कथामा ठूलो खान्दानीसँग नाता जोड्ने महत्वकांक्षा, छोरीको इच्छा विपरित सम्पतिको लोभामा तीन दोव्वर जेठो बुढोसँग जवर्जस्ती विवाह गराइ दिएको, कमजोरी कसको हो नछुट्याईकन सन्तानको चाहानामा धेरै श्रीमती बटुल्ने पुरुष प्रवृति, पत्नी वा नारीको लागि पति प्रेम र बात्सल्य प्रेम नै सर्वश्रेष्ठ भएको र नारीको अस्तित्व र सार्थकता नै मातृत्वमा भएको हुनाले एउटी विवाहित नारीले मातृत्व रक्षाको लागि परपुरुष सँगको सम्वन्धलाई सहर्ष स्वीकार गरेको, नारी अस्तित्वलाई एकातिर रुचिक्षेत्र बनाएका छन् भने अर्कोतिर उच्च शिक्षाको लागि सहरै जानु पर्ने वाध्यता, सहरमा कोठा खोजेर गुजारा गर्नुपर्ने वाध्याता साथै नारी स्वतन्त्रता र अस्मिताको पक्षमा ओकालत गर्नेले नै नारी अस्मिता र अस्तित्वमाथि खेलवाड गरिरहेको सामाजिक विकृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

एउटी विवाहित नारीको अस्तित्व, महत्व र सार्थकता उसको मातृत्व र वात्सल्य प्रेम वा सुखमा हुन्छ । तर उनले वैवाहिक जीवनमा पतिप्रेम नपाएपछि यी सारा सुखबाट वञ्चित हुनुपरेको थियो । पतिको अभाव र असमर्थतामा **अञ्जना** ले आफ्नो नारी अस्तित्वलाई मेटाउन चाहिन बरु आफ्नो मातृत्वको, अस्तित्वको रक्षाको लागि परपुरुषसँगको सम्वन्धलाई सहजै स्वीकार गरी सामाजिक विसङ्गितिका बिच आफ्नो अस्तित्वलाई बचाई राख्न सफल देखिन्छे । त्यसैले यस कथामा विसङ्गतिवादी अस्तित्ववादी रीतिक्षेत्र देखिन्छ ।

### ग ) सारवस्तु

नारी जति कोमल हृदयकी हुन्छे, त्यतिनै कठोर पनि हुन्छे । यदि नारीको अस्तित्व र मातृत्वमाथि खेलवाड भयो भने नारीले उग्र रुप धारण गर्छे । आफ्नो अस्तित्व र मातृत्वको रक्षाको लागि आफ्नै पतिको विरुद्ध जस्तो सुकै कदम चाल्न पनि तयार हुन्छे । त्यसलै विवाहित नारीको लागि पतिप्रेम र मातृत्व नै सबैभन्दा श्रेष्ठ हो । यसरी हेर्दा यस कथाको अन्तिम अनुच्छेदको एउटा वाक्य नै सारवस्तुको रुपमा आएको छ **मेरो कुरा सुनेपछि उनले लजाउँदै मतिर हेरिन् र विस्तारै भनिन् रवि होइन चन्द्र ।** यो सारवस्तु एउटा परिस्थितिसँग मात्र मेल खाएको हुनाले विचार वाक्यको रुपमा प्रासाङ्गिक बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

अनमेल विवाह हुनु, जवानीले मस्त भएकी पत्नीको जैविक चाहानालाई वुढ्यौलीले छोएको पतीले पुरा गर्न नसक्नु, आफु असक्षम भएका कारण पत्नीबाट टाढा रहनु, पतिले वेवास्ता गरेकै कारण वैंशले मत्त भएकी विवाहित नारीको यौन चाहाना तीब्र हुनु र मातृत्वको अभाव खड्कनु, फलस्वरुप जवान केटाहरुलाई भाडामा घरमा राख्नु, अमृतसँगको शारीरिक संसर्गबाट छोराको जन्म हुनु, उसको नाम चन्द्र राख्नु जस्ता घटनाक्रमलाई संयोजन गरेर **रवि होइन चन्द्र** भन्ने कथा निर्माण गरेको छ । यसरी कथानक र कथावस्तुलाई समायोजन गरेर सारवस्तुलाई सरल र स्पष्ट ढंगबाट संप्रेषण गरेको हुँदा यस कथाको अर्थसापेक्ष अभिधात्मक रहेको छ ।

## ङ) दृष्टिबिन्दु

यस कथाकी पात्रा अञ्जनालाई बूढो पतिको व्यवहारले पारेको मानसिक प्रभाव, आफ्नो नामर्द पतिप्रतिको घृणा, जवान केटा देख्दा उसको मनमा उब्जिएको आकांक्षा र चाहान, विवाहित नारीले पतिप्रेम नपाउँदा उब्जिएको मानसिक उतारचढाव, अपरिचित नारी अञ्जनाले अमृतसँग पहिलो भेटमै गरेको व्यवहारले अमृतमा पारेको प्रभाव, अञ्जनाकै बारेमा सोचिरहने अमृतको वानी, एकान्तको अवसरलाई गुम्न नदिने अवसरवादी प्रवृति र अञ्जनाको मनोजगत्‌को चित्रण गरेको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रहन गएको छ ।

## च ) कथानकढाँचा

यसकथाको कथानक ढाँचा वृतकारीय छ । कथाको दोस्रो भाग कथामा पहिलो बनेर आएको छ । यसमा अमृत र नरेशले अञ्जनाको घरमा कोठा पाएको, अमृत र घरबेटी अञ्जनाको राम्रो सम्वन्ध बन्दै गएको, श्रीमान्‌को व्यवहारले अञ्जनामा घृणाको भावना अझ तीब्र भएको, आक्रोश र विरोधको ज्वाला दन्केको, यौन चाहान पूरा नहुँदा अञ्जनाको मन यौन चाहानाले व्याकुल भएको आदि घटना वर्णित छ भने दोस्रो भागमा कथाको पहिलो भाग आएको छ । जसमा अञ्जनाको विगत र बूढो पोइसँग फस्न पुगेको परिवन्दहरुलाई र विवशतालाई देखाइएको छ ।  तेस्रो भागमा अञ्जनाले अमृतलाई आफ्नो प्रेममा फसाएर जवानीको यौन चाहानालाई पूर्ति गरेको र फलस्वरुप गर्भवती भई छोरो जन्मेको , उसको नाम चन्द्र राखेको , अमृत र अञ्जनाको वार्तालापसँगै कथानक टुङ्गिएको छ ।

## छ ) रुपविन्यास

यसकथाको रुपविन्यास संवृत छ । अमृत र नरेशको वार्तालाप, अमृतसँग अञ्जनाले आफ्नो लोग्नेले पतिप्रेमबाट टाढा राख्दा आफ्नो मनमा पलाएको जैविक चाहानाको खुलासा गरेको, हरेक दिनका व्यवहारिक कुराहरु, आफ्नो (अञ्जनाको) जीवनमा घटेको घटना र त्यसले जीवनमा पारेको प्रभावलाई सरल शैलीमा अञ्जनाले व्यक्त गरेकी छिन् । कथालाई उखान, निपात, भाषिक स्वाभाविकता आउने विभिन्न शव्दहरु द्वित्व शव्दहरुले रोचक र सरल एवं रसिलो बनाएको छ । कथामा संवादको वाहुल्यता भएकोले बोलचालको मीठो भाषाको प्रयोग छ । यसरी हेर्दा कथामा संवृत रुपविन्यास देखिन्छ ।

### ४.२.१४ भाउजू कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

यस कथामा ग्रामीण समाजमा घट्ने पारीवारिक तर सामाजिक समस्याको रुपमा देखिने घटनालाई रुचिक्षेत्र बनाएको छ । सासूको नाति खेलाउने र लोग्नेको बाबु बन्ने चाहानालाई पूरा गर्न नसक्दा एउटी अवोध र निर्दोष नारीमाथि हुने गरेको अन्याय, अत्याचार, मानसिक यातना, शारीरिक यातना एवं दूर्व्यवहारलाई कथाकारले रुचिक्षेत्रको रुपमा चयन गरेका छन् ।

**ख ) रीतिक्षेत्र**

यस कथामा सासुको नाति खेलाउने र लोग्नेको बाबु बन्ने चाहानालाई पूरा गर्न नसक्दा एउटी नारीले दुःख, पीडा, यातना पाएको, सासु र लोग्नेको इच्छा पूरा नहुनुमा नारीको कुनै दोष छैन, उसलाई पनि त आफ्नो मातृत्वको चाहाना हुन्छ । निर्दोष नारीमाथि विभिन्न लान्छाना लगाउँदै बाँभ्कीको संज्ञा दिएर उसको मातृत्व र अस्तित्वमाथि औंला ठड्याउछ भने त्यस्ता अन्याय, अत्याचार र शोषण दमनको विरुद्धमा हटेर र होइन डटेर सामना गर्नु पर्छ भन्ने विचारलाई प्रगतिवादी रीतिक्षेत्रका माध्यमबाट प्रस्तुत गरेका छन् ।

**ग ) सारवस्तु**

सासुको कचकच र मानसिक यातना, लोग्नेको शारीरिक यातना सहन नसकी घरबाट निस्केकी, परिवार र समाज त्यागेर गायव भएकी छिमेकी भाउजू धेरै वर्ष पछाडी यात्राको क्रममा अचानक भेट हुँदा **म** पात्रको मुखबाट आचनक आश्चर्यको भावमा निस्केको शव्द **भाउजू** नै यसको सारवस्तु हो । यसरी हेर्दा शीर्षक अनुसारको सारवस्तु शास्वत देखिन्छ । अन्याय र अत्याचारलाई सहेर बस्नु हुन्न विद्रोह गर्नु पर्छ भन्ने कुरा नै सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

अन्याय र अत्याचार सहेर आफ्नो जीवनलाई उराठ मरुभूमि बनाउँनु हुन्न, नरक बनाउनु हुन्न, अन्याय र अत्याचारको विरुद्ध सही सशक्त कदम उठाएर विद्रोह गर्नु पर्छ । आफ्नो जीवनलाई सुन्दर बगैचा बनाएर जीवनमा  खुशीको वाहार ल्याउनु पर्छ भन्ने कुरा अधिभात्मक रुपमा आएको छ ।

**ङ) दृष्टिबिन्दु**

यस कथामा **म** पात्र भएपनि उसले भाउजूले जीवनमा पाएको दुःख, उसको वानी व्यहोरा भाउजुको जीवनमा घटेको दुःखपूर्ण घटना, उसले पाएको पीडा, यातना र अन्त्यमा आफ्नो अस्तित्व रक्षाको लागि जीवन यात्रालाई अर्कै मोड दिएर पतिप्रेम, मातृत्व र वात्सल्यप्रेमले जीवनलाई हराभरा बनाएको घटनालाई चित्रण गरेको देखिन्छ । यसरी कथामा **म** पात्र भए पनि भाउजू पात्रका जीवन घटनामै कथा केन्द्रित भएकोले यसमा आन्तरिक परिधीय दृष्टिबिन्दु रहेको देखिन्छ ।

**च ) कथानकढाँचा**

यसकथाको कथानक ढाँचा वृतकारीय देखिन्छ । कथाको दोस्रो भाग पहिलो भाग बनेर आएको छ । यस भागमा **म** पात्रले यात्राको क्रममा वर्षौं देखि हराएको भाउजूलाई

अचानक भेटेको छ । दोस्रो भागमा कथाको पहिलो भाग आएको छ । यसमा **म** पात्रले भाउजूको विवाह भएको, उसले सासुको नाति खेलाउने इच्छा पूरा गर्न नसक्दा सासु र लोग्नेबाट पाएको यातना, सोही सहन नसकी आत्महत्या गर्न लागेको, बचाएर ल्याएको र पूनः हराएको घटनालाई यस भागमा समेटिएको छ भने तेस्रो भागमा अचानक भेट पश्चात **म** पात्र र भाउजू रोएको र **म** पात्रले सहानुभूति र हौसला प्रदान गर्दै कथा सकिएको देखिन्छ । यसरी कथा वृतकारीय ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा ग्रामीण भाषिक लवज, (थोडा दुर जाइय, कितना दुर ?) कथ्य भाषाको प्रयोग (गुजारा, तन्नेरी, मोरा, राक्षस्नी व्याह, बाँझै, कंगाली अगेना, रौनक) भाषिक स्वाभाविकताका शव्द, (भुतुक्क चिटिक्क, है) विम्बात्मक भाषाको प्रयोग (आठौं अनुच्छेद), प्रतिकात्मक भाषा आदिले कथा सम्प्रेषनीय र रोचक बनाएको देखिन्छ।

## ४.२.१५ गैह्र सरकारी शहीद ! कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

यस कथाले राजनीतिक घटनाक्रमलाई चित्रण गरेको छ । निरङ्कुश शासनको विरुद्धमा प्रजातन्त्र प्राप्तीको लागि कयौं योद्धाले वलिदान दिएको, यसैक्रममा दिपकले पनि आफ्नो घर परिवारको पर्वाह नगरी वलिदान दिएको, धेरैको वलिदान पश्चात प्रजातन्त्र आएको, जनताले सोचे जस्तो परिवर्तन र सुख एवं राहतको अनुभूति गर्न नपाएको, राजनीतिक दलले चुनाव जिते पनि नहेर्ने, जनताको हितमा भन्दा दलगत स्वार्थसिद्ध गर्न तर्फ लाग्ने, सहीद जस्ता राष्ट्रिय विभूतिको नाममा पाउने सुविधालाई आफ्नो दलको व्यक्ति होइन भनेर विभेदपूर्ण व्यवहार गर्ने राजनीतिक दलको प्रवृत्ति, प्रजातन्त्रमा पनि सामन्ती सत्ताका भरौटे नै सत्तामा पुगेको, आफ्नो दलका बाहेक अरुलाई सहीदको सम्मान नदिने राजनीतिक घटनाक्रमलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

दलीय स्वार्यले प्रेरित दल, निरङ्कुश सत्ता ढले पनि त्यसका भरौटे नै पुनः सत्तामा पुगेको, प्रजातन्त्र पनि हुने खाने र वोलवालाहरुको लागिमात्र भएको, प्रजातन्त्रमा पनि सामन्ती सोचका व्यक्तिको मात्रै पकड भएको, सहीद परिवारले पाउने सुविधामा पनि रानीतीकरण हुने विकृति, प्रशासनमा पनि भनसुन र चाकडी चाप्लुसीको संस्कार कायम रहेकोले यी सामन्ती संस्कारको अवशेष भएको र यसको विनाशको लागि र गरिवब सोझा निमुखा जनताको हितका लागि अझ जागरुक हुनै पर्ने सन्देशलाई कथाले प्रगतिवादी रीतिक्षेत्रको मध्यमबाट देखाएका छन् ।

### ग ) सारवस्तु

सामन्ती शाषकको विरुद्धको आन्दोलनमा दिपक सहीद बन्न पुगको, दिपकको मृत्यु पश्चात श्रीमती अनिता र छोरा छोरीको विजोग भएको, सहीदले पाउने सहयोगको लागि धाउँदा कुनै सुनुवाई नभएको, सहयोगको लागि माइतीका भाइ जगदीस कहाँ गएर सहीदको परिवारको नाताले सहयोगको आग्रह गर्दा **उहाँ वास्तवमा शहीद होइन** भनेर जगदीसले भनेको वाक्य नै सारवस्तुका रुपमा आएको छ । यसरी हेर्दा सारवस्तु विचार वाक्यको रुपमा आएको र शीर्षक अनुसार सार्थक देखिन्छ ।

### घ ) अर्थसापेक्ष

यस कथामा मानवीय पत्र र घटनाको सम्बन्ध सरल छ । शीर्षक अनुसारको घटना घटाइएकोले कथामा अभिधात्मक अर्थसापेक्ष देखिन्छ । कथामा सारवस्तुलाई सरल र स्पष्ट ढंगबाट अभिव्यक्त गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

यस कथाको पात्र अनिताले दिपकको मृत्यु पश्चात जीवनमा व्यहोर्नु परेको पीडा, त्यसले उब्जाएको मानसिक तनाव, राजनैतिक पार्टीका नेताहरुको चरित्र, प्रशासनिक निकायका अधिकारीहरुको मनोभावना, राजनीतिक पार्टीका पुच्छरेहरुको कुटिल स्वार्थ र चरित्र एवं यी सवै पीडा र अपमानले अनिताको मनमा सल्किएको विद्रोहको ज्वाला आदिलाई कथाकारले राम्ररी उतारेर नियालेका छन् । यसरी हेर्दा कथामा वाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग देखिन्छ ।

### च ) कथानकढाँचा

कथाको दोस्रो भाग पहिलो भाग बनेर आएको छ । यस भागमा दिपकको मृत्यु पश्चात आफ्नो (अनिताको) जीवन एक्लो निरस भएपनि आफ्नो पति (दिपक) सहीद भएकोमा गौरव गर्छिन् । राजनीतिक दलले चुनाव जित्न विभिन्न सपना बाँडेको तर जितेर गएपछि फर्केर पनि नहेरेको, निरङ्कुश शासनको अन्त्य भई प्रजातन्त्र आएपनि सोझा जनताले त्यसको कुनै अनुभूति गर्न नपाएको, सहीदको परिवारले सहयोग पाउने आशामा सदरमुकाम धाएको तर नपाएपछि दुखित बनेको आदि घटनाहरु छन् । कथाको पहिलो भाग दोस्रो भाग बनेर आएको छ । यस भागमा उनको मन माइतीका वाक्यकालका (जीवन) दिनहरु तर्फ विचारण भएको छ । माइतीको सहिंला बाबाका छोरा जगदीसलाई सम्झन पुग्छन् र सहयोगको आशामा पूलकित हुन्छिन् ।

कथाको तेस्रो भाग तेस्रै बनेर आएको छ । यसमा लालावाला च्यापेर सहरमा जगदीसलाई भेट्न गएको, सहयोगको आशाले कुरा गर्दा भिनाजु (दिपक) सहीद होइन भनेर अनिताको मुटुमा सोला प्रहार गरेको, यसको पीडा र आक्रोशमा उनले प्रतिकार गरेको र दुई चार पैसाको लागि पतिको आस्था र विचार बदल्दिन भन्दै विद्रोही बनेको र सामन्ती र चाकडी एवं स्वार्थी प्रवृतिको विरुद्र आफु पनि लड्ने र छोरा छोरीलाई पनि लडाउने प्रण गर्दै कथानक सकिएको देखिन्छ । यसरी हेर्दा कथानक वृत्तकारीय ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

यस कथामा सामन्ती संस्कारबाट प्रताडित ग्रामीण महिलाको पीडालाई चित्रण गरेको हुनाले कथ्य भाषाको प्रयोग, भाषिक स्वाभाविकता झल्काउने शव्द, अनुकरणात्मक शव्द, द्वित्व शव्दहरुको प्रयोगले कथा रोचक र सरल बनेको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यासमा रहेको पाउँछौ ।

## ४.२.१६ ज्यूँदो बाघ बाँध्ने मान्छे कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

नेपाली ग्रामीण समाजमा जीविकोपार्जनको मूख्य आधार कृषि व्यवसाय भएको, हिउँद र वर्षामा मौसम अनुसार गोठलाई लेक वेंसी (ठाउँ सार्ने) चलन भएको, ग्रामीण र

विकट ठाउँमा वन्य जन्तु खासगरी बाँदरबाट बालीलाई जोगउन खेतवारीमै बसेर रखवारी गर्नु पर्ने बाध्यता, यसरी खेतवारीमा गोठबनाएर बस्दा रात विताउन कथा भन्ने र सुन्ने प्रवृति, धामी झाँक्रीमा विश्वास र भरपर्ने अन्धविश्वासी संस्कार र समाज, डंकीनी, भूतप्रेत र वायु-छोडा आदिको अन्धविश्वासको मान्यताले गाँजेको हाम्रो समाज, तन्त्र र मन्त्रद्धारा हरेक वस्तुलाई वसमा पार्न सकिन्छ भन्ने अन्धविश्वास आदिलाई यस कथाले राम्ररी समेटेको छ । यसरी हेर्दा कथाले ग्रामीण जीवनमा अन्धविश्वास र रुढिवादी परम्पराले पारेको प्रभावलाई रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

कथाले ग्रामीण समाजमा रुढिवादी एवं अन्धविश्वासले अझैसम्म कसरी जरो गाडेको छ भन्ने कुरालाई राम्ररी देखाएको छ । विशेषगरी अन्धविश्वासी मान्यता, भूत, प्रेत, बोक्सी, डङ्कीनी, टुना-मुना आदि ग्रामीण समाजका पुराना पुस्ताका मन मस्तिस्कमा जरो गाडेर बसेको अन्धविश्वासमा भर पर्दा आफ्नो वर्षदिन खाने अन्न पनि बाँदरले खाएर सखाप पारेको घटनालाई कथाकारले कथामा सरल तरिकाले देखाएका छन् । यसरी हेर्दा कथामा ग्रामीण जीवन र व्याप्त अन्धविश्वासलाई देखाउन यथार्थवादी रीतिक्षेत्रको साहारा लिएका छन् ।

## ग ) सारवस्तु

ग्रामीण समाजका पुराना पुस्ताका मन मस्तिष्कमा जरो गाडेर बसेको अन्धविश्वासलाई नै कथाले आफ्नो सारवस्तु बनाएको छ । कथाको दसौं अनुच्छेदमा बुढा पात्रले भनेको **जावो एउटा बाघलाई तह लगाउन सक्दिन** ? भन्ने वाक्यनै सारवस्तु बनेर आएको छ । यसरी हेर्दा तन्त्र मन्त्रले ज्यूँदो बाघ बाध्ने कुरागरेको हुनाले सारवस्तु काल्पनिक देखिन्छ ।

## घ ) अर्थसापेक्ष

कथामा शीर्षक अनुसारको घटना घटाएको हुनाले कथा अभिधात्मक अर्थसापेक्षमा रहेको देखिन्छ । ग्रामीण समाजमा व्याप्त अन्धविश्वास, यसबाट उत्पन्न परिस्थितिलाई सरल र ग्रामीण लवजका भाषाशैलीका माध्यमले अनुस्यूत गरिएको छ । तान्त्रिक विधिद्वारा ज्यूँदो बाघलाई बान्छु भन्ने अन्धविश्वास र घमण्डीपन र विचारलाई व्यङ्ग्य गरिएको छ

## ङ) दृष्टिबिन्दु

रुढीवादी, अन्धविश्वासी मूल्य, मान्यताले बुढा पात्रको मन मस्तिष्कमा पारेको प्रभाव, विज्ञानको चमत्कारिक युगमा पनि अन्धविश्वासले बुढाको दिमागमा घर जमाएको, आफु हार्न नचाहाने घमण्डी मानसिकता र अन्धविश्वसमा भरपर्ने बुढाको मानसिकताको राम्ररी चित्र गरिएको हुनाले वाह्य सीमित दृष्टिविन्दु देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा **उ** पात्रको आचरण प्रवृति एवं स्वभावलाई देखाएको छ । दोस्रो भागमा **उ** पात्रले आफुलाई ज्यूँदो बाघ बाध्ने विद्या भएको तान्त्रिकको रुपमा चिनाएका छन् । तेस्रो भागमा पाक्न लागेको मकै बाँदरले खाएपछि **उ** पात्र निराश भएको

छ र आफु तान्त्रिक भएको ईज्जतलाई जोगाई राख्न चतुऱ्याइ गरेको छ । यसरी कथाको घटनाक्रमलाई हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

शीर्षक प्रतीकात्मक नभएर घटनासँग मात्रै सम्वन्धित छ । कथा ग्रमीण समाजको घटनामा आधारित भएकोले परिवेश र समाज अनुसार कथ्य भाषाको प्रयोग, अन्धविश्वासी समाजमा प्रयोग हुने शव्द, द्वित्व, भाषिक स्वाभाविकताका शव्द, सरल वाक्यहरुको प्रयोग, संवादको बाहुल्यता भएको, पात्रको सामाजिक र बौद्धिक स्तर अनुसारको भाषाको प्रयोगले गर्दा कथा रोचक बन्न पुगेको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यासमा विन्यस्त भएको देखिन्छ ।

## ४.२.१७ नसोचेको कुरा कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

राजनीतिक नेताहरु चुनावको बेलामात्रै गाउँघर तछाड-मछाड गरेर जाने, जनतालाई मीठा सपना बाड्ने, भोट कुम्ल्याए पछि फर्केर पनि नहेर्ने, जनताको पीर मर्का दु:ख नबुझ्ने, अकुत सम्पती कमाएर ऐश, आराम र मोज मस्तीमा रमाउने, गरिब सोझा दु:खी जनता दु:ख दु:खमा भोक भोकै दिन काट्नु पर्ने, नेताले गरेको वाचा पूरा नगर्दा जनता विरोधमा उत्रेको गरिबीले पिसिएका जनता वाध्यताले विरोधमा उत्रेको र आफुले गरेको भूलले नेतालाई पछुतो भएको आदि घटनाक्रमलाई कथाले राम्ररी बुनेको छ । यसरी हेर्दा राजनीतिक नेताका कुटिल र स्वार्थी प्रवृति एवं जनताका विवशतालाई कथाले रुचि क्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

राजनीतिक दलका नेतामा हुने गरेको स्वार्थी र झूट वोल्ने प्रवृति, जनताका सामु बोलेका कुरालाई पूरा नगर्ने प्रवृति, चुनावका बेलामात्रै गाउँघर जाने र चुनाव जिते पछि फर्केर पनि नहेर्ने प्रवृत्ति, यसको विरुद्धमा चुनावको बेला नेतालाई गाउँ पस्न नदिएर पैंचो तिरेको यथार्थलाई यथार्थवादी रीतिक्षेत्रका आधारमा कथाले प्रस्तुत गरेको छ ।

**ग ) सारवस्तु**

यस कथाका पात्र नेता प्रकाशमान आफुले जनताका बाचा पूरा नगरेपनि आफु राष्ट्रिय स्तरका नेता भएकाले सबैले सम्मान गर्छन । पार्टीलाई सबैले सम्मान र आदर गर्छन् भन्ने लागेको थियो । आफ्नो पार्टी र नेताले जनताका बिच गरेको वाचा पूरा नगर्दा भोट माग्न गाउँ पस्ने वातावरण नभएकोले नेताहरुले झूठो आश्वासन दिनु हुन्न, झूठले वर्तमानमा फाइदा भएपनि भविष्यमा खतरा निम्त्याउँछ भन्ने आसय नै कथामा प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

राजनीतिक दलका नेताहरुको भोट कुम्ल्यउन झुट वोल्ने प्रवृत्ति, चुनाव जितेपछिफर्केर पनि नहेर्ने, जनता विवश भएर यस्ता पार्टीको विरुद्ध विरोधमा उठन पर्ने वाध्यता, नेता पुन: भोट माग्न गाउँ जान नसक्ने वातावरण आदिको राम्ररी चित्रण गरेका

छन् । नेताले चुनावका बेला गरेका वाचा र कवोल पूरा गरे ,जनताको दु:खमा साथ दिएमात्र नेता र जनताको बिच सम्वन्ध सुमधुर हुन्छ भन्ने घटना र सत्यतालाई सरल र अभिधात्मक अर्थसापेक्षतामा सरल भाषा शैलीमा अभिव्यक्त गरेका छन्. ।

**ङ) दृष्टिबिन्दु**

जनता प्रकाशमान र उसको पार्टी विरुद्ध उत्रेको, यसको कारक आफु र आफ्नो पार्टी नै भएको, चुनावका वेला गरेका वाचा, दिएका आस्वासन पूरा नगरेको, सपनामा देखेको घटनाले उसको (प्रकाशमानको) मानसिक संसारमा भुइचलो ल्याएको, यसको परिणामा ज्यानको मायाले गर्दा विरामीको अभिनय गरेको आदि घटनालाई कथाले चित्रण गरेको छ । यसरी हेर्दा कथाले प्रकाशमानको मानसिक संसारको राम्ररी विचरण गरेको हुनाले वाह्य सीमित दृष्टिबिन्दुमा कथा रचिएको देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको दोस्रो भाग पहिलो भाग बनेर आएको छ । यसमा पार्टीको प्रचार प्रसारमा जान स्थानीय कार्यकर्तासँग वस्तुस्थिति बुझ्केको, जनता आफ्नो पार्टीको विरुद्धमा उत्रेको थाहापाई त्यस ठाउँमा जाने नजाने दोधारमा परेको, सपनामा आफु (प्रकाशमान) मञ्चमा भाषण गर्दागर्दै विरोधी कार्यकर्ताले मरणासन्न कुटेको देखेपछि जानताको मन वटुल्ने आमसभामा जाने नजाने  दोधारमा परेको आदि घटनाक्रम समेटिएको छ ।

कथाको पहिलो भाग कथामा दोस्रो भाग बनेर आएको छ । सपनाबाट विउँझेपछि आफ्नो (प्रकाशमानको) विगत तर्फ कथा मोडिएको छ । दु:ख, संघर्ष, कसरी धनी र सम्पन्न भएको, जनताको साथ र सहयोगले इज्यत र मान सम्मान कमाएको आदि घटनाक्रम यस भागमा समेटिएको छ ।

कथाको तेस्रो भागमा जीउ र धन सम्पत्ती एवं ऐश आरामको मोहले पार्टीको प्रचार प्रसारमा नगई विरामीको बाहाना बनाई घरैमा सुतेर बसेको, जनताको विरोध र आक्रोशको सामना गर्न नसकी लुकेर बस्दै कथा समाप्त भएको छ । यसरी हेर्दा कथा वृतकारीय देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा सरल एवं रोचक छ । राजनीतिक घटनाक्रमलाई आधार मानेर वनाइएको कथामा आत्मा आलोचनात्मक शव्द एवं भाषाशैलीको प्रयोग, राजनैतिक शव्दहरुको प्रयोग, विपरितार्थक शव्दको संयोजन, मौखिक भाषा शैली, सामन्ती शव्दको प्रयोग, ठेट र गाउँले भाषाको प्रयोग, समासयुक्त शव्दको प्रयोग, भाषिक स्वाभाविकताका शव्दको प्रयोगले कथालाई वोधगम्य वनाएकाले कथा संवृत नै देखिन्छ

## ४.२.१८ एकादशी  कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

कथाकारले एकातिर एकादशी मान्ने, व्रत वस्ने, पूजा गर्ने, फलफूल मात्र खाने सांस्कृतिक पक्षलाई रुचिक्षेत्र बनाएका छन्, भने अर्कोतर्फ गरिबीले थिलथिलो बनाएको खेतीपातीले चार महिना खान नपुग्ने, ज्याला मजदुरी गरेर खानलाई सधैंभरी काम नपाउने, भोकभोकै दिन काट्नु पर्ने, कन्दमूल खोजेर छाक टार्नु पर्ने निम्न वर्गका ग्रामीण जीवनशैलीलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

गरिबीले गर्दा कालेले खान नपाएको, उसको परिवारलाई खेतीपातीले चार महिना पनि राम्ररी खान नपुग्ने, ज्याला मजदुरी गर्न पनि सधैं नपाउने, कन्दमुल खाएर प्राण धान्नु पर्ने, एकादशीको वहानामा भोकै बस्नु पर्ने, खाने कुरा केही नहुँदा एकादशी आइरहोस् भन्ने गरिबको चाहाना, आमाप्रतिको छोराछोरीको विश्वास र भरोसा, गरिबीको जीवनशैली र दिनचार्यालाई कथाले प्रगतिवादी रीतिशैलीमा प्रस्तुत गरेको छ ।

## ग ) सारवस्तु

एकादशीमा कालेको घरमा अगेना चिसो हुन्थ्यो, खाने कुरा पाक्दैनथ्यो तर आज गरिबीले गर्दा फेरी अगेना विहान अवेरसम्म पनि चिसै थियो । यो देखेपछि अवोध वालक कालेले आमासँग पहिलाको एकादशी, चिसो अगेना र भोक भोकै बसेको सम्झदै आमासँग सोधेको **आमा के आज पनि एकादशी हो र** ? आमा झस्किंदै आफ्नो गरीवीपनलाई सम्झंदै जवाफ दिइन् **हो वावु आज पनि एकादशी हो ।** यसरी हेर्दा कालेको प्रश्नमा आमाले दिएको जवाफ नै सारवस्तु बनेर आएको छ । सारवस्तु प्रासाङ्गिक रुपमा विचार वाक्य बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

गरिबीको मारले थला परेको कालेको परिवारमा अगेना नबल्दा अवोध वालक कालेले पहिलेको एकादशी र भोक भोकै बसेको सम्झंदै आमासँग **आमा के आज पनि एकादशी हो र** ? भनी सोज्दा आमाले आफ्नो गरीवीपनलाई छोप्दै एकादशी हो भन्छ । यसरी हेर्दा एकादशी एउटा घटनासँग सम्वन्धित बनेर आएको छ । त्यसैले कथामा अभिधात्मक अर्थसापेक्ष बनेर आएको छ ।

## ङ) दृष्टिबिन्दु

एकादशी भन्ने शव्दले कालेको मन मस्तिष्कमा पारेको प्रभाव, एकादशीप्रति मनमा उठेको घृणा, गरिबीले अगेना नबलेको दिनलाई पनि एकादशी भन्नु पर्दा आमाकी मन आत्माग्लानीले छिया छिया भएको, छोरालाई ढाट्नु पर्दा आमाको मनमा उव्जेको द्वन्द्व, साथीहरुले गरेको व्यङ्ग्य र तिरस्कारपूर्ण बोलीले एवं आमाको आज पनि एकादशी भन्ने वाक्यले कलिलो दिमागमा द्वन्द्व मच्चाएको छ । यसरी आमा छोरा दुबैको मानसिक शल्यक्रिया गरिएको हुनाले कथामा वाह्य सर्वदर्शी दृष्टिबिन्दु देखिन्छ ।

## च ) कथानकढाँचा

यस कथाको पहिलो भागमा काले उठ्दा खानेकुरा केही नपाकेको, आमा लिपपोत गरिरहेकी, एकादशी परेको, कन्दमूल खाएर वसेको, एकादशी कहिल्यै नआओस् बरु दशैं तिहार सँधैभरी आओस् भन्ने जस्ता कालेको मनमा परेको प्रभावको वार्णिक छ । दोस्रो भागमा गरिवले गर्दा एकादशीको ४/५ दिन पछि पनि अगेना नबलेको, आमालाई आज एकादशी हो भनि सोध्दा हो भनेको, भोक भोकै साथीसँग खेल्न गएको, आजपनि एकादशी रे भन्दा साथीहरुले गिज्याएको, पागल भइस् क्या हो भनेर अपमान गरेको, साथीसँग झगडा गरी घर फर्कदा आमाले एकादशी भनेको सम्झेको, आफ्नो अगाडी देख्ने हरेक वस्तुसँग रिस

उठेको, आमा प्रतिको विश्वास र आस्थामा शंका गरेको आदि कथा छन् भने तेस्रो भागमा घरमा आई आमालाई किन एकादशी भनेर ढाँटेको भन्दै झगडा गरेको, आमालाई पिटेको चिथोरेको, घैंटा फुटाएको, आमाले पूजा गर्ने देवताको तस्वीर र मूर्ति क्षतविक्षत वनाएको र कथा समाप्त भएको छ । यसरी हेर्दा कथा रैखिक ढाँचामा रचिएको देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा सरल भाषाको प्रयोग, ग्रामीण वोलचालका भाषाको प्रयोग (आँगन, विष्ट्यायो, कन्दमुल, जाती, उव्जनी, उसैको, जोइपोइ, शोलुङ्गे, तन्न), भाषिक स्वभाविकताका शव्दहरु (प्वाक्क, यलल्ल, पुलुक्क, लुसुक्क,), द्वित्व शव्दहरु आदिले कथा स्वाभाविक र रोचक बनाएको छ । यसरी हेर्दा कथा संवृत ढाँचामा देखिन्छ ।

## ४.२.१९ जन्मदाता कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कमैया मुक्तिको आन्दोलन पश्चात सरकारले कमैयाहरुलाई मुक्त गरेको, मुक्ति पश्चात जमिनदारले घरबाट निकालिदिएको, गाँसवास विनाको मुक्ति झन् सास्ती भएको, घरको बसबाट चहुरको बास वस्न बाध्य भएको, कठ्याङ्ग्रीने जाडोमा भोको पेटमा खुला आकाश मुनिको बास भएको खान र बस्नको अभावले विद्रोहीसँग मिलेर जङ्गल पस्न वाध्य भएको परिस्थितिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

समाजका शोषक र सामन्तीले पूर्खाले लिएको ऋणको बदलामा पूस्तौं पुस्तासम्म विना पारिश्रमिक काममा लगाउने, पढ्ने उमेरका वच्चाहरुलाई लौरो बोकाएर गाइगोरुको पुच्छर समाउदै जङ्गल पठाउने, विना ज्याला पुस्तौं पुस्ता काम गरेपनि कहिल्यै ऋण चुक्ता नहुने, सामन्ती प्रवृत्ति, सरकारको अदूरदर्शी निर्णय विनागाँसवासको मुक्तिले मुक्त कमैयाको जीवन कहाली लाग्दो भएको, गाँसबासको व्यवस्था विनाको मुक्तिले जीवनमा सुधार आउन नसक्ने कुरा प्रगतिवादी रीतिक्षेत्रको माध्यमले उठाएका छन् ।

### ग ) सारवस्तु

देशमा विद्रोह र क्रान्तिलाई जन्माउने सामन्ती शोषक एवं गैरजिम्मेवारी सरकार नै हो । पूर्खाले लिएको ऋण सन्तान दरसन्तानले काम गर्दा पनि कहिल्यै चुक्ता नहुने, सारा गाउँनै जमिनदारको नाममा तर गरिबको एक पाइला जमिन नहुने, सरकारले हचुवाको भरमा कमैया मुक्त गरेर विचल्ली बनाएको, जसले गर्दा खाली पेटमा खुला आकाश मुनि बास बस्न वाध्य भएको र खानकै लागि भएपनि विद्रोहीसँग मिलेर जङ्गल पस्न वाध्य भएको कुरालाई कथाले राम्ररी देखाएको छ । यसरी विद्रोह र विद्रोहीको जन्मदाता सामन्ती र शोषक परिपाटी एवं गैर-जिम्मेवारी सरकार भएको कुरालाई कथाले सावस्तु बनाएको छ । सारवस्तु कथामा प्रच्छन्न रुपमा शास्वत बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

सरकारले कमैयालाई विना गाँसवासको मुक्ति दिएको, कमैया मुक्ति पश्चात काममा लगाउन नपाउने नियम जारी गरेर मुक्ति पश्चात जमिनदारले घरबाट निकालि दिएको, कमैयाहरु घरको न घाटको भोक भोकै चहुरमा बस्नु परेको, सरकारले रोजीरोटीको व्यवस्था

नगरेपछि विद्रोहीले खाने कुरा ल्याइदिएको र प्राणधान्न विद्रोहीसँग मिलेर जङ्गल पस्न वाध्य भएको र यसरी शोषक र सामन्ती संस्कार एवं सरकारको गैर-जिम्मेवारीपन र व्यवहारले विद्रोही बन्न वाध्यपारी सरकारले नै विद्रोहीको जन्म दिएको कुरालाई कथाले अभिधात्मक अर्थसापेक्षका माध्यमले देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

यस कथामा **उ** (राजाराम) पात्रकै सेरोफेरोमा कथावस्तु घुमेको, कमैया मुक्ति आन्दोलन सफल भएपछि गाउँ फर्किदा उसको मन र मस्तिष्कमा उव्जेको भावना र विचार, आफु किन कमैया बस्नु पर्यो भन्ने कुराको जरो खोतलेको, सम्झेको, फूलमतीयालाई घरमा नदेख्दा उसको मन आँतिएको, बस्न र खानाको व्यवस्था नहुँदा उसको मनमा खेलेका भावना र विचारलाई कथाले राम्ररी चित्रण गरेको छ । यसरी हेर्दा कथाले **उ** पात्र ( राजाराम)को मानसिक उतार चढावको राम्ररी चित्रण गरेको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दमा रहेको देखिन्छ

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा आफ्नो विगत सम्झेका छन् । आफु सक्ने भएपछि जमिनदारको गोठालो बसेको, आफ्ना बाबु बाजे पनि जमिनदारको घरमा काम गर्न बसेको, आफूले बाबुलाई दास बस्नुको कारण सोधेको आदि घटना छन् । दोस्रो भागमा **उ** ( राजाराम) ले फूलमतीयालाई घरमा नदेख्नु, पीडाले छटपटाउनु, खान र बस्नको विजोग भएपछि कमैया मुक्तिलाई दूर्भाग्य सम्झेको, कामको लागि गाउँ चाहार्दा कसैले काम नदिनु, खान नपाई भोकभोकै सुत्नु आदि घटनाहरु वर्णित छन् । तेस्रोमा राती राती माओवादी आएको खानेकुरा दिएको र आफ्नो पार्टीमा लाग्न प्रोत्साहन गरेको र अन्त्यमा खान कै लागि भएपनि विद्रोहीसँग जङ्गल पसेको घटना वर्णित छ । यसरी हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

यस कथामा शैली सरल छ । तराईका ग्रामीण समाजमा प्रयोग हुने कथ्य शव्दहरुको प्रयोग, भाषिक स्वाभाविकताका शव्दहरु, सांवदमा जातीय लवज, छोटा छोटा संवादले नाटकीयताको आभाषका साथै कथालाई रोचक बनाएको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.२.२० आफ्ना मान्छे कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

छोरी चेलीले विवाह नहुन्जेल माइतीघरमा जति दुःख गरेपनि विवाह पश्चात माइतीघरको धन सम्पतिमा केही अधिकार नहुने, बाबा आमाको मृत्यु पश्चात भाउजु र वुहारीले छोरी चेलीमाथि गर्ने व्यवहार, गरिबीले गर्दा परिवार छाडेर धनसम्पतिको लागि परदेशिनु पर्ने वाध्यता, पतिको मृत्यु पश्चात पत्नीलाई अलच्छिनी, वोक्सी, पोइटोकुवा भनेर दूर्व्यवहार गर्ने सामाजिक कुसंस्कार, विधावालाई यौनपिपाशुहरुले कुदृष्टि लगाउने विकृती गरिबी र अज्ञानी भएकै कारणले सुनिताले भोग्नु परेको नियतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

समाजमा सौभाग्य खोसिएकी नारीले भोग्नु पर्ने पीडा, समाजको तिरस्कार, अपहेलना, वेइज्यती, अलच्छिनी, वोक्सी, पोइटोकुवा आदि लान्छाना, आमा बाबुको मृत्यु पश्चात माइतीमा भाउजुहरुले बिधवा चेलीमाथि गरेको निर्दयी व्यवहार, विरामी पश्चात क्उपचारको लागि प्रसस्त धन जुटाउन नसक्दा ज्यान गुमाउनु परेको गरिबीको पराकष्ठा, विधवा नारीलाई आफ्ना भनाउँदाहरुबाट नै गरिने निर्दयी व्यवहारलाई यथार्थवादी शैलीमा व्यङ्ग्य गरिएको छ ।

### ग ) सारवस्तु

वीस अनुच्छेदमा संरचित कथाको तेह्रौं अनुच्छेदमा देखिएको केही पङ्क्तिहरु नै सारवस्तुको रुपमा देखिन्छ । अनपढ र सोझी सुनिताले आफ्नो आमा-बुबाको मृत्युपछि माइतीले गरेको व्यवहारलाई सम्झदै वास्तविकता के हो र हाम्रो सामाजिक संरचना कस्तो छ भन्ने बारे सोच्ने र विश्लेषण गर्ने खुवी थिएन त्यसैले दुःख पर्दा र कसैले हेप्दा रुनु बाहेक अर्को उपाय थिएन उनका लाागि । अहिले पनि रुन मन त लागेको थियो । तर कसरी कसरी मन थामिन् र मन मनै, **मैले भन्ने माइती माइती माइतीले भन्ने किन आइती ।** भन्ने उखान नै प्रसङ्गविषयक सारवस्तु बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

सुनिताको सौभाग्यले साथ दिउञ्जेल र आमा बुबा हुञ्जेल दाजु भाउजुले राम्रो व्यवहार गरेको, सौभाग्य खोसिएपछि र आमाबुबाको मृत्यु पश्चात माइत जाँदा माइतीले वास्ता गर्न छोडेको, माइती भनाउँदाहरु नै भाग्यले ठगिएपछि टाढा हुँदै गएको, माइती भन्ने चीज छोरी चेलीको लागि आफ्नो आमा बाबु जीवित रहुञ्जेलको लागि मात्रै राम्रो हुने वास्तविकतालाई घटना र पात्रहरुको सही संयोजन मार्फत प्रस्तुत गरिएकाले कथा अभिधात्मक व्यङ्ग्यात्मक अर्थसापेक्षतामा देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा वाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । भोकाएकी र थाकेकी सुनितालाई भाउजूले गरेको रुखो व्यवहारले उनको मनमा विभिन्न तर्क वितर्क उत्पन्न भएको छ । आमा बुबा जीवतै हुँदा र अहिलेको अवस्थाको विश्लेषण गरेकी छिन् । माइतीको क्रियाकलापले सुनिताको मनमा उत्पन्न संवेगात्मक स्थितिलाई लिएर नै कथा अगाडी बढेकाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा वृतकारीय ढाँचामा देखिन्छ । कथा बिच भागबाट शुरु भएर पहिलो भाग र अन्त्य भागमा गएर अन्त्य भएको छ । पहिलो भागमा (शुरुको भाग) माइतीमा आउँदा भाउजूको वेवास्ता र निर्दयी व्यवहारले सुनिताको मन कुँडिएको छ । दोस्रो भागमा आमा बुबा र आफ्नो पति जीवित हुँदा माइतीमा भाउजूले गरेको सम्मान आदरलाई विगत तर्फ फर्केर सम्झेको छ र आफुले माइतीमा विताएका ती दिनहरु एवं लोग्नेको मृत्युसँगै समाजले सुनितालाई हेर्ने दृष्टिकोणको स्मरण गरेको छ । विवाहपछि माइतीमा हक नलाग्ने समाजिक संस्कारप्रति घृणा गरेको छ । तेस्रो भागमा माइतीले भन्दा छिमेकी काकीले सुनिताप्रति

देखाएको दया भावमा सुनिताले आमाको आकृति देखेर हुँक्क हुँक्क गरेर रोए सँगै कथावस्तु समाप्त भएको छ ।

### छ ) रुपविन्यास

कथामा संवेदनायुक्त भाषाको प्रयोग, संस्कृत भाषाको (वस्त्र श्रृङ्गार) प्रयोग, द्वित्व शव्दहरुको प्रयोग, मौखिक भाषाको प्रयोग (वीसको उन्नीस) संकेतात्मक भाषाको प्रयोग ( निष्ठुरी मायाको जालो तोडेर गएको लोग्ने फर्किएन) भाषिक स्वाभाविकताका शव्द (मुसुक्क, जुम्लुङ्ग क्यारे) पद्यात्मक भाषाशैलीको प्रयोगले कथा संवृत नै देखिन्छ ।

### निष्कर्ष

यसरी हेर्दा यस कथा सङ्ग्रह भित्र राष्ट्रवाद, विदेशमा नेपालीले भोग्नु परेको नारकीय जीवन, महिला र बालवालिकाहरुको दर्दनाक पीडा, पूंजिवादी चिन्तन, सामन्ती सोच, धार्मिक अन्धविश्वासले वालमनमा पार्ने प्रभाव, गरिबीले उत्पन्न दर्दनाक अवस्था, राजनीतिक चालवाजी, नारीहरु वेश्यालयमा बेचिएको घटना, समाजमा व्याप्त रुढीवादी मान्यता, विकृति, विसङ्गति आदिको चित्रणमात्रै छैन यसबाट मुक्तिको लागि वर्ग सङ्घर्ष नै सशक्त उपायको रुपमा देखाएका छन् । कथामा विचारहरु सशक्त रुपमा आएको छ । कलापक्ष सवल, सरल सुवोध वोधगम्य भाषा शैली सानो विषयलाई पनि गम्भिरताका साथ प्रस्तुत गरिएको छ ।

## ४.३ अविरल यात्रा  लघुकथा सङ्ग्रह

२०६३ सालमा प्रकाशित भण्डारीको अर्को लघुकथा सङ्ग्रह अविरलयात्रा हो । यसमा जम्मा ८२ वटा कथाहरु सङ्कलन गरिएको छ । सङ्ग्रहीत सवै कथालाई रचना विधाको आधारमा अध्ययन गरिएको छ ।

## ४.३.१  म मरिसकेँ कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कथाकार भण्डारी प्रगतिवादी कथाकार भएका हुनाले आर्थिक विषमताले उब्जाएको विषम परिस्थितिलाई आफ्नो कथाको रुचिक्षेत्र बनाएका छन् । नामको अगाडी 'महाकवि' को पगरी गुँथे पनी लाज ढाँक्ने धोतीसम्म नहुनुले देशको कवि लेखकको आर्थिक अवस्थाको दयनीय स्थितिलाई उजागर गरेर एकातिर कवि लेखकको आर्थिक अवस्थालाई रुचिक्षेत्र बनाएका छन् भने अर्कोतर्फ ब्राम्हण संस्कारमा भान्छामा जाँदा नयाँ धोती (कपडा) फेरेर चौकाको पिँकामा बसेर भान्छा गर्नुपर्ने परम्परागत संस्कारलाई रुचिक्षेत्र बनाएका छन् ।

### ख ) रीतिक्षेत्र

परिश्रम र लगनशीलताले महाकवि जस्तो देशको अमुल्य निधि बन्न पुगेको व्यक्तित्वले गरिबीको जाँतोमा पिसिनु परेको, जति परिश्रम गरेपनि परिश्रम अनुसारको फल नपाएको, कवि र लेखकले साहित्यको जति **सेवा गरे पनि मेवा नपाएको**, आर्थिक बिषमताले कवि लेखकको जीवन दयनीय बनेको पीडालाई प्रगतिवादी रुचिक्षेत्रका माध्यमले देखाएका छन् ।

## ग ) सारवस्तु

कवि देवकोटाले गरिबीको कारणले धोती किन्न नसकेको, घरभरी छोरी, ज्वाँई र अन्य पाहुनाका साथै भान्छामा १८/२० बर्षीया बाहुनी नानी हुँदा आफ्नो शरीरमा फेर्ने धोती नभएर लँगौटी मात्रै भएकोले आफ्नो इज्जत जाने देखेर बाँच्नु र मर्नुको कुनै अर्थ नभएको देवकोटाले **म मरिसकेँ म जिउँदो रहिन आजदेखि** । भनेको वाक्यनै सारवस्तुको रुपमा आएको छ ।

## घ ) अर्थसापेक्ष

वास्तवमा दुईजनाको अगाडि लाज छोप्न नसक्ने दयनीय आर्थिक अवस्थाको कारण कवि कलाकारको जीवन जीउँदै मरेतुल्य छ । देशको अमुल्य निधिको रुपमा चिनिने कवि कलाकारको दयनीय आर्थिक अवस्थालाई कथाले अभिधात्मक शैलिमा देखाएको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा धेरै पात्रहरुको प्रयोग भएको छ । कथामा प्रयुक्त व्यथित, बाहुनी नानी, श्रीमति, छोरी-ज्वाइँ,पाहुनाहरुको उपस्थिति देखिएपनि यी सबै पात्रहरु कवि देवकोटाको आर्थिक अवस्था, शारीरिक अवस्था एवं मानसिक अवस्थाको उजागर गर्न आएकाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथा परम्परागत ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा आफु मरिसकेको भन्दै च्यादरले पूरै शरीर ढाकेर सुतेको छ । दोस्रो भागमा व्यथितले च्यादर बाहिरबाटै **ए पागल!** भन्दै चिमोटेर उठाएको छ । तेस्रो भागमा देवकोटाले आफ्नो वाध्यता र विवशतालाई सबैका सामु पोखेका छन् । यसरी कथा समय र घटनाक्रमको तारतम्यले रैखिकढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

सोह्र अनुच्छेदमा संरचित कथा सरल एवं मौखिक भाषाशैलीमा छ । कवि देवकेटाको जीवनको वास्तविक घटनालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएकोले कथा मर्मस्पर्शी एवं संम्प्रेषणीय र संवृत रुपविन्यास देखिन्छ ।

# ४.३.२ बेग्लाबेग्लै आँखा कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

कम पारिश्रमिकमा साहुले मजदुरलाई काम लगाएको, काम अनुसारको पारिश्रमिक माग्दा साहुले पिटेको, सामन्ती सोच र शोषकका पृष्ठपोषक प्रहरीले पनि निर्मम तरिकाले पिटेको आदि घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

समाजमा देखिएको वर्गीय विभाजनले र सामन्ती सोचले कम पारिश्रमिकमा मजदुरलाई काम लगाएको, कम पारिश्रमिकको विरोधमा आवाज उठाएको, साहुले अधिकार

र काम अनुसारको पारिश्रमिकको माग गर्ने व्यक्तिलाई प्रहरीको सहयोगमा मरणासन्न हुनेगरी पिटेको वर्गीय द्वन्दलाई प्रगतिवादी रीतिशैलीका माध्यमले देखाएको छ ।

### ग ) सारवस्तु

कारखाना मालिक र प्रहरीले मजदुर युवकलाई पिटेको र दुईजना पत्रकारले एउटै घटनालाई आ-आफ्नै दृष्टिकोण अनुसार एउटाले सोही मजदुर युवकलाई निरपराध देख्ने भने अर्कोले सोही मजदुरलाई मजदुर भाँड्ने नेता वा अपराधी देख्ने दृष्टिकोण नै सारवस्तु बनेर आएको छ । सामन्ती नजरले भडुवा नेता देख्छ भने सर्वहारा दृष्टिले निरपराध देख्ने हुनाले यो सारवस्तु शास्वत बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा शीर्षक अनुसारको घटना घटाइएकोले कथा अभिधात्मक अर्थसापेक्षतामा देखिन्छ । अधिकार र उचित पारिश्रमिकको माग गर्ने मजदुरलाई साहु र प्रहरीले पिटेको, एउटै घटनालाई दुई पत्रकारले आ-आफ्नै दृष्टि र सोच अनुसार टिपोट गरेको र छापेको घटनालाई अभिधात्मक शैलीले प्रस्तुत गरेको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा घटित घटनाको माध्यमले मजदुर युवक, कारखाना मालिक, प्रहरी एवं दुबै पत्रकारको मानसिक सोच दृष्टिकोण एवं प्रवृतिको राम्ररी उद्घाटन गरेकाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

यस कथामा कथानकढाँचा रैखिक रहेको छ । कथाको पहिलो भागमा दुईजना पत्रकार चियापसलमा बसेर चिया पिइरहेको छ । दोस्रो भागमा मजदुर युवकमाथि मालिक र प्रहरीले निर्दयी प्रहार एवं घटना वारे सोधखोज र तेस्रो भागमा दुवै पत्रकारले समाचार सम्प्रेषण गरी पत्रिकामा प्रकाशन गरेको र कथानक सकिन्छ ।

### छ ) रुपविन्यास

सामन्ती शोषकले निम्न वर्गका व्यक्तिलाई हेपेर बोल्ने शव्दको (साला, पाजी) प्रयोग, पत्रकारिताको भाषा आदिले कथालाई रोचक वनाएको छ । घटना र अभिप्रायलाई सरल ढंगबाट संम्प्रेषण गरिएको हुनाले कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.३.३ रात्रिभोज कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

होटलमा भोज (पार्टी) दिने चलन बढ्दै गएको, होटलहरुले यौन धन्दा (व्यवसाय) चलाउने गरेको, ग्राहकहरुलाई आकर्षित पार्न होटलहरुमा वेश्याहरु राखेर होटल व्यवसाय सञ्चालन गर्ने गरेको, आफ्नै बाबु र छोरी ग्राहक र वेश्याको रुपमा आमुने सामुने भएको, समाजमा होटल व्यवसायले मौलाएको विकृतिलाई कथाले रुचिक्षेत्र वनाएको छ ।

## ख ) रीतिक्षेत्र

होटल व्यवसायमा फस्टाउदै गएको यौन धन्दा र यसले समाजमा मौलाउँदै गएको विकृति र विसङ्गतिलाई यथार्थवादी प्रयोगवादी रीति शैलीमा कथाले उद्घाटन गरेको छ ।

## ग ) सारवस्तु

सहर वजारमा च्याउसरी खोलिएका होटलहरु खाने र वस्नको लागि नभएर यौन व्यवसाय चलाउने स्थानको रुपमा विकसित हुँदै गएको वास्तविकतालाई उजागर गरेको छ । नारीलाई भोग्य वस्तुको रुपमा हेर्ने व्यक्तिले आफ्नै छोरीलाई वेश्याको रुपमा देख्दा छोरी र पिताको पवित्र नाता सम्वन्धका कारण होस हवास उडेको, त्यसैगरी अन्य नारीहरुलाई पनि भोग्यवस्तुको रुपमा होइन पवित्र नजरले हेरिनु पर्छ भन्ने कुरानै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

जसरी आफ्नो छोरी पवित्र नजरले हेरिन्छ त्यसरी नै अन्य नारीहरुलाई हेरिनु पर्छ । नारीलाई भोग्य वस्तुको रुपमा होइन पवित्र नजरले हेर्नुपर्छ भन्ने कुरा नै घटना र विषयवस्तुको संयोजनले अभिधात्मक शैलीमा देखाएको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा होटल मेनेजर, मालिकको ग्राहक प्रतिको व्यवहार, **उ** पात्रको आन्तरिक मनोदशा, अन्य नारी र छोरीलाई हेर्ने दृष्टिकोण, छोरीको पितालाई देखेपछिको मानसिक एवं शारीरिक अवस्थालाई कथाकारले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृटिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा रक्सिले मात्तिएको **उ** पात्र मेनेजरलाई बोलाएको छ । दोस्रो भागमा मेनेजरले राम्रो माल पठाएको छ । भने तेस्रो भागमा आगन्तुक सुन्दरीलाई देख्ने वित्तिकै **उ** पात्र र आगन्तुक सुन्दरी पात्रको होसहवास उडेको छ । यसरी कथा क्रमवद्ध भएर रैखिकढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा सरल एवं विकृति र विसङगति उजागर गर्ने सशक्त कथाको रुपमा देखिएको छ । कथामा प्रयुक्त अंग्रेजी शव्द, भाषिक स्वाभाविकताका शव्द (प्रफुल्ल), संकेतात्मक शव्द (माल),अनुकरणात्मक शव्द (घ्र्याक्क, टकटक, स्वात्तै), सामन्ती शव्द (हजुर), संस्कृतका शव्द (कन्या) आदि शव्द संयोजनले कथा संवृत नै देखिन्छ ।

## ४.३.४ गाइड मास्टर कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

शिक्षण पेशामा लागेका शिक्षक-शिक्षिकालाई कम पारिश्रमिक दिएको, जसले गर्दा घर खर्च चलाउन गाह्रो परेको, त्यसै कारणले घर खर्च सजिलो बनाउन गाइड निकालेको, ट्युसन पढाउने गरेको,आफ्नो गाइड किनेर पढोस् र आफु कहाँ ट्युसन पढ्न आओस भनेर सबै विद्यार्थीलाई फेल गरेको, पिताको नियत बुझ्रेर छोरी दु:खी बनेको र यसरी शिक्षामा देखिएको व्यवसायिकतासँगै मौलाएको विकृतिलाई रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

कथाकारले कथालाई कुनै न कुनै रुपले आर्थिक पक्षसँग गाँसेर त्यसले निम्त्याएको विकृतिको विरोध गरेका छन् । यस कथामा आफ्नो शिक्षण पेशाको कम तलबका कारण घरखर्च, छोरीको स्कुल खर्च जुटाउन गाइड लेखेको, आफुले लेखेको गाइड बिकाउन र आफुसँगै ट्युसन पढ्न बाध्य बनाउन सबै विद्यार्थीलाई फेल गरेको र आफ्नो गाइड बेचेर र ट्युसन पढाएर पैसा कमाउने नियतलाई कथाकारले प्रगतिवादी रीतिक्षेत्रका माध्यमले देखाएका छन् ।

**ग ) सारवस्तु**

यस कथामा सारवस्तु प्रच्छन्न रुपमा प्रासाङ्गिक बनेर आएको छ । आफुले लेखेको गाइड किनेर पढ्न र आफुसँगै ट्युसन पढ्न बाध्य बनाउन अरुका गाइड पढेर लेखेका विद्यार्थीलाई कम नम्बर दिएर फेल गराएको, पैसा कमाउन गाइड लेख्ने र विद्यार्थीलाई गाइड गर्न सिपालु देखिएकोले शीर्षक अनुसारको सारवस्तु सार्थक देखिन्छ ।

**घ ) अर्थसापेक्ष**

शर्माजीको पैसा कमाउने नियतलाई छोरीको माध्यमले विरोध गरिएको छ । गाइड मास्टर प्रतीकको रुपमा नभई घटनासँग सम्बन्धित भएकोले कथामा अभिधात्मक अर्थसापेक्ष देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

यस कथाका पात्र शर्माजीको गाइड विकाउने र ट्युसन पढाएर पैसा कमाउने नियत र बाबाको भनाइले छोरीको मनमा परको प्रभाव र उनको चेहराबाट प्रस्फुटन भएको भावको अभिव्यक्तिले कथालाई बाह्य सर्वदर्शी दृष्टिबिन्दुमा राखेको छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा शर्माजीले विद्यार्थीको कापी जाँचको र सबै विद्यार्थी फेल भएको प्रसङ्ग छ । दोस्रो भागमा सबै विद्यार्थी किन फेल भएको भनी जिज्ञासा राखेको र शर्माजीले पैसा कमाउने कु-नियतले फेल गरेको तथ्य उद्घाटन गरेको छ । तेस्रो भागमा शर्माजीको अभिव्यक्तिले छोरीको मनलाई दुःखी बनाएको र आमालाई खोज्दै भान्छातिर गएपछि कथानक सकिएको छ । यसरी हेर्दा कथानक रैखिक ढाँचामा छ ।

**छ ) रुपविन्यास**

थोरै शब्दमा धेरै भावको अभिव्यक्ति, छोटो संरचना, भाषिक स्वभाविकताका शब्द( मुसुक्क), सरल अभिव्यक्ति एवं कौतुहलपुर्ण घटना र संयोजनले कथालाई संवृत रुपविन्यासमा पुचाएको छ ।

### ४.३.५ व्यथित कविता कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

पत्रिकामा खालीठाउँ बाँकी बसेको, पत्रकार खालीठाउँ भर्नकै लागि कवि कहाँ कविता माग्न गएको र कविले पनि पत्रकारले भने जस्तै कविता रचना गरेर दिएको घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

पत्र पत्रिकाले साहित्यिक लेख रचनालाई स्थान दिन छोडेको , साहित्यलाई पत्रिकाको खाली ठाउँ भर्ने रचनाको रुपमा प्रयोग गरेको , स्वतस्फुर्त नभएर पत्रिकाको खाली ठाउँलाई ध्यान दिएर रचनाको तयारी गर्नु पर्ने विकृति र कविहरुको वाध्यात्मक स्थितिमा सुधार हुनुपर्छ । साहित्यलाई पत्र पत्रिकामा स्थान दिनु पर्छ । साहित्यको सम्मान हुनुपर्छ । कवि कलाकारको वाध्यात्मक स्थितिमा सुधार हुनुपर्ने प्रगतिवादी सोच देखिन्छ ।

**ग ) सारवस्तु**

कविहरुले आफ्नो रचना बेच्नु पर्ने, पत्रपत्रिकाको खाली ठाउँलाई ध्यान दिएर पत्रकारको निर्देशन अनुसारको रचना गर्नु पर्ने संस्कारको अन्त्य हुनुपर्छ । साहित्यको सम्मान हुनु पर्छ, भन्ने यथार्थता नै प्रच्छन्न रुपमा शास्वत बनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

सहित्यको गहनता र श्रेष्ठतालाई बुझ्न नसक्ने र पत्रिकाको खालीठाउँ भर्ने लेख रचनाको रुपमा हेर्ने पत्रकारहरुप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो रचनालाई पत्रिकाको खालीठाउँ भर्न दिने कविको लाचारीपन एवं उसको वाध्यतालाई कथाले व्यङ्ग्य गरेका कारण अर्थसापेक्ष व्यङ्ग्यात्मक बन्न पुगेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा कवि पात्रको उपस्थिति देखिएपनि पत्रकार वन्धुहरुको साहित्यलाई हेर्ने दृष्टिकोणलाई प्रष्ट्याउन कै लागि आएका कारण कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ । पत्रकारले साहित्यलाई खाली ठाउँ भर्ने रचनाको रुपमा लिएको घटनालाई कथाले देखाएको छ ।

**च ) कथानकढाँचा**

कथा रैखिकढाँचामा नै देखिन्छ । कथाको पहिलो भागमा पत्रकार आफु आउनुको कारण पत्रिकामा केही ठाउँ खाली वसेको कारण साहित्यिक रचना माग्न आएको कुरा खुलाएको छ । दोस्रो भागमा पत्रकारले कविजीलाई कम्प्युटर जस्तै दिमाग भएको भने पछि कविजी फुर्किएको छ । तेस्रो भागमा पत्रकारले आजै चाहिन्छ भनेपछि कविजी कागज र कलम लिएर लेख्न बसेको छ ।

### छ ) रुपविन्यास

कथा सरल एवं वोलचालको भाषामा रचिएको छ । पत्रकारितामा प्रयोग हुने शब्द ( प्रेस), आगन्तुक शब्द (कम्प्युटर), अभिवादन शब्दहरु (महोदय, नमस्कार, हजुर), द्वित्व शब्द, भाषिक स्वाभाविकताका शब्द, निपात आदिको प्रयोगले कथा रोचक एवं वोधगम्य देखिन्छ ।

## ४.३.६ माटोको सुवास कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

सही साहित्यकारको सम्मान नभएको, शासक एवं शोषकको स्तुतिगानलाई नै साहित्य र गुणेगारलाई नै साहित्यकार मान्ने सामन्ती समाज, साहित्य, कला र दर्शनको महत्व नै नभएको समाजमा साहित्य रचना गरेर गुजारा नचलेपछि टन्टलापुर घाममा बारी खनिरहेको, एक हिसावले अवसर र सम्मानको अभावले प्रतिभा पलाएन भएको परिस्थितिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

जनताका समस्या, पीडालाई र समाजको मर्मलाई उजागर गर्ने जनपक्षीय साहित्यकारको अपमान गरेको, शासक र शोषकको स्तुतिगानलाई नै साहित्य र गुणेगारलाई नै साहित्यकारको संज्ञा दिने सामन्ती र शोषक समाज, असली कवि कलाकारहरुको घाँटी रेट्ने, कलम भचिदिने र रचनाहरुलाई पोलिदिने सामन्ती शोषक समाज व्यवस्थाको विरोध गर्न कथाले प्रगतिवादी रीतिक्षेत्र अङ्गालेको छ ।

### ग ) सारवस्तु

यस कथामा सारवस्तु विचार वाक्यको रुपमा शास्वत सारवस्तु बनेर आएको छ । जनपक्षीय साहित्यकार जो जनताका हरेक पीर, मर्का र पीडालाई आफ्नो रचनामा समाहित गछ । उनै वास्तविक साहित्यकार हो, जो साहित्यकार ढुङ्गा, माटो, हलो, कुटो कोदालो आदि सँग हातेमालो गर्दै खेतबारीमा पसिना चुहाँउछ । ,परिश्रम गर्छ । उसका रचनामा पनि माटोकै सुवास आउँछ । भनी अन्तिममा आएको वक्य नै सारवस्तुको रुपमा आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा सामन्ती शोषक एवं शासकले आफ्नो स्तुतिगान गाउने रचना र रचनाकारलाई मात्रै साहित्य र साहित्यकारको दर्जा दिने गरेको, असली साहित्यलाई पोलिदिने र साहित्यकारको कलम भाँचिदिने सामन्ती, शोषक, शासकको विरोध गरिएको हुनाले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथा वाह्य सीमित दृष्टिबिन्दुमा संरचित छ । कथामा **म** पात्रको उपस्थिति देखिए पनि **म** पात्रले **उ** पात्रकै मनस्थितिलाई उजागर गर्नमै सहायक भूमिका खेलेका हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा  देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको कथानकढाँचा रैखिक देखिन्छ । पहिलो भागमा **म** पात्र **उ** पात्रलाई भेट्न गाउँ गएको, दोस्रो भागमा **म** पात्रले **उ** पात्रसँग साहित्यिक रचना माग्न गएको, आफ्नो वाध्यता र पीडालाई व्यक्त गरेको, सामन्ती र शोषकप्रति आक्रोश व्यक्त गरेको र तेस्रो भगमा **उ** पात्र **म** पात्र कहाँ रचना लिन गएको र रचनामा माटोको सुवास आएको भाव व्यक्त गरेको छ । यसरी कथा श्रृखलित भएर रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथामा घटनालाई सरल भाषा र शैलीमा व्यक्त गरिएको छ । ग्रामीण जन-जीवनलाई प्रतिविम्बन गर्ने भाषा, शैली शब्द (सुकुल, कोदाली, बारी, क्यारे), भाषिक स्वाभाविकताका शब्द (मुसुक्क) , निपात आदिले गर्दा कथालाई संवृत रुप प्रदान गरेको छ ।

## ४.३.७ शुक्रवार कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

कार्यालय समयमा नै हाकिम कुर्सीमा नै निदाएको, कार्यालय समय सकेपछि पियन वाहेक अन्य कर्मचारी घर गएको, हाकिम ब्युँझेपछि कर्मचारी नदेखेको र पियनलाई बोलाएर सोधेको र भगुवा भन्दै हाजिरी कापीमा रातो चिन्ह लगाएको, बाहिर सोवाग्रही पनि कोही नदेखेपछि पियनसँग सोधेको र पियनले आज शुक्रवार भएको बताएको घटनालाई कथामा देखाएको छ । कथामा सरकारी हाकिमको गैह्रजिम्मेवारी क्रियाकलापलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

यस कथामा कथाकारले प्रगतिवादी रीतिक्षेत्रलाई नै अङ्गालेको छ । यस कथामा पात्र **हाकिम** शोषक र सामन्ती मनोवृत्तिको प्रतिनिधि हो भने **पियन** पीडित, शोषित निम्न वर्गीय चरित्रको प्रतिनिधि हो त्यसैले कथामा प्रतिवादी रीतिक्षेत्र देखिन्छ ।

**ग ) सारवस्तु**

कथामा सारवस्तु विचार वाक्यको रुपमा शास्वत बनेर आएको छ । हाकिम कुर्सीमै निदाएको, ब्युँझदा पौने चार बजेको, पियनसँग अन्य कर्मचारीको बारेमा सोधेको, पियनले घर गएको कुरा भनेको र हाकिम कार्यालय बाहिर निस्केर किन यस्तो शुन्य ? भनेर सोधेको जवाफमा पियनले **सर आज शुक्रवार** भनेको वाक्य नै सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

सरकरी कार्यालयको हाकिमको गैह्रजिम्मेवारी एवं लापर्वाही क्रियाकलाप, त्यसले सेवाग्रही एवं अन्य कर्मचारीले व्यहोर्नु परेको सास्तीलाई कथाले देखाउने प्रयास गरेको छ । सरल शब्द, भाषाशैली एवं घटनाका माध्यमले सरकारी कार्यालयका हाकिमहरुको सामन्ती मनोवृत्ति र गैह्र- जिम्मेवारी क्रियाकलापको भण्डाफोर गरेका छन् ।

**ङ) दृष्टिबिन्दु**

कथा **उ** पात्रको वरिपरी घुमेको छ । कथामा **उ** पात्रको क्रियाकलाप, बोली व्यवहार, उसको मानसिक स्थिति आदिको चित्रण गरेको हुनाले वाह्य सीमित दृष्टिबिन्दु देखिन्छ ।

### च ) कथानकढाँचा

कथामा घटनाहरु श्रृङ्खलित भएर आएका छन् । घटनाहरु एकपछि अर्को क्रमबद्ध रुपमा आएका हुनाले कथा रैखिक ढाँचामा रहेको देखिन्छ । पहिलो भागमा हाकिम ब्युँझेर नखाने आत्मप्रतिज्ञा गरेको, दोस्रो भागमा पियनलाई बोलाएको , आक्रोशित हुदै हाजिरकपीमा रातो चिन्ह लगाएको र तेस्रो भागमा बाहिर निस्केर किन शुन्य? भन्दै सोधेको र पियनले शुक्रवार भएको कुरा जानकारी गराएको छ ।

### छ ) रुपविन्यास

कथालाई सरल एवं सरस भाषाशैलीमा व्यक्त गरेका छन् । संवाद र छोटा-छोटा वाक्यले गर्दा कथामा नाटकीयता झल्किन्छ । द्वित्व शब्द, निपात, भाषिक स्वाभाविकताका शब्द आदिले कथा रोचक एवं कौतुहलमय देखिन्छ । यसरी हेर्दा कथामा कुनै प्रतीक नभएर कथा घटनाको सोझो वर्णनमा भएकोले संवृत रुपविन्यास देखिन्छ ।

## ४.३.८ श्राद्ध  कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

हजुरबुबाको नाममा बाबु र छोरासँगै बसेर श्राद्ध गरेको, श्राद्ध कार्य सकिएपछि पिण्डलाई खोलामा बगाई दिएको, खोलामा (पानीमा) बगाएपछि आफुले चाहेको ठाउँमा पुग्ने रहेछ । भन्ने छाप अवोध वाल मस्तिष्कमा परेको, खेतमा काम गरिरहेको बुबाको लागि पठाएको खाजा छोराले बुबा भएको ठाउँसम्म पुगोस् भन्दै नदीमा बगाई दिएको घटना कथामा वर्णित छ । यसरी हेर्दा एकातिर हिन्दु धर्म, संस्कार एवं संस्कृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ । अर्कोतिर यो संस्कार र संस्कृतिले अवोध वाल मस्तिष्कमा परेको नकारात्मक प्रभावलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

कथामा समाजका मूल्य मान्यताहरुलाई प्रस्तुत गर्दै त्यसले अवोध वाल मस्तिष्कमा परेको नकारात्मक प्रभावलाई प्रस्तुत गरेर कथाले सामाजिक यथार्थवादलाई रीतिक्षेत्र बनाएका छन् । बुबाले हजुरबुबाको नाममा श्रद्ध गरेर पिण्डलाई खोलामा बगाएको घटना वालक नातिले देखेको, पानीमा बगाएको खाना स्वर्गमा त पुग्छ भने खेतमा पनि पुगी हाल्छ नि भन्दै खेतमा काम गरिरहेको बुबाको लागि लगेको खाने कुरा पानीमा बगाई दिएर छोरा घर फर्केको घटनालाई कथाले देखाएको छ ।

### ग ) सारवस्तु

वालवालिकाका दिमाग भनेका खाली पान्ना जस्तै हो । जे सिकायो, जे देखायो सोही कुराले वाल मस्तिष्कमा गहिरो छाप छोडछ । त्यसैले यथार्थ भन्दा बाहिरको मनगढन्ते, काल्पनिक एवं रुढीवादी कुराहरुबाट सधै टाढा राख्नु पर्छ भन्ने कुरा नै प्रच्छन्न रुपमा शास्वत सारवस्तु बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

समाजमा पितृको नाममा श्रद्ध गर्ने परम्परा, परम्परा र संस्कारको या भनौं बालबालिकाको जिज्ञाशाको सही समाधान नगराउने चारित्रिक दोषले वाल मस्तिष्कमा

पारेको नकारात्मक प्रभावलाई कथाले सरल भाषाशैली, पद-पदावली, सरल घटनाका माध्यमले प्रस्तुत गरेका हुनाले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा बाबु छोराको वार्तालापसँगै श्राद्धप्रतिको धारणा एवं श्राद्ध गर्ने संस्कार र परम्पराले वालकको मनमा परेको प्रभावलाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दु देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा बाबु छोराको वार्तालापसँगै श्राद्ध गर्ने कार्य सकिएको, दोस्रो भागमा पिण्डलाई नदीमा बगाई दिएको र तेस्रो भागमा खेतमा काम गरिरहेको बाबुको लागि छोराले ल्याएको खानेकुरा खेतसम्म जा भन्दै नदीको पानीमा बगाइदिएको घटना वर्णित छ । यसरी हेर्दा कथा रैखिकढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथामा कथ्य परम्परामा प्रचलित वाक्यढाँचा, संस्कार जन्य शब्दहरु (श्राद्ध, पिण्ड), ग्रामीण जनजीवनलाई प्रतिविम्बन गर्ने शब्दहरु (कुम्लो, वेसी, खेत), धार्मिक आस्थाका शब्द (स्वर्ग), पहिलो घटना र दोस्रो घटना बिचको अन्तराललाई (+) चिन्हले छुट्याइएको छ । कथामा संवाद भएकाले नाटकीय शैली पनि छ । यसले कथालाई रोचक बनाएको छ । यसरी हेर्दा संवृत रुपविन्यासमा विन्यस्त छ ।

## ४.३.९ स्वतन्त्र निर्वाचन  कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

निर्वाचनमा सत्तापक्षले परिणामलाई आफ्नो पक्षमा ल्याउन धाँधली गरेको, विरोध गर्ने विपक्षलाई अवरोध खडा गरेको भन्दै करवाही गरेको, अनुपस्थित मतदाताको नामबाट पनि सत्तापक्षका कार्यकर्ताले मत खसालेको, अर्को दिन समाचारले सत्ताधारी पार्टीको नाममा परिणामा घोषणा गरेको, अन्य पार्टी र जनताले परिणामलाई स्वीकार्न विवश भएको प्रजातान्त्रिक पारिपार्टीको विकृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

प्रजातन्त्रमा पनि चुनावलाई आफ्नो पक्षमा पार्न सत्ताधारी पार्टीले ठूलो शक्ति प्रयोग गरेको, व्यापक कार्यकर्ता परिचालन गरेर धाँधली गरेको, विरोध गर्नेहरुलाई चुनाव भाँडेको आरोपमा कारवाही गर्दै मतदान गर्न नआएकाहरुको नामबाट पनि सत्ताधारी पार्टीका कार्यकर्ताले मतदान गरेको र प्रजातन्त्रमा पनि सत्ताधारी पार्टीमा देखिएको सामन्ती प्रवृत्तिको व्यङ्ग्यात्मक विरोध गरेको छ । यसरी हेर्दा कथा सत्ताधारी पार्टीमा देखिएको सामन्ती प्रवृत्तिको विरोध गरेको हुनाले प्रगतिवादी रीतिशैलीमा देखिन्छ ।

## ग ) सारवस्तु

प्रजातान्त्रिक परिपाटीमा पनि सत्ताधारी पार्टीले परिणामलाई आफ्नो पक्षमा बनाउन कुर्सीको आडमा, सहयोगको नाममा धाँधली गर्छन् । प्रजातन्त्रको नाममा नै जनताको हक र

अधिकारलाई सत्ताधारी पार्टीले हनन् एवं कुष्ठित गर्छन भन्ने कुरा नै सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

कथामा निर्वाचनलाई आफ्नो पक्षमा पार्न सत्ताधारी पार्टीले गरेको क्रियाकलापलाई सरल एवं सोझो पराले प्रस्तुत गरेर प्रजातान्त्रिक पद्धतीमा देखिएको विकृतिलाई व्यङ्ग्य गरिएको छ । त्यसैले कथामा अभिधात्मक व्यङ्ग्यात्मक अर्थसापेक्ष देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा पात्रहरुको उल्लेख गरिएपनि पात्रको माध्यमले घटनाक्रमलाई नै विशेष जोड दिएको हुनाले कथा वाह्य वस्तुपरक दृष्टिविन्दुमा रचिन गएको देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा चुनावलाई शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष बनाउन ठूलो शक्ति लगाएको छ । दोस्रो भागमा सत्तापक्षीय कार्यकर्ताले सहयोगको वाहानामा जनताको नामबाट आफैले मत खसालेको, विरोधीलाई चुनाव भाँडेको आरोपमा कारवाही गरेको घटना छ । तेस्रो भागमा रेडियोमा सत्ताधारी पार्टीको पक्षमा चुनावी परिणाम आएको घोषणासँगै कथा अन्त्य भएको छ । यसरी हेर्दा कथा श्रृङ्खलाबद्ध भएको हुनाले रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

चुनावका बेला प्रयोग हुने राजनीतिक शब्दहरु (स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण), अंग्रेजी शब्द (भोट), पत्रकारिताको भाषा, सत्ताधारी पार्टीको क्रियाकलापलाई व्यङ्ग्यात्मक विरोध गरिएको हुनाले कथा रोचक एवं प्रभावकारी देखिन्छ । त्यस्तै घटनाक्रमको समयको अन्तराललाई (+) चिन्हले देखाइएको छ ।

## ४.३.१० टी.भी.को करामत कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

गाउँका धनी सम्पन्न परिवारको जीवनशैली, उसको रवाफ, लवाई खवाई, उसले अन्य गरि्बको तुलनामा उपभोग गरिरहेको सुविधा र यश, आरामको जीन्दगी, गाउँघरमा टी.भी. भने पछि अनौठो मनोरञ्जनको साधन हुने, हेर्नको लागि छिमेकीहरु पनि जम्मा हुने, सम्पन्न र धनी व्यक्तिको घरमा चोर आउने घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

चन्द्रकान्तको परिवार धनी सम्पन्न भएको, गाउँले जीवन भएपनि अरु गाउँलेले नभोगेका सुख सुविधाको साथै टी.भी. को माध्यमले भरपुर मनोरञ्जन लिइरहेका, अरु गरिब गाउँलेका लागि टी.भी भन्ने कुरा **आकाशको फल आखातरी मर** भएको अरु गरिब गाउँले चन्द्रकान्तकै जस्तो यश, आराम र सम्पन्न जीवनशैली नहुँदा उदास बनेका, सम्पन्न धनी भएको कारणले चन्द्रकान्तको घरमा लुटपाट भएको घटनालाई देखाइएको छ । यसरी हेर्दा कथमा हरेक घटना र प्रतिघटनाको पछि आर्थिक नियत्ववाद भएको कारणले कथा प्रगतिवादी रीतिक्षेत्रमा आधारित देखिन्छ ।

## ग ) सारवस्तु

चन्द्रकान्तको घरमा ठूलो आवाज पारेर टी.भी. हेर्नु, चोरहरु आएर लुटपाट मच्चाउँदा चन्द्रकान्तको परिवारले चोर ! चोर ! चोर ! बचाऊ ! बचाऊ र गुहार ! गुहार भन्दै मद्दत मागेपनि छिमेकीले त्यो आवाजलाई टी.भी मै भएको मारपिटको आवाजको रुपमा लिनु र चोरले निर्धक्क रुपमा चोर्न पउनुलाई टी.भी. को करामतको रुपमा लिएको छ । यसरी हेर्दा कथामा सारवस्तु प्रच्छन्न रुपमा प्रासङ्गिक बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

टी.भी.को करामत **शीर्षक** कथामा प्रतीक बनेर नआईकन घटनासँग सम्बन्धित बनेर आएको छ । राती ठूलो स्वरमा चन्द्रकान्तको घरमा टी.भी. बजाएको , चोरले लुटपाट मच्चाउँदा गुहार मागेको आवाजलाई छिमेकीले टी.भी. बाट आएको आवाज सम्झेर छिमेकी चुपचाप बसेको र चोरले आरामले डकैती गरेको घटनालाई कथाले देखाएको हुँदा कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा चन्द्रकान्तको परिवारको जीवनशैली एवं गरिब गाउँलेले आफ्नो कर्मलाई धिक्कारदै मनमा उब्जाएको नैराश्यलाई कथाले देखाएको हुनाले कथा सर्वदर्शी दृष्टिबिन्दुमा रहेको देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा चन्द्रकान्तको परिवार सम्पन्न भएको, टी.भी. राखेर भरपुर मनोरञ्जन पनि लिएको कुरा उल्लेख छ । दोस्रो भागमा चन्द्रकान्तको घरमा चोरी भएको र टी.भी.कै करणले छिमेकीको सहयोग नपाएको छ । तेस्रो भागमा सबै छिमेकी एवं गाउँलेहरु जम्मा भएर अघिल्लो दिन रातको घटना र आवाजलाई सम्झेको घटनालाई कथाले देखाएको छ । यसरी कथा श्रृङ्खलित रुपमा आएको हुनाले कथा रैखिकढाँचामा छ ।

## छ ) रुपविन्यास

कथामा सोझो र सरल भाषाशैलीलाई अङ्गालेर ग्रामीण बोलीचालीका शब्दहरु (पानी, पँधेरा , बाटाघाटा), अंग्रेजी शब्द (टेलिभिजन, फिलिम), भाषिक स्वाभाविकताका शब्द (ट्वाल्ल) जस्ता शब्द एवं सरल र सुबोध्य गद्यशैलीलाई अङ्गालेर संवृत रुपविन्यासद्वारा कथाको निर्माण गरेका छन् ।

# ४.३.११ बाँच्नुको अर्थ  कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

धनी,सम्पन्न व्यक्ति **उनी** पात्रलाई सम्पत्ति जम्मा गर्ने लालसा, सपनामा पनि पैसानै कमाएको देख्ने, धनी भएपनि सामाजिक कार्यमा सहयोग नगर्ने, छोराहरुलाई सधैंभरी पैसा कमाउन र जम्मा गर्न मात्रै सरसल्लाह दिने तर एकदिन छोराले जुवामा धेरै पैसा हारेको र पिरले बेहोस हुन्जेल रक्सी खाएको थाहा पाउँदा **उ** (बुबा) पात्रको बेहोस भएर मृत्यु भएको, अथाह सम्पत्तिको मालिक भएपनि मृत्युपश्चात गरगहना एवं कपडा खोलेर नाङ्गै पारिएको, चारहाते कोराले मात्रै बेरिएको, चितामा चढाउने बेला लोभी बुढाको लोभी छोराहरुले दाँतमा लगाएको सुन समेत झिकेको घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

लोभी प्रवृत्तिका व्यक्तिहरु सधैंभरी पैसाकै पछि लाग्छन् । दिन-रात जहिले पनि पैसा जप्दै कसरी कमाउने र जम्मा गर्ने भन्ने तर्फनै सोचिरहन्छन् । जिन्दगीभर पैसालाई काखी च्यापेर बस्ने व्यक्ति अथाह सम्पत्ति भएपनि मरेपछि शरीरको लुगा समेत खोलेर चितामा जलाउने र काल आएपछि पैसाले पनि केही गर्न नसक्ने यथार्थलाई कथाले घटना र विषयको सही संयोजन गरेर यथार्थवादी शैलीमा प्रस्तुत गरेको छ ।

**ग ) सारवस्तु**

व्यक्तिले जिन्दगीभर लुचो र छुच्चो बनेर अथाह सम्पत्ति कमाएपनि मर्दाखेरी एक्लै र नाङ्गै सारा सम्पत्ती छोडेर जानुपर्छ । सारा संसारले उसको कुनै योगदान नभए बिर्सन्छन् । बरु आफुले कमाएको सम्पत्तिलाई मरेपछि पनि समाज र दुनियाले स्मरण गर्ने काममा लगाउनु पर्छ । मर्ने बित्तिकै समाज र दुनियाले बिर्सन्छ भने जीवनमा अथाह सम्पत्ति कमाएर बाच्नुको के अर्थ रह्यो ? भन्ने कुरा नै शास्वत सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

बाँचुन्जेल अथाह सम्पत्ति कमाएर जम्मा गर्ने तर सामाजिक कार्यमा लगानी नगर्ने, गरिब, दुःखीहरुलाई सहयोग नगर्ने, दुनिया र समाजको लागि केही योगदान नदिने लोभी र छुच्चो ब्यक्तिलाई समाज एवं दुनियाले मरेपछि उसको भौतिक शरीरसँगै उसको इतिहास र अस्तित्वलाई पनि विर्सन्छ भने जीवनभर अथाह सम्पत्ति कमाएर अकुत सम्पत्तिको मालिक भएर बाँच्नुको के अर्थ भयो भन्ने संसारिक यथार्थलाई अभिधात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

**ङ) दृष्टिबिन्दु**

कथामा **उ** पात्रको पैसामुखी चरित्र, कतै पनि खर्च नगर्ने लोभी प्रवृत्ति, **उ** पात्रको छोराको पनि जुवाडे चरित्र र हारलाई स्वीकार्न नसक्ने नामर्दपन, छोराहरुको कञ्जुस चरित्र आदिलाई देखाएको छ । यसरी कथामा प्रयुक्त सबै पात्रहरुको मानसिकता, चरित्र र प्रवृतिलाई देखाएकाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा अथाह सम्पत्तिको मालिक भएपनि समाजको लागि रुपैंया खर्च गर्दैन । दोस्रो भागमा छोराले जुवामा हारेको र रक्सी पिएको खबर पचाउन नसक्दा 'उ' पात्रको मृत्यु भएको छ तेस्रो भागमा सर्वाङ्ग पारेर चारहाते कोरोले वेरेर जलाएको छ । यसरी कथा रैखिक ढाँचामा क्रमबद्ध भएर आएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल एवं रोचक घटनाक्रममा बुनिएको छ । भाषिक स्वाभाविकतामा शब्द, समासयुक्त शब्द, निपात, सांस्कृतिक शब्द आदिको प्रयोगले कथा संवृत रुपविन्यासमा देखिन्छ ।

### ४.३.१२ कुलतको जाल  कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

यस लघुकथामा समाजमा रक्सी भट्टिले उब्जाएको विकृति, कुलतमा पुरुषहरु फसेको, नारीहरुले पाएको दुःख, साथीभाइको संगत र करबलले कुलतमा फसेको, आफ्नो श्रीमान् कुलतबाट सुध्रिउन् भन्ने श्रीमतीको चाहाना तर सुध्रिन चाहानेलाई पनि समाज र साथी संगतीले बिगारेको, श्रीमतीको चाहानामा तुषारापात भएको घटनालाई कथाले देखाएको छ । यसरी हेर्दा कथाले रक्सीको कुलतमा फसेको व्यक्तिको दिनचर्यालाई नै रुचिक्षेत्र बनाएका छन् ।

**ख ) रीतिक्षेत्र**

**उ** पात्रलाई रक्सी खाएको भनी आफन्तहरु सबैले कराएको, **उ** पात्रले रक्सी नखाने निधो गरेको , श्रीमतीलाई खुशी पार्न रक्सी नखाने कुरा गरेको, बिहानै नुहाइधुवाइ गरी रामायण पाठ गरेको, साथी भाइको करबलमा संगतले आफु बिग्रेको कुरा श्रीमतीलाई सुनाउनु, आफुले रक्सी छाडेको कुरा भट्टीमा सबै साथीलाई सुनाउँदै हिडेको, रक्सी छाडेको उपलक्ष्यमा साथीभाइले पुनः खान बाध्य पारेका घटनालाई यथार्थवादी रीतिक्षेत्रका माध्यमले देखाएको छ ।

**ग ) सारवस्तु**

कुलतमा फसेको व्यक्तिले आफु जति नै सुध्रिने विचारले कुलतबाट टाढा हुन खोजे पनि साथीभाइ एवं संगतीले विभिन्न वाहानामा फसाई छाड्छ भन्ने घटनालाई देखाएर कुलतको जालमा फसेको व्यक्ति सुध्रिन गाह्रो पर्ने घटनालाई देखाएको एक्काइसौं अनुच्छेद नै प्रासाङ्गिक सारवस्तु बनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

रक्सी छोडेको खबर भट्टी साहुनी एवं साथीभाइलाई सुनाउदै हिडेको, कसैले नपत्याएको र जड्याहा साथीहरुले रक्सी छोडेको उपलक्ष्यमा पुनः रक्सी खान बाध्य पारेको र खाएको घटनालाई कथाले देखाएको छ । यसरी शीर्षक अनुसार घटनाको संयोजन गरिएको हुनाले कथा अभिधात्मक अर्थसापेक्ष देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा उ पात्र र उसकी श्रीमती सुन्तलीको व्यवहार र क्रियाकलापले पारेको प्रभाव एवं उ पात्रको व्यवहारले उसका साथीहरु एवं भट्टी साहुनीको मनमा पारेको प्रभावलाई पनि केलाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा उ पात्रले भोलिदेखि रक्सी नपिउने निधो गर्दै अन्तिम पटक पिएको छ । दोस्रो भागमा श्रीमतीलाई विश्वास दिलाउन बिहानै नुवाईधुवाई गरी रामायण पाठ गरेको र सबै भट्टीमा आफुले रक्सी खान छाडेको कुरा सुनाएको छ । तेस्रो भागमा साथीहरुको करकापमा रक्सी छाडेको उपलक्ष्यमा पुनः रक्सी खाएको घटनालाई संयोजन गर्दै कथालाई श्रृङ्खलित वनाएकोले कथा रैखिक ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा घटना र बोलीचालीमा स्वाभाविकता ल्याउन ग्रामीण कथ्य भाषाको प्रयोग ( क्यारे, वाह्रमासे, धन्दा, आँगन, गुन्द्री, ओखती, स्वाँठ, भट्टी), भाषिक स्वाभाविकताका शब्द ( घुटुक्क, फुरुक्क, फिसिक्क), राजनैतिक शब्द (मार्क्सवाद, बागडोर), नीच शब्द (पाजी) हरुको प्रयोग गरी घटनाको सरल प्रस्तुति भएको हुनाले कथा संवृत्त रुपविन्यासमा देखिन्छ ।

## ४.३.१३ रहस्य कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

देशको सम्पदा (महत्वपूर्ण स्रोत) बेचिन लागेकोले जनताले आन्दोलन गरेको, सेना र प्रहरी लगाएर आन्दोलन दबाउन खोजेको तर आन्दोलन चर्केपछि जनताको आँखामा छारो हाल्न देशवासीको नाममा राष्ट्रको अहित हुने निर्णय नगर्ने सन्देश जारी गरेको तर विपक्षसँग मिलेर संसदबाट सम्पदा बेच्ने निर्णय पास गराई स्वार्थ पूरा गरेको, विदेशीलाई खुशीपार्न जनतालाई धोका दिई मातृभूमिलाई बेचेको राजनैतिक पार्टीहरुको छेपारे, स्वार्थी चरित्रलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

राजनीतिक स्वार्थसिद्ध गर्न जनतालाई धोका दिई विदेशीको हातमा आफ्नो महत्तवपूर्ण स्रोत बेचेको र विदेशीको गुलामी बनेको राजनैतिक सत्ताधारी पार्टीहरुको चरित्रलाई यथार्थवादी रीतिक्षेत्रका आधारमा उद्घाटन गरिएको छ ।

### ग ) सारवस्तु

देशको महत्तवपुर्ण स्रोत किन बेच्न लागे जनतालाई थाहै भएन । प्रधानमन्त्रीले कुटिल चाल चलेर आन्दोलन दबाउन राष्ट्रको हित विरुद्ध निर्णय नलिने सन्देश देशवासीको नाममा जारी गरेर जनताको आँखामा छारा हाल्दै संसदबाट सम्पदा बेच्ने निर्णय भएको हुनाले कहिले बेच्यो भन्ने जनताले पत्तै पाएनन् । यसरी सत्ताधारी पार्टीको हरेक कियाकलाप रहस्यपूर्ण देखिएकोले शीर्षक अनुसार सारवस्तु सार्थक देखिन्छ । यसरी हेर्दा सारवस्तु प्रच्छन्न रुपमा प्रासङ्गिक बनेर आएको छ ।

### घ ) अर्थसापेक्ष

कथामा शीर्षक अनुसार घटनाहरुलाई घटाउदै कथाको निर्माण गरिएको हुनाले कथा अभिधात्मक अर्थसापेक्ष देखिन्छ । कथामा शीर्षकको घटनासँग सम्बन्ध रहेको छ । सत्ताधारी पार्टीले जनताको आँखामा छारो हालेर आफ्नो स्वार्थसिद्ध रहस्यमय तरिकाले गरेको घटनालाई कथाले ओगटेको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा प्रहरी, सेना, जनता र छिमेकी पात्रको रुपमा आएपनि ती सबैले प्रधानमन्त्रीको कुटिल दाउपेच र आन्तरिक उतार चढावलाई उद्घाटन गर्न सहयोग गरेको कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा आरम्भ, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध क्रममा आएको हुनाले रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा आन्दोलन भएको, दोस्रो भागमा आन्दोलन दबाउन देशवासीको नाममा सन्देश जारी गरेको र छिमेकीले असन्तुष्ट व्यक्त गरेको, आफ्नो सन्देशको कुटिल चालबारे प्रधानमन्त्रीले अवगत गराएको र सहमतिलाई पुरा गर्ने वचन दिएको छ । तेस्रो भागमा देशको सम्पदा विदेशीलाई सुम्पने गरी मध्यरातमा संसदबाट निर्णय भएको घटनालाई श्रृङ्खलाबद्ध गरिएको छ ।

### छ ) रुपविन्यास

शीर्षक अनुसार घटनाक्रमलाई रहस्यमय बनाएको छ । बोलचालका सरल शब्द, पद-पदावलीको प्रयोग गरिएको छ । कथा छोटो र विषयवस्तुको गहनताले गर्दा प्रभावकारी देखिन्छ । सामन्ती शब्द (हजुर), अंग्रेजी शब्द (भोटिङ्ग), राजनीतिक परिवेशलाई बुझाउने शब्द (संसद, आन्दोलन) आदिले गर्दा कथा संवृत्त रुपविन्यास देखिन्छ ।

## ४.३.१४ व्यस्त कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

यस कथामा एकातिर रिक्सा चालकले दुर्घटनामा परेको बालक (व्यक्ति) लाई हस्पिटल पुऱ्याएको देखाएर मानवीयतालाई रुचिक्षेत्र बनाएका छन् । अर्कोतर्फ डाक्टरले रिक्सा चालकको छोरो जस्तो भन्ने थाहा पाउनासाथ व्यस्त भएको नाटक गरेको हुनाले डक्टरी पेसामा पनि सेवाभाव भन्दा पैसामुखी प्रवृत्ति हावी हुदै गएको तत्कालीन सहरीया समाजलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

कथाकार प्रगतिवादी भएका हुनाले यस कथामा पनि प्रगतिवादको गन्ध पाउँछौ । विक्रमले डाक्टरलाई हस्पिटल आउन आग्रह गर्दा डाक्टरले कस्तो विरामी हो ? भनेर सोधेको, रिक्सा चालकको छोरो जस्तो छ भन्ने विक्रमको जवाफमा **म व्यस्त छु आउन सक्दिन** भन्ने जवाफमा सामाजिक प्रतिष्ठा र आर्थिक हैसियतको अवस्था जान्न खोजेकाले कथा प्रगतिवादी रीतिक्षेत्रमा देखिन्छ ।

### ग ) सारवस्तु

कथामा टि.भी. हेरिरहेका डाक्टरले रिक्साचालकको छोरोजस्तो छ भन्ने विक्रमको जवाफमा म व्यस्त छु अहिले आउन सक्दिन भनेको वाक्य नै सारवस्तुको रुपमा आएको छ । तर घाइते वालक आफ्नै एक्लो छोरो भएको थाहा पाउने बित्तिकै टी.भी. हेर्न व्यस्त डाक्टर हस्पिटल पुगेको हुनाले समग्र घटनाक्रम र डाक्टरको क्रियाकलापले सारवस्तु व्यङ्ग्यात्मक पनि देखिन्छ ।

### घ ) अर्थसापेक्ष

कथामा रिक्सा चालकको छोरोजस्तो छ , भन्ने विक्रमको जवाफमा टि.भी. हेरिरहेका डाक्टर मनोज व्यस्तताको नाटक गर्दै म व्यस्त छु भन्ने डाक्टरको नियत खराब देखिन्छ । आफ्नो पेशा र कर्तव्यलाई पैसासँग दाँच्न पुगेको, साथै घाइतेको प्राणलाई भन्दा आफ्नो मनोरञ्जनलाई प्रमुखता दिने कस्तो खालको डाक्टर हो ? भन्दै व्यङ्ग्य गरिएको छ । घाइते

वालक आफ्नै छोरो भएको थाहा पाउने बित्तिकै व्यस्त डाक्टर हस्पिटल पुगेको घटनालाई संयोजन गर्दै डाक्टरले बोल्ने गरेको व्यस्त शब्दप्रति नै व्यङ्ग्य गरिएको छ । यसरी हेर्दा शीर्षकको खिल्ली उडाउने घटना संयोजनले कथा व्यङ्ग्यात्मक अर्थसापेक्षमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा फोनमा डाक्टरको मनोजनसँगको वार्तालापमा देखिएको मानसिक परिवर्तन, रिक्साचालकको घाइते वाललको लागि महिना भरिको कमाइ खर्च गर्न तयार भएको तर उपचार नहुने भएपछि आफ्नो परिश्रम व्यर्थ जाने भएकोले रिक्सा चालकको मुरमुरिएको मनको चित्रण गरिएको छ । त्यसैले कथामा वाह्य सर्वदर्शी दृष्टिविन्दु देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा डाक्टरलाई बोलाउदा व्यस्तताको नाटक गरेको, दोस्रो भागमा डाक्टर मनोज विना आफुले घाइते वालकलाई बचाउन नसक्ने भएपछि विक्रमले लाचारी व्यक्त गरेको र रिक्सा चालक दुःखी बनेको छ । तेस्रोमा घाइते वालक आफ्नै छोरो भएको थाहा पाएपछि हस्पिटल पुगेको घटना क्रमबद्ध रुपमा आएकोले कथा रैखिकढाँचामा छ ।

**छ ) रुपविन्यास**

कथामा टि.भी. रिसिभर, सर, सिन, जस्ता अंग्रेजी शब्दको प्रयोग भएपनि वोधगम्यतामा कुनै कठिनाई छैन । संवादले गर्दा कथामा नाटकीयता पनि झल्किन्छ भने शीर्षक अनुसार कथावस्तु व्यङ्ग्यात्मक भएपनि सहज, सरल, सरस भाषाशैलीमा भएकोले रुपविन्यास संवृत देखिन्छ ।

## ४.३.१५ वीर गोर्खालीका नातिहरु ! कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

कथामा जनआन्दोलनमा प्रहरीको गोलीद्वारा एउटा खुट्टा गुमाएर अपाङ्ग बन्नु परेको, बाटाघाटामा हिडडुल गर्दा अपाङ्गहरुले सास्ती, अपाङ्गहरुलाई सरकारले वेवास्ता गरेको, समाजमा अपाङ्गले पाएको पीडालाई कथाले चित्रण गरेको छ । यसरी हेर्दा समाजमा घट्ने घटनाक्रमलाई कथाले चित्रण गरेका हुनाले कथाकारले समाज र राजनीति दुबैलाई रुचिक्षेत्र बनाएको देखिन्छ ।

**ख ) रीतिक्षेत्र**

पार्टीहरुले जनताको सहयोगमा जनआन्दोलन गरेर कयौं वीर योद्धाहरुको वलिदान र अङ्गभङ्गताबाट सत्तासिन हुन पुगेको, र सत्तामा पुगेपछि जनआन्दोलनका योद्धाहरु (जो जनआन्दोलनका क्रममा आपाङ्ग भएका) को वेवास्ता गर्दै **खोला तरेपछि लठ्ठी बिर्स्यो** भन्ने नेपाली उखानलाई चरितार्थ गरेको हुनाले यस्ता स्वर्थी प्रवृत्तिको अन्त्यको चाहाना राखेका छन् । यस्ता वीर योद्धाको आदर र सम्मान हुनुपर्छ, भन्दै स्वार्थी शाषक र अन्यायमा परेकालाई न्याय दिन नसक्ने लाचार समाजप्रति कथाकारको आक्रोश देखिएको हुनाले कथा प्रगतिवादी रीतिक्षेत्रमा देखिन्छ ।

**ग ) सारवस्तु**

कथाका प्रमुख पात्र अपाङ्ग लाई तन्नेरी युवाहरुले पिट्दै अपाङ्गको हातबाट बैसाखी छुटाई लडाएर हाँस्दै वीर गोर्खालीका नातिहरु हौं भनेको वाक्य नै सारवस्तुको रुपमा आएको छ । एउटा असाहाय अपाङ्गलाई पिटेर आफुलाई वीर गोर्खालीका नातिहरुको संज्ञा दिने युवाहरु र तिनीहरुका क्रियाकलापप्रति कथाले व्यङ्ग्य गरेको हुनाले कथामा सारवस्तु व्यङ्ग्यात्मक आएको छ ।

**घ ) अर्थसापेक्ष**

जनआन्दोलनमा आफ्नो खुट्टा गुमाए पनि जनआन्दोलनलाई सफल बनाएको योद्धाको सरकारले वेवास्ता गरेको, वीर योद्धाको सम्मान नदिएको घटनालाई अभिधात्मक रुपमा कथाले देखाएको छ । त्यहि अपाङ्गलाई दुःख दिएर, पिटेर आफुलाई वीर गोर्खालीका नातिहरु भन्ने उरन्ठेउला युवाहरुको सन्काह प्रवृत्तिलाई व्यङ्ग्य गरिएको छ । यसरी सत्ताधारी पार्टीको आलोचना गर्दै सन्काह एवं घमण्डी प्रवृत्तिको व्यङ्ग्य गरिएकाले कथा अभिधात्मक व्यङ्ग्यात्मक दुबै अर्थसापेक्षमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा छिरलिएका सन्काह, हेपाह, प्रवृत्तिका युवाहरुको आचरण, मानसिकता एवं ती युवाहरुको निर्दयी व्यवहारले अपाङ्ग व्यक्ति लङ्गडाको मनमा पारेको प्रभाव एवं उत्पन्न भावना र प्रतिक्रियालाई कथाले राम्ररी चित्रण गरेकाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा रहेको देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको ढाँचालाई हेर्दा रैखिक देखिन्छ । पहिलो भागमा अपाङ्ग बैसाखी टेक्दै आफ्नो गन्तव्यतर्फ लम्कदै छ । दोस्रो भागमा अपाङ्ग र चार/पाँच जना छिरलिएका युवाहरुको भेट हुन्छ । ती युवाहरुले लङ्गडालाई दुर्व्यवहार र कुटपिट गर्छन् । तेस्रो भागमा आफ्नो विवशता र भाग्यलाई धिक्कारर्दै कथाको अन्त्य भएको छ । यसरी हेर्दा कथा रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

घटनाक्रमको सरल, सोझो एवं रैखिक चित्रणले कथा संवृत रुपविन्यासमा छ । बोलचालका भाषा **झापु, अखल्टाएर, उत्ताउलो, तर्कनु, राज, हुतिहारा, छिरलिएको** आदि, अनुकरणात्मक शब्द **गलल्ल, स्यूस्यू, टकटक** आदि, टुक्का-**मुटु पीरो हुनु** आदि, राजनैतिक शब्द **शान्ती, शुरक्षा मानवअधिकार** आदि एवं छोटो छोटो संवादले कथालाई रोचकता प्रदान गरेको छ ।

## ४.३.१६ हराएको साँढे कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

पञ्चायती शासन व्यवस्थाको विरोधमा नेपाली जनताले ०४६ सालमा आन्दोलन गरेको, आन्दोलनकारी जनतामाथि प्रशासनले तीब्र दमन गरेको, निरङ्कुश राजतन्त्र र

पञ्चायती व्यवस्थाको विरोधमा पशु (साँढे)लाई समेत सहभागी गराएर विरोध गरेको र प्रशासनले पीडित जनता एवं निर्दोश (अवोध) पशुलाई समेत यातना दिएर गायव बनाउने निरङ्कुशताको पराकाष्ठलाई कथाले देखाएको छ । यसरी हेर्दा कथाले ०४६ सालको राजनीतिक घटनालाई विषयवस्तु बनाएर राजनितिलाई नै रुचिक्षेत्र रोजेका छन् ।

## ख ) रीतिक्षेत्र

पञ्चायती निरङ्कुश शासन व्यवस्थाले थिलथिलिएका पीडित, शोषित नेपाली जनताले विरोध गरेको, विरोधलाई दबाउन प्रहरी प्रशासन लागिपरेको, अन्याय, अत्याचार, क्रुरतको पराकाष्ठाको रुपमा पशु (साँढे) लाई समेत गायव बनाएको आदि घटनाले निरङकुश सामन्ती शाषक (वर्ग) र सर्वहारा वर्गको बिचमा संघर्ष देखाएर कथाले स्वैरकल्पना र प्रगतिवादीलाई रुचिक्षेत्र अङ्गालेको छ ।

## ग ) सारवस्तु

०४६ सालको आन्दोलनमा शरीरभरी इनामेलले पञ्चायती शोषक सत्ताको विरुद्ध मूर्दावादका नारा लेखिएको निर्दोष साँढेलाई समेत गायव गर्ने विवेकहीन सामन्ती शोषक सत्ताको क्रुरता र निर्दयीताको पर्दाफास गर्नु नै यस कथाको सारवस्तु हो ।

## घ ) अर्थसापेक्ष

२०४६ सालको जनआन्दोलनमा सडकमा देखिएको साँढे (पशु) लाई समेत गायव पारेको देखाएर निरङ्कुश पञ्चायती व्यवस्था र राजतन्त्रले गरेको दमन, प्रशासन र सुरक्षा संयन्त्रले गरेको अमानवीय व्यवहार, विवेकहीन क्रियाकलापको घोर विरोध गरिएको छ । कथामा साँढेलाई गायव वनाएको घटनाका माध्यमले निरङ्कुश पञ्चायती व्यवस्था र राजतन्त्रको विरोध गरिएकोले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा कथाकारले ०४६ सालको जनआन्दोलनमा साँढेको शरीरभरी निरङ्कुश पञ्चायती व्यवस्था र राजतन्त्रको विरुद्धका नारा लेखेर सडकमा पठाएको र प्रशासनले उक्त आन्दोलनमा कर्फ्यू जारी गरेको र साँढेलाई पनि गायव वनाएको घटनालाई देखाएको हुनाले कथा वाह्य वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा आन्दोलनले तीब्र गति लिएको, साँढेको शरीरभरी मूर्दावाद नारा लेखेर सडकमा छोडिदिएको छ । दोस्रो भागमा पञ्चायती व्यवस्था र राजतन्त्र विरुद्धका नारा लेखिएका साँढेलाई हेर्न भिड जम्मा भएको र प्रशासनले थाहा पाउने बित्तिकै भिडमाथि दमन गरेको र कर्फ्यू जारी गर्दै साँढेलाई समेत बेपत्ता बनाएको छ । तेस्रो भागमा भोलिपल्ट कसैले पनि साँढेलाई नदेखेपछि सबैको मनमा साँढेको बारेमा जिज्ञासा जागेको छ । यसरी घटनालाई लेखकले रैखिक ढाँचामा आदि देखि अन्त्यको कमबद्धता मिलाएकाले कथा रैखिक ढाँचामा देखिएको छ ।

### छ ) रुपविन्यास

कथा अभिधात्मक भएकोले सरल शब्दहरुकै प्रयोग गरिएको छ । कथामा राजनैतिक घटनाले मूख्य भूमिका खेलेकोले राजनीतिक शब्दहरु जस्तैः निरङकुश, शासनव्यवस्था, नारा-जुलुस, राजतन्त्र आदि, प्रशासनिक शब्दहरुः प्रहरी प्रशासन, कर्फ्यु आदि छन् । भने अभिव्यक्तिलाई प्रभावकारी र सरल बनाउन उखानको प्रयोग **सुकेको खरवारीमा आगो फैलिए जस्तै** आदि गजधान, उग्राउनु, फर्की-फर्की, भ्यानहरु जस्ता सरल, द्वित्व, अंग्रेजी शब्दहरुको प्रयोगले कथाको रुपविन्यास संवृत्त नै देखिन्छ ।

## ४.३.१७ चक्रवात कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

सरकारी अफिसहरुमा कर्मचारीलाई सलामीविना कुनै काम सम्पन्न नहुने, जिल्लामा घुस (सलामी) उठाएर केन्द्रसम्म पुऱ्याउने र पुऱ्याउनु पर्ने भ्रष्ट शासन व्यवस्था एवं सरकारी शासन संयन्त्रमा मौलाउँदै गएको भ्रष्ट चरित्र, यस्ता भ्रष्ट शासन व्यवस्थाले सोझा, निमुखा, गरिब जनता लाई पारेको आर्थिक पीडाको राम्ररी उद्घाटन गरिएको हुनाले कथाको रुचिक्षेत्र प्रशासन नै देखिन्छ ।

### ख ) रीतिक्षेत्र

जनताको सेवामा बसेका सरकारी कर्मचारीहरुमा मौलाउँदै गएको भ्रष्ट चरित्र र भ्रष्टचारको जालो जिल्ला देखि केन्द्र सम्म फैलिएको र यसले निमुखा सोझा गरिब जनतालाई पिरोलेको घटनाक्रमलाई यस कथाले देखाएको हुनाले कथा सामाजिक नै देखिन्छ ।

### ग ) सारवस्तु

कर्मचारी तन्त्रमा मौलाउँदै गएको भ्रष्टचारको जालोले इमान्दार र नैतिकवान कर्मचारीलाई पनि सजिलै बेर्छ । नैतिकता एवं इमान्दारी हराउँछ । यसले गरिब जनतालाई सारै सताएको हुनाले यस्तो परिपाटीमा सुधार हुनुपर्ने भाव कथाभरी फैलिएको हुनाले सारवस्तु प्रच्छन्न आएको छ ।

### घ ) अर्थसापेक्ष

इमान्दार र नैतिकवान सरकारी कर्मचारीको थोरै मासिक तलब र आकाशिएको महङ्गी एवं भ्रष्ट कर्मचारी तन्त्रले कसरी इमान्दारिता र नैतिकता भ्रष्ट हुन्छ । भ्रष्टचारले गरिब जनतालाई पारेको मार एवं भ्रष्ट कर्मचारी तन्त्रमा सुधारको अपेक्षा गरिएको हुनाले कथा अभिधात्मक देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा **म** पात्रको उपस्थिति भए पनि जिल्ला स्तरका कर्मचारीको वाध्यता, **म** पात्रको जीवनमा घटेका घटनाक्रम एवं **बाबु** पात्रको मनमस्तिष्कमा पारेको प्रभाव एवं **म** पात्रको मानसिक स्थितिलाई केलाउने प्रयास गरेका हुनाले कथा वाह्य सर्वदर्शी देखिन्छ ।

### च ) कथानकढाँचा

झिनो मासिक तलब र आकाशिएको महङ्गीले इमान्दार नैतिकवान कर्मचारीको इमान्दारिता र नैतिकता नष्ट भएको कुरा पहिलो भागमा छ । दोस्रो भागमा भ्रष्टचार

कर्मचारीतन्त्रका कारणले बाबु पात्रले भोग्नुपरेको पीडाको स्मरण गरिएको छ । तेस्रो भागमा बाबुको कुरा सुनेपछि छोराको मनमा उब्जिएको हीनता र पश्चातापको ज्वालालाई देखाएको हुनाले कथा वृत्तकारीय ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा सरल एवं वोलचालको भाषामा देखिन्छ । द्विरुक्त शब्द **पैसा सैसा**, अनुकरणात्मक शब्द **फतक्क, ह्वारह्वारी, सिरिङ्ग, भतभती** आदी शब्दले कथा सरल एवं वोधगम्य देखिन्छ ।

## ४.३.१८ खा देवे खा कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

एकादशीमा सकिनसकी व्रतवसेको र साँझ पर्न नपाउँदै मन थाम्न नसकेर विभिन्न खानेकुरा खाएको घटनालाई देखाएको छ । यसरी धार्मिक मूल्य-मान्यताले मानसिकतामा पारेको प्रभाव र सित्तैमा पाए एवं मौका पाए मूल्यमान्यता र आस्था-विश्वासलाई पनि टुक्र्याउन पछि नपर्ने मानवीय प्रवृत्तिको भण्डाफोर गरेको हुनाले कथाले मानसिकतालाई रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

समाजमा देखिने धार्मिक तिथि, मिति प्रतिको आस्था र विश्वास, यसले मस्तिष्कमा पारेको प्रभाव, विवशताले मनमा आएको उतार चढाव, अवसरवादी मानवीय चरित्र र समाजमा घट्ने घटनालाई कथाले व्यङ्ग्यात्मक पाराले केलाएको छ ।

**ग ) सारवस्तु**

धर्मकर्मका लागि व्रत बसेको भएपनि सित्तै र मिठो मिठो खान पाउने अवसर आए छोडनु हुदैन भन्ने कुरालाई पात्र देवीराम पाध्येको मुखवाट **खा देवे खा** भन्ने वाक्य बोलाएर सारवस्तुलाई विचार वाक्यको रुपमा देखाएका छन् ।

**घ ) अर्थसापेक्ष**

कथामा एकातिर एकादशीमा स्नान गरेर व्रत बसेको र मन्त्रोचारण गरे पनि धर्मकर्ममा त्यति आस्था नभएको आडम्बरी चरित्रलाई देखाएको छ । भने अर्कोतिर व्रतबसे पनि दिन नढल्दै अनेकथरि परिकार खाएको हुनाले धार्मिक आडम्वरीलाई व्यङ्ग्या गरेका छन् ।

**ङ) दृष्टिबिन्दु**

पाध्येनी बजैको बोलिले देवीराम पाध्येको व्यवहार र मानसिकतामा परेको प्रभाव एवं खरदारको विचारले पारेको देवीराको मानसिक प्रभावलाई कथाले चित्रण गरेको हुनाले कथा आन्तरिक दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

पहिलो भागमा पाध्येनी बजैको कचकच र देवीराम पाध्येको विवशताको चर्चा गरिएको छ । दोस्रोमा देवीराम ब्रत बसेको तर अफिसमा रात्री भोजको आयोजना भएकोले सामेल **हुँ या नहुँ** भन्ने मानसिक उतार चढाव भएको र तेस्रो भागमा पाध्येनी बजै घरमा कराइराखेको र देवीरामको खुट्टाको जल खाएर ब्रत तोड्ने तरखर गरेको घटना देखाएको छ ।

**छ ) रुपविन्यास**

ग्रामीण बोलीचालीका भाषा, धार्मिक शब्द, सामन्ती शब्द (आदेश) उखान टुक्का एवं सरल भाषाले कथालाई रोचक एवं नाटकीय बनाएको छ ।

## ४.३.१९.तटस्थ प्रशासन कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

राजनीतिक दलहरुको सत्ताको लागि लुछाचुडी गरेको, कर्मचारीहरु सत्ताधारी दलको नेताको चाकडी चाप्लुसी गरेको र राजनीतिक आस्थाका आधारमा कर्मचारीलाई हेरफेर गरेको देखाएर कथाले राजनीतिलाई रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

सरकारी कर्मचारीहरुले भोग्दै र सहँदै आएका यस्ता राजनीतिक दाउपेचका चालवाजीहरुलाई यथार्थ रुपमा देखाइएको छ । कर्मचारी तन्त्रमा देखिएको खुरापाती एवं चाकडी चाप्लुसीका तौर-तरिकालाई कथाले यथार्थ रुपमा देखाएको छ । सत्तासीन मन्त्रीहरुले सही प्रतिबद्धता जाहेर गरेपनि कार्यान्वयन नगर्ने र आफ्नै स्वार्थसिद्धि तर्फ प्रशासनलाई मोड्ने फोहोरी खेल र निरीह प्रशासनलाई कथाले व्यङ्ग्यात्मक रुपमा सुधारको अपेक्षा गरेको छ ।

**ग ) सारवस्तु**

सत्ताधारी पार्टीको स्वर्थसिद्धिको लागि उसैको इसारामा चल्नु कर्मचारी प्रशासनको निरीहता, विवशतालाई कथाले देखाएको छ । सरकारमा आउने परिवर्तनसँगै कर्मचारीतन्त्रमा देखिएको सरुवा बढुवाको लहरलाई कथाले प्रशासनको तटस्थ व्यवहारको संज्ञा दिएको हुनाले कथाको सारवस्तु विचारवाक्यको रुपमा व्यङ्ग्यात्मक पाराले आएको छ ।

**घ ) अर्थसापेक्ष**

सरकारको परिवर्तनसँगै कर्मचारी प्रशासनमा हुने सरुवाको काम कारवाहीलाई प्रशासनको तटस्थ व्यवहार हो भनी व्यङ्ग्य गरिएको छ । राजनीतिक दल, कर्मचारी प्रशासनमा देखिएको यस्ता विकृतिलाई कथाले व्यंग्य गरिएको हुनाले कथा व्यंग्यात्मक देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा मन्त्रीको मानसिक स्थिति, कर्मचारीहरुको मानसिक उतार चढाव साथै चाकडी चाप्लुसीपनको राम्रो चित्रण गरिएकोले कथा वाह्य सर्वदर्शी देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा मन्त्रीको वक्तव्य प्रकाशित भएको, दोस्रो भागमा प्रतिबद्धताका वक्तव्यले कर्मचारीमा पर्ने प्रभावको लेखाजोखा गरेको र तेस्रो भागमा छुट्टै राजनीतिक आस्था भएका कर्मचारीलाई सरुवा गर्न लागिएको घटनालाई क्रमबद्ध गरिएको हुनाले कथा रैखिक देखिन्छ ।

**छ ) रुपविन्यास**

विभिन्न राजनैतिक शब्द, अनुकरणात्मक शब्द (मुसुक्क) टुक्का (नाक घिरौला जस्तो हुनु, छाती फुल्नु), पाँडेपंजनी, नकच्चराहरु आदि शब्दहरुले कथालाई रोचक बनाएको छ ।

## ४.३.२० कविता सङ्ग्रह कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

युवाकविको कविता सङ्ग्रह बजारमा आएको भएपनि नाम मात्रको स ङ्ग्रह भएको र ठुला नेता, संसद, मन्त्री एवं कवि कलाकारहरुको मन्तव्य छापे रचना लोकप्रिय हुन्छ भन्ने विनाप्रतिभा धनीहरुको मानसिकता उजागर गरिएको छ । मन्तव्यहरु छाप्दा छाप्दै कवितानै छाप्न छुटाएको घटनालाई देखाएर कथाले साहित्यमा देखिएको विसङ्गतिलाई रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

विभिन्न साहित्यिक रचनाहरुको स ङ्ग्रहको नाममा विभिन्न राजनीतिक नेता कार्याकर्ताको मन्तव्य छपाउने र यस्ता मन्तव्यले पुस्तक भराउने तर रचनाहरु केही पनि नहुने विकृति प्रति कथाले व्यङ्ग्य गरेको छ ।

**ग ) सारवस्तु**

रचना कृतिहरु रचनाहरु भन्दा पनि विभिन्न नेता, कार्यकर्ता एवं वुद्धिजीविहरुको मन्तव्य, भूमिकाहरुले भरेको हुनाले त्यसैलाई नै रचनाकृति मानेर पढ्नु पर्ने वाध्यता र विवशतालाई कथाले देखाएको छ । यसरी हेर्दा कथाको सारवस्तु प्रच्छन्न रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

युवाकविको नयाँ कविता स ङ्ग्रह भनिए पनि विभिन्न नेता, कलाकार एवं वुद्धिजीविको मन्तव्य र भूमिकाले सङ्ग्रह भरिएको छ । यसै मन्तव्यको सङ्ग्रहलाई नै कविता सङ्ग्रह मानेर पढनु पर्ने पाठकको विवशतालाई व्यङ्ग्य गरिएको हुनाले कथा व्यङ्ग्यात्मक देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

युवाकविको कविता सङ्ग्रह बजारमा आएको र यसै सङ्ग्रहको विशेषता र सङ्ग्रहमा सङ्ग्रहित लेख रचनाको बारेमा जानकारी गरिएको हुनाले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कविता सङ्ग्रहको विज्ञापन आएको केहि समयपछि सङ्ग्रह प्रकाशित भएको र पाठकले अध्ययन गरेको घटनालाई क्रमबद्ध गरिएको हुनाले कथा रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा छोटो छ । साथै वोधगम्य पनि छ । केही सञ्चार माध्यमका शब्द र विज्ञापन को प्रयोग देखिन्छ । कथा व्यङ्ग्यात्मक भएपनि सरल र वोधगम्य देखिन्छ ।

## ४.३.२१ चामलको मोल कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

प्रगतिवादी कथाकारहरु समाजमा आर्थिक क्रियाकलापका विभिन्न पाटाहरुलाई आफ्ना कथाका विषय बनाउने गर्छन । हरिप्रसाद भण्डारी पनि एक प्रगतिवादी कथाकारका नाताले उनले सामाजमा घटेका घटानालाई रुचिक्षेत्र बनाएका छन् । व्यापार, व्यवसाय गरेर आर्थिक उपार्जन गर्ने, ज्याला मजदुरी गरेर गर्जो टार्ने, अनपढ र अज्ञानताका कारणले आफुबाट आफै ठगिरहेका घटना लाई कथाकारले आफ्नो स्रोत बनाएको हुनाले समाजनै कथाको रुचिक्षेत्र देखिन्छ ।

**ख ) रीतिक्षेत्र**

समाज वा गाउँ सहरमा अज्ञानताका कारण घट्ने घटनालाई एकातिर देखाइएको छ । भने अर्कोतर्फ छिमेकको वा इष्टमित्रको अगाडी आफ्नो औकात भन्दा बढी रवाफ देखाउन खोज्ने आडम्वरीपनलाई व्यङ्ग्य गरिएको छ । कथामा लाटो लड्छ एक भल्ट्याङ बाठो लड्छ तीन भल्ट्याङ  भन्ने उखान चरितार्थ भएकोले कथा यथार्थवादी व्यङ्ग्यात्मक देखिन्छ ।

**ग ) सारवस्तु**

ग्राहकले चामल धेरै पसलमा खोजेको र मूल्य तौलदैं हिनेको, बजारमा एकैखालको चामालको पनि पसलै पिच्छे फरक फरक मोल पाएको, सोझोपन र अज्ञानताका कारण सस्तो चामललाई महङ्गो भाउ तिरेको, पसलेले ग्रहाकको मानसिकता बुझेर मोल गरिदिएको आदि घटनाले सारवस्तु प्रच्छन्न रुपमा आएको देखिन्छ ।

**घ ) अर्थसापेक्ष**

सोझोपन र अज्ञानताका कारण समाजमा घट्ने घटनालाई कथाले राम्ररी देखाएको छ । धेरै महङगो चीज मात्रै राम्रो हुन्छ भन्ने मानसिकताका कारण ग्राहकले कसरी आफुले आफैलाई ठगाउँछन् । सोझोपन र अज्ञानताको फाइदा उठाउँछन् । सोझोपन र अज्ञानताको फाइदा उठाउदै काला वजारीयाहरु कसरी फस्टाइरहेका छन् भन्ने कुरालाई कथाले सोझो अर्थमा देखाएको हुनाले कथा अभिधात्मक देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथा **म** बाट शुरु भएर **उ** मा टुङ्गिएको छ । **म** पात्रले पसल खोलेको छ भने **उ** पात्र चामल किन्न आएको छ । वेच्ने **म** र किन्ने **उ** को बिचमा भएका क्रियाकलाप र

व्यवहारले एक अर्काको मनमा उब्जिएको तरङ्गलाई केलाएको छ यसरी हेर्दा कथा वाह्य र आन्तरिक दृष्टिबिन्दु देखिन्छ ।

**च ) कथानकढाँचा**

पहिलो भागमा पसल सुरु गरेको, राम्ररी चलेर ग्रहाक धेरै बढेको छ । दोस्रो भागमा ग्राहकले सस्तोमा दिँदा महङ्गोमा किनेर लगेको र तेस्रो भागमा ग्राहकलाई वहुसङ्ख्यक नेपालीसँग तुलना गर्दै उसको सोझोपनप्रति दुखित भएको घटना देखिन्छ । यसरी कथा रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा सरल बोलचालको भाषामा (रुप्पे, रैछ, ए) देखिन्छ । ग्राहक र पसलेको संवादले नाटकीयता पनि देखिन्छ । कथा वोधगम्य देखिन्छ ।

## ४.३.२२ सिङ्गल-सिङ्गल कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

मुसा र विरालोको बिचमा हुने भागदौड एवं लुकामारीलाई यथार्थरुपमा देखाइएको छ । मुसा ज्यान जोगाउँदै ग्यालेन भित्र लुकेको र ग्यालेनमा भएको पानी (रक्सी) खाएर सुँरिदै विरालोसित प्रतिकारमा उत्रेको घटनालाई कल्पना गर्दै कथालाई यथार्थ र कल्पनाको समिश्रित बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

विरालोले मुसालाई लखेटेको, मुसा ज्यान जोगाउँदै ग्यालेन भित्र लुकेको, ग्यालेन भित्र पाएको पानी खाएपछि सुँरिदै विरालोसँग प्रतिकार गर्न बाहिर निस्केको घटनालाई देखाइएको हुनाले कथामा यथार्थ र काल्पनिकताको समिश्रण पाइन्छ ।

**ग ) सारवस्तु**

मादक पदार्थ खाएपछि कसरी आफ्नो विवेक गुमाउँछ । को सँग कस्तो व्यवहार गर्नु पर्छ । भन्ने कुरा सबै विर्सेर वौद्धिकतालाई गुमाउछ । आफ्नो अन्त्यको बाटो आफैले रोज्छ, भन्ने कुरालाई कथाले मुसा र विरालोको लुकामारीवाट राम्ररी देखाएको छ । मुसाले ग्यालेनको पानी (रक्सी) खाएपछि सुँरिएर आफु (मुसा) लाई मार्न आएको विरालोको प्रतिकार गर्दै सिङ्गल सिङ्गल भिड्न दिएको चुनौतिको वाक्य नै सारवस्तु भएर विचार वाक्यको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

पहिला मारिने डरले भागे पनि पछि पानी (रक्सी खाएर सुँरिदै मुसाले विरालोसँग प्रतिकार गर्दै सिङ्गल-सिङ्गल लड्न चुनौति दिएको कुरालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा मुसा र विरालोको लुकीछिपी (लुकामारी) एवं भागदौडको घटनाक्रमलाई चित्रण गरिएको हुँदा कथा वाह्य वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

पहिलो भागमा एउटा पुरानो घरमा भएका मुसाहरु मध्ये एउटा ज्यादै चकचके र मोटो भएको कुरा उल्लेख छ । दोस्रो भागमा विरालोले लेखेटेको र ग्यालेन भित्र पसेर ज्यान जोगाएको र तेस्रोमा ग्यालेनको पानी खाएपछि सुरिंदै विरालोसँग सिङ्गल-सिङ्गल लड्न प्रतिकारमा उत्रेको घटना उल्लेख छ । यसरी हेर्दा कथा क्रमबद्ध रैखिकढाँचामा छ ।

### छ ) रुपविन्यास

केही राजनीतिक शब्द (कर्यकर्ता, सत्ताधारी), वोलचालका सरल शब्द (चक्चके, चरो, टुलुक्क झ्याप्प, ए), अनुकरणात्मक (सुठ्ठ, झ्याप्प) पाजी, जावो जस्ता तल्लो स्तरका शब्द र भाषा शैलीले कथालाई रौनकता थपेको छ । यसरी हेर्दा घटना क्रमअनुसार भाषाशैली वोधगम्य देखिन्छ ।

## ४.३.२३ प्रार्थना कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

समाजमा देखिएका विविध सामाजिक गतिविधिलाई कथाले समेटेको छ । पूजाआजा गर्ने, आ-आफ्नो चाहाना, आवश्यकता पेसा अनुसारका परिपुर्ति, प्राप्ति र सफलताका कामना गर्ने सामाजिक मानवीय क्रियाकलापलाई कथाले राम्ररी चित्रण गरेको छ । यसरी हेर्दा समाजलाई नै कथाले रुचिक्षेत्र बनाएकोछ ।

### ख ) रीतिक्षेत्र

समाजमा विविध किसिमका मान्छेहरु हुन्छन् । मानवीय चाहाना, प्रवृति र उसका जीवनयपनाका आधार अनुसार नै उसका चाहाना, आवश्यकताको निर्धारण हुन्छ, त्यसैले सबैले आफ्नो व्यवसाय फस्टेको र चाहाना पुरा भएको देख्न चाहने मानवीय प्रवृतिलाई कथाले यथार्थरुपमा देखाएको छ ।

### ग ) सारवस्तु

समाजमा विभिन्न वर्ग, समुदाय र विचारका मानिस भएपनि श्रद्धा र आस्थाका केन्द्र मन्दिर नै हुन् । तर आफ्ना चाहाना, आवश्यकता, प्रवृत्ति अनुसारका प्राप्ति र सफलताको अपेक्षा गर्दै प्रार्थना गर्छन् भन्ने कुरा कथाले देखाएको हुनाले कथाको सारवस्तु प्रच्छन्न रुपमा आएको छ ।

### घ ) अर्थसापेक्ष

मानवीय प्रवृति, जीवनयापनका आधार, वर्गीय धरातल, पेसा, व्यवसाय आदिले मानवीय इच्छा र आकांक्षाको निर्धारण गरेको हुन्छ भन्ने कुरालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा **उ** पात्रबाट शुरु भएकाले वाह्य दृष्टिविन्दुमा देखिन्छ । कथामा सबै पात्रहरुको मानसिक उतार चढावको विश्लेषण गरिएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

मन्दिरमा भक्तजनले गरेको पूजाआजा र प्रार्थनालाई नै कथामा समेटिएकोछ । पहिला समाजसेवी पुगेर प्रार्थना गरेको, दोस्रो डाक्टर पुगेर प्रार्थना गरेको, तेस्रो पेसाले लास जलाउने मान्छे गएर प्रार्थना गरेको र अन्त्यमा सबैको प्रार्थना सुनेर नजिकैको बसेको मान्छे बेस्सरी हाँसेको घटनालाई कथाले रैखिक रुपमा देखाएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल र वोधगम्य छ । भगवान, टीका, फूल, प्रसाद, प्रार्थना आदिले धार्मिक वातावरण देखिन्छ । चार पेसा र प्रवृतिका पात्रको उपस्थितिले कथा नाटकात्मक देखिन्छ ।

## ४.३.२४ बुद्धजयन्ती कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

वुद्धजयन्तीको भाषणको लागि वुद्धसम्बन्धी आवश्यक पुस्तक पढेको, विद्यार्थी हत्याकाण्डाको विरोधमा उत्रेका, सर्वसाधरणलाई गोली हान्ने आदेश दिएको, मञ्चमा भाषण गर्दै शान्तीको प्रतीक परेवा उडाएको, अन्त्यमा आन्दोलनकारीलाई चलाएको गोली लागेर नेता आफै मारिएको घटना कथामा देखाएको छ । यसरी हेर्दा कथाको रुचिक्षेत्र राजनीति देखिन्छ ।

**ख ) रीतिक्षेत्र**

वुद्धजयन्तीको दिन शान्ती र अहिंसा सम्बन्धी भाषण गर्ने, बुद्धका वाणीहरुलाई अनुसरण गर्न आव्हान गर्ने र न्यायको खोजीमा उत्रेका सर्वसाधारण जनतामाथि गोली चलाउन आदेश दिने दैध्य चरित्रको नेतामाथि व्यङ्ग्य गरिएको छ । साथै भाषण गर्दा गर्दै मञ्चमा नै गोली लागेर ढलेको देखाएर अरुको भलो नचाहानेको पनि कहिल्यै भलो हुदैन भन्ने कुरालाई अभिधात्मक रुपमा देखाएको छ । जनताले आन्दोलन गरेको र आन्दोलन दबाउन गोली चलाएको घटनाले कथामा शासक र शासित बिचको द्वन्द्व पनि देखिन्छ । यसरी हेर्दा कथा व्यङ्ग्यात्मक र प्रगतिवादी देखिन्छ ।

**ग ) सारवस्तु**

अहिंसा र शान्ती सम्बन्धी बुद्धका वाणीलाई टिपोट गर्दै बुद्धजयन्तीमा भाषण गर्ने नेताले सर्वसाधारणको कार्यक्रममा गोली वर्साउन आदेश दिएको तर कार्यक्रम नसकिंदै मञ्चमा नै नेता आफै मारिए पनि साँझ रेडियोले **बुद्धजयन्ती भव्य रुपमा मनाइयो** भन्ने समचारको वाक्यनै विचार वाक्यको रुपमा आएको देखिन्छ ।

**घ ) अर्थसापेक्ष**

बुद्धजयन्तीको दिन नै न्यायको लागि आन्दोलित जनतामाथि गोली चलाउन आदेश दिने नेताको छेपारे चरित्रमाथि व्यङ्ग्य गरिएको छ भने यस्तै रक्तपात र हिंसा भड्केको दिन नै बुद्धजयन्ती हो कि क्या हो ? भन्दै नेताको चरित्रलाई व्यङ्ग्य गरिएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा विभिन्न पात्रहरु नेपथ्यमा आए पनि वास्तवमा **उ** (नेता) पात्रकै मानसिक उतार चढावलाई नै केलाउने प्रयास गरिएको छ । विभिन्न घटना क्रियाकलापले नेताको मन मस्तिष्कमा पारेको प्रभावलाई केलाउने प्रयास गरिएको कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

बुद्धजयन्तीको कार्यक्रममा बोल्न नेताले तयार गरेको, जनताले कार्यक्रम गर्न लागेको सूचना फोनबाट पाएको, फोनबाटै कार्यक्रम बिथोल्न आदेश दिएको, दिउसो कार्यक्रम चल्दै गर्दा जनता आन्दोलित भएको खबर पाएको, आन्दोलनलाई दबाउन गोली हान्न आदेश दिएको, नेता कार्यक्रममा बोली सकेपछि परेवा उडाएको र अचानक नेताको छातीमा गोली लागि ढलेको र साँझमा बुद्धजयन्ती सफलतासाथ मनाएको समाचार रेडियोले प्रसारण गरेको घटना क्रमबद्ध रुपमा आएकोले कथानक रैखिक देखिन्छ ।

**छ ) रुपविन्यास**

राजनैतिक नेताको दोधारे चरित्रलाई व्यङ्ग्य गरिएको यस कथामा संस्कृतमा शव्दहरु, अंग्रेजी शव्द, नीचता बुझाउने शव्द, द्वित्व शव्द जस्ता शव्दहरुले कथा रोचक नै देखिन्छ । समयको अन्राललाई (+) चिन्हले देखाइएको छ । घटना र पात्रहरुको संयोजन गरेर नेताको चरित्रलाई देखाएको कथा संवृत नै देखिन्छ ।

### ४.३.२५ कामरेड पञ्चराम कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

पञ्चायतकालमा हालीमुहाली गरेका पञ्चे नेता पञ्चायत शासन ढल्ने बित्तिकै आमा मरेको बच्चा जस्तै टुहुरो भएको र राजनीतिक विचार एवं सिद्धान्तलाई बदल्दै बदलिदो राजनीतिक वातावरणमा आफुलाई मिसाउदै सत्तामा पुग्ने नेताको दहीचिउरे प्रवृतिलाई देखाएको छ । आफ्नो स्वार्थ पूर्ति गर्न आफैद्वारा प्रताडीतको खुट्टा समाउने, अङ्गभङ्ग भएकालाई डोऱ्याउने, चीरहरण गरिएकालाई कलश बोकाउने ढोंगी चरित्रका नेताको चित्रण गरिएको छ । यसरी राजनीतिक वृत्तका षड्यन्त्र र ढोंगी चरित्रलाई देखाएर राजनीतिलाई कथाले रुचिक्षेत्र वनाएको छ ।

**ख ) रीतिक्षेत्र**

राजनीतिमा जुनसुकै वाद र तन्त्र आएपनि अवसरवादीले अवसरको सदुपयोग गर्दै सोझासाझा जनतामाथि आफ्नो शासन चलाएकै हुन्छ । सोझा एवं निमुखा जनताका सोझोपनको फाइदा उठाउदै आफ्नै पेट भर्न लाग्छन् । त्यसैले **गधालाई दुधले धोएर गाई**

**बन्दैन** भने भैं यथास्थितिवादी चरित्र र सोच भएका व्यक्तिको जुनसुकै तन्त्र वाद र विधि विधानले कहिल्यै सोच परिवर्तन नहुने कुरालाई कथाले अभिधात्मक रुपमा देखाएको  छ ।

## ग ) सारवस्तु

आफ्नो राजनैतिक स्वार्थपूरा गर्न मण्डले नेताले विभिन्न धार्मिक अनुष्ठान गरेर एवं आफ्नो गल्तीको महशुस गर्दै ढोंगी धार्मिक अनुष्ठानबाट चोखिएको स्वाङ गर्दै मण्डलेबाट कमरेड पञ्चराम भएको भएपनि सुनपानी स्नान र गहुँतले जति चोखाएपनि सामन्तवाद र साम्राज्यवादको ख्याल मनबाट हटेको हुदैन । त्यसैले गधालाई दधले नुहाउँदैमा गाई बन्दैन भन्नु नै यसको सारवस्तु हो ।

## घ ) अथसापक्ष

नेताहरुले आफुलाई सुनपानी छर्कर, गहुँत खाएर, धार्मिक अनुष्ठान गरेर जतिनै चोखिएको नाटक गरेपनि अथवा आफ्नो नाम फेरेर आफुलाई परिवर्तन भएको देखाए पनि सामन्ती स्वार्थी नेताले कहिल्यै आफ्नो चरित्र, विचारलाई बदल्न सक्दैन । **गधालाई दुधले धोएर गाई बन्न सक्दैन** भन्ने कुरालाई अभिधात्मक रुपमा कथामा देखाएको छ ।

## ङ) दृष्टिबिन्दु

कथा कामरेड पञ्चरामको जीवनमा आइपरेका घटनाको उतार चढावलाई नै केलाउन व्यस्त भएकोले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ । पञ्चायत ढलेपछि टुहुरो भएको र फेरी विपक्षीसँग हेलमेल वढाउँदै परिवर्तित परिस्थितिलाई आफ्नो कब्जामा बनाउँदै सत्तामा गएको घटनाले कथालाई वाह्य सीमित दृष्टिबिन्दुमा देखाएको छ ।

## च ) कथानका ढाँचा

पञ्चायत ढलेको, पञ्चायतका मण्डले विस्तारै परिवर्तित राजनीतिमा छिरेको, परिवर्तित राजनीतिमा आएर फेरी सरकारमा जाने तयारी गरेको र मण्डलेबाट कामरेड बनेको घटना शिलशिलावद्ध रुपमा आएकोले कथा रैखिक ढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथामा राजनीतिक परिवृतमा घट्ने घटनाहरुलाई पात्र र घटनाको संयोजनका साथै व्यक्ति चरित्रको अन्योक्तिमूलक उद्घाटन गरिएको कथा केहीरुपमा विवृत नै देखिन्छ

# ४.३.२६ दाउराको मोल कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

गरिबीले थिलथिलिएको समाज र त्यस समाजमा गरिबीले पिल्सिएर बाच्नु पर्ने मानवीय बाध्यतालाई कथाले देखाएको छ । बिहान बेलुका हातमुख जोर्न धौं धौं पर्ने यस्ता समाजमा बिरामी पर्दा उपचार गर्ने त **आकाशको फल आखाँतरी मर** भन्ने उखान जस्तै भएकोले ज्यानै गुमाउनु पर्ने गरिबीको बाध्यतालाई कथाले देखाएको छ ।

**ख ) रीतिक्षेत्र**

गरिबीले पिरोलिएको समाजको एउटा पात्रलाई कथामा उतारिएको छ । गरिबीको कारणले बेलैमा औषधी मुलो गर्न नपाएर अकालमा ज्यानै गुमाउनु पर्ने वाध्यात्मक परिस्थितिलाई कथाले उतारेको छ । यसरी हेर्दा कथा प्रगतिवादी रीतिमा देखिन्छ ।

**ग ) सारवस्तु**

कथामा पहिलो अनुच्छेदमा नै **दुईसय भन्दा कममा त मरिगए दिन्न** भन्ने वाक्य नै कथाको सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

गरिबीको चपेटामा परेपछि व्यक्तिले आफ्नो वचन, अठोट या प्रतिज्ञा मात्र गुमाउने होइन की उसले सारा संसार नै गुमाउछ । **उ** पात्रले गरिबीले आमा (ममताकी खानी) गुमाए जस्तै गरिबीले सारा संसार गुम्छ । भन्ने देखाउनु नै यसको अर्थ हो यसरी हेर्दा अभिधात्मक अर्थसापेक्ष देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा उ पात्रको दाउरा प्रतिको विश्वास, आमा प्रतिको माया, आदर र भाव, उसका मनमा उठेका विचारका तङ्रग विभिन्न कियाकलापले पारको प्रभाव आदिलाई राम्ररी केलाएको छ । यसरी हेर्दा कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा दाउराको मूल्य निर्धारण गर्दै मूल्यमा अडान भएको, दोस्रो भागमा दाउराको पैसाले विरामी आमाको औषधी किन्ने अठोट गरेको र स्वार्थी दाइ भाइलाई घृणा गरेको, तेस्रो भागमा आफ्नै आमाको लास आएको यकिन भएपछि बेहोस हुँदै ढलेको देखिन्छ । यसरी हेर्दा कथा क्रमबद्धरुपमा आएको रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

गरिबीको विवशतालाई देखाइएको यस कथामा सरल भाषाशैलीको प्रयोग देखिन्छ । कथामा बोलचालका भाषाको प्रयोग देखिन्छ । घुटुक्क, घाट, छ्यालव्याल, प्याच्च, नजिक, डङ्ग्रङ्ङ, ह्वारह्वारी जस्ता शव्दले कथालाई रोचकता थपेको छ । यसरी हेर्दा कथा संवृत रुपविन्यास मै देखिन्छ ।

## ४.३.२७ "नयाँ जाकेट" कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

गरिब परिवारमा नयाँलुगा लगाउने रहर, परदेशी छोराले जाकेट पठाएको, बाब आमा खुशी भएको तर सेना र विद्रोहीको डरले जाकेट लगाउने इच्छा पूरा नभएको , जताततै डर र त्रास फैलिएको, दिल खोलेर हाँस्न, खान, लगाउन पनि नपाउने, त्यसैले सबैले शान्तीको चाहाना गरेको हाम्रै वरिपरिका राजनीतिक घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

गरिबीको चपेटाले नयाँ जाकेट किन्न सक्ने स्थिति नभएको, नयाँ जाकेट लगाउन पाउँदा हुनेखाने दर्जामा दाज्न पुगेको, राजनीतिक खिचातानीले देशको स्थिति बिग्रेको, देश द्वन्द्वमा फसेको, सेना र विद्रोहीको डरले मनपर्ने लुगा समेत लगाउन नपाउने परिस्थितिको चित्रण गरेको छ । यस्ता राजनैतिक अन्तरद्वन्द्वले देश र जनतालाई कहिल्यै भलो नगर्ने हुनाले जरैदेखि यी अन्तरद्वन्द्वहरु फालिनु पर्छ, देशमा शान्ती र स्वतन्त्रता छाउनु पर्ने कुरालाई कथाले यथार्थवादी प्रगतिवादी रीतिमा प्रस्तुत गरेको छ ।

## ग ) सारवस्तु

राजनीतिक खिचातानी र अन्तरद्वन्द्वले सर्वसाधारणले मनपर्ने नयाँ ज्याकेट निर्धक्क भएर लगाउने स्थिति नभएको , जसले गर्दा नागरिकको मौलिक हक, अधिकार र स्वतन्त्रताको हनन् भएको र यस्ता हत्या, हिंसा र अन्तरद्वन्द्वको साम्य भएर जनताले स्वतन्त्र र शान्तीका साथ निर्धक्क भएर जीवनयापन गर्न पाउनु पर्छ र देशमा सँधै शान्ती छाउनु पर्छ भन्ने नै कथाको सारवस्तु हो ।

## घ ) अर्थसापेक्ष

देशको राजनैतिक अन्तरद्वन्द्व र खिचातानीले नागरिकको स्वतन्त्रता र मौलिक हक अधिकारको हनन् भएको र सेना र विद्रोहीको बिचको द्वन्द्वको जाँतोमा निरीह जनता पिसिनु परेको तीतो यथार्थलाई कथाले अभिधात्मक रुपमा देखाएको छ । देशमा शान्ती र अमनचयन छाउनु पर्ने र यस्तो वातावरणको सिर्जना सरकार विद्रोही दुबै मिलेर गर्नु पर्ने कुरालाई अभिधात्मक रुपमा देखाएको छ ।

## ङ) दृष्टिबिन्दु

कथा उ पात्रबाटै सुरु भएकाले कथा वाह्यदृष्टि विन्दुमा देखिन्छ । नयाँ ज्याकेटले **उ** पात्रको मनमा उब्जेको भावना, छोरीको मनमा परेको अज्ञात आशंका एवं छोरीको कुराले बुढीको र बुढाको मनमा ज्याकेट प्रतिको उब्जेको वितृष्णालाई कथाले राम्ररी केलाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा नयाँ ज्याकेटको आगमनले आफुलाई गाउँको हुनेखाने व्यक्तिमा सूचीकृत गरेको र सारै खुशी भएको छ । दोस्रो भागमा छोरीको आगमन र विचारले उसको खुशीमा तुषारापात भएको र ज्याकेट फुकालेर थन्काएको छ । तेस्रो भागमा नयाँ ज्याकेट लगाउने , शान्ती र अमनचयनको चाहाना स्वरुप सपनामा विद्रोही र सरकार बिच वार्ता भएको देखाएर कथा रैखिक ढाँचामा छ ।

## छ ) रुपविन्यास

कथामा प्रयुक्त-फुरुक्क, क्यारे ! हुनेखाने, बुढीमात्र रहिछिन् घरमा !, कस्तो राम्रो लाहुरेले लगाउने जस्तो । स्वाइ खानु, ठ्याक्कै, मनमा चिसो पस्नु, ढुकढुक, ए बुढा, बुढी गर्जिइन् जस्ता सरल बोलीचालीका शब्द र भाषा, टुक्का आदिले कथामा रोचकता थपिएको छ ।

## ४.३.२८ वार्ता कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

देशमा बढेको राजनीतिक अन्तरद्वन्द्व, हत्या हिंसा, शान्ती वार्ता र हत्या हिंसाको अन्त्यको प्रकृया सँगै राजनीतिक अस्थिरताको फाइदा उठाउने अवसरवादी, सामन्ती, आडम्वरी, देशद्रोहीको मनमा रहेको घृणित कुटिल चाललाई कथाले देखाएकोछ ।

### ख ) रीतिक्षेत्र

उच्च ओहदामा यस्तै सामन्ती एवं शोसक विचारधारका अवसरवादी व्यक्तिहरुकै कारणले देशमा हत्या, हिंसा र अशान्ती फैलिएको हो । यस्ता राजनीतिक अस्थिरतालाई कसैले पनि आफ्नो कमाउने भाँडो र स्वार्थसिद्धिको बाटोको रुपमा अगाल्नु हुन्न, सारा जनताको सुख शान्ती र अमनचयनलाई प्राथमिकता दिनु पर्छ, भन्ने प्रगतिवादी विचार कथामा देखाएको छ ।

### ग ) सारवस्तु

कथामा **वार्ता** शब्द नै सारवस्तुको रुपमा आएको छ । देशमा राजनीतिक अस्थिरता छाउन दिनु हुन्न । यस्तो अवस्थामा समाजका असामाजिक कु-तत्वहरुले चलखेल गर्छन । यसैलाई कमाईको भाँडो बनाउदै स्वार्थसिद्धिको बाटो बनाउछन् । त्यसैले जसरी हुन्छ देशको राजनीतिक अस्थिरतालाई वार्ताको माध्यमले सुल्झाउदै शान्ती स्थापना गर्नु पर्छ ।

### घ ) अर्थसापेक्ष

उच्च ओहदामा बसेका जिम्मेवार व्यक्तिको गैरजिम्मेवारी, चरित्रहीन, कु विचारलाई कथाले देखाएको छ । देशको उच्च ओहदामा बसेका जिम्मेवार व्यक्तिको घृणित कु विचारलाई कथाले व्यङ्ग्य पनि गरेको छ । जनताको पसिनाको कमाई खाएर जनताको शान्तीप्रतिको चाहानामा तुषारापात गराउन खोज्ने आडम्वरी ढोंगी व्यक्तिहरुप्रति व्यङ्ग्य गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

कथाको सुरुवात नै **उ** पात्रबाट भएको छ । वार्ता हुने समाचारले **उ** पात्रको मनमा उब्जिएको खुशी र वार्ता हुने समाचारले **उ** पात्रको श्रीमान् को मनमा उब्जेको कु-भावनालाई कथाले देखाएको छ । यसरी हेर्दा कथाले **उ** पात्र र श्रीमान्को मनमा उठेको उतारचढावलाई केलाएको हुनाले कथा वाह्य सर्वदर्शी देखिन्छ ।

### च ) कथानकढाँचा

कथा सरसर्ती हेर्दा तीन भागमा देखिन्छ । कथाको पहिलो भाग वार्ताको समाचार सँगै सुरु हुन्छ भने दोस्रो भागमा वार्ताले **उ** पात्रमा खुशीको लहर छाउँछ भने **श्रीमान्** लाई वार्ताको समाचारले निराशापन छाएको कुरालाई कथाले देखाएको छ । तेस्रो भागमा श्रीमान्को वार्ता प्रतिको अभिव्यक्तिले **उ** पात्र बोल्नै नसक्ने अक्कनवक्क परेको घटनालाई क्रमबद्ध रैखिक रुपमा देखाएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल बोलचालको भाषामा देखिन्छ । **मन चिसो, मुटु फुलियो, दङ्ग** जस्ता टुक्का, **नि,त** जस्ता निपात, भाषिक स्वभाविकतामा शव्द  आदिले कथा सरल संवृत नै देखिन्छ ।

## ४.३.२९ तिरिमिरी  कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

समाजमा देखिएको अपराधिक क्रियाकलाप लाई कथाले रुचिक्षेत्र बनाएको छ । वास्तवमा आफ्नै पिताप्रति छोराले गरेको अन्याय र अपराधिक घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

आसामीहरुको खातापाता, तमसुकहरु कुन्तुरमा राखेर ताला लगाउने पिता शोषक, सामन्तीको रुपमा देखिन्छ । छोरा र उसका साथीहरु पीडित एवं शाषित वर्गको रुपमा देखिन्छ । **उ** पात्रलाई पेस्तोल देखाएर लुट्नुमा छोराको हात रहेको देखिन्छ । यसरी घटनाको प्रवृति र प्रयुक्त पात्रलाई हेर्दा कथा सामाजिक प्रगतिवादी रीतिमा देखिन्छ ।

**ग ) सारवस्तु**

प्राण भन्दा पनि प्यारो ठानेर कमाएको पैसा र तमसुक तथा बहीखाताहरु नकावधारी लुटेराहरुले लुटेर लैजादा 'उ' पात्रको होसहवास नै उडेको देखिन्छ यसरी हेर्दा कथाको सारवस्तु (तिरीमिरी) प्रच्छन्न रुपमा प्रासङ्गिक बनेर आएको छ ।

**घ ) अर्थसापेक्ष**

कथाको घटना र पात्रको चरित्रलाई हेर्दा कथा प्रतीकात्मक देखिन्छ । शामन्ती र शोषकको प्रतीकको रुपमा **उ** पात्र र गरीब एवं पीडितको प्रतीकको रुपमा छोरा र उसका साथीहरु देखिएको हुनाले कथा प्रतीकात्मक देखिन्छ । कथावस्तु अनुसार शीर्षक विम्बात्मक देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथा **उ** पात्रको मनोदशा एवं घटनाले **उ** पात्रलाई पारेको प्रभावको चिरफार गरेको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

पहिलो भागमा   दुकान बन्द गर्दै पैसा, तमसुक र बहिखाताहरु कन्तुरमा हालेर डबल ताला लाएको छ । दोस्रो भागमा नकावधारी लुटेराले पेस्तोल देखाउँदै कन्तुर खोलेर लुटेको देखिन्छ । त्यस्तै तेस्रो भागमा उ पात्र बाहिर निस्केर बुढी र छोराको कोठामा हेरेको घटनालाई कथाले रैखिक ढाँचामा देखाएको छ ।

### छ ) रुपविन्यास

कथाको शीर्षक विम्बात्मक भएपनि कथामा प्रयुक्त शब्दहरु, संसाँझै, दुकान, भान्सा, सरासर, कन्तुर, चाबी, तमसुक, बहिखाता जस्ता शब्दले ग्रामीण जनजीवनलाई चित्रण गर्छ, भने अनुकरणात्मक शब्द (टकटक), आगन्तुक शब्द (पेस्तोल), टुक्का (कुलेलम ठोक्नु) आदिले कथालाई रोचक एवं सरल बनाएको देखिन्छ ।

## ४.३.३० दोधार कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

पतिको मृत्युको आशङ्काले गीताको मनमा परेको प्रभाव,  एयरलाइन्सले क्षतिपुर्ति वापत दिने मोटो रकमको आशामा भविष्यको योजना बनाएको र पतिले जीन्दगीभर कमाएर उडाएको भएपनि आउने क्षतिपूर्तीले राम्रैसित घर चलाउने योजना बनाएको, पतिको फोन सँगै **पैसा की पति ठूलो** भन्ने दोधारमा गीता परेको घटनालाई कथाले देखाएको छ । यसरी हेर्दा कथाले आन्तरिक संसार वा व्यक्ति मनलाई रुचिक्षेत्र बनाएको  छ ।

### ख ) रीतिक्षेत्र

मृत्युमा शोकाकुल बन्ने र छिमेकीहरु आएर सान्तवना दिने सामाजिक घटनालाई यथार्थवादी शैलीमा देखाएको छ । पतिले जीवनभर कमाएको पैसा रण्डीबाजीमा उडाएर सिध्याएको, जसले गर्दा पारीवारिक आर्थिक अवस्था नाजुक भएको हुनाले गीताको पति (श्रीमान्) प्रतिको आकर्षण पनि केही कम भएको घटनालाई देखाएको छ । यस्ता विकृत पक्षहरुमा सुधारको अपेक्षा गरेको यो कथा यथार्थवादी प्रगतिवादी रीतिशैलीमा देखिन्छ ।

### ग ) सारवस्तु

**उनले आफ्नो जड्याहा पति र चौध/पन्ध्र लाख रुपैया मध्ये कुन ठूलो हो भन्ने वारे छुट्याउन सकिरहेको थिइनन्** भन्ने वाक्य नै कथाको सारवस्तुको रुपमा आएको छ । वास्तवमा परिवार प्रतिको गैर जिम्मेवारी पति भन्दा चौध/पन्ध्र लाख नै ठूलो होला भन्ने दोधार गीताको मनमा देखिएको कुरानै कथाको सारवस्तु हो । विवाहित नारीको लागि पति सौभाग्य हो भने पैसा जीवनयापनको साधन भएकोले गीता पनि दोधारमा परेकी छिन् ।

### घ ) अर्थसापेक्ष

पति मरेको आशंकामा घरमा रुवावासी चलेको, क्षतिपूर्ति बापत पाउने पैसाको आशाले चित्त बुझाउदै भावी योजना बनाएको, अचानक पति जीवित भएको खवरले **उ** सोचमग्न हुदै सोच्न थाल्छ - **चौध/पन्ध्र लाख ठुलो की आफ्नो शौभाग्य (पति) ठुलो** भन्ने कुरामा दोधारमा परेको कुरालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

पतिको मृत्युको आशंकाले गीताको मनमा परेको शोक भावना र क्षतिपुर्ति बापत आउने रकमको आशाले मनमा उब्जिएको भावी ओजना र मानसिक उतार चढावलाई कथाले देखाएको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथानकढाँचा रैखिक नै देखिन्छ । कथाको पहिलो भागमा प्लेन दूर्घटनाको खवरले रुवावासी चलेको छ । दोस्रो भागमा क्षतिपूर्ति बापत आउने रकमको आशामा मन बुझाएको छ । तेस्रो भागमा पनि जीवितै भएको खबरले गीता दोधारमा परेकी छिन् ।.

## छ ) रुपविन्यास

कथा छोटो र रसात्मक देखिन्छ । अझ भाषिक स्वाभाविकताका शब्द, टुक्का आदिले कथालाई रोचकता दिएको छ ।

## ४.३.३१ पाँचौ सम्भावित दृश्य कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

कथामा नेपालको नक्सा आकारको घार, भद्र भलाद्धमीहरुले मह चाटिरहेको, गरिब निम्न वर्गका जस्ताले टुलुटुलु हेर्दै बसेका, खानको लागि लुछाचुडी गरेका, एक जमातले अर्को जमातलाई लखेटेर खान अगाडी सरेको, खान नपाउनेहरु विरोधमा उत्रेका, अझ तेस्रो शक्ति पनि अवसरको पर्खाइमा बसिरहेको दृश्यले कथा राजनीतिक धरातलमा उभिएको देखिन्छ । यसरी हेर्दा कथाकारले राजनीतिक उतार चढाव र परिवेशलाई कथाको रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षेत्र

कथाले सामन्ती वर्ग (उच्च वर्ग) र निम्न वर्ग वीच वर्गीय द्वन्द्व देखाएको छ । ठुलावडा शोषक सामन्तीले सधै मोज मस्ति र ऐश आराम गरिरहने भने निम्न वर्गले सधै भोक भोकै मर्नु परेको परिस्थितीलाई देखाउदै अवसरबादी शोषक, शामन्ती, नेता र उच्च वर्गले देशलाई कसरी चुसिरहेको छ भन्ने कुरालाई कथाले देखाइरहेको छ । देशलाई चुस्ने होइन माहुरीले घरको रक्षा गरेझैं सवै मिलेर देशमा आइपर्ने हरतरहका खतराको डटेर सामना गर्नु पर्छ । नेपाल रहे नेपाली रहन्छ भन्ने गहन विचारलाई प्रगतीवादी शैलीमा देखाएको छ ।

## ग ) सारवस्तु

देशमा सामन्ती शोषकहरु र यस्ता विचारधाराको अन्त्य हुनैपर्छ । नभएसम्म वर्गीय असमानता कायम रहन्छ । वर्गीय द्वन्द्व चलिनै रहन्छ । वर्गीय द्वन्द्व चल्नु भनेको राजनीतिक अस्थिरता रहनु हो । यस्तो अस्थिरतामा तेस्रो पक्षले आँखा लगाएपछि भाइफुटे गवार लुटे भन्ने उखान चरितार्थ हुने कुरालाई कथाले अङ्गालेको छ । नेपाल रहे नेपाली रहन्छ भन्ने मूलमन्त्र जपेर वर्गीय द्वन्द्व अन्त्य गर्नु पर्छ । दलीय स्वार्थभन्दा देशको स्वार्थ र आवश्यकतालाई सर्वोपरी ठान्दै प्रतिक्रियावादीसँग लडेर परिवर्तनगामी वन्नु पर्ने कुरानै कथामा प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

## घ ) अर्थसापेक्ष

नेपालको नक्साको आकारको घारले नेपाललाई, मोटा र खाइलाग्दा मान्छेले नेताहरुलाई, दुब्ला र पातला मान्छेले गरिब-निम्नवर्गका जनताको, मह चाट्न लुछाचुडी गर्नुले सत्ताको वा कुर्सीको लागि लुछाचुडी, बन्दुकको आवाजले विद्रोह र हत्या हिंसा

फैलिएको, अरिङ्गालको भुनभुन र कुदृष्टिले विदेशीको चलखेल र गिद्धेदृष्टि परेको, कर्मी मौरीले रक्षाको लागि प्रतिवद्ध हुने देशभक्त र देशवादी हरुको देश वचाउ अभियानलाई संकेत गरेको हुनाले कथा सङ्केतात्मक प्रतिकात्मक देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथामा मानवीय र अमानवीय दुवै पात्रको प्रयोग गरिएपनि दुवैले घटनाको गम्भीरता र विषयवस्तुलाई उजागर गरेको हुनाले कथा वाह्य वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथालाई अदृश्य भागसहित पाँच भागमा विभाजित गरिएपनि समयक्रम र घटनाक्रम अनुसार क्रमबद्ध रैखिक शैलीले कथालाई रैखिकढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा सरल मञ्चीय शैलीमा देखिन्छ । अनुकरणात्मक (टुलुटुलु), प्रतीकात्मक शब्द, द्वित्व (छरीछरी) आदिले कथा रोचक देखिएपनि कथावस्तु र घटनाले राजनीतिक परिवृतमा चल्ने लुछाचुडीको कटुसत्यलाई सङ्केत गरेको हुनाले कथा विवृत रुपविन्यासमा देखिन्छ ।

## ४.३.३२ परत्रको चिन्ता कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

समाजमा देखिने राजनीति र धर्मप्रतिको आस्था, यी दुई बिचको मतभेद, भौतिकवादीलाई वर्तमानले सताँउछ भने आध्यात्मिकवादीलाई अज्ञात भएको डर स्वरुप अर्को जन्मको चिन्ता लाग्छ । त्यसैले व्यक्ति धार्मिक क्रियाकलापमा लाग्छ । यसरी समाजमा चल्ने धार्मिक र राजनैतिक क्रियाकलापलाई नै कथाले रुचिक्षेत्र वनाएको छ ।

## ख ) रीतिक्षेत्र

वर्तमानमा सुख शान्ती र सम्पन्न हुनलाई वर्तमानमै केही गर्नु पर्छ । स् ङ्घर्ष र परिश्रम गर्नु पर्छ । धार्मिक आस्था, क्रियाकलाप र भजन किर्तनले भौतिक संसारलाई परिवर्तन गर्न सकिदैन , अन्धविश्वासमा लागेर वर्तमानलाइ लथालिङ्ग बनाउनु हुदैन ' भन्ने एक पक्ष देखिन्छ भने अर्को पक्षलाई अर्को जन्मको चिन्ताले सताउनुका कारण धर्म कर्म तर्फ लागेको देखिन्छ यसरी व्यक्तिको रुचि र स्वभाव अनुसारका क्रियाकलापलाई देखाएर कथाले व्यक्तिलाई नै रुचिक्षेत्रको रुपमा लिएको छ ।

## ग ) सारवस्तु

परिश्रम र सङ्घर्ष गरेर जीवनलाई सफल सुखी र आरामदायी बनाउनु पर्छ । अन्धविश्वास र आध्यात्मिकतामा डुवेर अर्को जुनीको चिन्ताले पाएको जीवन पनि दुःखपूर्ण अभावै अभावमा जिउनु हुन्न, अज्ञात शक्तिको पुकारमै व्यस्त भयो भने धार्मिक, अन्धविश्वास र आस्थाले विकास र प्रगतिलाई छेक्छ । त्यसैले भौतिक संसारमा आध्यात्मिकताको पकड हुनु हुदैन भन्ने कुरा नै कथाको सारवस्तुको रुपमा आएको छ ।

**घ ) अर्थसापेक्ष**

भौतिक समस्यासँग डराएर आध्यात्मिकताको शरण लिने, भौतिक जीवनमा रचनात्मक, प्रगतिशील कार्य केही नगर्ने, सबै दुःख र कष्ट पूर्व जन्मको फल हो भन्ने, अर्को जन्म पनि हुन्छ । त्यसको लागि धर्मकर्म गर्नु पर्छ भन्ने रुढीवादी, अन्धविश्वास र यथास्थितिवादी सोच भएकाहरु प्रति कथाले व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथाको पहिलो वाक्य **गाउँमा दुईटा पार्टी थिए** ले नै कथाको दृष्टिविन्दुको निर्धारण गरेको छ । दुबै पार्टीको कार्यकर्ताका क्रियाकलाप प्रवृतिलाई कथाले उद्घाटन गरेको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च) कथानकढाँचा**

गाउँको दुईटा पार्टी बिच हुने वैचारिक द्वन्द्व, सैद्धान्तिक क्रियाकलाप, समस्या समाधान गर्ने आ-आफ्नै तरिका, सैद्धान्तिक संस्थागत क्रियाकलाप आदिलाई कथाकारले रैखिक ढाँचामा देखाएको छ ।

**छ ) रुपविन्यास**

कथामा धार्मिक (परत्र, अन्धविश्वास, कुरीति, भजन, कीर्तन) शब्द एवं राजनैतिक शब्द (दमन, जुलुस, पार्टी) हरुको प्रयोग देखिन्छ । विषयवस्तु अनुसार कथा सरल र बोधगम्य नै देखिन्छ ।

## ४.३.३३ बोहनी कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

सामाजिक दैनिक जीवन, क्रियाकलाप, परम्परागत आस्था, सामाजिक चाल चलन, प्रतिशोधको भावना आदिलाई कथाले देखाएको हुनाले कथाले आफ्नो रुचिक्षेत्र समाजलाई बनाएको छ ।

**ख ) रीतिक्षेत्र**

समाजमा देखिएको अन्धविश्वास, अन्धविश्वासले दैनिक जीवनमा पारेको प्रभाव आदिलाई कथाले देखाएको छ । यस्ता अन्धविश्वासको पछि लागेर दैनिक जीवन गुजारालाई नै प्रभावित बनाउनु हुन्न । समाजमा यस्ता अन्धविश्वासी परम्परा र संस्कारले गर्दा यस्ता घटनाहरु घटिरहन्छन् भन्ने कुरालाई कथाले यथार्थवादी शैलीमा देखाएको छ ।

**ग ) सारवस्तु**

कथाको शीर्षकलाई हेर्दा व्यवसायको/व्यापारको शुरुवात नै बोहनी हो भने कथामा व्यापारको सुरुवाती नै बिग्रिएको छ । जसरी भरिसकेको माटो फिर्ता गराएर माटो व्यापारीको बोहनी विगारिन् गंगाकी सासुले, त्यसरी नै माटो व्यापारीले पनि पोको पारेको कपडा फिर्ता गराएर उसको बोहनी बिगारिदिएको छ । यसरी बोहनी भन्ने शब्द नै शाब्दिक रुपमा आएपनि **जस्तालाई तस्तै ढिंडोलाई निस्तै** भन्ने उखान नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको देखिन्छ ।

**घ ) अर्थसापेक्ष**

बोहनी शब्दको शाब्दिक अर्थ व्यापारमा किनबेचको पहिलो शुरुवाती हो । यसमा भरिसकेको माटो फिर्ता गराएर माटो व्यापारीको बोहनी बिगारेको छ । मोलतोल गरी पोको पारेको कपडा फिर्ता गराएर गंगाको सासूको बोहनी बिगारेको छ । यसरी कथाले व्यापारिक क्रियाकलापलाई देखाएको हुनाले कथा अभिधात्मक अर्थसापेक्षमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथाको शुरुवात माटो बेच्नेको आवाजवाट शुरुभएको छ । कथामा विभिन्न पात्र माटो बेच्ने, गंगा, उसकी सासुको प्रयोग भएपनि व्यापारमा बोहनीको महत्व, बोहनी राम्रो र सही तरिकाले हुनुपर्छ । व्यापारमा **जस्तालाई तस्तै ढिंडोलाई निस्तै** गर्नु पर्छ भन्ने विषयलाई महत्व दिएकोले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको रुपगत संरचना दुई भागमा बाँडिएको भएपनि विषयवस्तुगत संरचना तीनभागमा देखिन्छ । पहिलो भागमा माटो किनिदिन र बिहानको बोहनी नबिगार्न अनुरोध गरिएको छल । दोस्रो भागमा प्रतिशोधको भावनाले माटो व्यापारी कपडा पसलमा छिरेको र भाउ मिलाएर कपडा पोको पार्न लगाएको छ । तेस्रो भागमा सोमवारको वाहाना बनाउँदै माटोको बोहनी बिगारेको वदलामा माटो व्यापारीले सोमवारको वाहाना बनाउदै कपडा फिर्ता गराउँदै बदला लिएको देखाएको छ यसरी हेर्दा कथा रैखिकढाँचामा क्रमबद्ध देखिन्छ ।

**छ ) रुपविन्यास**

कथामा समयको अन्तरालालई (+) चिन्हले देखाएको छ । अनुकरणात्मक शब्दको प्रयोग (ख्वाक्क) भाषिक स्वाभाविकताका शब्द (रुप्पे भाउताउ, थुक्क भ्कट्ट, च्याँठिदै, भुसुक्कै जुरुक्क) जस्ता शब्दले कथा रोचक बनाएको छ ।

## ४.३.३४ मनको वाघ कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

मानवीय गलत क्रियाकलाप, व्यवहार र आचरणले व्यक्तिको मनमा अन्तरद्वन्द्व, मानसिक उथलपुथल आदि अइरहन्छ । यस्ता गलत क्रियाकलाप र आचरण व्यवहारले व्यक्तिको मनमा सधै नकरात्मक परिणामको भय (डर) ले डेरा जमाई रहन्छ । भन्ने कुरा सपनाको माध्यमले देखाएको हुनाले कथाले व्यक्ति मनका साथै स्वैरकल्पनालाई नै रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

कथाकार प्रगतिवादी धाराका भएपनि यस कथामा कथाकारले बेग्लै खालको विशेषतालाई अङ्गालेको देखिन्छ । कथा विशेषगरी यौन मनोवैज्ञानिक धार तिर ढल्केको देखिन्छ । यौनले मानवीय जीवनमा खेल्ने भूमिका र गलत आचरणले नकरात्मक परिणामको भय मनमा उत्पन्न गराई रहने कुरालाई कथाले देखाएको छ ।

### ग ) सारवस्तु

विवाहित **उ** पात्रको बाहिरी महिलाहरुसँगको सम्बन्धका कारण आफ्नो श्रीमती प्रति गरेको विश्वासघात र धोकाको आत्मग्लानी हुन्छ । जसको फलस्वरुप आफ्नो पतिव्रता श्रीमती पनि अर्कै नाठोसँग सुतिरहेको सपना देख्छ । यसरी **उ** पात्रको विश्वासघाती र गलत आचरणको उपजको रुपमा आफ्नो पतिव्रता श्रीमती प्रति नकारात्मक सोच अन्तर मनको कुनै कुनामा आउनु भनेको **वनको बाघले खाओस कि नखाओस मनको बाघले खानु** जस्तै हो । यसरी हेर्दा कथाको सारवस्तु प्रच्छन्न रुपमा आएको छ ।

### घ) अर्थसापेक्ष

जो व्यक्तिले आफ्नो श्रीमती वाहेक अन्य महिलाहरुसँग नराम्रो सम्बन्ध गाँस्छ आफ्नो पतिव्रता श्रीमती प्रति गलत सोच धारणा एवं सपना देख्ने त्यस्ता पतिहरुप्रति कथाले व्यङग्य गरेको छ । यसरी कथा व्य ङ्ग्यात्मक देखिन्छ भने 'मनको वाघ' कथामा विम्बामत्मकता पनि देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा उ ,संगीता, रमाको प्रयोग भए पनि मनको बाघ भन्ने विषयवस्तुलाई नै प्रष्ट्याउने घटना र प्रस ङ्गको क्रमबद्धता देखिन्छ । यसरी हेर्दा कथा वाह्य वस्तुपरक देखिन्छ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा संगीतासँग छुट्टिएर घरफर्केको सपना, दोस्रो भागमा एउटा भुसतिघ्रे मान्छेले रमालाई अङ्गालोमा हालेर सुतिरहेको कोठाको दृश्यले उ पात्रको क्रोधले सीमा नाघेको र दुवैलाई उ पात्रले खुकुरीले काटेको सपना देखेको छ । तेस्रो भागमा सपनाबाट ब्युँझदा श्रीमतीले तातो चिया ल्याएको छ र संसारकी राम्री देखिएको घटनालाई रैखिक रुपमा देखाएको छ ।

### छ ) रुपविन्यास

कथामा सरलता, वोधगम्यता, रोमाञ्चकता देखिन्छ । कथामा सरल वाक्य विन्यास, टुक्का (नारीहरु खेलाउनु, चङ्गा जस्तै हलुका) को प्रयोग, फनफनी, मुसुक्क जस्ता भाषिक स्वाभाविकताका शब्दले कथा संवृत नै देखिन्छ ।

## ४.३.३५ आफ्नै भाग्य कस्तो कस्तो कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

समाजमा व्याप्त अन्धविश्वास, अन्धविश्वासको फाइदा उठाउदै सम्पत्ती कमाएको, यसरी कमाएको सम्पत्ति घर किनवेच गर्ने वाहानामा दलालले ठगेको जस्ता समाजमा घटिरहने घटनालाई कथाले रुचीक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षत्र

समाजमा देखिने जादु टुना प्रतिको अन्धविश्वास, दैवीशक्ति प्रतिको आस्था, यसैलाई माध्यम बनाएर पैसा कमाउने प्रवृत्ति, समाजमा पैसा कमाउन घरजग्गाको दलाली गर्ने, यसैको नाममा दुनिँयालाई ठग्ने जस्ता समाजमा घटिरहने घटनाहरुलाई कथाले यथार्थवादी शैली देखाएको छ ।

## ग ) सारवस्तु

दुनिँयाको ग्रहदशा सपारी दिने, भाग्य भविष्य बनाई दिने दावी गर्ने ज्योतिषीले आफुलाई दलालहरुले ठग्न लागेको कुराको भेउसम्म किन पाउन सकेन, अरुको भविष्यमा भाइपर्ने दुःख, समस्या, आपत्तविपत्तको निर्क्यौल र निराकरण गर्नेले किन आफ्नै भविष्यको पत्ता लगाउन सकेन । यो ज्योतिषी तन्त्रमन्त्र भनेका ठगी खाने भाँडो हुन् । अरुको भाग्य र भविष्य हेर्ने मान्छे आफ्ने भविष्यको अत्तोपत्तो छै । भन्ने वाक्य नै सारवस्तु बनेर विचारवाक्यको रुपमा आएको छ ।

## घ) अर्थसापेक्ष

छलकपट र दलाल गरेर पैसा कमाउने ठग प्रवृत्ति, अन्धविश्वास र तन्त्रमन्त्रको आडमा पैसा कमाउने ठग ज्योतिषीहरुको ज्योतिषी विद्याप्रति, अरुको अविष्य हेर्ने, देख्ने तर आफ्नै भविष्य र आपत्त विपत्तलाई नजर अन्दाज सम्म लगाउन नसक्ने ढोंगी ज्योतिषी विद्याप्रति कथाले व्यङग्य गरेको छ ।

## ङ) दृष्टिबिन्दु

कथा वाह्य दृष्टिबिन्दुमा छ । **उ** पात्रको पेशाको विस्तृत विवरण, उनकी श्रीमतीसँगको भलाकुसारी, दलालहरुको प्रवृत्ति आदि सबैको आचरण व्यवहार र पेशाको बारेमा देखाएको हुनाले कथा सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा ज्योतिषी व्यवसाय राम्ररी फस्टेको, राम्रो आर्थिक आम्दानी गरेको छ । दोस्रो भागमा दलाले घर जग्गा किन्न कर गरेको र जिन्दगीभरिको कमाई घर किन्नमा खर्च गरेको छ । तेस्रो भागमा दलालले पैसा खाएको र किनेको घर अर्कैको हो भन्ने थाहा पाएपछि श्रीमतीलाई अरुको भाग्य र भविष्य हेर्ने ज्योतिषी विद्याप्रति नै शङ्का लागेको कुरा देखाएको छ । यसरी हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा सरल वोधगम्य भाषामा लेखिएको छ । आगन्तुक शब्द (वाथरुप, ट्वाइलेट), टुक्का (मुखको मोल), ग्रामीण जनजीवन झल्काउने शब्द (पोइल), उखान (चट्मगनी फट् विवाह) धुरुधुरु, स्वाहा, हे दैव !, खल्ती जस्ता शब्दहरुले कथा रोचक देखिन्छ ।

### ४.३.३६ देवताको सेवक कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

समाजमा देखिएको देवी देवताको मूर्ति चोरी गर्ने, पूजा एवं दर्शनको नाममा मूर्तिहरुको निगरानी गर्ने र चोरेर बेच्ने जस्ता कुकृत्य र विसङ्गतिलाई (धार्मिक विसङ्गति) कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

देवी देवताको पूजा गर्ने वाहानामा मूर्तिहरुको निगरानी गर्ने, मौका पाउनासाथ चोरी गरेर बेच्ने, आस्था र विश्वासको प्रतिमूर्तिलाई वेचविखन गर्ने, यसैलाई आफ्नो प्रमुख पेसा बनाउने जस्ता समाजमा देखिएका विकृति, विसङ्गतिलाई कथाले यथार्थशैलीमा देखाएको छ।

**ग ) सारवस्तु**

पूजा र दर्शनको नाममा मूर्तिको निगरानी गर्ने र चोरी गरेर बेच्ने ढोंगी आडम्बरी भक्तहरु प्रति सवैले सजग हनुपर्छ । देवी, देवता, मठ, मन्दिर भनेका हाम्रा धार्मिक एवं साँस्कृतिक सम्पदा हुन् । यसलाई सधैं सबैले जोगाउनु पर्छ भन्ने विचार नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

धार्मिक, साँस्कृतिक सम्पत्तिको चोरी गर्ने र बेचबिखन गर्ने, भक्तजन बनेर पुराना मूर्तिहरुको सुराकी गर्ने, रक्षक बन्नु पर्ने बेलामा भक्षक बन्ने आडम्वरी ढाँगीहरुप्रति कथाले व्याङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा **उ** पात्रवाट शुरु भएर **उ** पात्रकै क्रियाकलाप एवं चरित्रमै सीमित रहेकोले कथा वाह्य सीमित दृष्टिविन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा भगवानको कट्टर भक्त देखाउन मन्दिरको भ्रमण गरेर पूजा गर्ने र यसै वाहानामा पुराना मूर्तिहरुको निगरानी गर्ने, दोस्रो भागमा यस्ता पूराना देवी देवताका मूर्तिरु विदेश पुऱ्याएर बेचेर पैसा कमाउने र तेस्रो भागमा यसरी विदेश पुऱ्याएर वेच्न सकेकोमा आफुलाई भगवानको कट्टर भक्त भएको महसुस गर्दै गौरव गरेको घटनालाई वर्णन गरिएको छ । यसरी हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथामा धार्मिकता झल्काउने शब्दहरु (कट्टर भक्त, पूजा, वरदान) छन् । व्यवसायिक झल्काउने शब्दहरु (पारिश्रमिक आम्दानी) को प्रयोग गरिएका छन् । कथा छोटो र मीठो भएपनि व्याङ्ग्यात्मक भएकोले कथा विवृत रुपमा देखिन्छ । म्लेच्छ शब्दले कथाको सरलतालाई केही गम्भीरता थपेको छ ।

### ४.३.३७ को ठूलो ? कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

दलितले बनाएको औजार, मेसिन हरेक घर घरमा चल्ने तर त्यही दलितले छोएको पानी नचल्ने, भित्र छिर्न नपाउने , दलितले बनाएको मूर्ति मन्दिरमा सजिने तर त्यहि दलितले पूजा गर्न नपाउने, मन्दिर प्रवेशमा रोक लगाउने जस्ता सामाजिक रुढीवादी अन्धविश्वासलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

समाजमा देखिएका रुढीवादी मान्यता एवं अन्धविश्वासका साथै भेदभावपूर्ण सामाजिक परम्परालाई कथाले यथार्थपूर्वक देखाएको छ । समाजमा देखिएको जातीय भेदभाव, अन्धविश्वास र कुरीतिहरु हटेर बदलिंदो परिस्थिति र चेतनालाई अंगिकार गर्दै समाज अगाडी बढनु पर्ने प्रगतिवादी सोचलाई अगाडी सारेको छ । सामाजिक प्रतिष्ठाको लागि उच्च र निम्न वर्गका बिच वर्गीय द्वन्द्व पनि देखाएको छ ।

**ग ) सारवस्तु**

कथामा दुई वर्गका बिच **को ठूलो भन्ने** बारेमा द्वन्द्व देखाएको छ । एक जातीय हिसावले उच्च भनाउँदा तर कला नभएका भने अर्काथरी जातीय हिसावले समाजले निम्न भन्ने तर कलाका (प्रतिभाका) धनी मध्ये कसलाई ठूलो मान्ने ? कलाका धनीलाई ठूलो मान्ने की विना कलाका बोक्रेहरुलाई ठूलो मान्ने भन्ने कुरामा कथाले वहस गरेको छ । रुढीवादी, अन्धविश्वास, संस्कार र परम्परालाई छोडेर कला प्रतिभा को कदर गर्नु पर्ने कुरानै कथामा प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

कथामा वर्गीय द्वन्द्व देखाएको छ । एकातिर सीप र कलाले युक्त प्रतिभाका धनी **आर्ने कामी** हरुको निम्नवर्गको समूह छ । अर्कोतिर **आर्ने कामी**हरुको कलाको उपयोग (प्रयोग) गर्ने उच्च वर्गको समुह छ । निर्माणकर्ता ठुलो कि प्रयोगकर्ता ठुलो भन्ने कुरालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा उनीहरु र गाउँलेहरु भनेर बहुपात्रलाई समेटे पनि कथा **को ठूलो** ? भन्ने विषय प्रति नै केन्द्रित भएकोले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथा रैखिक ढाँचामा तीन भागमा विभाजित छ । पहिलो भागमा मन्दिरको निर्माण र मूर्ति प्रतिस्थापन, दोस्रो भागमा मूर्ति बनाउने कालिगढहरुलाईनै तल्लो जातको नाममा मन्दिर प्रवेश र पूजामा रोक लगाएकाले वैचारिक द्वन्द्व र छलफल हुन्छ । भने तेस्रो भागमा छलफलले निष्कर्ष ननिस्किएपछि मूर्ति बनाउने दलितहरु मूर्ति निकाल्न मन्दिर तिर जान्छन् यसरी हेर्दा कथा रैखिक ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथामा प्रयुक्त, मूर्ति, पूजा, मन्दिर आदिले धार्मिक क्रियाकलापलाई झल्काउछ । आर्नेकामी, मन्दिर प्रवेशमा रोक, तल्लाजात आदिले अन्धविश्वासलाई झल्काउछ । चेतना, अन्धविश्वास, स्तव्ध जस्ता विचारणीय शब्दले कथामा गहनता थपेको छ । समयको अन्तराललाई देखाउन (+) चिन्हको प्रयोग गरिएको छ । समग्रमा हेर्दा कथा सरल रोचक एवं वोधगम्य देखिन्छ ।

## ४.३.३८ बहुमुखी प्रतिभा कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कडा नियम, अनुशासनको स्कुले जीवन पार गरेर नयाँ उत्साह र उमंगकासाथ सुरु गरेका क्याम्पस जीवन एवं कतिपयको अहङ्कारका कारण देखिएका उच्छृङ्खलपन, छाडापनले क्याम्पसमा देखिने शैक्षिक वातावरणलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

भरखरै एस.एल.सी पास गरेर क्याम्पस भर्ना भएका विद्यार्थीहरुको उच्छङ्खलपन, छाडापन र अहङ्कारीपनलाई कथाले व्यङ्ग्य गरेको छ । देशका युवाशक्तिको शिक्षाकेन्द्र भनेको क्याम्पसहरु नै हुन् । आचरण, वातावरण र प्रतिभा अनुसार नै युवाहरुले आफ्नो जीवनशैली रोज्ने हुनाले क्याम्पस जीवनवाट नै व्यक्तिको उन्नती र प्रगतिको शुरुवात हुन्छ त्यसैले क्याम्पसको उच्छृङ्खल र बदमास व्यक्तिलाई कुनै भौतिक कारवाहीले होइन वचनवाणले सुर्धान सकिने वास्तविकतालाई यथार्थवादी शैलीमा देखाएका छन् ।

### ग ) सारवस्तु

क्याम्पस विद्यार्थीको भविष्य निर्माणको पहिलो खुडकिलो हो । क्याम्पसको खुल्ला वातावरणको फाइदा उठाएर आफ्नो भविष्य विगार्नु हुन्न, अहङ्कारी वन्नु हुन्न, उच्छृङखल बन्नु हुन्न, पढने वेलाको यो उमेर र समयलाई सही सदुपयोग गरेर भविष्य उज्जल बनाउनु पर्छ । कुनै पनि व्यक्तिलाई सुधार्न भौतिक कारवाही होइन उनको मानसिकता एवं सोच विचारलाई नै परिवर्तन गर्नु पर्छ यो नै प्रभावकारी कदम हो भन्ने कुरानै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

भरखरै एस.एल.सी सकिएर कलेज पढ्न आएका विद्यार्थीहरुको उच्छृङ्खलता, अहङ्कारीपन प्रति व्यङ्ग्य गरिएको छ । विद्यार्थीहरुको पढाई प्रतिको वेवास्ता, विकृती भित्र्याउने र विकृतीलाई वढवा दिने विद्यार्थी क्रियाकलापलाई व्यङ्ग्य गरेकोले कथा व्यङ्ग्यात्मक बनेको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा कलेजमा भरखरै एस.एल.सी. सकिएर भर्ना भएका नयाँ विद्यार्थीहरुको चरित्र एवं क्रियाकलापका साथै क्याम्पस प्रमुखको वौद्धिक रणनीतिलाई देखाएकाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा भरखरै एस.एल.सी. सकेर कलेज भर्ना भएका विद्यार्थीहरुको उच्छृङ्खलताले कलेजको शान्त वातावरण बिग्रेको छ । कथाको दोस्रो भागमा कलेजको शान्त वातावरण नबिगार्न जति अनुरोध गरेपनि नमानेपछि एक समारोहका बिच क्याम्पस प्रमुखले आवारा उच्छृङ्खल विद्यार्थी प्रति सुधारको अपेक्षा गर्दै व्यङ्ग्य गरेको छ भने तेस्रो भागमा क्याम्पस प्रमुखको व्यङ्ग्य को असरले गर्दा विद्यार्थीमा सुधारको सङ्केत देखा परेको छ ।

### छ ) रुपविन्यास

क्याम्पस परिसरमा घटिरहने घटनाहरुलाई यथार्थ प्रस्तुत गरेको कथा सरल देखिन्छ । क्याम्पस परिसरको वातावरण बिगार्ने हुल्याहा आवारा प्रवृतिका विद्यार्थी प्रति व्यङ्ग्य गरिरहेकोले कथा केही व्यङ्ग्यात्कम र गम्भीर देखिन्छ । त्यस्तै अहङ्कार उच्छृङ्खल, चौघेरा, भुक्तभोगी, स्तब्ध जस्ता शब्दले कथा केही जटील पनि देखिन्छ ।

## ४.३.३९ चाकरीकला कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

हाकिमलाई खुशी पर्न विभिन्न सौगातहरु लिएर हाकिमको घर धाउने, अफिसमा आफ्नो सर्वेसर्वा बनाउन हाकिमको चाकडी चाप्लुसी गर्ने जस्ता कर्मचारी तन्त्रमा देखिएको विकृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

कर्मचारी तन्त्रमा देखिएका चाकरी कला, हाकिमलाई खुशीपार्न तछाड्-मछाड् गर्दै उपहार र कोसेलीको पोका घरमा पुऱ्याउने, आफ्नो जागिर जोगाउन र कार्यक्षेत्रमा आइपरेको समस्याबाट छुटकारा पाउन हाकिमको चाकरी गर्ने संस्कार र परम्परालाई कथाले यथार्थवादी तरिकाले उजागर गरेको छ ।

### ग ) सारवस्तु

कर्मचारी तन्त्रमा मौलाउँदै गएको चाकरी कला, चाकरीको लागि तछाड्-मछाड् गर्ने कुसंस्कारले कर्मचारीतन्त्रमा कहिल्यै सुधार नआउने, जसले गर्दा भेदभावको भावना जागृत भईरहन्छ । चाकरी संस्कारले गर्दा अनुभव र योग्यताको कदर हुदैन जसले गर्दा पेसा वा नोकरीप्रति नकारात्मक सोच बढ्छ । त्यसैले यस्तो संस्कारको अन्त्य हुनुपर्छ भन्ने कुरानै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

कर्मचारी तन्त्रमा निम्न कर्मचारीहरुले उच्च हाकिमहरुको चाकरी गर्ने, खुशी पर्न विभिन्न उपहारका सामानहरुको ओइरो लगाउने कुसंस्कार प्रति कथाले व्यङ्ग्य गरेको छ । कथा वस्तुपरका दृष्टिविन्दुमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा लेखक नै मुख्य पात्रको रुपमा आएको देखिन्छ भने उनैका मनमा देखिएको उत्तार चढावलाई नै कथाले देखाएको हुनाले कथा अन्तरिक केन्द्रिय दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा हाकिमको चाकरी गर्न घर जाने बाटो पत्तालगाएको , दोस्रो भागमा फलफुल बोकेर हाकिमको घर पुगेको र तेस्रो भागमा आफु भन्दा पहिले नै सहकर्मीहरु महङ्गा समानहरु लिएर पुगेको देखेपछि **म** पात्र हेरेको हेर्‍यै भएको घटनालाई रैखिक ढाँचामा देखाएको छ ।

**छ** ) **रुपविन्यास**

कथा सरल वोधगम्य भाषामा लेखिएको छ । कथामा प्रयुक्त मुसुक्क, बरु, तैपनि, किमति, ड्राइभर जस्ता शब्दले कथामा रोचकता थपेको छ ।

## ४.३.४० प्रेरणाको स्रोत कथाको विश्लेषण

**क** ) **रुचिक्षेत्र**

परिवारमा अभिभावकको आचरण र क्रियाकलाप, त्यस्ता क्रियाकलापले छोरा छोरीमा पर्ने सकारात्मक र नकारात्मक असर आदि विषयलाई कथाले देखाएको छ । यसरी हेर्दा कथाकारले पारीवारिक घटनाक्रम र व्यक्ति चरित्रलाई कथाले रुचिक्षेत्र वनाएको छ ।

ख ) **रीतिक्षत्र**

जड्याह र जुवाडे बाबुका दुई छोराहरु मध्ये एकले बाबुकै चरित्र क्रियाकलापलाई अनुसरण गरेको, सधैं मादक पदार्थ खाने, झगडा गर्ने गरेको छ । अर्कोले यस्ता मादक पदार्थ सेवन र जुवा तासले गर्दा निस्किएको दुष्परिणाम र नकारात्मक असरलाई राम्ररी बुझेकोले यस्ता कुलतबाट सधैं टाढा बसेको घटनालाई कथाले देखाएको छ । यसरी जड्याहा र जुवाडेले परिवार र समाजमा पार्ने र पारेको प्रभावलाई यथार्थवादी शैलीमा देखाएको छ ।

ग ) **सारवस्तु**

एकै बाबुका दुई छोरा राम र श्याममा कसरी फरक-फरक आचरण र स्वभावको विकास भयो ? राम सज्जन, मेहनती र जाडरक्सी, जुवातास जस्ता कुलतबाट सधैं टाढा छ । श्याम फटाहा र कुलत एवं मादक पदार्थको सेवक कसरी बन्यो ? दुबै छोरामा फरक फरक आचरण र स्वभाव विकास हुनुमा वास्तवमा एउटै बाबुको हात छ । दुबै छोराका प्रेरणाका स्रोत आफ्नै जड्याहा बाबु हो । भन्ने वाक्य नै सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

व्यक्तिको हरेक क्रियाकलाप, आचारण, व्यवहारको एउटा प्रेरक हुन्छ । पारीवारिक वातावरण, अग्रजहरुको आचरण, व्यवहार आदिले नयाँ पिंढीलाई असर गरिरहको हुन्छ । नयाँ सन्ततीले यस्तै वातावरणका आधारमा नै आफ्नो व्यक्तित्व र चरित्रको विकास गर्छ भन्ने कुरा कथाले अभिधात्मक रुपमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा जड्याहा र जुवाडे बाबुका दुई छोराको चरित्र, आचरणका साथ साथै बाबुको पनि चरित्र, आचरणको उद्घाटन गरिएको कथा वाह्य सर्वदर्शी देखिन्छ ।

### च ) कथानकढाँचा

जड्याहा र जुवाडे बाबुका दुई छोरा थिए । भन्ने वाक्य नै पहिलो भाग बनेर आएको छ । दोस्रो भागमा दुबै छोराको फरक-फरक आचरण र आनीवानीको विकास हुनुमा कसको भूमिका रहेछ ? भन्ने कुराको अनुसन्धान भएको छ । तेस्रो भागमा दुबै छोराको प्रेरणाको स्रोत आफ्नै बाबु रहेछ भन्ने निष्कर्ष निकालिएको छ । यसरी कथा रैखिकढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथा रोचक र छोटो छ । कथामा प्रयुक्त शब्दहरु सरल वोधगम्य छन् । कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.३.४१ खुमारी कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

अमरनाथको सानो गल्ती र भ्रमले गर्दा जीवनमा आएको परिवर्तन, एउटा सानो घटनाले उनको बदलेको जीवन पद्धती, व्यक्तित्व र सम्मानमा परेको असर, शिक्षित भएर सही र गलत छुट्याउन नसकेको, उनको आचरण र व्यवहार अदिलाई कथाले देखाएको छ । यसरी हेर्दा कथाले शिक्षक जस्तो सम्मानित र अनुकरणात्मक पेशालाई अङ्गालेका जड्याहा चरित्रलाई रुचिक्षेत्र वनाएको छ ।

### ख ) रीतिक्षत्र

शिक्षक जस्तो एउटा सम्मानित र संवेदनशील र जिम्मेवारी पेशा सम्हालेका व्यक्तिनै सधैं नशामा डुब्छ र घृणाको पात्र बन्छ भने त्यस्तो व्यक्तिले कस्तो शिक्षा दिन्छ, ? साना विद्यार्थीमा कस्तो असर पर्छ ? त्यसैले शिक्षक जस्तो पवित्र पेशामा यस्ता व्यक्तिलाई राख्नु हुदैन । अमरनाथ सरले खुमारी उतार्ने वाहानामा सधै रक्सी पिए भैंं जड्याहाले कुनै न कुनै वाहानामा सधैं पिएरै छोड्ने घटनालाई देखाएको छ । यसरी हेर्दा पेसागत आचरण हुनुपर्छ भन्ने सुधारवादी चेत छ भने अर्कोतर्फ खुमारी उतार्ने वाहानामा कुलतलाई वढवा दिएको घटना यथार्थवादी शैलीमा देखाएको छ ।

### ग ) सारवस्तु

व्यवस्थापन समितिले सोधेको स्पष्टीकरणमा अमरनाथले दिएको जवाफ मैले त खुमारी पो उतारेको हुँ त कहाँ खाएको हुँ र रक्सी ? भन्ने वाक्यनै सारवस्तु बनेर आएको छ । कुलतमा लागेकाहरुले कहिल्यै पनि छोड्न सक्दैन । खुमारीको वाहानामा कुलतलाई निरन्तरता दिइरहन्छ ।

### घ) अर्थसापेक्ष

कुलतमा फसेका व्यक्तिले कुलतलाई त्याग्न सक्दैन । उसले  खुमारी उतार्ने वाहानामा पिइनै रहन्छ । यसरी हेर्दा खुमारी शीर्षकलाई सार्थक बनाउदै कथा विम्बात्मक देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथाले अमरनाथको चरित्र, आनीवानी, कुलतमा फसेको वर्तमान कमजोर शारीरिक अवस्था अदिलाई देखाउन वाह्य सीमित दृष्टिबिन्दु अपनाएको छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा अमरनाथ रक्सी पिएरै स्कुल पढाउन जाने कुलतको आदतलाई देखाएको छ । दोस्रोभागमा नपिउँन सम्झाउँदा कहिल्यै नसुध्रिएपछि व्यवस्थापन समितिले स्पष्टीकरण लिने निर्णय गरेको   छ । तेस्रो भागमा स्पष्टीकरण दिएर सिधै भट्टीतिर लागेको छ । यसरी कथा रैखिक ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथा सरल वोधगम्य देखिन्छ । खिसीट्यूरी, लाज, पचाएको, नर्मल, मानीमानी झ्यम्मै, भट्टी जस्तो आगन्तुक द्वित्व, अनुकरणात्मक, टुक्का आदिले कथालाई रोचक बनाएको छ ।

## ४.३.४२ "नाम कमाउने रहर" कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

नाम कमाउने रहरले विना प्रतिभाको व्यक्ति कवि लेखक बन्नको लागि पैसा खुवाएर कविता, लेख, रचना सृजना गराउने र भनसुन एवं पैसा खुवाएर वरिष्ठ प्राज्ञद्वारा भूमिका लेखाउने र प्रकाशन गराउने जस्ता साहित्यमा देखिएको विकृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

विना प्रतिभाका व्यक्तिले पैसाको खेलमा कवि प्रतिभाको शोषण गरेर रचना गर्न लगाएको, पैसाकै भरमा नामी प्राज्ञद्वारा भूमिका लेखाएको, प्रकाशन गराएको, वरिष्ठ मन्त्रीबाट विमोचन गराएको र मन्त्री उपस्थित कार्यक्रम भएकोले सञ्चार माध्यमले पनि राम्रो प्राथमिकता दिएको घटनालाई यथार्थशैलीमा देखाएको छ । समयको अन्तरालसँगै राष्ट्रिय पुरस्कारको दौडमा देखिन्छ । यसरी पैसा र भनसुनको भरमा विना प्रतिभाका व्यक्तिलाई होइन, राज्यले स्तवस्फुर्त कवि सच्चा कवि कलाकारलाई सम्मान दिनुपर्छ । साहित्य नाम कमाउने भाँडो होईन प्रतिभा र कलाको सागर हो । साहित्यमा देखिएका यस्ता विकृति र विसङ्गतिमा प्रगतिवादी शैलीले सुधारको अपेक्षा गरिएको छ ।

## ग ) सारवस्तु

पहिलो अनुच्छेदमा आएका उनलाई पनि कवि हुन रहर लाग्यो । भन्ने वाक्यनै विचार वाक्यको रुपमा आएको छ । कवि, कलाकार बन्नलाई प्रतिभा र कला चाहिंदैन मात्रै पैसाको खोला बगाएर पुग्छ । प्रतिभा र कला सजिलै चोर्न र शोषण गर्न सकिन्छ । बजारमा बेच्न सकिन्छ । तर यदि पैसा र चिने जानेका कोही छैनन् भने प्रतिभा र कलाको कदर हुदैन । त्यस्ता कवि कलाकारले भोक भोकै मर्नुपर्ने वाध्यता आउछ । यसरी हेर्दा कथाले छन् गेडी सवै मेरी छैनन् गेडी सवै टेंडी भन्ने उखानलाई चरितार्थ गरेको छ ।

## घ) अर्थसापेक्ष

सच्चा कवि कलाकारको राज्यले सम्मान नगर्ने, कवि कलाकार बन्न प्रतिभा र कलाको आवश्यकता नपर्ने, मात्रै रहर गरे पुग्ने , गरिबीको फाइदा उठाएर कवि प्रतिभा र कलाको शोषण गर्ने, पैसा र भनसुन कै भरमा अरुको प्रतिभा र कला शोषण गरेर आफु कवि बन्ने एवं राष्ट्रिय पुरस्कारको दावेदार बन्न जाने जस्ता साहित्यमा देखिएको विकृतिलाई कथाले व्यङ्ग्य गरेको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा उ पात्रको मनमा आएको नाम कमाउने रहर पुरा गर्न गरेको क्रियाकलाप, स्वार्थसिद्ध गर्न पैसा खर्च गर्ने प्रवृत्ति, गरिबीले गर्दा नाम चल्न नसकेको कवि व्यक्तित्वको विवशता, पैसा भएपछि हरेक कुरा सम्भव हुने सामाजिक व्यवस्था, साहित्यमा भित्रिएको विसङ्गति आदिलाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी देखिन्छ ।

## च ) कथानकढाँचा

कथाको पहिलो भागमा नाम कमाउने रहरमा कवि वन्ने निधो गरेको छ । दोस्रो भागमा प्रतिभा र योग्यता नभए पनि पैसा र भनसुनको भरमा कविता कृति लेखाएको र मन्त्रीको वाहुलीबाट विमोचना गरेको छ । तेस्रो भागमा राष्ट्रिय पुरस्कारको दावेदार बनेको घटनालाई कथाले रैखिक ढाँचामा देखाएको छ ।

## छ ) रुपविन्यास

कथा सरल र वोधगम्य छ । प्रयुक्त साहित्यिक शब्द (कवि, प्राज्ञ) प्रकाशन, सम्मान, मन्थन, वरिष्ठ ,समीक्षा, काँटछाँट, ख्याति, नवीनशैली, उच्चविचार जस्ता शब्द, गर्जो टारिदिनु जस्ता टुक्काले कथालाई रोचकता दिएको छ ।

## ४.३.४३ नौलो अभियान कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

भ्रष्टाचार नियन्त्रण र उन्मूलन गर्न खुलेको सङ्घ संस्थाहरु नै भ्रष्टाचारमा लिप्त हुन्छन् । जसरी हुन्छ आफ्नै दुनो सोझ्याउन व्यक्ति लागि पर्छ । भ्रष्टाचारी मनोवृतिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षत्र

भ्रष्टाचार नियन्त्रण गर्न संस्था खोल्ने, दर्ता गर्ने, सरकार र विदेशीहरुबाट कार्यक्रम चलाउन भनी पैसा असूल्ने तर कुनै पनि कार्यक्रम नगरी पैसा खाने (भ्रष्टाचार) गर्ने, विदेशीलाई देखाउन केही गरे जस्तो गर्ने तर केही नगर्ने, रक्षक नै भक्षक वन्ने प्रवृतिलाई कथाले यथार्थशैलीमा देखाएको छ ।

## ग ) सारवस्तु

वेरोजगारहरु मिलेर भ्रष्टाचार नियन्त्रण संस्था खोलेका, देशी र विदेशी सहयोग पाएपछि सबै रकम कुम्ल्याएर सहरमा घर बनाउन लागेको घटना कथामा देखाएको छ । जसले भष्टाचार नियन्त्रण गर्न तम्से ती नै कुख्यात भ्रष्टाचारी बने, भ्रष्टाचार निवारण गर्न खोलेका सङ्घ संस्थाहरु नै भ्रष्टाचार गर्ने सजिलो थलो भएको र सञ्चालक र कर्मचारी नै भ्रष्टाचारी हुन् भन्ने कुरानै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

## घ) अर्थसापेक्ष

कथाले एकातिर भ्रष्टाचार नियन्त्रणको नाममा देशी विदेशी सहयोग जुटाउँदै देखावटी कार्यक्रम गरेर रकम कुम्ल्याउने (भ्रष्टाचार गर्ने ) कार्यक्रम सञ्चालक र सङ्घ संस्थाप्रति व्यङ्ग्य गरेको छ भने अर्कोतिर वास्तविकता नबुझीकन चर्चा र परिचर्चाको भरमा आँखा चिम्लेर सहयोग गर्ने दातृ निकायप्रति व्यङ्ग्य गरेको छ । यसरी हेर्दा कथा व्यङ्ग्यात्मक अर्थसापेक्षमा देखिन्छ ।

## ङ) दृष्टिबिन्दु

कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ । **उनीहरु** पत्रहरुको क्रियाकलाप, उनीहरुका विचार, जनताले कार्यक्रमको प्रभावकारीताको पत्तो नपाएको कुरा र विदेशीले अनुगमन गरेका सबै कुराको प्रस्तुति देखिन्छ ।

## च ) कथानकढाँचा

कथा रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा संस्था खोल्ने निधोका साथ विषयको चयन गरिएको छ । दोस्रो भागमा दातृ संस्थालाई मनाउन केही क्रियाकलाप गरेर सहयोग प्राप्त गरेको र तेस्रो भागमा दातृ संस्थाले कार्यक्रमको प्रभावकारिताको बारेमा अनुगमन गर्ने काम गरेको छ ।

## छ ) रुपविन्यास

कथा सरल शव्द शैलीमा छोटो एवं रोचक देखिन्छ भने कथामा प्रयुक्त त,नी जस्ता निपात, व्यानर, गाईगुई जस्ता शव्दले कथालाई रोचकता थपेको छ ।

## ४.३.४४ पाकेटमार कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

समाजमा स्थापित मूल्य, मान्यता, सामाजिक न्याय परम्परा, गरिवी र विवशताले सृर्जना गरेको वाध्यत्मक परिस्थिति आदिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

पाकेटमारालाई फाँसीको सजाय दिने कानुनी व्यवस्था अन्तर्गत पाकेटमारलाई फँसी दिने कार्यक्रमको भीडमा नै फेरी कसैले पाकेटमारेको घटनालाई कथाले यथार्थरुपमा देखाएको छ ।

**ग ) सारवस्तु**

देशको कानुन व्यवस्था, समाजका नीति, नियम, मूल्य, मान्यता, कानुन, न्याय व्यवस्था एवं परम्परा जति नै कडा, क्रुर, निर्दयी भएपनि गरिबी र दरिद्रताले व्यक्तिलाइ नीति नियम तोड्न विवश बनाउँछ । भन्ने सारवस्तु एकातिर आएको छ भने अर्को तर्फ कानुन नै समस्याको समाधान होइन गरिबी दरिद्रता नै विकृति विसङ्गति एवं द्वन्द्वको मूल जड भएको हुनाले अपराधीलाई होइन अपराधको मूलजड (गरिबीलाई) नै निर्मूल गर्नु पर्छ । भन्ने सन्देश पनि सारवस्तु बनेर आएको छ । यसरी सारवस्तु प्रच्छन्न रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

पाकेटमारलाई फाँसी दिने कानुनी व्यवस्था भएको ठाउँमा पाकेटमारलाई फाँसी दिने कार्यक्रममा नै कसैले पाकेटमारेको घटनाले त्याहाँको अन्धो कानुन र न्याय व्यवस्थालाई व्यङ्ग्य गरेको छ । अपराधलाई होइन अपराधीलाई सिध्याउने क्रुर र निर्दयी, अन्धो कानूनी व्यवस्थालाई व्यङ्ग्य गरेकोले कथा व्यङ्ग्यात्मक अर्थशैलीमा देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथा **म** बाट शुरु भएर **म** मा नै टुङ्गिए पनि **म** पात्रले त्याहाको कानुनी न्यायिक व्यवस्था, घटनाप्रति दर्शकहरुको प्रतिक्रिया, सामाजिक आर्थिक अवस्था आदिलाई कथाले उजागर गरेको हुनाले कथा सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा पाकेटमारलाई फाँसीको सजाय हुने कानुनी व्यवस्थाले म पात्र आश्चर्यमा परेको छ । दोस्रो भागमा म पात्र पाकेटमारलाई फाँसी दिने कार्यक्रम हेर्न गएको छ । तेस्रो भागमा त्यही कार्यक्रममा नै म पात्रको पाकेटमारेको घटनालाई कथाले रैखिक ढाँचामा देखाएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल र रोचक भाषाशैलीमा लेखिएको छ । कथामा प्रयुक्त कसुर, आश्चर्य, मैदान, कठैवरा, पाकेट, छि १, बाबै, झस्याङ्ग, मोनीव्याग, खल्ती साफ पार्न जस्तो ठेड नेपाली शव्द, विश्मयवोधक, आगन्तुक, भाषिक स्वाभाविकताका शव्द, टुक्का आदिले कथालाई रोचकता थपेको छ ।

## ४.३.४५ आफ्नो पीडा कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

आफन्तको मृत्युले व्यक्तिलाई कस्तो असर पार्छ । आफुमाथि आइपेरको समस्या र पीडालाई कसरी लिन्छ । भन्ने कुरालाई कथाले देखाएको हुनाले व्यक्ति मन र मानवीय चरित्रलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

समाजमा जन्म र मृत्युको खेल निरन्तर चलिरहने, कोही पनि अमर नहुने, आफन्तको मृत्युले परिवारका सदस्यलाई असह्य पीडा पर्ने र यस्तो शोकमय परिस्थितिमा आफन्त र छिमेकीहरुले सान्त्वना दिने सामाजिक परम्परा एवं मानवीय दायित्वलाई कथाले यथार्थवादी शैलीमा देखाएको छ ।

ग ) **सारवस्तु**

**अरुलाई सम्झाउन जति सजिलो हुन्छ, त्यो पीडा आफूमाथि आईपर्दा सम्हालिन गाऱ्हो हुँदोरहेछ दिपा !** भन्ने वाक्यनै सारवस्तुको रुपमा आएकोछ । सबैलाई आफ्नो पीडा पाहाड लाग्नु मानवीय चरित्र हो ।

घ) **अर्थसापेक्ष**

दुःख र पीडामा अरुलाई सम्झाउने व्यक्ति, त्यही पीडा, दुःख आफुलाई आइपर्दा सम्हालिन गाऱ्हो हुन्छ । सबैलाई आफ्नो समस्या र पीडा पाहाड लाग्ने कुरालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

ङ) **दृष्टिबिन्दु**

कथाका पात्रा **दिपा** र **सिर्जना** दुबैको चरित्र, आनी, वानी, भावना आदिलाई कथाले देखाएको छ । उनीहरु दुबैको क्रियाकलाप आदिलाई देखाएको हुनाले कथा सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा दिपा र सिर्जनाको नाता सम्बन्धलाई देखाएको छ । दोस्रो भागमा दिपाको आमाको मृत्युमा दिपालाई सिर्जनाले सान्त्वना दिएको छ भने तेस्रो भागमा सिर्जनाकी आमाको मृत्युमा दिपाले सान्त्वना दिएको घटना रैखिकढाँचामा आएको छ ।

छ ) **रुपविन्यास**

कथा सरल, छोटो र वोधगम्य छ । कथामा प्रयुक्त चरक्क, अब, न, धुरुधुरु जस्ता भाषिक स्वाभाविकतामा शव्द, केही शव्द बाँकी रहेको सङ्केत गर्ने चिन्ह (.....), विश्मयवोधक चिन्ह (**!**)आदिले कथामा रोचकता थपेको छ ।

## ४.३.४६ दलित दिवस कथाको विश्लेषण

क ) **रुचिक्षेत्र**

दलित दिवसको दिन दलित धनवहादुरले आफ्नो रोजीरोटी नै गुमाएर भोक भोकै बस्नु परेको घटनालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

समाजमा गरिब, दलित समुदायले भोग्नु पर्ने सामाजिक वाध्यतालाई कथाले देखाएको छ । गरिव दलितको लागि जे-जस्ता भाषण र नारा कुर्ले पनि कार्यन्वयन नगर्ने, दलित दिवसमा जति भाषण र नारा कुर्ले पनि दलितका समस्या ज्यूका त्यूँ रहेको घटनालाई कथाले यथार्थरुपमा देखाएको छ ।

**ग ) सारवस्तु**

**चार दिनको चाँद फेरी अँधेरी रात** भने झैं दलित दिवसको दिनमात्र गरिब दलितको पीडामा नारा उराल्ने र अर्को दिन देखि वास्तै नगर्ने परिपाटीले कहिल्यै गरिब दलितको उथ्थान हुदैन भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

दलित दिवसमा जति नै दलितको सम्मान गरेपनि, जति नै भाषण र नारा उराले पनि **चार दिनको चाँदनी फेरी अधेरो रात** भने झैं भोलिदेखि यथास्थितिलाई निरन्तरता दिने परिपाटीले कहिल्यै गरिब दलितले आफ्नो जीवनमा परिवर्तनको महशुस गर्न नपाएको वास्तविकतालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा पात्र **धनवहादुर** कै जीवन शैली, उसको दिनचर्या, आर्थिक अवस्था, मिठाई पाउँदा छोरीलाई सम्झिएको घटना आदिले गर्दा कथा उसकै वरीपरी घुमेको हुनाले वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा धनबहादुरलाई कार्यक्रमको प्रमुख अतिथी बनाएर मञ्चमा बसालेको छ । दोस्रो भागमा आयोजकले अबिर र माला लगाएर एक टुक्रा मिठाई दिँदा आफ्नो सानी छोरीलाई सम्झिदै पटुकामा घुसारेको छ । तेस्रो भागमा भोको पेट र रित्तो हात लिएर घर फर्किएको छ । यसरी कथा क्रमवद्ध रैखिकढाँचामा आएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल र रोचक देखिन्छ । कथामा प्रयुक्त नाम्लो, खुर्पेटो शव्दले ग्रामीण परिवेशको आभाष दिलाउँछ । भने निमेक, झट्ट जस्ता शव्दले कथालाई अझ रोचकता थपेको छ ।

## ४.३.४७ पोलिदै गरेका आशाका त्यान्द्राहरु कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

बृद्ध उमेरमा एकमुठी सास धान्न (जीविकोपार्जन) को लागि गरेका क्रियाकलापलाई नै कथाले रुचिक्षेत्र बनाएको छ । उमेरले भन्दा पनि बाध्यता र परिस्थितिले वूढो बनाएको बृद्धको दिनचर्चालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) **रीतिक्षत्र**

परिस्थिति र वाध्यताले बृद्ध वनेका बृद्धले जीवन गुजार गर्न अपनाएको मकै पोलेर बेच्ने पेसा र राजधानीको जीवन शैलीलाई कथाले यथार्थरुपमा चित्रण गरेका छ । अरबौंको व्यापार गरेर लाखौं कमाउने र जीवन धान्ने आशामा मकै पोलेर बेच्ने व्यापारीको व्यापार स्थल एकै देखाएर कथाले वर्गीय आर्थिक द्वन्द्वलाई पनि देखाएको छ ।

## ग ) **सारवस्तु**

राजधानीका कयौं बाटा घाटाहरुमा गरिबीका कारण मकै सँगसँगै आफ्ना इच्छा, आकाँक्षा एवं आशाहरुलाई पोल्दै दोबाटे जीवन गुजारा गरिरहेका छन् । भन्ने कुरा नै सारवस्तुको रुपमा आएको छ ।

## घ) **अर्थसापेक्ष**

कथा अभिधात्मक देखिन्छ । सम्पूर्ण घटना शीर्षक अनुसार नै घटेको देखिन्छ । जीवन धान्न मकै पोल्दै बेच्ने गरेको, वोहनी नभएका कारण मकै माग्दै रुँदै गरेका नातिनीहरु र छोरीलाई नदिईकन मकै पोल्दै गरेको, आफ्ना इच्छा र आकांक्षालाई मार्दै जीवन धान्ने आशामा आम्दानी भन्दा लगानी धेरै गरेको, कालिमाटीबाट मकै ल्याउनु पर्ने, आतेजाते भाडा, दाउरा किन्नु पर्ने वाध्याताले आम्दानी भन्दा खर्च बढी भएको र यसैका कारण मकै पोलेभैंm इच्छा, आकांक्षा, आशालाई पोल्दै जीवन धान्न बाध्य भएको कुरालाई अभिधात्मक शैलीमा देखाएको छ ।

## ङ) **दृष्टिबिन्दु**

कथामा **म मीना, नातिनीहरु र छोरी** पात्रहरुको उपस्थिति देखिएपनि पचपन्न साठ्ठी वर्षका बुढो पात्रकै आन्तरिक जीवन, वाध्यता र विवशतालाई केन्द्रविन्दु वनाएको हुनाले कथा आन्तरिक परिधीय दृष्टिविन्दुमा देखिन्छ ।

## च ) **कथानकढाँचा**

कथा वृत्तकारीय शैलीमा देखिन्छ । कथाको पहिलो भागमा पचपन्न/साठी वर्षे मकै पोल्दै गरेको बुढोलाई दुई वटा मकै पोल्न अनुरोध गरिएको छ । कथाको दोस्रो भागमा लगानी भन्दा आम्दानी कम भएको र वोहनी नभएका कारण नातिनी र छोरीलाई मकै खान नदिएको साथै जीवन धान्ने आशामा मकै पोल्दै वेच्ने पेशा अङ्गाल्न पुगेको वाध्यात्मक स्थितिलाई देखाएको छ । तेस्रो भागमा कमाउन लालायित अरवौंको व्यापारी र पेसामा लगनशील फुटपाथे व्यापरीको बिच लेखोजोखासँगै कथा अन्त्य भएको छ ।

## छ ) **रुपविन्यास**

भाषा शैली सरल सहज एवं रोचक छ । घटना अनुसारको संवाद, बोलचालको भाषा, द्वित्व शव्दहरु, निपात आदि शव्दहरुको प्रयोगले कथा रोचक वनाएको छ ।

# ४.३.४८ समय चक्र कथाको विश्लेषण

## क ) **रुचिक्षेत्र**

समाजमा **उ** पात्रले राम्रो इज्जत र सम्मान कमाएको, अनियमितताको झूठो आरोपमा गिरफ्तारमा परेको, समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको, मुद्दा लड्दा लड्दै

धेरै वर्ष पछि मात्रै बेकसुर सावित भएको छ । त्यति बेला सम्म सारा इञ्जत र सम्मान गुमाईसकेको घटनालाई देखाएको छ । यसरी कथाले व्यक्तिको जीवनमा आइपर्ने उत्तार चढावलाई नै रुचिक्षेत्र वनाएको छ

ख ) **रीतिक्षत्र**

**उ** पात्रको उन्नती र प्रगतिसँगै इर्ष्यालु (शत्रुहरु) हरु बढ्दै गएको छ । उनीहरुले नै षडयन्त्र गरेर गिरफ्तारीमा पारेको, गिरफ्तारी सँगसंगै **उ** पात्रप्रतिको समाजको दृष्टिकोण परिवर्तन भएका छ । **उ** पात्रले आफ्नो बेकसुरको मुद्दा लडेको छ । वर्षौं सम्म कोट र कचहरी गर्दा गर्दै सारा इज्जत र सम्मान माटोमा मिलेको घटनालाई यथार्थशैलीमा कथाले देखाएको छ ।

ग ) **सारवस्तु**

समाजमा अरुको उन्नती र प्रगतिप्रति इर्ष्या र जलन हुनेहरु हुन्छन् । कसैले पनि अर्काको इज्जत र मानसम्मानमा आँच आउने खालका विना प्रमाणका झूठा आरोप लगाउनु हुदैन । इज्जत के हो भन्ने कुरा लुटिएको व्यक्तिलाई मात्रै थाहा हुन्छ । त्यसैले अरुको इज्जतमाथि कसैले पनि खेलवाड गर्नु हुँदैन भन्ने कुरानै सारवस्तुको रुपमा आएको छ ।

घ) **अर्थसापेक्ष**

अरुको उन्नती, प्रगति र मान सम्मानमा इर्ष्या गरेर खुट्टा तान्नु हुँदैन । अरुको मान सम्मानमा आँच आउने विना प्रमाणका झूठा आरोप लगाउनु हुँदैन । इज्जत गुमाईसकेपछि फेरी कमाउन सकिँदैन भन्ने कुरालाई कथाले अभिधात्मक रुपमा देखाएको छ ।

ङ) **दृष्टिबिन्दु**

कथा उ बाट शुरु भएको छ । बिचमा छर-छिमेकी, नाता-गोता, साथी-भाइ देखिए पनि यी सबै उ पात्रकै सामाजिक अवस्था दर्शाउन आएका हुनाले कथा वाह्य सीमित दृटिविन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा समाजमा उनको राम्रो इज्जत र मानसम्मान देखिन्छ । दोस्रो भागमा अनियमितताको झूठो आरोपमा गिरफ्तार भएपछि सारा इज्जत र मानसम्मान गुमेको र केही समयपछि धरौटीमा रिहा भएको छ । तेस्रो भागमा धेरै वर्षपछि सर्वोच्चले निर्दोष सावित गरेपनि सारा इज्जत गुमिसकेकोले खासै खुसी देखिदैन ।

छ ) **रुपविन्यास**

कथा छोटो एवं रोचक छ । यसमा प्रयुक्त टुक्क (कालो पोतिनु, आखाँ सिमसार हुनु), कानूनी शव्दहरु (मुद्दा, धरौटी, सफाइ पुनरावेदन, सर्वोच्च निर्दोष), साथै अन्य शव्दहरु ( काकताली, खिसिटिउरी, छर छिमेक, नाता-गोता, साथी-भाइ, किनकि) ले पनि कथामा झनै रोचकता थपेको छ ।

## ४.३.४९ शिक्षक कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

कथाकारले (चोरमाराबाट गिरुबारी जाने बसको) यात्राको क्रममा घटेका घटना एवं क्रियाकलापलाई नै रुचिक्षेत्र बनाएका छन् ।

### ख ) रीतिक्षत्र

कथाकार चोरमाराबाट गिरुबारी जानेक्रममा बसमा एउटी महिला चालु अवस्थाको बसका सकिनसकी चढेकी, महिला उभिएकी हुनाले मानवीय हिसावले उसको बच्चालाई कथाकारले काखमा राखेको र बच्चा काखैमा निदाएको, अपरिचित भएका हुनाले यात्राभरी महिलासँग खासै कुराकानी नभएको र तर बसबाट उत्रिएपछि छुट्टिने वेलामा कथाकारले आफ्नो परिचय शिक्षकको रुपमा दिएको घटनालाई यात्रा संस्मरणात्मक शैलीमा यथार्थरुपमा देखाएका छन् ।

### ग ) सारवस्तु

यात्राका क्रममा विभन्नि समस्या आइपर्छन् । विशेष गरेर बसमा सिट नपाउने र उभिएर यात्रा गर्नु पर्ने अवस्थामा बच्चा लिएर यात्रा गर्ने महिलाहरुलाई सारै गाऱ्हो पर्छ । त्यस्तो अवस्थामा मानवताको हिसावले सहयोग गर्नु पर्छ भन्ने कुरानै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

कथाकारले यात्रामा देखेका र भोगेका घटनालाई संस्मरणात्मक शैलीमा उतारेका छन् । यात्राको क्रममा विशेषगरी स-साना बच्चाहरुका साथ यात्रा गर्ने महिलालाई समस्या पर्छ र मानवताका हिसवाले सहयोग गर्नु पर्छ भन्ने सन्देश अभिधात्मक शैलीमा दिएका छन् ।

### ङ) दृष्टिबिन्दु

कथामा कथाकार **म** पात्र बनेर आएपनि **म** पात्रले **उ** (बच्चा लिएर बसमा चढेकी महिला) पात्राकै समस्या, घटना र क्रियाकलाप प्रति **उ** पात्राको अन्तर्मनमा खेलेका भावनाहरु आदिलाई केलाउने प्रयास गरेका हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा अपरिचित महिलाको बच्चालाई कथाकारले काखमा लिएर सम्हालेको छ । दोस्रो भागमा कथाकार म पात्र र अपरिचित महिलाको बिचमा हेराहेर भएको तर दोहोरो सम्वाद हुन सकेको छैन । तेस्रो भागमा छुट्टिनेक्रममा कथाकारले आफ्नो परिचय म शिक्षक हुँ भनेर दिएको घटना क्रमवृद्ध रुपमा आएकाले कथा रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा एक यात्रा संस्मरण भएको हुनाले  रोचकशैली र सरल शव्दावलीमा वोधगम्य देखिन्छ ।

## ४.३.५० नमीठो प्रेम कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

चुलवुले वैंश र सोझोपनको फाइदा उठाउँदै झुठो प्रेमको जाल बुनेर सोझा चेलीवेटीहरुलाई वेश्यालयमा बेच्ने दलालहरुको कुकर्मलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

जवानी र वैंशले मैमत्त भएका सोझी केटीहरुलाई फासाउँन केटी बेच्ने दलालहरुले बुन्ने झूठो प्रेमको जाल र विवाहको नाटक रचेर वेश्यालयमा पुऱ्याउने दलालहरुको कु-कृत्यलाई कथाले यथार्थ रुपमा देखाएको छ ।

**ग ) सारवस्तु**

सुनिताले जीवनमा स्वच्छ माया गरेकी थिइन् । आफ्नो म्रेमलाई सफल बनाउन सुनिताले कुनै कसर बाँकी राखेको थिइनन् । आफ्नो आमा बुबा सारा समाजलाई पछाडी राखेर प्रेमलाई अगाडी बढाइन् । प्रेमलाई विवाहमा परिणत गरिन् । तर परिणाम वेश्यालयमा वेचिन् पुगिन् । त्यसैले जवानीमा शव्दजालमा परेर झुठो प्रेममा फस्नु हुन्न, व्यक्तिको असली रुप र पृष्ठभूमिलाई बुझ्न सक्नु पर्छ । विवाह जस्तो पवित्र बन्धनमा बाँधिदा धेरै सोच विचार गर्नु पर्छ । अन्यथा परिणाम नमीठो निस्कन्छ । यसरी हेर्दा **प्रेम अन्धो हुन्छ** भन्ने उखान नै सारवाक्यको रुपमा आएको देखिन्छ ।

**घ) अर्थसापेक्ष**

सुनिताले स्वच्छ र चोखो प्रेम गरेको । तर प्रेम गर्ने केटा केटी वेच्ने दलाल परेको, उसले सुनिताको सोझोपनको फाइदा उठाउँदै विवाहको नाटक रचेर वेश्यालयमा बेचेको घटनालाई कथाले देखाएको छ । व्यक्तिको पृष्ठभूमि र चरित्रलाई नबुझीकन प्रेम गरेर जिन्दगी वर्वाद भएको हुनाले **प्रेम अन्धो हुन्छ** भन्ने उखानलाई अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ । कथामा **उ** पात्रले सुनिताप्रति गरेको धोकापूर्ण व्यवहार, **उ** पात्रको आचरण, असलीरुप आदिको उद्घाटन गरिएको छ । सुनिताको जीवनमा घटेका दुखपूर्ण घटना, उम्ल्दै गरेको जवानीमा पलाएको भावना आदिको उद्घाटन गरिएको छ ।

**च ) कथानकढाँचा**

कथा परम्परागत रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा सुनिता प्रेमजालमा फसेकी छिन् । दोस्रो भागमा प्रेमलाई विवाहको रुप दिएको छ । तेस्रो भागमा श्रीमान्को घर जानेक्रममा वेश्यालयको अध्याँरो कोठामा पुगेको छ ।

**छ ) रुपविन्यास**

समाजमा घट्ने घटनालाई कथाले रोचक शैली, सरल भाषा, शव्दावलीमा प्रस्तुत गरेको छ । कथामा प्रयुक्त उखान (प्रेम अन्धो हुन्छ ), आगन्तुक शव्द (रिजर्व), र अन्य शव्दहरु धरोधर्म, बाहुपास, वैंश, कसम, चरितार्थ, गौण आदिले शव्दले कथालाई अझ रोचक बनाएको छ ।

## ४.३.५१ ओखती कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

गरिबीका कारण खान नपाएर विरामी परेको विवश र गरिब परिवारलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

व्यक्तिको जीवनलाई जीवन र मरणको दोसाधमा पुऱ्याउने गरिबीलाई निर्मूल गर्नु पर्छ । गरिबीकै कारण जीवन र मरणको सङ्घारमा पुगेको गरिबीको पराकाष्ठलाई कथाले प्रगतिवादी शैलीमा देखाएको छ ।

ग ) **सारवस्तु**

खानै नपाएर विरामी हुनेगरी गरिबीले पराकाष्ठ नाँघेको, बरु स्वास्थ्य विज्ञानले भोकै नलाग्ने ओखती बनाए खानै नपाई भोक भोकै मर्नु पर्ने अवस्था आउने थिएन । भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ । विज्ञानले भोकलाई होइन रोगलाई मा्ात्रै निको पार्छ भन्ने कुरा पनि सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

गरिबीले अनाज होइन कन्दमूल खाएर बाँच्नु पर्ने स्थिति, वनमा त्यो पनि पाउन छोडेपछि खान नपाएर भोक भोकै विरामी भएको गरिबीको पराकाष्ठालाई देखाउँदै विभिन्न रोगको औषधी बनाएर उन्नती गरेको स्वास्थ्य विज्ञानले किन भोक नलाग्ने औषधी बनाउन नसकेको भनी स्वास्थ्य विज्ञानलाई व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा डाक्टरको टोली र गाउँलेहरुको उपस्थिति देखिए पनि **उनीहरु** पात्रकै आर्थिक अवस्था, स्वास्थ्य स्थिति र औषधीप्रतिको आस्थालाई देखाएको हुनाले कथा सीमित वाह्य दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा गाउँलेहरु स्वास्थ्य शिविरमा उपचार गराईरहेका छन् । दोस्रो भागमा पल्लो गाउँमा परिवारै सिकिस्त विरामी छन् । भन्ने खवर आएपछि डाक्टरको एकटोली विरामीको घर गएको छ । तेस्रो भागमा विरामी हुनुको कारण खोजिएको छ । भने कारण पत्तालागेपछि डाक्टर आश्चर्यमा परेको छ ।

छ ) **रुपविन्यास**

कथा सरल ग्रामीण जनजीवनलाई झल्काउने खालका भाषिक शैली र शव्दहरु ( दुख्छ्या,लाग्छ्या, आनि, ता, डाङ्डर) ले गर्दा कथा रोचक एवं वोधगम्य छ ।

## ४.३.५२ निःशुल्क आँखा जाँच कथाको विश्लेषण

क ) **रुचिक्षेत्र**

औषधी पसल खोलेर निशुल्क आँखा जचाउने वाहानामा औषधी विक्री गर्ने व्यापारिक रणनीतिलाई कथाले रुचिक्षेत्र वनाएइको छ ।

ख ) **रीतिक्षत्र**

समाजमा बढ्दै गएको व्यापारिक प्रतिस्पर्धामा अपनाएको व्यापारिक रणनीतिलाई कथाले यथार्थशैलीमा देखाएको छ । आर्थिक अवस्था कमजोरीका कारण निशुल्कको लोभमा आँखा जचाउन गएको र पसलेले औषधी दिन कागज मागेको घटनाले वर्गीय आर्थिक द्वन्द्व पनि देखिन्छ । यसरी हेर्दा कथा यथार्थवादी प्रगतिवादी देखिन्छ ।

ग ) **सारवस्तु**

औषधी पसलसँगै क्लिनिक खोलेर निःशुल्क आँखा जाँचको प्रलोभन देखाएर औषधी बेच्दै सर्वसाधारणबाट पैसा लुट्ने औषधी पसलेको असली चरित्रलाई कथाले उद्घाटन गरेको छ ।

घ) **अर्थसापेक्ष**

निःशुल्क आँखा जाँचको प्रलोभन देखाएर विरामीलाई लोभ्याउने र जाँच पछि औषधी बेचेर पैसा असुल्ने औषधी पसलेहरु प्रति व्यङ्ग्य गरेको छ ।

ङ) **दृष्टिबिन्दु**

कथामा **उ** पात्रले निःशुल्क आँखा जाँच गरेर औषधी नलिईकन फर्केको घटनालाई देखाएर कथा **उ** पात्रकै वरिपरि घुमेकाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा निःशुल्क आँखा जाँच भन्ने वोर्ड देखेपछि **उ** पात्रको मनमा आँखा जाँच गर्ने इच्छा जागेको छ । दोस्रो भागमा डाक्टरले चस्मा र औषधीको प्रयोग गर्न सल्लाह दिएको छ । तेस्रो भागमा जचाउँन मात्रै आएको भन्दै कागज बोकेर घरतिर लागेको घटना रैखिकढाँचामा आएको छ ।

छ ) **रुपविन्यास**

कथा छोटो र सरल शैलीमा देखिएको रोचक वोधगम्य छ ।

### ४.३.५३ आदर्श पुरुष ! कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

भ्रष्टाचारी, तस्करी एवं केटी दलालीहरुले आफुमाथि लागेको कलङ्कलाई ढाकछोप गर्न समाज सेवा गर्ने ढोंगी चरित्र र क्रियाकलापलाई, कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

समाजमा कलङ्कित भएका व्यक्तिहरुलाई समाजले गर्ने व्यवहार र त्यस्ता व्यक्तिले आफ्नो कलङ्कलाई ढाकछोप गर्न सामाजिक क्रियाकलापमा लाग्ने एवं समाजको आँखामा धुलो छर्दै आदर्श पुरुषको रुपमा स्थापित हुने घटनालाई कथाले यथार्थशैलीमा देखाएको छ ।

**ग ) सारवस्तु**

गरिबी र अज्ञानतामा डुबेर पछौटेपनले ग्रस्त नेपाली समाजमा भ्रष्टाचारी, तस्करी र केटी दलालको कलङ्कले कलङ्कित व्यक्तिले कलङ्क मेटाउन सामाजिक काममा पैसा खर्च गर्दैमा महान् पुरुष मान्ने परिपाटीले व्यक्तिको जीवनमा पैसाको महत्व देखाउनु नै कथाको सारवस्तु हो ।

**घ) अर्थसापेक्ष**

आफ्नो चरित्रभरी भ्रष्टाचारी, तस्करी र केटी वेचुवा दलालीको कलङ्क लगाएर कलङ्कलाई मेट्न सामाजिक कार्यमा पैसा खर्चने कलङ्कित व्यक्ति र समाजमा पैसा खर्च गर्दैमा आदर्श पुरुषको रुपमा मान्ने समाज र व्यक्तिको पैसामुखी चरित्रलाई कथाले व्यङ्ग्य गरेको छ ।

च ) **कथानकढाँचा**

पहिलो भागमा **उ** पात्रलाई समाजले कलङ्क ठान्दै परिवारिक सम्पर्क कम गरेको छ । दोस्रो भागमा उ पात्रले कलङ्क मेटाउन सामाजिक कार्यमा पैसा खर्च गरेको र सम्मान बटुलेको छ । तेस्रो भागमा सबैले आदर्श पुरुष मान्दै चुनाव जिताउने निर्णय गरेको घटना रैखिकरुपमा आएको देखिन्छ ।

ङ) **दृष्टिबिन्दु**

कथामा **उ** पात्रको चरित्र, व्यवहार, क्रियाकलाप एवं गाउँलेहरुका **उ** पात्रप्रतिको पहिलेको दृष्टिकोण र पछिको दृष्टिकोण सबैलाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**छ ) रुपविन्यास**

**उ** पात्रको चरित्रलाई झल्काउने शव्दहरु (भ्रष्टाचारी, तस्कर, केटी बेचुवा) अनुकरणात्मक शव्द (गाइँगुइँ, ऐँचोपैँचो, आवतजावत) राजनीतिक शव्द (प्रजातन्त्र, चुनाव) आदि प्रयुक्त सात अनुच्छेदमा संरचित कथा रोचक सरल एवं वोधगम्य देखिन्छ ।

### ४.३.५४.परिचय पत्र कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

राजधानीका सहरहरुमा यात्राका क्रममा यातायातका कामदारहरुको अनपढ र अज्ञानताको फाइदा उठाउँदै यात्रीहरुले गर्ने क्रियाकलाप र यतयात मजदुर बिच हुने क्रियाकलापलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

सार्वजनिक यातायातका साधानहरुमा पढ्ने उमेरका बच्चाहरु मजदुरी गर्ने परिपाटी, सरकारले विद्याार्थी परिचयपत्रमा छुट दिएको तर अनपढ र परिचयपत्रको ज्ञान नभएको फाइदा उठाउँदै डिपार्टमेण्टल स्टोरको कार्ड देखाएर खलासीको परिश्रमको शोषण गर्ने परिपाटीको अन्त्य हुनुपर्छ भन्ने मान्यतालाई प्रगतिवादी सुधारवादी शैली देखाएको छ ।

**ग ) सारवस्तु**

ड्राइभर र खलासी हरेकले पढे लेखेको हुनु पर्छ । साना बच्चाहरुले पढ्ने उमेरमा कामगर्ने होइन पढ्न पाउनु पर्छ । आफ्नो व्यवसाय वा पेसाबाट फाइदा लिन व्यक्तिले पढ्न र लेख्न जानेकै हुनुपर्छ । अनिमात्र कसैले पनि ठग्न र छल्न पाउँदैन भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

विद्यार्थी परिचय पत्र देखाएर यात्रामा यातायातका साधनहरुमा छुट दिने सरकारी नीति र खलासीहरुको अनपढ र अज्ञानताको फाइदा उठाउँदै अन्य कार्ड देखाएर छुट लिने यात्रीको ठग प्रवृतिप्रति कथाले व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा ड्राइभर र ग्राहक पात्रहरुको उपस्थिति देखिएपनि तिनीहरु **उ** पात्रकै वाध्यता र विशतालाई अझ प्रष्ट्याउने काम गरेकोले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

बच्चा खलासीले कालीमाटी कलङ्की भन्दै चिच्याएको, यात्राको क्रममा खलासीको पढाइको बारेमा यात्रीले सोधेको र आफु अनपढ भएका कारण ओल्टाई पल्टाई गर्दै कार्ड फिर्ता दिएको घटनालाई कथाले क्रमवद्ध रैखिकढाँचामा देखाएको छ ।

**छ ) रुपविन्यास**

समसामयिक विषयवस्तुलाई राम्ररी चित्रण गरेको कथा संवृत रुपविन्यास छ । कथ्य भाषाको प्रयोग (रुप्पे, पढ्न जान पाए पो ।) घुर्की, बठ्याइँ, ओल्टाई, पल्टाई, ड्राइभर, डिपार्टमेन्टलस्टोर आदि शव्दहरु प्रयुक्त कथा छोटो रोचक एवं नाटकीय देखिन्छ ।

### ४.३.५५. गाउँको खबर कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

राजाको दाह्री कपाल काट्ने र गाउँको खवर ल्याए बापत् पैसा दिंदा जनता सुखशान्तीले बस्दै राजाको जयजयकार गरेका खवर सुनाउने र ज्याला स्वरुप आफूले पैसा

नपाउँदा गाउँमा भोकमरी परेको र सरकारको आलोचना भएको खबर सुनाउने हजामको स्वार्थी र चाकडी आचरणलाई रुचिक्षेत्र बनाएको  छ ।

ख ) **रीतिक्षत्र**

अरुको खान, मोजमस्ती गर्न पाउँन्जेल जयजयकार गर्दै चाप्लुसी गर्ने र खान नपाए स्वार्थसिद्धी गर्न उसैको विरुद्ध षड्यन्त्र रच्ने स्वार्थी र धोकेवाजी आचरणलाई यथार्थशैलीमा देखाएको छ ।

ग ) **सारवस्तु**

व्यक्तिले आफ्नो स्वार्थ सिद्ध गर्न चाकरी गर्छ । स्वार्थ पूरा गर्न एवं आवश्यकतालाई पूर्ति गर्न झूठको खेती गरिरहन्छ । अरुको खानपाए जयजयकार र प्रशंसा गर्छ । नपाए आलोचना र विरोध गर्छ भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

गाउँको हाल खवरलाई आफ्नो अनुकुल बदलेर राजा सामु पेस गर्ने हजामको स्वार्थी चरित्रमाथि व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा **राजा** पात्रको प्रयोग गरिए पनि **हजाम** कै स्वभाव र आचरण प्रष्ट्याउन आएकोले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

राजाबाट सँधै पैसा पाउने हुनाले राजाको दाह्री, कपाल काड्दै जनताले राजको जयजयकार गरेको झुठो खवर सुनाउँछ । सैनिक तयारीमा खर्चका कारण हजामले ज्याल स्वरुप पैसा नपाएपछि सरकारको आलोचना गरेको, अनिकाल परेको र विद्रोह हुसनसक्ने झूठो खबर सुनाएको घटनालाई कथाले रैखिकढाँचामा देखाएको छ ।

**छ ) रुपविन्यास**

छोटो छोटो एकै बाक्यको अनुच्छेद, केही सामन्ती शव्द, (हजुर,जयजयकार ) , राजनीतिक शव्दको प्रयोग (आलोचना, विद्रोह) ले कथा छोटो रोचक र बोधगम्य देखिन्छ ।

## ४.३.५६ लाइसनको खेती कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

लाइसन (सवारी चालक अनुमति पत्र) बनाउँदा कानुनी प्रकृया पूरा गरे पनि नपाउने र पाउनलाई गैरकानुनी प्रकृयास्वरुप घुस खुवाउनु पर्ने परिपाटीलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

लाइसन बनाउँदा सर्बसाधारणले भोग्नु पर्ने समस्या एवं गैरकानुनीरुपमा घुसको रुपमा पैसा दिएपछि मात्रै लाइसन बनाइदिने कर्मचारीहरुको घुस्याहा प्रवृत्तिको यथार्थ शैलीमा उद्घाटन गरेको छ ।

**ग ) सारवस्तु**

कर्मचारी तन्त्रमा मौलाउँदै गएको घुस्याहा प्रवृतिले घुसविना सर्बसाधारण जनताको कुनै पनि कार्य बन्दैन भन्ने कुरा नै लाइसेनको खेती नामक कथामा प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

जनताका सेवामा बसेका सरकारी कर्मचारीहरु विना घुस जनताका कामै  गर्दैनन् । कर्मचारी तन्त्रमा घुस्याहा प्रवृतिले जरो गाडेको वास्तविकतालाई अभिधात्मक शैलीमा देखाएका छन् ।

**ङ) दृष्टिबिन्दु**

कथामा लाइसन बनाउँदा भोग्नु पर्ने पीडा र वाध्यता एवं सरकारी कर्मचारीको घुस्याहा प्रवृतिलाई देखाउन वाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा **उ** पात्रले राम्ररी ट्रायल दिन नसकेकोले फेल भएको कुरा थाहापाएको छ, दोस्रो भागमा फेरी ट्रायल दिँदा पुरानो ड्राइभरले जस्तै गरी चलाएको छ । तर पनि लाइसन पाउँदैन । तेस्रो भागमा नोर्बुले जस्तै गरेपछि मात्रै लाइसन पाउने थाहा पाएपछि नोर्बुको खोजीमा गएको छ । यसरी कथा रैखिकढाँचा शैलीमा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा सरल र रोचक शैलीमा लेखिएको छ । एकै शव्दका वाक्य (नोर्वु ?) आगन्तुक शव्दहरु (ड्राइभर, लाइसेन, ट्रायल), भाषिक स्वाभाविकताका शव्द (मुसुक्क), ग्रामीण र अनपढ भाषा शैली (सार, मो, नाजान्दा) जस्ता शव्द र भाषिक संरचनाले कथा रोचक, वोधगम्य एवं संवृत रुपविन्यासमा  देखिन्छ ।

## ४.३.५७ समय कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

गाउँले सोझा युवतीहरु पैसा कमाउने लालचमा सहर आउने र केही काम नपाएपछि इज्जत र शरीर बेच्दै यौनपेसामा लागेर सार्वजनिक स्थल तिर ग्राहक खोज्दै हिड्ने जस्ता सहरमा बढ्दै गरेको विकृतीलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

सोझा गाउँले युवा युवतीहरु पैसा कमाउन सहर छिर्ने संस्कार, काठमाण्डौंका सहरहरुमा बढ्दै गरेको वेरोजगारी, वेरोजगारीकै कारण युवतीहरु यौनपेसा तर्फ आकर्षित भएका, पेसेवार युवतीहरु सार्वजनिक स्थल तिर ग्राहक खोज्दै हिडने जस्ता सहरमा देखिएको विकृतिलाई यथार्थ शैलीमा देखाएको छ । सल्लाह र सुझाव दिँदा खिल्ली उडाउने प्रवृति युवा वर्गमा देखिएको कुरालाई यथार्थ रुपमा देखाएको छ ।

### ग ) सारवस्तु

पैसा कमाउने लालचमा सहर छिरेका सोझा युवतीहरु जीवन गुजाराको आधार नपाएपछि समय र परिस्थिततिले बाध्य भएर यौन पेसा तर्फ लाग्छन् । जसरी समयले व्यक्तिलाई भिन्ना भिन्नै (फरक फरक) पहिचान दिलाउँछ, त्यसरी नै एकै समयलाई व्यक्तिहरुले भिन्दा भिन्दै प्रयोजनले उपयोग गरि रहेको हुन्छन् (कथाकार घर जाने तरखरमा दुई युवती ग्राहकसँग मोलमोलाई गर्दछन् )। आफन्त र ठूला बडाले दिएको सल्लाहा र सुझावलाई खिल्ली उडाउने, पैसाको लागि आफ्नो इज्जत लुटाउने र खुलेआम यौन ग्राहक खोज्ने कस्तो समय आयो भन्ने कुरानै सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

सल्लाह दिँदा खिल्ली उडाउने, पैसाको लागि इज्जत लुटाउने, खुलेआम सार्वजनिक स्थलमा यौन ग्राहक खोज्ने कस्तो समय आयो भन्दै सहरमा देखिएको विकृति र तत्कालीन समयप्रति व्यङ्ग्य गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा **म** पात्रका साथै **कल्पना** र **भावना** नामका पात्रको उपस्थिति भएपनि कथा **म** पात्रको विदेश, सहर र अपरिचित व्यक्तिप्रतिको विचार र भावनाले भरिएको हुनाले कथा सीमित आन्तरिक दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा कल्पना र भावनासँगको भेटमा सामान्य कुराकानी भएको छ । दोस्रो भागमा गाउँले सोझा केटीहरु विदेश जाने चक्करमा दुःख पाउँला भनेर सम्झाउने विचारले कुरा अगाडी बढाएको छ । तेस्रो भागमा भावना र कल्पना एउटा रुखको आडमा छेकिएर अपरिचित दुई जनासँग कुरा गर्दै गरेको देखेपछि **म** पात्र घरतर्फ लागेको छ । यसरी कथा रैखीक ढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथा सरल एवं बोलचालका भाषाशैलीमा रचिएको छ । दस अनुच्छेदमा संरचित कथामा तीन अनुच्छेद एक-एक वाक्यका देखिन्छन् । कथामा प्रयुक्त धरालो, नि, पो, खितखित, हँ, रे आदि शव्दले कथा रोचक एवं वोधगम्य देखिन्छ ।

## ४.३.५८ सहरको परिभाषा कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

काठमाण्डौं सहरको वातावरण, सहरको अवस्था आदिलाई देखेर विद्यार्थीले (एउटा व्यक्तिले) आफ्नो मनमा परेको प्रभावका आधारमा सहरको परिभाषा बनाएको हुनाले कथाकारले व्यक्तिमनलाई रुचिक्षेत्र वनाएको छ ।

### ख ) रीतिक्षत्र

राजधानीको रुपमा रहेको काठमाण्डौं सहरमा बद्दै गएको अस्तव्यस्तता, बाटा घाटाको विकृत अवस्था, खानेपानीको पाइपबाट ढलको पानी आउने, सडक भन्दा गाडीहरु

धेरै भएर कतै आउन र जान पनि घण्टौं लाग्ने ट्राफिक व्यवस्था भएको, फोहरको व्यवस्थापन गर्न नसकेर दुर्गन्ध फैलिएको काठमाण्डौ सहरको विकृत रुपलाई कथाले यथार्थरुपमा देखाएका छन् ।

### ग ) सारवस्तु

नेपालको राजधानीको रुपमा रहेको काठमाण्डौं सहरको बिग्रदै गएको विकृत रुप र यस बिकृत रुपप्रति गर्व गर्ने अन्धो नेताहरु प्रति व्यङ्ग्य गरिएको छ । सहरको विकृत रुप र अस्तव्यस्त अवस्थाले सहरको विश्वव्यापी परिभाषा नै बदलेको कुरा कथामा सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

राजधानीको विग्रँदो रुप, विग्रँदै गएको शान्ती सुरक्षा, अस्तव्यस्त ट्राफिक अवस्था, विग्रँदै गएको सहरको संरचना र बढ्दै गएको महङ्गीप्रति आँखा चिम्लेर बस्ने तर आफुलाई याहाँको शासक मानेर गर्व गर्ने अन्धो नेताहरु प्रति व्यङ्ग्य गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

कथाले सहरको परिभाषालाई नै जोड दिएकाले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

उत्तरपुस्तिका जाँच्ने क्रममा लेखेको सहरको परिभाषामा वास्तविक काठमाण्डौं सहरको वास्तविकता झल्कने परिभाषा पढेपछि कति नम्वर दिन्ने भन्ने कुरामा जाँच्ने व्यक्ति आफै अन्यौलमा परेको घटना रैखिकरुपमा आएको देखिन्छ ।

### छ ) रुपविन्यास

तीन अनुच्छेदमा संरचित कथा औपचारिक शव्द शैलीमा लेखिएको छ । काठमाण्डौंको वास्तविक अवस्थालाई झल्काउने कथा सरल र वोधगम्य संवृत रुपविन्यास छ ।

## ४.३.५९ हेल्लो......! आवाजै आएन.......! कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

गाउँबाट सहर आएकाहरुले फोन गरेर गाउँ घरको हालखवर बुझ्ने, यसरी खवर बुझ्ने आफन्तहरुलाई पनि विद्रोही र सरकारको डरले खुलेर गाउँको शान्तिसुरक्षाको स्थिति वताउन नसक्ने स्थितिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

द्वन्द्वले यस्ता गाउँले जीवनमा खुलारुपमा आफन्तहरुसँग हालखवर पनि साटासाट गर्न नपाउने वाध्यतालाई कथाले यथार्थ शैलीमा देखाएको छ ।

**ग ) सारवस्तु**

आफन्तहरुसँग खुलेर कुरापनि गर्न नपाउने गरी फैलिएको हत्या, हिंसा र आतङ्क सँधैको लागि बन्द हुनुपर्छ । शान्तिसुरक्षामा सुधार हुनुपर्छ । सबैले निर्धक्क भएर बाँच्न पाउनुपर्छ भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

गाउँमा फैलिएको हत्या हिंसा र आतङ्कले गर्दा आफन्तले फोन मार्फत गाउँको खवर सोध्दा आवाज नसुनेको वाहानामा फोन राख्नु पर्ने वाध्यात्मक परिस्थितिलाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा **म** र **बहिनी** पात्रहरुको उपस्थिति देखिएपनि कथाले शान्ति सुरक्षाको स्थितिलाई देखाएको हुनाले कथा वस्तुपरक दृष्टिविन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथामा घटना र क्रियाकलापलाई समयानुसार क्रमवद्ध शैलीमा प्रस्तुत गरिएकाले कथा रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

कथा नाटकात्मक शैलीमा लेखिएको छ । केही समयको अन्तरलाई चिन्ह (+) ले देखाएको छ कथामा प्रयुक्त अंग्रेजी शव्द (पीसीओ) अनुकरणात्मक शव्द (टुइँटुइँ) , नि, रे जस्ता निपातले कथालाई रोचक वनाएको छ ।

## ४.३.६० स्वामीभक्त मुसाहरु कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

तिलस्मी र ऐयासी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर वर्तमान समाजमा देखिएका राजनैतिक खिचातानी र उत्तार चढाव एवं राजनैतिक धोकावाजीलाई कथाले रुचि क्षेत्रको रुपमा अङ्गालेको छ ।

ख ) **रीतिक्षत्र**

समाज एवं देशमा आफ्नो. अधिपत्य कायम गर्दै सोफा निमुखा र गरिब जनतालाई शोषण, दमन र आतङ्क मच्चाउने सामन्ती एवं हैकमवादी प्रवृतिका शासक एवं शक्तिलाई खतम गर्नु पर्ने र नाम निशान नै मेटाउनु पर्छ भन्ने खालको प्रगतिवादी सोच अगाडी सारेको छ ।

**ग ) सारवस्तु**

जालमा परेको सिंहलाई स्वामिभक्त मुसाहरुले जाल काटेर आजदी दिलाए लगतै भोको सिंहले आजादी दिलाउने मुसालाई नै खाएको छ । सिंहको निर्दयी र आावसरवादी प्रवृतिलाई औंल्याउँदै सुगाले आफ्नी प्रेमिकासँग भनेको **जबसम्म यस्ता हत्यारा सिंह र**

**नामर्द मुसाहरुको अस्तित्व कायम रहन्छ, तवसम्म यस्ता तान्डव नृत्य चलिरहन्छन् प्रिये । भन्ने** वाक्य नै शास्वत सारवस्तु वनेर आएको छ ।

## घ) अर्थसापेक्ष

समाजका अन्धोभक्त एवं परिवर्तनलाई देख्न नचाहाने मतियारकै कारणले सामन्ती एवं शोषकले आफ्नो असली रुप देखाउछन् । शोषक सामन्ती एवं हैकमवादीहरुलाई सङ्घर्ष र वलिदानीले ढाले पनि यथास्थितिवादी एवं अन्धोभक्तहरुकै सहयोगमा टाउको उठाउछन् र गुणको बदला कृतघ्न हुन्छन् । जबसम्म यस्ता हत्यारा, शोषक, सामन्ती र नामर्द अन्धोभक्तहरु हुन्छ तब सम्म यस्ता ताण्डव नृत्य चलिरहने वास्तविकतालाई अभिधात्मक अर्थसापेक्षमा देखाएका छन् ।

## ङ) दृष्टिबिन्दु

कथामा सिंहको उद्धण्डता, उसको जालामा परेपछिको मानसिक अवस्था, अन्य प्राणीहरुले आत्मारक्षाको निम्ति गरेको क्रियाकलाप, मुसाहरुको अन्धोभक्ति, सिहंको कृतध्नता, सुगाले सम्पूर्ण घटनालाई अवलोकन गर्दै निकालेको निचोड आदिलाई हेर्दा कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथा परम्परागतढाँचामा देखिन्छ । पहिलो भागमा सिंहको आतङ्कबाट जोगिन सबैप्राणी मिलेर सिंहलाई जालमा पारेको छ । दोस्रो भागमा स्वामिभक्त मुसाहरुले जाल काटेर सिहंलाई बाहिर निकालेको छ । तेस्रो भागमा फेरि सबै प्राणीहरु मिलेर सिंहको विरुद्धमा नयाँ योजना बनाइरहेको दृश्यसँगै कथा अन्त्य भएको छ । यसरी कथा शिलशिलेवार क्रमवद्ध भएर आएकोले रैखिक ढाँचामा देखिन्छ ।

## छ ) रुपविन्यास

कथा राजनीतिक घटनाक्रम एवं परिवेशलाई झल्काउने हुनाले कथा प्रतीकात्मक बनेको छ । सरल एवं बोलचालको भाषामा संरचित कथा रोचक देखिन्छ । समयको अन्तराललाई (+) चिन्हले देखाएको छ । मैमत्तता, त्राहिमाम, उद्दण्डता, नामर्द जस्ता शव्द एवं द्धित्व शव्दले कथालाई रोचक र संवृत बनाएको छ ।

## ४.३.६१ गिद्ध सम्मेलन कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

नेपालको राजधानी काठमाण्डौंमा देखिएको अस्तव्यस्त फोहर, आफुलाई जतिनै सहरीया, सभ्य र सुसंस्कृत भने पनि व्यवहारमा देखाउन नसक्नुले बिग्रँदै गएको वातावरण, व्यवस्थित पशु वधशाला नभएकाले जताततै फालिएको पशुको हाडखोरले बढाएको दूर्गन्ध र यहाँका बासिन्दाको सुंगुरे प्रवृतिलाई देखाउन राजधानी सहरलाई रुचिक्षेत्र बनाएका छन् ।

## ख ) रीतिक्षत्र

राजधानी वासीको सुँगुरे प्रवृति, आफुलाई सहरीया, सभ्य र सुसंस्कृत भन्ने तर व्यवहारमा उतार्न नसक्ने, सधैं टोल र वाटाघाटमा फोहरको थुप्रो लगाएर दूर्घन्दित बनाउने,

अव्यवस्थित पशु वध गरेर हाडछाला जथाभावी फाल्दै वातावरण दुषित बनाउने, देशका फोहोर र दूर्गन्धित ठाउँको रुपमा राजधानी सहर विकास भएको घटनालाई देखाउन गिद्धहरुको सम्मेलनले आफुहरुलाई उपयुक्त हुने दूर्गन्धित र फोहर बढ्दै गएको ठाउँको रुपमा राजधानीलाई चयन गरेको घटनालाई स्वैरकल्पनात्मक शैलीमा देखाएको छ ।

## ग ) सारवस्तु

राजधानी सहर काठमाण्डौंका जनताहरु आफूलाई जति नै सभ्य र सुसंस्कृत ठाने पनि व्यवहारमा देखाउन सकिरहेका छैनन् । जताततै फोहर गर्ने, फाल्ने, अव्यवस्थित पशुवधशालाले निम्त्याएको दूर्गन्धका कारण र।जधानी सहर मानव जातिकोलागि बस्न योग्य छैन बरु सहरको तुलनामा ग्रामीण जनजीवनमा वातावरण, स्वास्थ्य र सरसफाई सम्वन्धी धेरै चेतना बढिसकेको देखाएको छ ।

## घ) अर्थसापेक्ष

ग्रामीण जनजीवनमा वातावरण र स्वास्थ्य सम्वन्धी बढ्दै गएको चेतनाप्रति प्रसंशा र राजधानी वासीमा देखिएको फोहरी प्रवृति, पशुको वध गरेर हाडखोर एवं फोहरहरु जथाभावी फालेर वातावरण दूर्गन्धित बनाउने मासु व्यवसायीहरु प्रति व्यङ्ग्य गरिएको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा गिद्ध सम्मेलन मार्फत गाउँमा बढ्दै गएको स्वास्थ्य र वातावरण सम्वन्धी चेतना एवं सहरमा बढ्दै गएको फोहर, दुर्गन्ध र फोहरी प्रवृतिले सहर मान्छेको लागि बस्न योग्य छैन भन्ने विषयलाई जोड दिएकोले कथा वस्तुपरक देखिन्छ

## च ) कथानकढाँचा

गिद्धहरुको सम्मेलनसँगै कथा शुरु भएको छ । सम्मेलन गर्नुको उद्देश्य आयोजकले वताएको छ । गाउँमा गिद्धको लागि चरणको अभाव भएकोले नयाँ चरणको स्थलको खोजी गरिएको छ । काठमाण्डौ सहरमा बढ्दै गएको फोहर, जथाभावी पशुको हाडखोर फाल्ने प्रवृतिले गिद्धहरुको लागि सही चरण स्थलको रुपमा काठमाण्डौं सहर विकास हुँदै गएको र त्यतैतिर लाग्नु पर्ने निर्णयकासाथ सम्मेलन टुङ्गिएको घटनालाई कथाले रैखिक शैलीमा देखाएको छ ।

## छ ) रुपविन्यास

कथा सरल एवं वोधगम्य भाषा शैलीमा संवृत देखिन्छ । घटना एवं परिवेश अुससारका भाषाको प्रयोग, विषयवस्तु र वास्तविकतालाई देखाउने घटनाक्रमको राम्रो संयोजन देखिन्छ । समासयुक्त शव्द, संस्कृत शव्द, एवं छोटो संरचनाले गर्दा कथा रोचक एवं वोधगम्य देखिन्छ ।

## ४.३.६२ अन्तिम प्रश्न कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

जीवनको अन्तिम सास तान्दै गरेका साहिँला साहूले सबै  छोरा बुहारी आफ्नै वरिपरि देखेपछि दुकान कसले खोलेको छ त ? भन्ने प्रश्न गरेको छ । मर्ने वेलामा पनि धनप्रतिको लालच देखाएको हुनाले कथाले व्यक्तिको लालचीपनलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) **रीतिक्षत्र**

शोषक, सामन्ती एवं पैसाको पछि लाग्ने प्रवृतिका मान्छेहरु जीवन भरिको कमाइले सन्तुष्ट नभएर मर्नेबेलामा पनि पैसाकै नाम जपेर, खेलाएर मर्छन् भन्ने घटनालाई यथार्थवादी शैलीमा देखाएका छन् । जीवनको अन्तिम अवस्थामा परिवारका सवै सदस्यलाई सोध्ने, विरामीको वरिपरि वस्ने, रुवावासी गर्ने, धेरै सम्पती हुनेले मर्नेबेलामा पनि यसैको चासो राख्ने घटनालाई यथार्थ शैलीमा देखाएको छ ।

### ग ) **सारवस्तु**

धेरै धन सम्पति हुने व्यक्तिले आफ्नो परिवारलाई भन्दा धन सम्पतिलाई प्रथमिकता दिन्छ । जीवनको अन्तिम क्षणमा पनि धन सम्पतिकै लेखाजोखा, हरहिसाव एवं सोधखोज गरिरहन्छन् । धनसम्पतिकै पीरले सास जान गाह्रो हुन्छ भन्ने कुरानै सारवस्तुको रुपमा आएको छ ।

### घ) **अर्थसापेक्ष**

शोषक र सामन्ती प्रवृतिका व्यक्तिहरुलाई जीवन भर जति नै धन सम्पति थुपारे पनि पुग्दैन । जीवनका अन्तिम अवस्थमा पनि परिवार भन्दा सम्पतिकै सोधखोज र हरहिसावमा लाग्छन् , भन्ने कुरालाई अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) **दृष्टिबिन्दु**

कथामा छोरा, बुहारी, छोरी, नाति-नातिनीहरु सबैको उपस्थिति देखिए पनि साहिँला साहुकै शारीरिक अवस्था, मानसिक अवस्था आदिलाई उजागर गर्न आएका हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा विरामी साहिँला साहुलाई परिवार र आफन्तहरुले सुनपानी खुवाउने काम गरिएको छ । दोस्रो भागमा परिवारका सदस्यहरु कहाँ छन् । भनी विरामीले जिज्ञासा राखेको छ । सवै जना विरामीकै वरिपरि भएको बताएको छ । तेस्रो भागमा **सबै जना मेरै वरिपरि भए पसल उसले खोलको छ त** ? भन्ने विरामीको अन्तिम प्रश्नसँगै कथाको अन्त्य भएकाले कथा रैखिक ढाँचामा देखिन्छ ।

### छ ) **रुपविन्यास**

सरल भाषाशैलीमा रचिएको कथा नाटकात्मक देखिन्छ । सामन्ती शव्द (साहु), भाषिक स्वाभाविकताका शव्द (पिलिक्क), परमात्माको स्मरण स्वरुप बोलिएको शव्द (राम राम), निपात (नि) आदिले कथा रोचक एवं वोधगम्य छ ।

## ४.३.६३ अनौठो जीवाणुको मृत्यु कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

राजधानी सहर काठमाण्डौंमा बढ्दै गएको वातावरणीय प्रदूषण र दूर्गन्धलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

विश्वका विभिन्न देशहरुका साथसाथै छिमेकी राष्ट्रहरुमा पनि बर्डफ्लु रोग फैलिएको तर देशी विदेशी आवत जावत गर्ने राजधानीमा बर्डफ्लूको भाइरस नदेखिनुको कारण काठमाण्डौंको प्रदूषित वातावरण र दूर्गन्धले भाइरस नै मरेका होलान् भन्ने कल्पना गरेर काठमाण्डौंको वातावरणीय यथार्थलाई देखाएका छन् ।

**ग ) सारवस्तु**

काठमाण्डौमा धूलो धूँवा र फोहर मैलाले यति प्रदूषण बढ्यो कि मानव स्वास्थ्यको दृष्टिले राजधानी सहर बस्न योग्य छैन । त्यसैले सबैले वातावरणीय स्वस्थतालाई ध्यान दिनु पर्छ । अन्यथा काठमाण्डौंको प्रदूषणले वर्डफ्लुको भाइरस मरे झैं मानव वस्तीलाई सखाप गर्न बेर लाग्दैन । त्यसैले वातावरणप्रति सबै सचेत हुनुपर्छ भन्नु नै यस कथाको सारवस्तु हो ।

**घ) अर्थसापेक्ष**

काठमाण्डौंको प्रदूषणका कारण वर्डफ्लुको भाइरस मरेको र यस्तो विषालु एवं प्रदूषित वातावरणमा पनि बाँच्नसक्ने काठमाण्डौं वासीप्रति कथाले व्यङ्ग्य गरेको छ । काठमाण्डौंको वास्तविकता , प्रदूषित वातावरण र काठमाण्डौवासी प्रति कथाले व्यङ्ग्य गरेकोले कथा व्यङ्ग्यात्मक देखिन्छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा कुन अनौठो जीवाणुको मृत्यु कसरी र के को कारणले भयो ? भन्ने विषयलाई नै कथाले विशेष जोड दिएकाले कथा वस्तुपरक दृष्टिविन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा अनौठो जीवाणुको मृत्युले सबैको मनमा जिज्ञासा पलाएको छ । दोस्रो भागमा मृत जीवाणुको पहिचान र मृत्युको कारणवारे  परिक्षण गरिएको छ ।तेस्रो भागमा मृत जीवाणुको पहिचान र मृत्युको कारण पत्ता लगाएको छ ।

**छ ) रुपविन्यास**

सरल वोधगम्य र सम्प्रेष्य कथा संवृत देखिन्छ । पाँच अनुच्छेदमा संरचित कथामा स्वास्थ्य क्षेत्रसँग सम्वन्धी शव्दहरु (जीवाणु, चिकित्सक, वर्डफ्लु, भाइरस) को प्रयोग गरिएको छ।

## ४.३.६४ एउटा कथा कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

आन्दोलनको क्रममा हुने प्रदर्शनकारीहरुको नारा, जुलुस, सुरक्षाकर्मीहरुको लाठी, मूङ्ग्री, एवं जसलाई र जेलाई पायो उसैलाई निर्धात कुट्ने सुरक्षाकर्मीको निर्दयी व्यवहारलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

शोषकका विरुद्ध शोषितको आन्दोलनमा सुरक्षाकर्मीले दमन गरेको, निर्धा, दुब्ला एवं असाहायमाथि अन्याय अत्याचार गरेको, पशुलाई समेत निर्दयी पिटाइगरेर मारेको घटनालाई प्रगतिवादी रीतिशैलीमा देखाएको छ ।

**ग ) सारवस्तु**

सामन्ती शासकका पोषक सुरक्षाकर्मीहरुको निर्दयी व्यवहार एवं अत्याचारी प्रवृतिलाई एकातिर देखाएको छ , भने अर्कोतर्फ आफ्नो सन्तानप्रतिको आमाको ममतालाई देखाएको छ । सन्तानको लागि आमा मर्न पनि तयार हुन्छिन् भन्ने वास्तविकता नै शास्वत सारवस्तुको रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

आमाको लागि आफ्नो प्राणभन्दा पनि सन्तानको माया ठूलो हुन्छ । सन्तानको रक्षाको निम्ति प्राण गुमाउन पनि पछि पर्दिनन् भन्ने वास्तविकतालाई कथाले यथार्थ ढंगले अभिधात्मक तरिकामा देखाएको ।

**ङ) दृष्टिबिन्दु**

कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिएको छ । प्रदर्शनकारीहरुको नारा, जुलुस, प्रहरीहरुको निर्दयी र क्रुर व्यवहार, सम्वेदनाहीन एवं विवेकशुन्य प्रहरी हृदय, बच्चाको मायाले कुट्दा पनि नभाग्ने कुकुर्नी आदि सबैको उपस्थिति एवं चित्रण गरिएको छ ।

**च ) कथानकढाँचा**

कथानकढाँचा परम्परागत रैखिक नै देखिन्छ । कथाको पहिलो भागमा प्रहरीको दमनले प्रदर्शनकारीको भागदौड भएको छ । दोस्रोभागमा कुकुर्नीको भुकाई मन नपरेपछि प्रहरीले कुकुर्नीलाई कुटेको र बच्चाको मायाले नभागेको घटना छ । तेस्रोभागमा कुटाइले कुकुर्नी मरेको छ र बच्चाहरु मृत आमाका दूध चुसिरहेका घटना छन् ।

**छ ) रुपविन्यास**

पाँच अनुच्छेदमा संरचित कथाको पाँचौ अनुच्छेद एकै वाक्यको देखिन्छ : **त्यो दिन त्यस्तै भयो** । कथामा राजनीतिक शव्दको प्रयोग, समासयुक्त शव्दको प्रयोग, सम्वेदनायुक्त शव्दको प्रयोग (कारुणिक), अंग्रेजी शव्द (मर्निङ्वाक) को प्रयोग, अनुकरणात्मक शव्द (कुइँ कुइँ), द्वित्व (जोड जोड) जस्ता विभिन्न शव्दको प्रयोगले कथा रोचक एवं मार्मिक बनेको छ । जसले गर्दा कथा संवृत रुपविन्यासमा नै देखिन्छ ।

## ४.३.६५ तीतो सत्य कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

युवा युवतीहरुमा बद्दै गएको प्रेम गर्ने चलन, एउटै युवाले धेरै केटीहरुसँग गर्ने देखावटी प्रेम र युवतीलाई खुशी पार्न उसका रोजाईका सरसमानहरु किनिदिने जस्ता प्रेम गर्ने शैली र क्रियाकलापलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

युवा युवतीहरुमा बढ्दै गएको प्रेम गर्ने प्रवृति, आफुलाई राम्रो वा राम्री देखाउन अरुसँग मागेरै भएपनि श्रृंगार गरेर भेट्नजाने, धेरै जनासँग देखावटी माया गर्ने, प्रेममा वढ्दै गएको विकृति, केटीलाई आफुप्रति आकर्षित गर्न उसका रोजाईका सामान (गिफ्ट) किनिदिने जस्ता प्रेम जीवनका क्रियाकलापलाई यथार्थरुपमा देखाएको छ ।

**ग ) सारवस्तु**

केटालाई भेट्न जाँदा आफुसँग नभएपनि अरुसँग मागेर लुगा लगाउने, कहिले सीतासँग, कहिले प्रतिमासँग भेटने (डेटिङ) जस्ता क्रियाकलापले वास्तवमा प्रेम दुई मुटुको मिलन नभएर देखावटी फेसनको रुपमा बद्दै गएको कुरा नै सारवस्तुको रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

प्रेममा भित्रिएको विकृतिलाई कथाले अभिधात्मक रुपमा देखाएको छ । एउटै केटाले दुइवटीसँग पालै पालो डेटिङ (भेटघाट) गर्ने, केटीले आफुलाई राम्री देखाउन अरुसँग मागेर लुगा लगाउने जस्ता विकृतिलाई कथाले देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

सीताको क्रियाकलाप र मानासिकता एवं केटाको धेरै केटी खेलाउदै हिड्ने प्रवृतिलाई उजागर गरेको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा सीताले प्रतिमासँग पाइन्ट मागेको छ । दोस्रो भागमा प्रतिमाको किन ? भन्ने जिज्ञासामा सीताले आफ्नो योजना वताएकी छिन् । तेस्रोभागमा केटाले सीताको पाइन्टको तारिफ गरेको र आफैले किनेको पाइन्ट हो भनेर चिनेको छ । यसरी कथा क्रमबद्धरुपमा रैखिकढाँचामा आएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल रोचक एवं संवृत देखिन्छ । कथामा अंग्रेजी शव्दको प्रयोग (व्वाइफ्रेण्ड) भए पनि त्यो व्यवहारिक जस्ता लागिने हुनाले वोधगम्यतामा खासै असर देखिन्न । समयको केही अन्तराललाई चिन्ह (+) ले देखाएको छ ।

## ४.३.६६ ठूलो ढुङ्गो कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

कथाले कला कृति र आस्थालाई रुचिक्षेत्र बनाएको छ । कलाकारले ठूलो ढुङ्गामा चित्र कुँदेको र सबैले त्यसलाई देवताको स्वरुप ठान्दै पूजा-आजा गरेको छ ।

**ख ) रीतिक्षत्र**

बाटोको किनारामा भएको ढुङ्गाको ओत लागेर बटुवाले दिसा-पिसाव गर्ने, कलाकारहरुको आँखा यस्तै ढुंङ्गाहरुमा पर्ने र मूर्ति, चित्रहरु कुँदिएपछि समाजले देवताको रुपमा पूजा गर्ने परिपाटीलाई कथाले यथार्थ रुपमा देखाएको छ ।

**ग ) सारवस्तु**

कला कृतिमा व्यक्तिको आस्था, विश्वास, व्यवहार र क्रियाकलापलाई बदल्न सक्ने शक्ति हुन्छ भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

कला कृतिमा व्यक्तिलाई परिवर्तन गर्न सक्ने खुवी हुन्छ भन्ने कुरालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ

**ङ) दृष्टिबिन्दु**

कथामा बटुवा र कलाकारको उपस्थिति देखिएपनि कलामा व्यक्तिलाई परिवर्तन गर्न सक्ने खुवी हुन्छ भन्ने विषयलाई नै कथाले जोड दिएकोले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा बाटाको ठूलो ढुङ्गाको ओत आगेर बटुवाहरुले फोहर गर्नुको कारणले वरिपरिको वातावरण दुर्गन्धित भएको छ । दोस्रो भागमा त्यही ढुङ्गामा एउटा कलाकारले खोपेर मूर्तिको आकृति बनाएको छ । तेस्रो भागमा त्यही आकृतिलाई देवताको मूर्ति ठानेर सबै बटुवाहरुले पूजा गर्ने गरेको घटना क्रमबद्धरुपमा रैखिक बनेर आएको छ ।

**छ ) रुपविन्यास**

कथा सरल र वोधगम्यताले गर्दा संवृत देखिन्छ । कथामा प्रयुक्त बटुवा, ओत, औधि, अमूर्त, ध्वजापताका, खाटी, घुईरो जस्ता शव्दले कथालाई रोचकता थपेको छ ।

### ४.३.६७ बाबु-छोरा कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

एउटा परीवारिक र जिम्मेवार व्यक्तिले घरव्यवहार चलाउन अपनाउने मीतव्ययीता एवं दोस्रो पुस्ताको गैर जिम्मेवारी क्रियाकलाप आदिलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

वेरोजगारीले गर्दा सबैले कमाउने अवसर नपाएको, एकै व्यक्तिको कमाईले पुरै परिवारका साथै छोरा, छोरीको शिक्षा खर्च पनि धान्नु पर्ने, एक एक रुपैयाँले पनि ठूलो महत्व राख्ने हुनाले पैसा जोगाउने तर्फ ध्यान दिनु पर्ने तर पैसा जोगाउने वानीलाई कञ्जुसको संज्ञा दिने नयाँ पुस्तामा गैरजिम्मेवारीपन बढ्दै गएको वास्तविकतालाई कथाले यथार्थ शैलीमा देखाएको छ ।

**ग ) सारवस्तु**

पूर्वपुस्ताको दुर्गुण पहिल्याउन खप्पिस युवापुस्ता पारीवारिक, आर्थिक, सन्तुलनलाई विगार्ने, कायम गरेको सन्तुलनलाई नकारात्मक दृष्टिले हेर्ने र पूर्वपुस्ताको कुरा काट्ने जस्ता विकृति युवापुस्तामा बढ्दै गएको कुरा नै सार वस्तुको रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

पूर्व पुस्ताको काँधमा देखिएको पारीवारिक भार, पारीवारिक भारलाई कम गर्न गरेको हरसम्भव प्रयास, तर नयाँ पुस्तामा बढ्दै गएको गैर जिम्मेवारी एवं भोगवादी प्रवृति र पूर्वपुस्ताले कायम गरेको सन्तुलनलाई बिर्गाने साथै कुरा काट्ने नयाँ पुस्ताको प्रवृतिप्रति कथाले व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

छोराको गैर जिम्मेवारी एवं भोगवादी प्रवृति र पिताको मीतव्ययी क्रियाकलाप एवं प्रवृतिलाई देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिविन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथाको पहिलो भागमा परिवारमा कमाउने आफु एक्लै भएकोले एक/डेढ घण्टा हिडेरै मोटर चढ्ने पैसा जोगाउँछ । दोस्रो भागमा पैसा जोगाउन पैदलै हिड्ने बाबाको बानीलाई छोराले कञ्जुसको संज्ञा दिंदै साथीसँग फोनमा कुरा गरेको छ । तेस्रो भागमा बाबाको कुरा काड्दा काड्दै दश मिनेट बितिसकेको तर आफ्ना कुरा गर्न बाँकी नै देखिन्छ । यसरी कथा क्रमबद्धरुपमा रैखिकढाँचामा आएको छ ।

**छ** ) **रुपविन्यास**

कथा छोटो र सान्दर्भिक संवृत देखिन्छ । कथामा प्रयुक्त जाहान, साह्रो-गाह्रो, आवत-जावत, बाउ, छुच्चा, रुप्पे, सजिलरी, जाइआइ जस्ता शव्दहरुले कथालाई अझ रोजक बनाएको देखिन्छ । पूस्तागत भिन्नतालाई झल्काउने खालको घटनाक्रम एवं विषयवस्तुको संयोजनले कथा रोचक र समय सान्दर्भिक देखिन्छ ।

## ४.**३.६८ राम्री हुने रहर कथाको विश्लेषण**

**क** ) **रुचिक्षेत्र**

महिलाहरुलाई आफ्नो उमेर र अवस्था जस्तोसुकै भएपनि सुन्दर, राम्री बन्ने रहरले कहिल्यै छोड्दैन । दैनिक खर्चहरुलाई कम गरेर भएपनि आफुलाई राम्री बनाउन खर्च गर्ने प्रवृतिलाई देखाएर कथाले नारीको सुन्दरताप्रतिको आकर्षकलाई रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

संसार सुन्दरताको पारखी बन्दै गएको, नारीहरु सुन्दरी, राम्री बन्ने होडमा समाज र आफ्नो हैसियतलाई पनि बिर्सने, दैनिक आवश्यकताका खर्चलाई घटाएरै भएपनि व्युटीपार्लर धाउने सहरीया जीवनमा बढ्दै गएको नारी प्रवृतिलाई यथार्थशैलीमा कथाले देखाएको छ ।

ग ) **सारवस्तु**

सहरी जीवनमा महिलाहरुमा सुन्दरताको होडवाजीले गर्दा महिलाहरु आफ्नो दैनिक आवश्यकता र स्वास्थ्यलाई भदा बढी सुन्दरतालाई ध्यान दिन्छन्  भन्ने कुरा नै प्रच्छन्न रुपमा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

दैनिक आवश्यकताबाट खर्च घटाएर पैसा बचाउने र बुढेसकालमा व्यूटीपालर धाउने, दैनिक आवश्यकता र स्वास्थ भन्दा सुन्दरतालाई प्राथमिकता दिने नारी प्रवृतिलाई कथाले व्यङ्ग्य गरेको छ ।

**ङ) दृष्टिबिन्दु**

**उ** पात्राको राम्री हुने रहर, पैसा बचाउन गरेको क्रियाकलाप, बचेको पैसाले व्युटीपार्लर छिरेको, तरकारी किन्ने पैसा नभएपछि फर्सीको सानो टुक्रा लिएर घर फर्केको घटनाले **उ** पात्रकै क्रियाकलाप र मनोभावनालाई प्रष्ट्याएको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

कथा क्रमवद्धरुपमा रैखिकढाँचामा देखिन्छ । कथाको पहिलो भागमा बुढेसकालमा पनि कसैको वास्ता नगरी व्युटीपार्लर धाउने आदतलाई देखाएको छ । दोश्रो भागमा दाल, चामल र तरकारी किन्दा वचाएको पैसाले व्युटीपार्लर गएको छ तेश्रो भागमा तरकारी किन्ने पैसा नभएपछि फर्सीको सानो टुक्रा लिएर घर फर्किएसंगै कथा समाप्त भएको छ ।

**छ** ) **रुपविन्यास**

छोटो संरचना, सरल अभिव्यक्ति, वोधगम्य भाषाशैलीले कथालाई रोचक बनाएको छ । एकै वाक्यको अनुच्छेद, अंग्रेजी शव्दको प्रयोग (व्युटीपार्लर), तैपनि, कि जस्ता शव्दले कथालाई रोचक एवं सरल बनाएको हुनाले संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.३.६९ सफलता कथाको विश्लेषण

**क** ) **रुचिक्षेत्र**

अध्ययनको क्रममा गाह्रो, अप्ठ्यारो शब्दहरुको अर्थ शब्दकोशमा खोज्ने प्रवृति र अध्ययन प्रक्रियालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

नेपाली वृहत शब्दकोशमा असफलता, चिन्ता निराश, प्रयत्न र सङ्घर्ष जस्ता पीडा र दुःखलाई झल्काउने शव्दहरु भए झैं खुशी र उमङ्गको शिखरमा पुऱ्याउने शब्द सफलता पनि भएको वास्तविकतालाई कथाले यथार्थरुपमा देखाएको छ ।

ग ) **सारवस्तु**

व्यक्तिको जीवनमा असफलता भन्ने क्षण आउछन् । असफल भयो भन्दैमा चिन्ता लिएर निराश हुनु हुन्न । प्रयत्नका साथ सङ्घर्ष गरिरहनु पर्छ । परिश्रमको फल मीठो हुन्छ भने झैं, अन्त्यमा सफलता हात लागेरै छोड्छ , भन्ने वास्तविकता नै कथामा सारवस्तु बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

व्यक्तिले असफलतामा चिन्ता लिएर निराश हुनु हुन्न । प्रयत्न र सङ्घर्ष गर्दै जानु पर्छ । सफलता मिल्छ , भन्ने कुरालाई अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथाले **म** पात्रको आन्तरिक मनोदशा, उसले गरेका क्रियाकलाप, शब्दकोशमा फेलापरेका शब्दहरुले उसको मनमा पारेको प्रभाव आदिलाई केलाएको हुनाले कथा आन्तरिक केन्द्रिय दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

पहिलो भागमा **म** पात्रले शब्दकोशमा खोजको शब्द नपाउँदा असफलताबाट चिन्ता बढेर निराश भएको छ । दोस्रो भागमा पाना पल्टाउँदै जाँदा शब्द खोज्ने प्रयत्नका साथ सङ्घर्ष गर्दै अगाडी बढेको छ । कथाको अन्तिम भागमा **म** पात्रले खोजेको शब्द सफलता फेला परेको छ । यसरी कथा क्रमबद्ध रुपमा रैखिक ढाँचामा आएको देखिन्छ ।

**छ** ) **रुपविन्यास**

कथा **६** अनुच्छेदमा संरचित छ । छोटो कथामा **पाना** शब्द **सात पटक** दोहोरिएको छ । **पृष्ठ** शव्द **६** पटक दोहोरिएको छ । दित्व शब्द (वल्लवल्ल), भाषिक अभिव्यक्तिको शब्द (झनक्क), त्यस्तै अन्य शब्दहरु नासिने, समाहित, अनुसरण जस्ता शब्दहरुले कथालाई रोचक बनाएको छ ।

### ४.**३.७० सहयोग कथाको विश्लेषण**

**क** ) **रुचिक्षेत्र**

आफुलाई सुसंस्कृत र सभ्य भन्न रुचाउने सहरीया व्यक्तिको आचरण र चरित्रलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

बाटाका किनारामा मागेर बस्ने माग्नेलाई निष्ठुर एवं छुच्चो प्रवृतिको प्रकाशले एक्लै हिँड्दा कहिल्यै पैसा नदिने तर प्रेमिकाकोसाथ त्यहिबाटो हिँड्दा माग्नेसँग तर्किन खोजे पनि प्रेमिकाको आग्रहमा सय रुपैंयाको नोट अनुहार बिगार्दै दिएको घटनालाई कथाले यथार्थशैलीमा देखाएको छ ।

**ग** ) **सारवस्तु**

माग्नेलाई कहिल्यै पैसा नदिने प्रकाशले प्रेमिकाको आग्रहमा एक सयको नोट माग्नेलाई दिएको छ । यसरी माया प्रेमको अगाडी व्यक्ति सधैं कमजोर हुन्छ , भन्ने कुरा नै शास्वत रुपमा सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

वग्गी चालकको इसारामा वग्गी घोडाहरु चले झैं प्रेमिकाको इसारामा प्रेमीहरु चल्छन् । प्रेमिकाको कुरालाई प्रेमीहरुले नकार्न सक्दिैनन् भन्ने वास्तविकतालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथा क्रमबद्धरुपमा रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा प्रकाशको छुच्चो प्रवृतिका कारण माग्नेलाई कहिल्यै पैसा दिंदैन । दोस्रो भागमा प्रेमिकाको साथ घुम्दै हिँडेको छ । तेस्रो भागमा प्रेमिकाको आग्रहमा अनुहार बिगार्दै प्रकाशले माग्नेलाई सय रुपैया दिएसँगै कथा अन्त्य भएको छ ।

### च ) कथानकढाँचा

कथा रैखिकढाँचामा देखिन्छ । पहिलो भागमा प्रकाशको छुच्चो चरित्र र कञ्जुस प्रवृतिको उद्घाटन गरिएको छ । दोश्रो भागमा माग्नेलाई देखेर भाग्न खोजेको प्रकाशलाई पैसा दिन आग्रह गरेकी छिन् भने तेश्रो भागमा अनकनाँउदै अनुहार विगारेर सयको नोट दिएको घटना वर्णित छ ।

### छ ) रुपविन्यास

कथा सरल एवं वोधगम्य छ । गरिवी झल्काउने शव्द चारित्रिक विशेषता झल्काउने शव्दले कथा रोचक देखिन्छ भन्ने त्यस्तै तर्कन, ननमस्तक, पसौत जस्ता शव्दले अझ रोचकता थपेको छ ।

## ४.३.७१ हिजो र आज कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

गरिब परिवारले जीवन गुजारा गर्न भोक र निद्राको वास्तै नगरी सङ्घर्षका साथ व्यावसाय सुरु गरेको, व्यावसायमा सफलता मिलेर धेरै सम्पति कमाए पनि हाल आएर रोगी बनेको छ । एउटा परिवारले गरेको सङ्घर्ष र परिणामलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

जीवन गुजाराको लागि भोक र निन्द्रा नभनीकन परिश्रम गरेको, गरिबीका कारण पेट भरी खान नपाएको, बिहान बेलुकाको चिन्ताले आरामले सुत्न नपाएको, जीवन गुजारा गर्न थालेको व्यवसाय सफल भएपछि धेरै सम्पत्ति कमाए पनि विगतको दुःख र परिश्रमका कारण रोगी भएको, सम्पत्तिको चिन्ताले निन्द्रा नलागेको घटनालाई प्रगतिवादी शैलीमा देखाएको छ ।

### ग ) सारवस्तु

गरिबीमा पनि व्यक्तिलाई सुख, शान्ती र चैन हुदैन भने धेरै सम्पत्ति कमाए पनि व्यक्तिलाई सुख, शान्ती र चैन हुँदैन । गरिबीमा टन्न खान नपाएर छाक टार्ने चिन्ताले

निन्द्रा लाग्दैन भने धनी (धेरै सम्पत्ति) भएपछि धेरै खाएर रोगी हुने र सम्पत्तिको चिन्ताले निन्द्रा लाग्दैन । सधैं पीरै पीरमा जीवन बित्छ भन्ने कुरानै सारवस्तुको रुपमा आएकोछ ।

**घ) अर्थसापेक्ष**

हिजो गरिबीको कारणले चिन्ता वढ्थ्यो । निन्द्रा लाग्दैनथ्यो । भने आज धेरै सम्पत्तिको चिन्ताले निन्द्रा लागको छैन । हिजो गरिबीमा पनि दम्पतीलाई सुःख, शान्ती थिएन । भने आज धेरै सम्पत्ति जोडेर धनी भएको अवस्थामा पनि सुःख र मनमा शान्ती छैन । भन्ने कुरालाई अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथा दुवै दम्पत्तिको विगत र वर्तमान प्रति नै केन्द्रित रहेकोले वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

च ) **कथानकढाँचा**

गरिबीका कारण जीवनयापन गर्न धेरै सङ्घर्ष गरेको छ । आफ्नो दैनिकीलाई सजिलो बनाउन सुरु गरेको व्यवसायले सफलता पाएको छ । धन, सम्पत्तिको राम्रो वन्दोवस्ता भएपनि दुवै दम्पत्ति रोगी भएका छन् । साथै सम्पत्तिको चिन्ताले साताएको छ । यसरी कथा क्रमबद्ध रुपमा रैखिकढाँचामा आएको छ ।

**छ ) रुपविन्यास**

संरचनात्मक दृष्टिले हिजो र आजमा बाँडिएको कथा रोचक एवं सरल भाषाशैलीमा संरचित संवृत छ । टन्न खानु, भरनिद सुत्नु, मेहनत, आयश्रोत, सन्जोक आदि टुक्का र शव्दले कथालाई रोचकता थपेको छ ।

## ४.३.७२ पत्रकारको सम्मान ! कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

राजनीतिमा देखिने चालवाजी र चतुर्‍यालाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

ख ) **रीतिक्षत्र**

पत्रकार जगत राज्यको चौथो अङ्ग हो भन्दै मुखले ठिक्क पार्ने सरकारी पक्ष ((शाषक वर्ग) र आफ्नो अधिकार र सम्मानको माग गर्दा पनि कुटाई खाएका पत्रकार वन्धुहरु शाषित वर्गको बिच द्वन्द्व देखाएको छ ।

**ग ) सारवस्तु**

राज्यले पत्रकारलाई राज्यको चौथो अङ्ग भनेर भने पनि सरकारले (राज्यले) कहिल्यै राज्यको चौथो अङ्गको रुपमा सम्मान दिएर राख्न सकेको छैन ।

**घ) अर्थसापेक्ष**

एकातिर पत्रकार जगत राज्यको चोथो अङ्ग हो । हाम्रो सरकारले तपाईहरुको मर्यादा र सम्मान गर्छ, भन्दै भाषण गर्ने र त्यसैवेला अर्कोतिर अधिकार र सम्मानको लागि

पत्रकारहरुले निकालेको ऱ्यालीमाथि दमन गर्ने सरकारी रबैया र दहीचिउरे प्रवृत्ति प्रति व्यङ्ग्य गरेको छ ।

### ङ) दृष्टिबिन्दु

राज्यले पत्रकार जगतलाई कसरी हेर्छ र कस्तो व्यवहार गर्छ भन्ने विषयलाई कथाले देखाएको हुनाले कथा वस्तुपरक देखिन्छ ।

### च ) कथानकढाँचा

पत्रकार जगत राज्यको चौंथो अङ्ग हो भन्दै सत्ताधारीहरुले भाषण गरेका, सँब्ले ताली बजाएको र अधिकार एवं सम्मानको लागि निस्केको ऱ्यालीमा प्रहरीले लाठी बर्साएको घटनालाई क्रमब्द्ध रुपमा रैखिकढाँचामा देखाएको छ ।

### छ ) रुपविन्यास

कथा सरल एवं रोचक शैलीमा लेखिएको छ । प्रयुक्त शब्दहरु वोधगम्य छन् । तीन अनुच्छेदमा भएपनि कथा छोटो संवृत देखिन्छ ।

## ४.३.७३ सत्ताको एजेण्ट कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

द्वन्द्वका बेला सरकारी कर्मचारीले भोग्नु परेका असहज परिस्थितिलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षेत्र

द्वन्द्वका बेला विद्रोहीहरु सैनिक पोशाकमा गाउँ घर घुम्ने, जसले गर्दा सरकारी कर्मचारीहरुका लागि जिल्ला बाहिरको स्थिति सहज नभएको, विद्रोहीले सरकारी कर्मचारीलाई सामन्ती सत्ताको एजेन्टको रुपमा हेरेकाले कर्मचारीले आफ्नो परिचय लुकाएर हिड्नु पर्ने वाध्यात्मक परिस्थितिलाई कथाले यथार्थ शैलीमा प्रस्तुत गरेको छ ।

### ग ) सारवस्तु

सरकार र विद्रोहीहरुको बिचको द्वन्द्वले गर्दा सरकारी कर्मचारीहरुको लागि जिल्ला बाहिरको स्थिति सहज छैन भन्ने कुरानै सारवस्तुको रुपमा आएको छ ।

### घ) अर्थसापेक्ष

विद्रोहीहरुले सरकारी कर्मचारीलाई सामन्ती सत्ताको प्रतिनिधि, दलाल वा पोषकको रुपमा हेर्ने हुनाले कर्मचारीहरुको लागि जिल्ला बाहिरको स्थिति सहज नभएको अवस्थालाई अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

जिल्ला बाहिर विद्रोहीहरुको गतिविधि, सरकारी कर्मचारीले भोग्नु पर्ने समस्या, कर्मचारीहरुलाई हेर्ने विद्रोहीको दृष्टिकोण आदिलाई देखाएको हुनाले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) कथानकढाँचा

कथामा **जिल्ला भ्रमणमा जाँदै थियो ।** भन्ने वाक्य नै पहिलो भाग बनेर आएको छ । दास्रो भागमा सैनिक सँगको भेट र सोधपुछको कार्य भएको छ । तेस्रो भागमा एक सैनिकले **म** पात्रलाई सामन्ती सत्ताको एजेण्टको रुपमा देखाउँदै कमाण्डरको अगाडी उभ्याएको छ । यसरी कथा क्रमबद्ध रुपमा रैखिकढाँचामा आएको छ ।

## छ ) रुपविन्यास

नौ अनुच्छेदमा संरचित कथा संवृत नै देखिन्छ । पहिलो र अन्तिम अनुच्छेद एक-एक वाक्यको देखिन्छ । तेस्रो, पाचौं र सातौं अनुच्छेद दुई-दुई वाक्यको देखिन्छ । कथामा प्रयुक्त पो,ए, ल एवं अन्डरवयर, कमाण्डर, सामन्तीसत्ता, कामरेड जस्ता शव्दहरुले कथालाई अफ्ष रोजकता थपेको छ ।

# ४.३.७४ आदेशको पालना कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

वैवाहिक समारोहमा पनि पाँचजना भन्दा बढी मान्छे भेला हुन नदिनु भन्ने माथिको आदेश भन्दै लाठीचार्ज गर्ने प्रहरीहरुको विवेकहीनतालाई कथाले रुचिक्षेत्र वनाएको छ ।

## ख ) रीतिक्षत्र

शान्ति सुरक्षाको दृष्टिले पाँचजना भन्दा वढी भेला हुन नदिनु भनी आदेश जारी गरेको र माथिको आदेश भन्दै समय परिस्थिति एवं वास्ताविकताको पहिचान नगरी विवेकहीन तरिकाले विवाह समारोहमा लाठीचार्ज गरेको प्रहरी प्रशासनको विवेकहीनतालाई कथाले यथार्थ शैलीमा देखाएको छ ।

## ग ) सारवस्तु

प्रहरीहरु आदेशको पालना गर्ने नाममा विवेकहीन हुन्छन् । सैन्य एवं प्रहरी प्रशासनमा विवेकहीन र सम्वेदना शुन्य भएर अन्धो आदेशको पालना गर्छन् । भन्ने कुरा नै प्रच्छन्न रुपमा शास्वत सारवस्तु बनेर आएको छ ।

## घ) अर्थसापेक्ष

कानुनलाई हातमा लिने, पाँचजना भन्दा बढी मान्छे भेला हुन नदिनु भन्ने आदेश छ । भन्दै वैवाहिक समारोहमा लाठी बर्साउने प्रहरी प्रशासनको विवेकहीन एवं पाशविक प्रवृतिप्रति कथाले व्यङ्ग्य गरेको छ ।

## ङ) दृष्टिबिन्दु

कथामा **बेहुलो** र **बेहुली** पात्र पात्राको उपस्थिति भएपनि कथा **उ** पात्रकै विवेकहीनता प्रति केन्द्रित भएकोले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) **कथानकढाँचा**

कथाको पहिलो भाग धेरै मान्छेको जमघट देखेपछि **उ** पात्र आँत्तिदै जानकारी गराएको छ । दोस्रो भागमा ठोक भन्ने आजावसँगै विवाहमा सहभागिहरुमाथि लाठीचार्ज गरेको छ । तेस्रो भागमा भाग्न नसकेकाहरुलाई चौकीमा लगेपछि सोधपूछ गरिएको छ । यसरी कथा क्रमबद्ध रैखिक बनेर आएको छ ।

### छ ) **रुपविन्यास**

कथा सरल एवं वोधगम्य देखिन्छ । कथामा प्रयुक्त शव्द बेहुली, बेहुलो, लाफो, सामन्ती शव्द (आदेश, हजुर), अंग्रेजी शव्द (सेट) आदि शब्दहरुले कथालाई रोचक बनाएको छ भने केही समयको अन्तराललाई (+) चिन्हले देखाएको छ । कथा संवृत रुपविन्यासमा देखिन्छ ।

## ४.३.७५ चप्पलको खोजी कथाको विश्लेषण

### क ) **रुचिक्षेत्र**

देशमा देखिएको राजनीतिक उत्तर-चढाव, नारा-जुलुस, आन्दोलन, राजनीतिक परिवर्तन भए पनि सर्वसाधारण जनताले खासै परिवर्तनको महशुस गर्न नपाएको जसले गर्दा व्यक्तिको मनमा परेको प्रभाव कथाले देखाएको छ । यसरी हेर्दा कथाले राजनीतिक उत्तार चढाव र व्यक्ति मनको प्रभावलाई नै रुचिक्षेत्र बनाएको छ ।

### ख ) **रीतिक्षत्र**

जनताले राजनीतिक परिवर्तनको लागि धेरैले पसिना र रगत बगाएपनि नेताहरुको सामन्ती सोच र पूँजीवादी चिन्तनका कारणले जनताले कहिल्यै परिवर्तनको महशुस गर्न नपाएको हो । राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक क्रान्ति र परिवर्तन ल्याउनु पर्छ । नेताहरुको सामन्ती सोच, पूँजीवादी चिन्तन **म** र **मेरो** भन्ने प्रवृत्ति कै कारण जनताले पटक पटक राजनीतिक लडाई लड्नु परेको, सच्चा परिवर्तनको लागि यस्ता सोच, चिन्तन र प्रवृत्तिहरुलाई जरैदेखि फाल्नु पर्ने सोच प्रगतिवादका साथ आएको छ ।

### ग ) **सारवस्तु**

राजनीतिक परिवर्तनले मात्रै देशमा कहिल्यै परिवर्तन आउँदैन । जनताले परिवर्तनको महशुस गर्न सक्दैन, जबसम्म मनभित्र सामन्ती सोच, पूँजीवादी चिन्तन कायम रहन्छ । राजनीतिक क्रान्ति र परिवर्तन सँगै सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एवं वैज्ञानिक क्रान्ति र परिवर्तनको खाँचो हुन्छ । नेताहरुको आफ्नो मनभिबाट पूँजीवादी चिन्तन, सामन्ती सोच हैकमवादी प्रवृत्तिलाई नत्यागेसम्म परिवर्तनको महशुस गर्न सकिन्न, भन्ने कुरा नै प्रच्छन्नरुपमा सारवस्तु बनेर आएको छ ।

### घ) **अर्थसापेक्ष**

व्यक्तिको मनभित्र रहेको सामन्ती सोच, पूँजीवादी चिन्तनलाई परिवर्तन नगरेसम्म राजनीतिक परिवर्तनले कुनै महत्व राख्दैन । राजनीतिक परिवर्तनको साथै सोच, चिन्तन एवं सामाजिक, आर्थिक, साँस्कृतिक, वैज्ञानिक, क्रान्ति र परिवर्तन ल्याउन सकेमात्र व्यक्तिको जीवनमा परिवर्तन आउने कुरालाई अभिधामत्मक रुपमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

०४६ सालको राजनीतिक परिवर्तनले जीवनमा कुनै परिवर्तन नल्याएपछि रमेशको मनमा पारेको प्रभाव, राजनीतिक आन्दोलनप्रति रमेशको धारणा एवं राजनीतिक परिवर्तन आएपनि जीवनमा परिवर्तन आउन नसक्नु हामीभित्र रहेको पूँजीवादी चिन्तन र सामन्ती सोचले गर्दा हो । भन्ने विक्रमको आन्दोलन प्रतिको धारणा, बिचार एवं मान्यतालाई देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दु देखिन्छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा आन्दोलनमा निर्ममतापूर्वक कुटेपछि भाग्दा छुटेको चप्पल विक्रमले खोजिरहेको छ । दोस्रो भागमा रमेश र विक्रमले ०४६ सालको आन्दोलन र परिवर्तनले व्यक्तिको मानसिकता, सोच र चिन्तनलाई परिवर्तन गर्न नसकेको कारण अझै पनि आन्दोलन गर्नु परेको महशुस गरेको छ । तेस्रो भागमा तत्कालीन आन्दोलनमा जनताको समर्थन स्वरुप ठूलै जुलुस आएको छ । यसरी कथा वर्तमान, विगत र वर्तमान भएकोले वृत्तकारीय देखिन्छ ।

### छ ) रुपविन्यास

कथा अर्थसापेक्षको दृष्टिले अभिधात्मक छ । कथामा प्रयुक्त शव्दहरु बजिया, हगि, त नि, क्योर जस्ता शव्दले रोचकता थपे पनि राजनीतिक शव्दावली आन्दोलन, जुलुस, सामन्ती र पूँजीवादी चिन्तन, युद्ध, गगनभेदी शव्दले केहि गहनता वढाएको हुनाले कथा केही विवृत देखिन्छ ।

## ४.३.७६ मानवता कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

सहरीया जीवनमा सवारी साधनको प्रयोग, सवारी साधनको वढ्दो प्रयोगले दुर्घटना हुने गरेको, दूर्घटना भएपछि घाइतेलाई सहयोग र उपचारको साटो बढ्दै गएको भाग्ने प्रवृति र मानवता हराउँदै गएको बोक्रे सहरीया जीवनलाई नै कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

**उ** पात्र दूर्घटना घटाएर घाइतेलाई सहयोग र उपचार गर्नुको साटो अरुले देख्ला भन्दै भागेको, **पीए** पात्रले घाइतेलाई भेटेर अस्पताल पुऱ्याएको तर घाइतेको शरीरबाट धेरै रगत बगेको कारण घाइतेको जीवन खतरामा परेको छ । यसरी व्यक्तिको मनबाट मानवता हराएका कारण दूर्घटना घटाएर घाइतेलाई सहयोग र उपचारको व्यवस्था नगरी अरुले देख्ला कि भन्दै भाग्ने प्रवृतिलाई कुथाले यथार्थ शैलीमा देखाएको छ ।

### ग ) सारवस्तु

दूर्घटना घटाएर घाइतेलाई सहयोग र उपचारको व्यवस्था नगरीकन भाग्नु बुद्धिमानी होइन । घाइतेको जीवन बचाउन सहयोग र उपचारको व्यवस्था गर्नु पर्छ । त्यो नै एक मानवमा हुनुपर्ने गुण **मानवता** हो । भन्ने कुरा नै प्रच्छन्नरुपमा सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

दुर्घटना घटाएर घाइतेलाई बेवारिसे अवस्थामा छोडेर भाग्नु मानवता होइन । घाइतेलाई (अप्ठ्यारो एवं दु:खमा परेकालाई) सहयोग र उपचार गर्नु पर्छ । मानव चेतनाशील प्राणी भएको नाताले मानवमा हुनु पर्ने गुण **मानवता** हुनुपर्छ । भन्ने कुरा अभिधात्मक शैलीमा आएको छ ।

### ङ) दृष्टिबिन्दु

**उ** पात्रले दूर्घटना घटाएर भागेपछिको उसको शारीरिक एवं मानसिक अवस्था र **पीए** मा भएको मनवतालाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिएको छ ।

### च ) कथानकढाँचा

कथाको पहिलो भागमा **उ** पात्र दूर्घटना घटाएर भागेपछि उसको मनमा उठेको मानसिक उतार चढावलाई देखाएको छ । दोस्रो भागमा आफिसमा **पीए** ढिलो आएको हुनाले **पीए** प्रति आक्रोश व्यक्त गरेको छ । तेस्रो भागमा बाटोमा लडिरहेको घाईतेलाई अस्पतालमा पुऱ्याउदा ढिला भएको घटना देखाएको छ । यसरी हेर्दा कथा वर्तमानवाट विगत तर्फ मोडिएको हुनाले वृतकारीय कथानकढाँचामा देखिन्छ ।

### छ ) रुपविन्यास

कथा मौखिक (कस्तो साला, मऱ्यो कि ! कस्तो पिरालो । , पुच्छर निमोठ्नुपर्छ हरेक काम गराउन ।, कहिलेकाहीं त ध्यान पनि कता जान्छ कुन्नि ? कस्तो छ त विरामीलाई ?) भाषा शैलीमा लेखिएको हुनाले व्याकरणिक विश्रृङ्खलता देखिन्छ । कथामा प्रयुक्त अंग्रेजी शव्द (प्रेसर, सरी सर, पी. ए.) त,कि, पापी, कड्किनु, मानवता, पुच्छर निमोठ्नु वरिपरि, जस्ता शव्द र टुक्काले कथालाई रोचकता थपेको छ भने समयको अन्तराललाई (+) चिन्हले देखाएको कथा संवत नै देखिन्छ ।

## ४.३.७७ छेपारो कथाको विश्लेषण कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

बदमास आचरणको जगते मादक पदार्थ सेवन गरेर हुल्याहा र बदमासहरु अघिपछि लगाउँदै लुटपाटगर्ने र टोल टोलमा आतङ्क फैलाउने, अनुशासन, नैतिकता एवं मर्यादाको विपरित क्रियाकलाप गर्ने जगते पहिलो दिन आन्दोलनकारीको विरोध गर्दै नारावाजी गर्ने र अर्को दिन आन्दोलनकारीको समर्थन गर्दै आन्दोलनको कार्यक्रममा सहभागी भएको घटनाले कथाले छेपारे प्रवृतिको व्यक्तिलाई रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

मादक पदार्थको सेवन गरेर लुटपाट र कुटपिट गर्दै टोल टोलमा आतङ्क फैलाउने, अनुशासन र नैतिकतालाई उलङ्घन गर्दै मादक पदार्थ सेवन गरेर तथानाम बोल्दै हिड्ने जड्याहाहरुको आचरण, विरोध स्वरुप आन्दोलनकारीले कहिले मसाल जुलुस त कहिले ब्ल्याक आउटको कार्यक्रम आयोजना गरेका, जगतेको समुह आन्दोलनकारीको विरोधमा उत्रेको तर कर्फ्यु तोड्दै दसौं लाखको जुलुस सडकमा उत्रिएपछि हिजो विरोध गर्ने जगतेको

समुह पनि आन्दोलनलाई समर्थन गर्दै उत्रिएको घटनालाई कथाले यथार्थ शैलीमा देखाएको छ ।

### ग ) सारवस्तु

**ताक परे तिवारी नत्र गोतामे** भने झैं हुल्याहा बदमास एवं छेपारे प्रवृतिका व्यक्तिहरु समय र परिस्थिति आफ्नो प्रतिकुल हुने वित्तिकै आफुलाई परिवर्तन गर्छन् भन्ने वास्तविकता नै शास्वत सारवस्तुको रुपमा आएको छ ।

### घ) अर्थसापेक्ष

जनआन्दोलनको समर्थनमा उत्रिएको आन्दोलनकारीको विरोधमा उत्रेको जगते कर्फ्यू तोड्दै दसौं लाखको जनसहभागिता भएको जुलुस देखेपछि समय र परिस्थिति आफ्नो ( जगतेको) प्रतिकूल भएको महशुस गर्दै विरोधलाई छोडेर आन्दोलनको समर्थनमा उत्रेको छ । यसरी कथाले जगतेको छेपारे प्रवृत्तिलाई अभिधात्मक शैलीमा देखाएको छ ।

### ङ) दृष्टिबिन्दु

कथामा आन्दोलनकारीहरुको उपस्थिति देखिएपनि जगतेकै चरित्र र प्रवृतिलाई प्रष्ट्याउन आएकोले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा क्रमबद्धरुपमा रैखिकढाँचामा देखिन्छ । कथाको पहिलो भागमा जगतेको सन्काह, जड्याहा प्रवृति एवं दादागिरीले टोलमा आतङ्क फैलिएको छ । कथाको दोस्रो भागमा आन्दोलनकारीको विरोध गरेको छ । तेस्रो भागमा जनताको ठूलो समर्थनका साथ कर्फ्यु तोड्दै निस्केको जुलुस, निरङ्कुश शासकहरु आत्तिएको छ । समय र अवस्था आफ्नो ( जगते) प्रतिकुल बन्दै गएकोले जगतेले छेपारे प्रवृत्ति देखाउदै आन्दोलनलाई समर्थन गरेको छ ।

### छ ) रुपविन्यास

नौवटा अनुच्छेदमा संरचित कथाको छैठौं अनुच्छेद एकै वाक्य (त्यो दिन त्यसरी नै वित्यो) को देखिन्छ । कथामा राजनीतिक शव्दहरुको प्रयोग ( आन्दोलन, विरोधी, नारा जुलुस, निरङ्कुश, शासक), अंग्रेजी शव्द (मसल, व्ल्याक आउट), उखान (नानीदेखि लागेको वानी), भाषिक स्वाभाविकताका शव्द (दङ्ग), नीच शव्द (ए साले) आदिको प्रयोगका साथसाथै अन्य शब्दहरु हुल्याहा, कर्फ्यु दादा, तथानाम आदिले कथालाई रोचकता दिएको छ ।

## ४.३.७८ नयाँ रोग कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

मत्स्य विकास केन्द्रको विकास गर्ने उयद्देश्यले बसेको अन्तर्क्रियाको कार्यक्रमपछि सोही केन्द्रको माछाका परिकार बनाउँदै खाएर माछा सखाप पारेको, स्टोर किपरले दुईवटा पोखरी खाली भएको रिपोर्ट दिएको, हाकिमले माछामा नयाँ रोग देखापरेका कारण दुईवटा पोखरी खाली भएको टिप्पणी पेश गरेको, विभागले विशेषज्ञ खर्च र औषधी खर्चसमेतको माग गर्दै मन्त्री स्तरीय वैठकमा पेश गरेको र अनुसन्धानको लागि मन्त्री, प्रशासन र प्राविधिक टोली विदेशमा जाने मन्त्रीस्तरीय निर्णय भएको छ । यसरी विषय र

घटनाक्रमलाई हेर्दा सरकारी काम कारवाहीको प्रक्रिया एवं सरकारी कर्मचारीको भष्टाचारी मनोवृत्तिलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

## ख ) **रीतिक्षत्र**

मत्स्य विकास केन्द्रको विकासका लागि आयोजित अन्तर्क्रिया पछि सुझावहरु पेश गर्ने, कार्यक्रमको समाप्तिपछि ओयोजना गरेको डिनर कार्यक्रममा माछाको परिकार बनाउँदा दुईवटा पोखरी नै खाली भएको, अनियमिततालाई लुकाउन हाकिमले माछा नयाँ रोगले मेरेको टिप्पणी पेस गरेको, विभागले पनि औषधी खर्च र विशेषज्ञ खर्च निकासा गर्न मन्त्रालयलाई राय-सुझाव दिएको र मन्त्रालयले पनि नयाँ रोग के हो ? भन्ने अनुसन्धानको वाहानामा विदेश भ्रमणको तयारी गरेकाले कथाले सरकारी निकायहरुमा हुने काम कारवाही (कार्यालय, विभाग, मन्त्रालय) को प्रक्रिया, अनियमितता र भ्रष्टाचारमा कार्यालयको पियन देखि मन्त्रालयलको मन्त्रीसम्मको सहभागिता हुने हुनाले विभिन्न वाहाना वनाउँदै अनियमिततालाई ढाकछोप गर्ने र सरकारी ढुकुटीमा विदेश भ्रमण गर्ने सरकारी कर्मचारीको भ्रष्टाचारी मनोवृत्तिलाई यथार्थरुपमा देखाएको छ ।

## ग ) **सारवस्तु**

संरक्षण र सम्वर्द्धनको जिम्मा लिएको निकायहरुले नै विनास गरिरहेका छन । सरकारी कार्यालयमा हुने गरेका भ्रष्टाचार र अनियमिततामा कार्यालयको पियनदेखि मन्त्रालयको मन्त्रीसम्मको मिलोमतो हुने र अनियमितता र भ्रष्टचारलाई लुकाउन विभिन्न नाटक रच्छन् भन्ने कुरा नै सास्वत सारवस्तु बनेर आएको छ ।

## घ) **अर्थसापेक्ष**

माछाको विभिन्न परिकार वनाउँदै माछा सखाप पार्ने र माछा रोग लागेर सकियो भन्दै रोग अध्ययनको वाहानामा विदेश घुम्ने सरकारी कर्मचारीहरुको रबैया एवं रक्षक नै भक्षक वन्ने र अनियमितता र कर्मचारीहरुको भ्रष्ट प्रवृतिप्रति व्यङ्ग्य गरिएको छ ।

## ङ) **दृष्टिबिन्दु**

मत्स्य विकास केन्द्रका कर्मचारीहरु देखि लिएर विभागीय प्रमुख, मन्त्रालयका मन्त्री, सचिव, महानिर्देशक जस्ता सबै सरकारी कर्मचारीहरुको घुस्याहा मनोवृतिलाई कथाले देखाएको हुनाले कथा वाह्य सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

## च ) **कथानकढाँचा**

कथा रैखिक ढाँचामा देखिन्छ । पहिलो भागमा मत्स्य विकास केन्द्रको विकास गर्ने उद्देश्यले सञ्चालित अन्तर्क्रिया कार्यक्रमको समाप्तीपछि रातभर माछाको परिकार वनाएर खाएका छन् । दोस्रो भागमा स्टोर किपरले दुई वटा पोखरीको माछा सकिएको हिसाव निकालेपछि अनियमितताको ढाकछोप गर्न नयाँरोग लागेर माछा मरेको टिप्पणी विभागसमक्ष र विभागले मन्त्रालयमा पेस गरेको छ । तेस्रो भागमा विभागीय मन्त्री, प्रशासन तथा प्राविधिकहरुको टोली नयाँरोगको पहिचान र निदानको लागि विदेश भ्रमण जाने मन्त्रीस्तरीय निर्णय भएको छ ।

**छ ) रुपविन्यास**

कर्मचारीहरुको भ्रष्ट मनोवृत्ति प्रति व्यंग्य गरिएको यस कथामा प्रविधिक शव्द ( टिप्पणी, अनुसन्धान, विशेषज्ञ), कानूनी शव्द (पेस, सदर) संस्कृतका शव्द (मत्स्य, अतिथि) अंग्रेजी शव्द (स्टोरकिपर, डिनर) व्यापारिक शव्द (खरिद), भाषिक स्वभाविकताका शव्द ( भुतुक्कै ) आदिले कथा रोचक एवं प्रभावकारी देखिन्छ ।

## ४.३.७९ दयालु मालिक कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

खसी व्यापारीले खसीहरुको सधैं हेरचाहा गर्ने, दाना पानीमा ख्याल गर्ने, खसी बोकालाई खोरमा थुनेर राख्ने, ग्राहकले खसी बोकाको छनौट र मूल्याङ्कन गर्ने जस्ता व्यापारिक क्रियाकलापलाई नै कथाले रुचिक्षेत्र बनाएको छ । मानवेतर पात्र खसीबोकाहरु पनि संवाद र क्रियाकलापमा सहभागी गराएर स्वैरकल्पनालाई पनि रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

मध्यकालीन आख्यानमा झैं मानवेत्तर पात्रहरु खसी बोकालाई पनि संवाद र क्रियाकलापमा संलग्न गराएर तिलस्मी र ऐयासी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर सम्वेदना संयोजन गरेका हुनाले कथा स्वैरकल्पनात्मक देखिन्छ ।

**ग ) सारवस्तु**

खसी मालिक (व्यापारी) ले आफ्नो खसी बोकाहरु प्रति किन यतिसारो दया देखाउँछन्. ? रात दिन तिनैको दाना, पानी र रेखदेखमा किन लागिरहन्छन् ? ग्राहकको सन्तुष्टिको लागि नै यतिसारो मरिमेट्छन् । मालिकले जति नै दया र माया देखाए पनि उनीहरुको हरेक दया र मायामा स्वार्थ लुकेको हुन्छ भन्ने कुरा नै सस्वत सार बनेर आएको छ ।

**घ) अर्थसापेक्ष**

खसी मालिकले खसी बोकाहरु प्रति दया देखाउँदै रेखदेख र दाना पानीमा ध्यान दिनुको कारण खसी बोकालाई मोटो बनाएर राम्रो मोल पाउने र धेरै फाइदा लिनको लागि नै यतिसारो दया गरेको कुरालाई अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

कथामा प्रयुक्त अमानवीय पात्र खसी बोकाहरुको उसको मालिकलाई हेर्ने दृष्टिकोण, मालिक र मालिकको साथ आएका नौला व्यक्तिहरुको क्रियाकलाप आदिलाई प्रस्तुत गरिएको हुनाले कथा सर्वदर्शी दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा खसी बोकाहरुले आफ्नो मालिकको खुलेर प्रसंशा गरेका छन् । दोस्रो भागमा मालिकसँगै नौला मान्छेको प्रवेश र केही खसीलाई लतार्दै लगको छ । तेस्रो भागमा बोकाखसीहरु मालिकको दयालुपनको वयान गरिरहेको छ । यसरी हेर्दा कथा क्रमबद्ध भएर रैखिकढाँचामा देखिन्छ ।

**छ ) रुपविन्यास**

पाँच अनुच्छेदमा संरचित छोटो कथामा मौखिक वाक्य विन्यास (कति दयालु छन् हाम्रा मालिक ! ), सामन्ती संस्कारलाई झल्काउने शव्द (मालिक, आदर, सत्कार, जयजयकार), निपात (त, नि), मौखिक भाषा (वेक्ताए बखान) आदिले कथालाई सरल एवं रोचक बनाएको छ ।

## ४.३.८० गरिबको छनोट कथाको विश्लेषण

**क ) रुचिक्षेत्र**

देशको सबैभन्दा गरिब जनताको लागि आएको निमन्त्रणामा आफ्नै छोरालाई पुराना र थोत्रो कपडा लगाएर पठाउने भ्रष्ट एवं चरित्रहीन मन्त्री नेतालाई कथाले रुचिक्षेत्र बनाएको छ ।

**ख ) रीतिक्षत्र**

विदेशबाट गरिबको लागि आएको निमन्त्रणाको अवसरमा मन्त्रीले आफ्नै छोरा पठाएको छ । गरिबलाई सम्मानित गर्ने र सम्मानित व्यक्तिले चाहेमा विदेशमा नगरिकता पाउने सुनौलो अवसरलाई नेताले आफ्नै पोल्टामा पारेको छ । विदेशबाट गरिबको लागि आएको सहयोग र अवसरलाई धनी एवं ठूलावडा नेताहरुले नै भोग गरेको घटनालाई यथार्थशैलीमा देखाएका छन् ।

**ग ) सारवस्तु**

गरिब र निमुखा जनताको नाममा आएको विदेशी सहयोग, अवसरहरु उच्च ओहदामा बसेका र भ्रष्ट नेताहरुले नै भोग गरिरहेको छ भन्ने यथार्थ नै सारवस्तुको रुपमा आएको छ ।

**घ) अर्थसापेक्ष**

विदेशबाट गरिब जनताको नाममा आएका अवसरहरुको कसले, कस्ताखालका मान्छेले फाइदा लिइरहेको छ । भन्ने वास्तविकतालाई कथाले अभिधात्मक शैलीमा देखाएको छ ।

**ङ) दृष्टिबिन्दु**

विकसित मुलुकले गरिब नागरिकलाई पठाउन गरिएको अनुरोधले मन्त्रीको मनमा ल्याएको हलचल र उसको क्रियाकलाप आदिलाई देखाएको हुनाले कथा वाह्य सीमित दृष्टिबिन्दुमा देखिन्छ ।

**च ) कथानकढाँचा**

कथाको पहिलो भागमा विकसित मुलुकले हरेक गरिब नागरिकलाई आफ्नो देशमा पठाउन विकासोन्मुख राष्ट्रलाई अनुरोध गरिएको छ । दोस्रो भागमा मन्त्रीले यस्तो सुनौलो मौकालाई गुम्न नदिने निर्णय गरेको छ । तेस्रो भागमा आफ्नै छोरालाई पुरानो र थोत्रा कपडा लगाएर पठाएको छ । यसरी हेर्दा कथा क्रमबद्धरुपमा रैखिकढाँचामा आएको छ ।

### छ ) रुपविन्यास

सात अनुच्छेदमा संरचित कथामा राजनीतिक एवं प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्ट मनोवृत्तिलाई सरल एवं भाषिक स्वाभाविकताका शव्द (मुसुक्क), समानार्थक शव्द (पुराना र थोत्रा) को संयोजन, समासयुक्त शव्द (ओल्टाई-पल्टाई) जस्ता शव्दको माध्यमले सरल भाषा शैलीमा देखाएको छ ।

## ४.३.८१ घाइते सर्प कथाको विश्लेषण

### क ) रुचिक्षेत्र

राजनीतिक परिवेशमा देखिएको घटनाक्रम, परिवेश, अघोगति एवं समस्यामा सद्भाव देखाएको, गुण र सहयोगलाई विर्सेर कृतध्न भएको, राजनैतिक उतार चढाव, घात-प्रतिघात एवं राजनैतिक अन्तर-विरोधलाई कथाले विषवस्तु वनाएर राजनैतिक घटनाक्रमलाई कथाले रुचिक्षेत्र बनाएको छ ।

### ख ) रीतिक्षत्र

कथामा सर्पलाई पात्रको रुपमा उभ्याएर २०५९ जेष्ठ १९ मा तत्कालीन राजपरिवारको नरसंहार पश्चात शासन सत्ता सम्हालेका व्यक्तिको बारेमा तर्क वितर्क गरेको, राजालाई विष्णु भगवानको अवतारको रुपमा हेर्ने शताव्दीयौं पुरानो रुढीवादी मान्यता, जयजयकार र सहानुभूति राखेको तर राजनीतिक दलका सरकारलाई विघटन गरेर आफैले ताण्डव मच्चाउन शुरु गरेको, सामन्ती एवं हैकमवादी राजतन्त्रको राजनीतिक दलहरु मिलेर अन्त्य गरेको र राजतन्त्रको भविष्यको बारेमा विचार विमर्स भएको तत्कालीन राजनीतिक यथार्थ घटनाक्रममा स्वैरकल्पनाको संयोजन गरिएको छ ।

### ग ) सारवस्तु

कथामा घटनाक्रम, विषयवस्तु र शीर्षक अनुसार सर्पले **दूध पिएर कहिल्यै दूध ओकल्दैन विष नै ओकल्छ** भन्ने उखान नै शास्वत सारवस्तु बनेर आएको छ ।

### घ) अर्थसापेक्ष

कथामा प्रयुक्त विषयवस्तुले दोस्रो जनआन्दोलन (२०६३) लाई प्रतीक बनाएको छ । सामन्ती राजतन्त्रको रुपमा सर्प एवं अन्य जनताको प्रतीकको रुपमा प्राणीहरु आएकाले कथा प्रतीकात्मक देखिन्छ ।

### ङ) दृष्टिबिन्दु

कथामा सर्पको चरित्र चित्रण, जातीय प्रवृति, उसका क्रियाकलाप एवं जान्नेहरुको सर्पप्रतिको राय, विचार आदिलाई कथाले समेटेको हुनाले कथा वाह्य सर्वदशी  दृष्टिबिन्दुमा देखिन्छ ।

### च ) कथानकढाँचा

कथा परम्परागत रैखिक ढाँचामा देखिन्छ । कथाको पहिलो भागमा घाइते भएपनि सर्पजातिमा इमान हुँदैन, भन्ने र सर्पमा देवताको अंश हुन्छ । पूजा गर्नुपर्छ भन्नेको बिच बहस चलेको देखिन्छ । दोस्रोमा दूध पिलाएर दयाभाव देखाएपनि सर्पले आफ्नो असली रुप

देखाएको छ । सबैजना सर्प विरुद्ध एकजुट भएपछि सर्पको हार भएको छ । तेस्रो भागमा नियन्त्रणमा आएको सर्पलाई मार्ने कि त्यसै छाडीदिने भन्ने विषय नै छलफलको मूल मूद्दा बनेर कथा समाप्त भएको छ ।

## छ ) रुपविन्यास

दश अनुच्छेदमा संरचित कथाको पहिलो अनुच्छेद एकै वाक्यको छ ।  दोश्रो, चौथो र पाचौं अनुच्छेद दुइ-दुई वाक्यको देखिन्छ । घटना र शीर्षकको तारतम्यले कथालाई रोचक बनाएको छ । अनुकरणात्मक शव्द, निपात एवं राजनीतिक शव्दहरुले कथालाई अझ रोचक एवं सरल बनाएको छ ।

## ४.३.८२ अविरल यात्रा कथाको विश्लेषण

## क ) रुचिक्षेत्र

राजनीतिक जीवनमा देखिने र भोग्नु पर्ने अप्ठ्याराहरु, राजनीतिलाई शिखरमा पुऱ्याउन गरिने क्रियाकलाप, देशको लागि मर्न पनि पछि पर्नु हुदैन भन्ने क्रान्तिकारी विचार धाराका साथ राजनीतिक आन्दोलनमा होमिएको, जोसँग जे छ , त्यसैलाई हातमा लिएर अगाडी वढ्नु पर्ने, संघर्षका क्रममा आएका बाधा विरोधसँग पैंठोजोरी खेल्दै अगाडी बढ्नु पर्ने क्रान्त्रिकारी विचार आएको छ । यसरी हेर्दा समष्टीमा कथाले राजनीतिक घटनाक्रम र परिवेशलाई रुचिक्षेत्र बनाएको छ ।

## ख ) रीतिक्षत्र

राजनीतिक सङ्घर्षमा धेरै समस्याहरु आउँन् । सङ्घर्ष /यात्रा कुनै पनि सजिलो हुँदैन । हरेक सङ्घर्षमा बाधा, व्यवधान, अवोधहरु आउँछन् । त्यसलाई दृढ मनका साथ प्रतिकार गरेर अगाडी बढ्नु पर्छ । उज्वल भविष्यको निम्ति जोसँग जे छ , त्यसैलाई हातमा लिएर सङ्घर्षको मैदानमा उत्रनु पर्छ । अन्याय, असमानता र गरिबीलाई सहनु भन्दा यसको उन्मुलनको लागि सङ्घर्षमा होमिनु पर्छ । सङ्घर्षका क्रममा प्राण गएपनि सङ्घर्षलाई निरन्तरता दिने नयाँ पुस्ता जन्मन्छ । बहकाउ र भ्रममा लागेर आफ्नो उद्देश्यलाई भुल्नु हुदैन । सबै एकजुट भएर लडे भने अवश्य सफल भइन्छ, भन्ने क्रान्तिकारी विचारलाई कथाले प्रस्तुत गरेको हुनाले कथा प्रगतिवादी देखिन्छ ।

## ग ) सारवस्तु

यात्राका क्रममा कयौं समस्या, अवरोध, बाधा, व्यवधानहरु आउँछन् । यस्तासँग नडराई दृढमनका साथ पैंठोजोरी गर्दै अगाडी बढ्नु पर्छ । विरोधीहरुले यात्रालाई असफल बनाउन लोभ, लालच देखाउन सक्छन् । त्यस्तालाई बेवास्ता गर्दै अगाडी वढ्नु पर्छ । सफलतालाई नचुमेसम्म यात्रा (सङ्घर्षलाई) निरन्तरता दिनु पर्छ । निडर दृढ विश्वासका साथ सङ्घर्षलाई निरन्तरता दिनु पर्छ । निडर दृढ विश्वासका साथ सङ्घर्ष गरे अवश्य सफलताको शिखर पुगिन्छ , भन्ने कुरा नै शास्वत सारवस्तुको रुपमा आएको छ ।

## घ) अर्थसापेक्ष

यात्रामा (सङ्घर्षमा) आईपर्ने समस्या, बाधा व्यवधानलाई देखेर डराउनु हुदैन । यात्रालाई निरन्तरता दिनुपर्छ । आफुसँग जे छ । त्यसैलाई साथ लिएर सङ्घर्षको मैदानमा उत्रिनु पर्छ । कुनै पनि बहकाउ, डर, त्रास र धम्किका कारण यात्रा छोड्नु हुँदैन । निरन्तरता

दिनु पर्छ । परिश्रमको फल मीठो हुन्छ, भनेझैं अन्त्यमा सफलताको शिखर चुम्न सफल हुन्छ भन्ने कुरालाई कथाले अभिधात्मक अर्थसापेक्षतामा देखाएका छन् ।

### ङ) दृष्टिबिन्दु

कथा परम्परागत ढाँचामा देखिन्छ । समयको गति र घटनाक्रमको तालमेल राम्ररी संयोजन गरिएको देखिन्छ । यात्राको सुरुवात र अन्त्यको संयोजन क्रमबद्ध शिलशिलायुक्त देखिन्छ । यात्राको सुरुवातसँगै कथाको सुरुवात भएको छ । बिच बिचमा यात्राका क्रममा देखिएका बाधा अवरोध तथा यात्रा भाँड्ने खालका गतिविधिको सामना गर्दै अगाडी बढेको यात्रा क्षितिजमा आशाको दीपको झलक सँगै कथाको अन्त्य भएको छ ।

### च ) कथानकढाँचा

कथामा यात्रीहरु **उ**, चितुवा, गिद्धहरु, ब्वाँसाहरु जस्ता पात्रहरुको उपस्थिति देखिए पनि कथाले, वास्तविक यात्राको परिचय, आईपर्ने बाधा-व्यवधान, सङ्घर्षका क्रममा एकजुट भएर अगाडी बढ्नु पर्ने र यात्रा (सङ्घर्ष) का क्रममा देखिने सकारात्मक-नकारात्मक पक्ष एवं सङ्घर्षका बारेमा कथा केन्द्रित भएकाले कथा वस्तुपरक दृष्टिबिन्दुमा देखिन्छ ।

### छ ) रुपविन्यास

कथा वस्तुपरक भएका कारण कथाले शीर्षकको गहनतालाई नै जोड दिएको छ । त्यसैले कथामा वर्णनात्मक भाषा शैलीको प्रयोग, दार्शनिक विचारको संयोजन र गहन भाषाशैलीले कथा विवृत देखिन्छ । कथामा कतै कतै लयात्मकता (पद्यात्मकता) देखिन्छ ।

### निष्कर्ष

यसरी अविरलयात्रा सङग्रहका कथामा समानतामुखी, चेतनशील, वैज्ञानिक, सत्चारित्रिक, प्रगतिशील गणतान्त्रिक समाज निर्माणको सन्देश, पाइन्छ भने देशभक्ति इमान्दारिता, श्रमको सम्मान, अन्यायपूर्ण व्यवहार प्रतिको आक्रोश, परिवर्तनको लागि विद्रोह, समुन्नत र नयाँ नेपालको आकांक्षा देखिन्छ । तिलस्मी र ऐयासी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर सम्वेदना संयोजन गरेको पाइन्छ । कथामा मानवका साथै मानवेत्तर पात्रको पनि प्रयोग देखिन्छ । संग्रहमा प्रगतीशिल विचारका वाहेक अन्य विषयले पनि ठाउँ पाएको देखिन्छ ।

# पाँचौं अध्याय

# उपसंहार

## ५.उपसंहार

### ६.१ शोध निष्कर्ष

पाश्चात्य साहित्यमा Short Story, Ministory, micro story / Shortest story को नामले परिचित साहित्यिक विधा नेपाली साहित्यमा कथा विधाको प्रविधाको रुपमा लघुकथाको नामले चिनिन्छ । फ्रान्सेली साहित्यबाट सुरु भएर रुस, अमेरिका र भारत हुँदै नेपाल भित्रिएको यो विधाको जन्म कथाबाटै भएको छ । पाश्चात्य साहित्यमा खलील जिब्रान र नेपाली साहित्यमा जगदीश नेपालीलाई लघुकथाको पिताको रुपमा मानिए पनि लघुकथालाई नेपाली साहितयमा भित्र्याउने श्रेय गोपालसिंह नेपालीको **कल्पना** (१९९२) कथा सङ्ग्रहलाई जान्छ ।

लघुकथा छोटो आयामको पाठकको मनभित्र च्वास्स पसेर गहिरो भाव दिने विधा, फूलदानीमा सजिएको फूलको एकथुङ्गा, विजुलीको एक झड्का, आँखी झ्यालबाट देखिने एक दृश्य जस्ता विविध परिभाषाले परिभाषित लघुकथाको उत्पत्तिकालीन श्रोतको रुपमा इसप फेवल, पञ्चतन्त्र, विभिन्न धार्मिक ग्रन्थहरु, बुद्ध धर्मका जातक कथाहरु, वाणभट्ट , कालिदास आदिका आख्यान उपख्यानलाई लिइन्छ ।

लघुकथा आख्यानात्मक विधा भएकोले यसलाई कथा तत्व (कथानक, परिवेश, भाषाशैली, पात्र/चरित्र चित्रण, सम्वाद/कथोपकथन, उद्देश्य) का आधारमा विश्लेषण गर्न नसकिने होईन तरपनि आधुनिक समय लघुकथालाई रचना विधानका (रुचिक्षेत्र, रीतिक्षेत्र, सारवस्तु, अर्थसापेक्ष, दृष्टिविन्दु-कथानकढाँचा र रुपविन्यास) का आधारमा गर्नु उपयुक्त देखिन्छ ।

लघुकथाको विकासक्रमलाई कथाको विकासक्रमसँग जोडेर हेर्नुपर्ने हुन्छ । १९९२ को **कल्पना** कथाबाट सुरु भएको लघुकथाको पहिलो चरण २०१९ मा प्रकाशित **सुरुवाल** कथा सङ्ग्रह सँगै अन्त्य हुन्छ । यथार्थवादी प्रवृतिलाई अङ्गालेको यस युगमा लघुकथाले खासै उन्नति गर्न नसकेकाले यस युगलाई **क्षीण** युगको रुपमा चिनाएको छ । दोस्रो चरण २०१९-२०३९ सम्मको युगमा विभिन्न कथाकारहरु आफ्नो लघुकथाका साथ उदाएको देखिन्छ । त्यस्तै विभिन्न पत्र पत्रिका, गोजिकाहरुले पनि लघुकथा विशेषाङ्क निकालेर लघुकथाको विकासमा सह्राहनीय योगदान दिएको देखिन्छ । यस युगलाई **नवचेतनावादी** युग पनि भनिन्छ । २०४० देखि हालसम्मको वर्तमानको आधुनिक कालमा थुप्रै कथाकारहरु विभिन्न लघुकथा सङ्ग्रहका साथ देखापरेका छन् । समयसामयिक विषयवस्तु र घटनाक्रमलाई आफ्ना रचनामा समेट्दै आएको यस चरणमा विद्युतीय सञ्चार माध्यम (इन्टरनेट ) मा समेत लघुकथाहरुको लोड गरिएको देखिन्छ । त्यस्तै विभिन्न सङ्घ सस्थाहरु पनि गोष्ठी, अन्तरक्रिया एवं प्रतियोगितात्मक कार्यक्रमका माध्यमले लघुकथाको श्रीबृद्धिमा लागिपरेका छन् ।

धुर्कोट वस्तु ४ गुल्मीमा जन्मेका साहित्यकार **हरिप्रसाद भण्डारी** (२०१६) को तीनवटा कथा संग्रह प्रकाशित छन् । **चिराग** कथा सङ्ग्रह (२०४७), **अस्वीकृत कथाहरु** ( २०५८) र **अविरल यात्रा** (२०६३) कथा सङ्ग्रह प्रकाशित छन् । उनको सङ्ग्रहको रुपमा नभई फुटकर रुपमा प्रकाशित विभिन्न कथाहरु छन (शोधनायक सँगको अर्न्वाताबाट जानकारी) । उनको **ज्योति** साहित्यिक पत्रिकामा प्रकाशित **काला सर्पको खोजी** भन्ने

लघुकथाले विद्युतकर्मी साहित्य समाज (नेपाल विद्युत प्राधिकरण) ले आयोजना गरेको राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा पहिलो स्थान हासिल गरेको थियो (ज्योति,२०६४:४,५) ।

यसैगरी उनका कविता कृतिहरु सङ्ग्रहको रुपमा नभएपनि विभिन्न पत्रपत्रिकामा फुटकर रुपमा प्रकाशित छन् । **तीन टुक्रा, कस्तो शीर्षकमा बनाउँ कविता, परिवर्तन, मेरो जीवनरुपी ढुङ्गा, भमरा, आजका राक्षसहरु, युवाहरुलाई आह्वान, नेपाल आमाको पुकार, राम्रो लाग्छ, वाँचेर के सार भो ?, श्रद्धान्जली, अभियान, राष्ट्र सेवकको आह्वान, भकुण्डो जस्तो यो जीन्दगी, तिमी आऊ, देवकोटाको सम्झना, श्रोता त वन, वसन्तको चाहाना, विचरा काठमाण्डौ, उनी सूर्य लिन गएका छन, छन्दमा नुन नुनमा छन्द** आदि रहेका छन् ।

यसै गरि अन्य समसामयिक लेखहरु पनि विभिन्न पत्र पत्रिका मार्फत प्रकाशित भएका छन् भने उपन्यास कृतिहरु पनि प्रकाशोन्मुख अवस्थामा रहेका छन् (शोध नायक सँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) ।

उनको प्रकाशित कथा कृतिहरुमा समाजका विद्यमान शोषण, दमन, उत्पीडनले थिलथिलो बनाएको विवश दयनीय अवस्था र तिनीहरुले निम्त्याएको गरिबीको विरुद्ध वर्गीय आन्दोलनको चित्रण पाइन्छ भने कतिपय कथाहरुमा प्रेम, मानवीय भावना, समाजमा विद्यमान गुण्डागर्दी, अन्धविश्वास, नातावाद, कृपावाद प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्टाचारी मनोवृत्ति र बढ्दै गएको भ्रष्टाचार आदि सित सम्वन्धित विभिन्न पक्षलाई उजागर गरेका छन् । समाज सेवाको नाममा लुकेको पाखण्ड, धर्मको नाममा ठग्ने प्रवृत्ति, धार्मिक अन्धविश्वासले वाल मस्तिष्कमा पार्ने नकारात्मक असर, मातृभूमिको माया, मुक्त कमैयाको पीडा, नारीहरुको पीडाका साथ साथै नारी दमनको विरुद्ध विरोधमा उत्रिनु पर्ने सन्देश र यी तमाम समस्याबाट मूक्तिको उपायको रुपमा विद्रोहलाई लिएका छन्. ।

यसैगरी उनका कथाहरुमा काल्पनिकताले पनि ठाउँ पाएको, तिलस्मी र ऐयासी परम्परामा आधुनिक स्वैरकल्पनात्मक चेत थपेर सम्वेदना संयोजन गर्न सकिन्छ , भन्ने धारणा कथाकारमा पाइन्छ । साहित्यिक क्षेत्रमा देखापरेको विकृति र लेखकहरुको दुरावस्ता, न्यायलयको ढिलासुस्ती, व्यक्तिको दुराचारी प्रवृति र पैसामुखी प्रवृति आदिलाई राम्ररी झटारो हान्ने काम गरेका छन्. ।

प्रायः उनका कथाहरुमा समानतामुखी, चेतनशील, वैज्ञानिक, सत्चारित्रिक, प्रगतिशील, गणतान्त्रिक समाज निर्माणको सन्देश पाइन्छ । देशभक्ति इमान्दारिता, श्रमको सम्मान, मानवीयता, न्यायपूर्ण विधिको आकांक्षा गरिएको छ , भने शोषक सामन्तीहरुको विरोध, अन्यायपूर्ण व्यवहारको विरोध, परिवर्तनको लागि विद्रोह र नयाँ समुन्नत नेपालको निर्माणको आग्रह गरिएको उनका कथामा कतै पात्रलाई उसको अवस्था र परिस्थितिसँग मेल नखाने खालाका अभिव्यक्ति दिन लगाएर अस्वाभाविकता झल्किए पनि समग्रमा तिनीहरुको कलात्मक र नाटकीय प्रस्तुतिले विसङ्गति माथिको प्रहार र व्यङ्ग्यको सुइराले जीवनको उच्चताका निम्ती महत्वपूर्ण योगदान पुर्‍याउनेमा दुईमत छैन ।

**संभावित शोध शीर्षकहरु**

नेपाली साहित्यका लघुकथा विधामा ख्याति प्राप्त कथाकार भण्डारीका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताको लागि निम्न लिखित शीर्षकहरुमा शोधकार्य गर्न सक्नेछन् ।

१) कथाकार हरिप्रसाद भण्डारीका कथाकृतिको अध्ययन
२) नेपाली लघकथामा हरिप्रसाद भण्डारीको योगदान
३) प्रगतिवादी कथा परम्परामा हरिप्रसाद भण्डारी

# सन्दर्भ सूची


१) उपाध्याय, केशवप्रसाद,(२०४९:१९०) **साहित्य प्रकाश** पाँ.स , काठमाडौं, साझा प्रकाशन।

२) कसजु ,विनयकुमार, (२०६५:३४) **प्रतिनिधि नेपाली लघुकथाहरु,** प्रतिनिधि४, विवेक सिर्जनशील प्रकाशन ।

३) कसजु, विनयकुमार,(२०६५:४३) **प्रतिनिधि नेपाली लघुकथाहरु,** प्रतिनिधि ४, विवेक सिर्जनशील प्रकाशन ।

।

४) कसजु, विनयकुमार,(२०६५:४०) **प्रतिनिधि नेपाली लघुकथाहरु,** प्रतिनिधि ४, विवेक सिर्जनशील प्रकाशन ।

५) कसजु , विनयकुमार, (२०६५-४०) **प्रतिनिधि नेपाली लघुकथाहरु** प्रनिनिधि ४, (थ्राल हिव्वर्ड र होल्मान) ह्याण्डबुक टु लिटरेचर) विवेक सिर्जनशील प्रकाशन ।

।

६) कसजु, विनयकुमार, (२०६५ ४० ) **प्रतिनिधि नेपाली लघुकथाहरु** , प्रतिनिधि ४ पृ.४०, विवेक सिर्जनशील प्रकाशन ।

७) कसजु, विनयकुमार, (२०५६), विचार मञ्च, **मधुपर्क**,(९३) ।

८) कसजु, विनयकुमार,(२०६५) लघुकथा : गल्पदेखि झल्याँस्ससम्म, **प्रतिनिधि नेपाली लघुकथाहरु** ,पृ.४० , विवेक सिर्जनशील प्रकाशन ।

९) कसजु, विनयकुमार, (२०६५) लघुकथाः गल्पदेखि झल्याँस्ससम्म , **प्रतिनिधि नेपाली लघुकथाहरु,**पृ.४२ ,विवेक सिर्जनशील प्रकाशन ।

१०) कसजु, विनयकुमार, (२०६५) लघुकथाः गल्पदेखि झल्याँस्ससम्म, **प्रतिनिधि नेपाली लघुकथाहरु** पृ.४३,विवेक सिर्जनशील प्रकाशन ।

११) खत्री, अरुण, ( २०६२) , पुस्तक परिचय, **दायित्व** ( १९: ५२) ।

१२) गिरी, धिरज , (२०५९ ), लघुकथा भ्रममा रुमाल्लिरहेछ सँधै, **समता** साप्ताहिक, (१०:३, ६) ।

१३) गौतम, लक्ष्मणप्रसाद, (२०६५), **प्रतिनिधि४ प्रतिनिधि नेपाली लघुकथाहरु,** पृ. ९ ।

१४) गिरी, गोविन्द , (२०५६), लघुकथाको बनोट र नेपाली लघुकथा, लघुकथा विशेषाङ्क, **मधुपर्क** पृ.७१ (डा.शंकर पुणातामवेकर) ।

१५) गिरी, गोविन्द , (२०५६), लघुकथाको वनोट र नेपाली लघुकथा, लघुकथा विशेषाङ्क **मधुपर्क** पृ.७२ ।

१६) गौतम, लक्ष्मणप्रसाद, (२०५६) , लघुकथाको स्वरुप, संरचना र तत्व, लघुकथा विशेषाङ्क, गोरखापत्र संस्थान ।

१७) गोपाल, अश्क, (२०५९), नेपाली लघुकथाको उद्भव र विकास, **समकालीन साहित्य,** (१२: ५३) ।

१८) थापा, रोशन , (२०५८), लघुकथाको सैद्धान्तिक रुप र चालीसको दशकका लघुकथा प्रवृत्ति एक अध्ययन **सांशाश** , २ ।
१९) थापा, रामविक्रम, (२०६५), **प्रतिनिधि ४ प्रतिनिधि नेपाली लधुकथाहरु,** पृ. ९ ।
२०) थापा, रोशन, (२०५८), लघुकथाको सैद्धान्तिक रुप र चालीसको दशकका लघुकथा प्रवृत्ति एक झलक, **सारांश** ,२ ।
२१) थापा, रोशन ,( २०५६) लघुकथाको सैद्धान्तिक पक्ष र चालीसको दशकका लघुकथा, लघुकथा विशेषाङ्क, ८६ ।
२२) थापा, रोशन , (२०५८), लघुकथाको सैद्धान्तिक रुप र चालीसको दशकका लघुकथा, **सांराश,** (२:९) ।
२३) थापा, रोशन, (२०५८), लघुकथाको सैद्धान्तिक रुप र चालीसको दशकका लघुकथा प्रवृत्ति एक झलक, **सारांश** (२:८) ।
२४) नेपाली बृहत शव्दकोश

२५) निखिल, निभेष, (२०५९), लघुकथा लेखन, **प्रसुन** , १ संयुक्तङ्क (४ र ५) ।

२६) पाठक प्रतिक्रिया, ( २०६१) **मधुपर्क,** (३७:३०) पृ.२६ असोज ।

२७) पन्थी, शशी , (२०६२), **गुल्मी परिचय** ।

२८) पौडेल, भूमिराज, (२०६३) , अविरल यात्र भित्र भण्डारीलाई खोज्दा ,**प्रतिस्पर्धा**, (९२:३४) ।
२९) पोखरेल, खिमानन्द, (२०६४) , चोटिला कथाहरु, **मधुपर्क,** (४०:४५७) ।
३०) पोखरेल, इश्वरीप्रसाद, (२०६५), नेपाली लघुकथा एक अध्ययन, **प्रतिनिधि नेपाली लघुकथाहरु,** ४,पृ. ८।
३१) पोखरेल, ईश्वरीप्रसाद, (२०६५), प्रतिनिधि ४, **प्रतिनिधि नेपाली लघुकथाहरु,** पृ.१० ।
३२) प्रभाकर, विष्णु, **प्रतिनिधि नेपाली लघुकथाहरु** (२०६५) पृ. ९ (स.पा. विनयकुमार कसजु) ।
३३) पोखरेल, ईश्वरीप्रसाद, (२०६५) (स.पा. विनयकुमार कसजु) नेपाली लघुकथा:एक अध्ययन , **प्रतिनिधि नेपाली लघुकथाहरु,** पृ.( १६:१९) ।
३४) पोखरेल, ईश्वरीप्रसाद, (२०६५), नेपाली लघुकथा:एक अध्ययन, **प्रतिनिधि नेपाली लघुकथाहरु,** पृ.( १०-१२) ।
३५) भण्डारी, डा.गोपालप्रसाद, नेपाली साहित्यमा लघुकथा, **समष्टी**,२,४,५३ ।

३६) भण्डारी, हरिप्रसाद, (२०४७), लघुकथा सङ्ग्रह, **चिराग** ।

३७) भण्डारी, हरिप्रसाद, (२०५८ ) लघुकथा सङ्ग्रह, **अस्वीकृत कथाहरु,** ।

३८) भण्डारी, गोपालप्रसाद, नेपाली साहित्यमा लघुकथा २,४,५४ ।

३९) मधिकर्मी, ध्रुब, (२०६४), **ज्योति** साप्ताहिक, (४:५), पृ.४ ।

४०) मधिकर्मी, ध्रुब, (२०६४) **ज्योति** साप्ताहिक, (४:५) पृ.३ ।

४१) मनुब्रजाकी, तेस्रो आँखाको दर्पणमा नियाल्दा, **तेस्रो आँखा** (लघुकथा सङ्ग्रह) पृ.ख ( रवीन्द्र समीर)।

४२) मनुब्राजाकी, तेस्रो आँखाको दर्पणमा नियाल्दा, **तेस्रो आँखा** (लघुकथा सङ्ग्रह)

४३) सुवेदी, प्रा.राजेन्द्र, (२०६३) भूमिका, **अविरलयात्रा** ।

४४) सुवेदी, प्रा. राजेन्द्र, (२०६३) भूमिका, **अविरलयात्रा** ।

४५) सुवेदी, प्रा.राजेन्द्र, (२०५३) लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्व, **कार्यपत्र** ।

४६) सुवेदी, प्रा.राजेन्द्र, (२०५३), लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्व, **कार्यपत्र** ।

४७) समीक्षक, (२०६४), रसिला कथाहरु, **अन्नपूर्ण पोष्ट**, (१:८) ।

४८) सिंह, मोहन विक्रम, (२०६३ ) ,हरिप्रसाद भण्डारीका कथाहरुको वैचारिक विवेचना, **मिर्मिरे,** (नेपाल राष्ट्र बैंक) ।

४९) सिंह, मोहन विक्रम, (२०६३ ) ,हरिप्रसाद भण्डारीका कथाहरुको वैचारिक विवेचना, **मिर्मिरे,** (नेपाल राष्ट्र बैंक) ।

५०) समीर, रवीन्द्र, (२०६५), प्रतिनिधि ४, **प्रतिनिधि नेपाली लघुकथाहरु** , पृ. ९ ।

५१) पन्थी, रेणुका, (२०५७-२०५९), पूर्णप्रसाद ब्राम्हणको लघुकथाकारिता, **स्नातककोत्तर शोधपत्र** ।

५२) शर्मा, मोहनराज,(२०६५), **प्रतिनिधि नेपाली लघुकथाहरु** पृ.९ ।

५३) शर्मा, मोहनराज,(२०५६), लघुकथा लघुतम आख्यान, (लघुकथा विशेषाङ्क) **मधुपर्क** पृ.२६ ।

५४) श्रेष्ठ, श्रीओम ,(२०५९) लघुकथा महत्व जस्तै मान्यताको प्रतिक्षामा , **दायित्व** ( १६:४३ ) ।

५५) श्रेष्ठ, श्रीओम, (२०५५), लघुकथा सङ्ग्रह, **सञ्चयन ८**, द रेयुकाई नेपाल, पाटन शाखा ।

५६) श्रेष्ठ, श्रोओम ,(२०५९), लघुकथा महत्व जस्तै मान्यताको प्रतिक्षामा, **दायित्व**, (१६:४३) ।

५७) श्रेष्ठ, भागीरथी,(२०५९), आफ्नो भाव भूमि, **रङ्गिन पोखरी** (लघुकथा सङ्ग्रह) ।

५८) श्रेष्ठ, श्रीओम, (२०५९), लघुकथा महत्व जस्तै मान्यताको प्रतिक्षामा, **दायित्व** ( १६:४३) असार ।

# परिशिष्ठ

## हालसम्म रचना गरिएका सङ्ग्रहका रुपमा नरहेका तर फुटकर रुपमा प्रकाशित विभिन्न विधाका रचनाहरूको विवरण

### १. विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित कविताहरू

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | प्रकाशन मिति |
|---|---|---|---|---|---|
| १. | तीन टुक्रा | सत्य साप्ताहिक, पाल्पा | २ | ४३ | २०४१/१२/०२ |
| २. | परिवर्तन | हिमाली आवाज साप्ताहिक, पोखरा | ३ | १५ | २०४२/०१/३० |
| ३. | राम्रो लाग्छ | सप्तगण्डकी साप्ताहिक, पोखरा | ३ | ०९ | २०४२/०१/३१ |
| ४. | मेरो जीवन रुपी डुंगा | हिमाली आवाज साप्ताहिक, पोखरा | ३ | १८ | २०४२/०२/२७ |
| ५. | भमरा | राष्ट्र आवाज साप्ताहिक, पोखरा | ३ | १४ | २०४२/०४/३१ |
| ६. | आजका राक्षसहरू | सप्तगण्डकी साप्ताहिक, पोखरा | | | २०४२/०६/ |
| ७. | युवाहरूलाई आह्वान | पर्वती, पोखरा,<br>हाम्रो पुरुषार्थ, तमघास | २<br>१३ | १८<br>२४ | २०४२/०६/२१<br>२०४२/०९/१४ |
| ८. | देवकोटाको सम्झना | सप्तगण्डकी साप्ताहिक, पोखरा | | | २०४२/०७/ |
| ९. | बाँचेर के सार भो ? | दैनिक अवलोकन, पोखरा | १ | ३९ | २०४२/११/२८ |
| १०. | कस्तो शीर्षकमा बनाउँ कविता ? | सत्य साप्ताहिक, पाल्पा | ३ | ४६ | २०४२/१२/२२ |
| ११. | उनको गुलावले मलाई वसन्त बन्न.. | हिमाली आवाज साप्ताहिक, पोखरा | ४ | २० | २०४३/०३/२५ |
| १२. | भकुण्डो जस्तो यो जिन्दगी | अठोट साहित्यिक त्रैमासिक | ९ | २१ | २०४३/०४४ |
| १३. | अभियान | प्रतिमान साप्ताहिक, भैरहवा | ४ | ८७ | २०४३/०४/०७ |
| १४. | श्रद्धान्जली | गरिमा, साहित्यिक मासिक | ५ | ५० | २०४३ माघ |
| १५. | सांसद महिमा | मिर्मिरे मासिक, काठमाडौं | | १८० | २०५७ |
| १६. | छन्दमा नुन नुनमा छन्द | साल्ट ट्रेडिङ लिमिटेडद्वारा प्रकाशित | | | २०६१/०५/२७ |

### २. कथा :

### २.१. विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रुपमा प्रकाशित कथाहरू :

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | मिति |
|---|---|---|---|---|---|
| १. | म हिजो र आज | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४२/०४/२९ |
| २. | सन्ताप | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४२/०६/०१ |
| ३. | प्रेम रोगी | मालुङ्गो, बीरगञ्ज | | २२ | २०४२/०६/२९ |
| ४. | अन्तिम विदाइ | सप्तगण्डकी साप्ताहिक, पोखरा | ३ | २० | २०४२/०९/१५ |
| ५. | मृत्यु र मृत्यु | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४२/११/ |
| ६. | संगम | मातृभूमि साप्ताहिक, काठमाडौं | १९ | ४६ | २०४३/०८/१७ |
| ७. | समस्या | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४३/०९/१५ |
| ८. | फलेको हाँगो | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४३/१२/१७ |
| ९. | झरेका काफल | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४४/०२/०५ |
| १०. | धन्य गुरुङसेनी दिदी | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४४/०२/२६ |
| ११. | धुम्रपान | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४४/०८/२९ |
| १२. | सन्जोग | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४४/०९/२१ |
| १३. | को अछुत ? | मिर्मिरे मासिक, काठमाडौं | | १८७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | बाँच्ने रहर | मिर्मिरे मासिक, काठमाडौं | ३० | १९९ | २०५८ चैत्र |
| १५. | सुन्तली/विवादको अन्त्य | जनसंघर्ष दैनिक, बुटवल | | | २०५९/०८/२१ |
| १६. | आफ्नो आफ्नो डम्फू | जनसंघर्ष दैनिक, बुटवल | १३ | १६४ | २०५९/०९/१३ |
| १७. | पौवाखोले साइँला | अपाङ्ग सशक्तीकरण, काठमाडौं | १ | ११ | २०६२ भाद्र |
| १८. | विर्सिएको अर्को पाटो | अपाङ्ग सशक्तीकरण, काठमाडौं | १ | १२ | २०६२ असौज |
| १९. | अव्यक्त पीडा | दायित्व मासिक, काठमाडौं | १९ | ५३ | २०६२ कात्तिक |
| २०. | सिमलको भुवा | अपाङ्ग सशक्तीकरण, काठमाडौं | १ | १३ | २०६३ वैशाख |
| २१. | अनौठो प्रजातन्त्र | ज्योति, विद्युत प्राधीकरण | ३ | ३ | २०६३ असार |
| २२. | मृत्युका मुखबाट फर्केका मान्छेको कथा | अपाङ्ग सशक्तीकरण, काठमाडौं | २ | १५ | २०६३ भाद्र |

## ३.समसामयिक लेख :

## ३.१. विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रुपमा प्रकाशित समसामयिक लेखहरू :

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | मिति |
|---|---|---|---|---|---|
| १. | विचरो साझा यातायात | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८० | २०५२/०८/०९ |
| २. | हिजोका आश्वासन र आजको आक्रोष | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८१ | २०५२/०८/११ |
| ३. | काँग्रेसी त्रिभुवन र समाजवादी महेन्द्र | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८२ | २०५२/०८/१२ |
| ४. | मैक्सिम गोर्की एक पाठका साथ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८३ | २०५२/०८/१३ |
| ५. | मैक्सिम गोर्की एक पाठका साथ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८४ | २०५२/०८/१४ |
| ६. | मैक्सिम गोर्की एक पाठका साथ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८५ | २०५२/०८/१५ |
| ७. | .......र मागेर ल्याएका जुत्ता | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८६ | २०५२/०८/१६ |
| ८. | राकस सरकार र रोल्पा आतङ्क | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८७ | २०५२/०८/१८ |
| ९. | नयाँ परम्पराको थालनी | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८८ | २०५२/०८/१९ |
| १०. | कागजका क्रान्तिकारीहरू | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ८९ | २०५२/०८/२० |
| ११. | रत्नेले काठमाडौं खाल्डो त्याग्ने नै भयो त ? | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९० | २०५२/०८/१३ |
| १२. | कविताको प्रतिलिपी सहित | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९१ | २०५२/०८/२२ |
| १३. | टेसरी खाँदा खाँदै मऱ्यो भने ढर्म हुन्छ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९२ | २०५२/०८/२३ |
| १४. | तमु छोंज धिः अर्थात गुरुङ्गको घर बारे | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९३ | २०५२/०८/२५ |
| १५. | रोल्पाको दमन र भट्टराईको भाषण | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९४ | २०५२/०८/२६ |
| १६. | क्रान्ति, क्रान्ति र क्रान्ति | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९५ | २०५२/०८/२७ |
| १७. | मार्क्सवाद र त्यसको सिर्जनात्मक प्रयोग | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९५ | २०५२/०८/२७ |
| १८. | दैनिक जीवनमा योजनाको महत्व | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९६ | २०५२/०८/२९ |
| १९. | वर्तमान राष्ट्रिय राजनीति | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९७ | २०५२/०९/०१ |
| २०. | सौरभजी, सुझावको लागि धन्यवाद | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ९८ | २०५२/०९/०२ |
| २१. | यस पटक किचकन्नीकै बारेमा | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १०० | २०५२/०९/०३ |
| २२. | पहिलो संघर्ष | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १०१ | २०५२/०९/०४ |
| २३. | जल्दो बल्दो राष्ट्रिय रोग | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १०३ | २०५२/०९/०६ |
| २४. | त्रिशुलीले बगाउन नसकेको फोहर | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १०४ | २०५२/०९/०७ |
| २५. | बहुत सुन्दर है न आपका काठमाण्डू ? | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १०५ | २०५२/०९/०८ |
| २६. | छिरलिएका अक्षर बरालिएको मन | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | ११९ | २०५२/०९/२६ |
| २७. | लौन मेरो त बच्चा रुन्छ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ३ | १२१ | २०५२/०९/२८ |
| २८. | पशुपतिनाथ राजिनामा देऊ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ५१ | २०५३/०५/०२ |
| २९. | ज्यानको भन्दा धर्तीको माया छ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ५२ | २०५३/०५/०३ |
| ३०. | धनबीरेका घैटामा घाम लाग्यो | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ६५ | २०५३/०५/१९ |
| ३१. | सावधान नेपाली अम्भिकुमारहरू | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ७१ | २०५३/०५/२६ |
| ३२. | महिला मुक्तिको बरदान देऊ प्रभू | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ७७ | २०५३/०६/०२ |
| ३३. | के वामहरूले कीर्तिनिधिलाई काँधमै बोकेका हुन् त ? | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ७८ | २०५३/०६/०३ |
| ३४. | कलोमा पल्केका बुद्धिजीविहरू | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ८७ | २०५३/०६/१४ |
| ३५. | हामीलाई फाइदा भएको छ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ९५ | २०५३/०६/२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६. | राष्ट्र संकटपूर्ण बाटोबाट गुज्रिरहेको छ | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | ९७ | २०५३/०६/२५ |
| ३७. | बहिनीको आग्रह र दाजुको कर्तव्य | नयाँ मोर्चा दैनिक, काठमाडौं | ४ | १०० | २०५३/०७/१४ |
| ४०. | कति राम्रा छन् हाम्रा अनुकरण गरिएका चालचलनहरू | हाँक साप्ताहिक, काठमाडौं | २२ | ३१ | २०६२/०५/१५ |

## ४. संस्मरण :

## ४.१. विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रुपमा प्रकाशित संस्मरणहरू :

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | मिति | बार |
|---|---|---|---|---|---|---|
| २. | म धेरै रोएको थिएँ | गाउँले देउराली, पाल्पा | | | | |

## ५. हरिप्रसाद भण्डारीले गरेका अरुका पुस्तकहरूको परिचय तथा समीक्षा :

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | मिति | |
|---|---|---|---|---|---|---|
| १. | निर्वन्ध उपन्यास (डा. बानिरा गिरि) | सप्तगण्डकी साप्ताहिक, पोखरा | ४ | ५ | २०४३/०६/०६ | |
| २. | नेपाली भाषा र व्याकरण प्रस्तावना र विवेचना (..............................) | सप्तगण्डकी साप्ताहिक, पोखरा | ४ | | २०४३/०६/२० | |
| ३. | आँसुको अन्जुली (रविलाल अधिकारी) | हिमाली आवाज साप्ताहिक, पोखरा | | | | |
| ४. | अज्ञात-यात्राका पदचिन्हहरू कविता सङ्ग्रह (कृष्ण बाउसे) | नाद-विन्दु, काठमाडौं | ८ | ८ | २०६३ | |
| ५. | अज्ञात-यात्राका पदचिन्हहरू (कविता सङ्ग्रह, कृष्ण बाउसे) | दायित्व मासिक, काठमाडौं | २० | ५६ | २०६३ असौज/कात्तिक | |
| ६. | एउटा अनुहारको खोजिमा (कविता सङ्ग्रह, देवेन्द अर्याल) | दायित्व मासिक, काठमाडौं | २० | ५६ | २०६३ असौज/कात्तिक | |

## ६. विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रुपमा प्रकाशित विविध प्रकारका रचनाहरू :

| सि.नं. | शीर्षक | पत्रिकाको नाम | वर्ष | अंक | मिति | |
|---|---|---|---|---|---|---|
| १. | गोवर भरिएर | दैनिक अवलोकन, पोखरा | १ | ३९ | २०४२/११/२८ | |
| २. | पोखराको असन चिप्लेढुङ्गा | | | | | |
| ३. | जानी जानी कसले मर्न चाहन्छ र ? | हिमाली आवाज साप्ताहिक, पोखरा | ४ | २१ | २०४३/०४/०१ | |
| ४. | जानी जानी कसले मर्न चाहन्छ र ? | हिमाली आवाज साप्ताहिक, पोखरा | ४ | २२ | २०४३/०४/ | |
| ५ | हामीले सिकको कुरा | मातृभूमि साप्ताहिक, काठमाडौं | | | २०४३/०५/०३ | |
| ६. | को शत्रु ? को मित्र ? ('प्रभात' उपनामबाट) | हिमाली आवाज साप्ताहिक, पोखरा | ४ | ३४ | २०४३/०६/१५ | |
| ७. | धुर्कोटे भण्डारीहरूको देवाली अचम्मको सँस्कृति | जनसंघर्ष दैनिक, बुटवल | १३ | १३४ | २०५९/०८/१२ | |
| ८. | सामूदायिक संचार विकासको आधार सामूदायिक रेडियो मदनपोखरा | जनसंघर्ष दैनिक, बुटवल | | | २०५९/१०/१८ | |
| ९. | मलपोत कार्यालय र लेखापढी व्यवसायी बीचको सम्बन्ध | लेखापढी व्यवसायी समितिको मुखपत्र | २ | २ | २०६१ | |
| १०. | बुवा कविरामको व्यक्तित्व..... | कविराम भुसाल स्मृतिग्रन्थ | | | २०६२ | |

## ७.सम्पूर्ण कविताहरूको विवरण :

| सि. नं | कविताको शीर्षक | लेखन मिति | स्थान | पत्रिकाको नाम | वर्ष | अंक | प्रकाशन मिति |
|---|---|---|---|---|---|---|---|
| १. | तीन टुक्रा | २०४१ | पोखरा | सत्य | २ | ४३ | २०४१/१२/०२ |
| २. | राम्रो लाग्छ | २०४२ | | सप्तगण्डकी | ३ | ०९ | २०४२/०१/३१ |
| ३. | भमरा | २०४२ | | राष्ट्र आवाज | ३ | १४ | २०४२/०४/३१ |
| ४. | युवाहरूलाई आह्वान | २०४२ | | पार्वती | २ | १८ | २०४२/०६/२१ |
| ५. | देवकोटाको सम्झना | | | सप्तगण्डकी | | | २०४२/०७/ |
| ६. | नेपाल आमाको पुकार | २०४२ | | हिमाली आवाज | | | २०४२/१०/०८ |
| ७. | परिवर्तन | २०४२/०१/०५ | पोखरा | हिमाली आवाज | ३ | १५ | २०४२/०१/३० |
| ८. | मेरो जीवन रुपी डुङ्गा | २०४२/०१/३० | पोखरा | हिमाली आवाज | ३ | १८ | २०४२/०२/२७ |
| ९. | कस्तो शीर्षकमा बनऊ कविता ? | २०४२/०४/१३ | पोखरा | सत्य | ३ | ४६ | २०४२/१२/२२ |
| १०. | बाँच्नुको सार | २०४२/०५/२८ | पोखरा | मातृभूमि | | | २०४३/१२/०९ |
| ११. | आजका राक्षसहरू | २०४२/०६/ | | सप्तगण्डकी | | | २०४२/०६/ |
| १२. | श्रद्धाञ्जली | २०४२/१०/१६ | पोखरा | गरिमा | ५ | ५० | २०४३, माघ |
| १३. | अभियान | २०४३ | | प्रतिमान | ४ | ८७ | २०४३/०४/०७ |
| १४. | उनको गुलावले मलाई वसन्त बन्न दिएन | २०४३/०३/१७ | पोखरा | हिमाली आवाज | ४ | २० | २०४२/०३/२५ |
| १५. | भकुण्डो जस्तो यो जिन्दगी | २०४३/०३/ | गल्याङ, स्याङ्जा | हिमाली आबाज | | | २०४३,भाद्र |
| १६. | तिमी आऊ | २०४३/०६/१५ | पोखरा | सप्तगण्डकी | | | २०४३/०६/२० |
| १७. | स्रोता त बन | २०४३/०८/२२ | पोखरा | मातृभूमि | | | |
| १८. | वसन्तको चाहना | २०४३/१२/१२ | पोखरा | गोरेटो | | | |
| १९. | सांसद महिमा | २०५७ | | मिर्मिरे | | १८० | २०५७ |
| २०. | छन्दमा नुन नुनमा छन्द | २०५७ | | साल्ट ट्रेडिङ | | | |
| २१. | काली गण्डकी | २०५७/०१/२९ | बेनी | मिर्मिरे | | | |